# स्थानिय शिक्षा क्षेत्रको योजना, २०८२-२०९१
# Local Education Sector Plan, 2025-2034

**सखुवानन्कारकट्टी गाउँपालिका**
**सिरहा**
**२०८२**

# शिक्षा क्षेत्रको योजना, २०८२ – २०९१

*Education Sector Plan, 2025-2034*

प्रकाशन : सखुवानन्कारकट्टी गाउँपालिकाको कार्यालय,

सिरहा, मधेश प्रदेश

प्राविधिक सहयोग : दलित समाज सेवा संघ लहान, सिरहा, मधेश प्रदेश

(DSSO, Lahan/CSE/Karkhana Samuha Kathmandu

तयारकर्ता : शिक्षा, युवा तथा खेलकुद शाखा, सखुवानन्कारकट्टी गाउँपालिका, सिरहा

असार, २०८३

सर्वाधिकार प्रकाशकमा

मुद्रण

प्रमाणित मिति २०८३

प्रकाशन मिति २०८३

अद्यावधिक

## शुभकामना सन्देश

देशको समग्र विकास तथा समृद्धिका लक्ष्यहरू हासिल गर्न योजनाले महत्वपूर्ण मार्गदर्शन प्रदान गर्दछ। योजना निर्माण र कार्यान्वयन एक निरन्तर प्रक्रिया हो, जसको प्रभावकारी कार्यान्वयनबाट राष्ट्रले अपेक्षित उपलब्धिहरू हासिल गर्दै दिगो विकासतर्फ अग्रसर हुन सक्छ। नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकार स्थानीय तहलाई हस्तान्तरण भएपछि विद्यालय शिक्षा लगायत समग्र शिक्षा क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा व्यवस्थापनको महत्वपूर्ण जिम्मेवारी स्थानीय सरकारको काँधमा आएको छ।

यस जिम्मेवारीलाई आत्मसात् गर्दै सखुवानन्कारकट्टी गाउँपालिकाले वर्तमान तथा भावी पुस्ताका लागि गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा सुनिश्चित गर्ने उद्देश्यका साथ शिक्षा क्षेत्रमा विभिन्न सुधारमुखी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। गाउँपालिकाको शैक्षिक अवस्थालाई थप सुदृढ, व्यवस्थित र गुणस्तरीय बनाउने लक्ष्यका साथ **"शिक्षा क्षेत्र योजना (२०२५–२०३४)"** तयार गरी कार्यान्वयनको चरणमा अघि बढाइएको छ ।

प्रस्तुत शिक्षा क्षेत्र योजना आगामी दश वर्षसम्म गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि मार्गदर्शक दस्तावेजका रूपमा रहने विश्वास लिएको छु। यस योजनाले स्थानीय आवश्यकता, राष्ट्रिय शिक्षा नीति तथा विकासका प्राथमिकतालाई समेट्दै शिक्षा क्षेत्रका लक्ष्य, रणनीति, कार्यक्रम तथा अपेक्षित उपलब्धिहरूलाई स्पष्ट दिशा प्रदान गर्नेछ। साथै, आगामी वर्षहरूमा शिक्षा सम्बन्धी नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनका लागि समेत यो महत्वपूर्ण आधार दस्तावेजका रूपमा उपयोग हुनेछ ।

यस महत्वपूर्ण योजना निर्माण प्रक्रियामा अमूल्य सहयोग, सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सामाजिक विकास समिति, शिक्षा, युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्र योजना निर्माण समिति, प्राविधिक समिति, जनप्रतिनिधि, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण सरोकारवाला महानुभावहरूप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । साथै, शिक्षा, युवा तथा खेलकुद शाखाको नेतृत्वमा शिक्षा क्षेत्र योजना तर्जुमा तथा निर्माण कार्यमा प्राविधिक सहजीकरणमा महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने **दलित समाज सेवा संघ (DSSO), लहान, सिराहा** तथा **कारखाना समूह (Karkhana Samuha), काठमाडौं** प्रति विशेष धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु । उहाँहरूको प्राविधिक दक्षता, अनुभव तथा मार्गदर्शनले यस योजनालाई अझ प्रभावकारी, यथार्थपरक, सहभागितामूलक तथा कार्यान्वयनयोग्य बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सखुवानन्कारकट्टी गाउँपालिकाको शिक्षा क्षेत्रमा सकारात्मक रूपान्तरण भई गुणस्तरीय, समावेशी, समतामूलक तथा दिगो शिक्षा सुनिश्चित हुने विश्वास व्यक्त गर्दछु। यस अभियानमा सम्पूर्ण सरोकारवाला निकायहरूको निरन्तर सहयोग, सहकार्य र प्रतिबद्धताको अपेक्षा गर्दछु ।

धन्यवाद ।

**केदारनाथ यादव**
**गाउँपालिका अध्यक्ष**
**सखुवानन्कारकट्टी गाउँपालिका, सिराहा**

## प्राक्कथन

शिक्षा नागरिकको मौलिक हक हो । नेपालको संविधानले रुपान्तरित संघिय संरचना अनुसार शिक्षा क्षेत्रलाई सबलिरकण र प्रबोधिकरण प्रयोजनका लागि अधिकारको बाँडफाड गरी संघिय सरकार, प्रदेश सकार र स्थानीय सरकारका अधिकारहरु सुनिश्चित गरे अनुसार स्थानीय सरकारको एकल अधिकार भित्र अनुसूची-८ बमोजिम २२ वटा अधिकारका क्षेत्रहरु सुनिश्चित गरेका छन । त्यसै गरी स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा २३ वटा अधिकारहरुको प्रत्याभूत गरेका छन्।शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको आवश्यकता महशुस गरी सखुवानन्कारकट्टी गाउँपालिकाको दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तरा{{ष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजना]ले महत्वपूर्ण योगदान पुर्‍याउँछ भन्ने ध्येय राखिएको छ ।

सखुवानन्कारकट्टीगाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि गाउँ शिक्षा योजना निर्माण गरी उक्त योजना बमोजिम शिक्षाका विभिन्न क्रियाकलाप तथा कार्यक्रमहरुद्वारा यहाँका शैक्षिक उपलब्धीलाई अगाडी लैजान निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ।उक्त योजना निर्माणका लागि सखुवानन्कारकट्टी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले नेतृत्वय गरी सो शिक्षा क्षेत्रको योजना तयारका लागि आर्थिक सहयोग गर्नु हुने सखुवानन्कारकट्टी गाउँपालिका तथा प्राविधिक सहयोग रुपामा सहयोग गर्ने सामाजिक विकास मन्त्रालय योजना महाशाखा (शिक्षा) र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयप्रति स-धन्यवाद व्यक्त गर्दछौं।उक्त योजनाको कार्यन्वयनबाट सखुवानन्कारकट्टी गाउँपालिकाले शिक्षा क्षेत्रमा फडको मारोस भनी आशा र विश्वास लिएको छु ।

रामेन्द्र प्रसाद कुशवाहा
प्रमुख प्रशासकीय अधिकृत
सखुवानन्कारकट्टी गाउँपालिका, सिरहा

## प्राक्कथन

शिक्षामा सबैको समान पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री सिकाइ वातावरणको विकास, समावेशी तथा समान सहभागिता, लैङ्गिक तथा सामाजिक विभेदरहित अवसरको सुनिश्चितता तथा प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहको शिक्षा क्षेत्र योजना निर्माण आजको प्रमुख आवश्यकता हो। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कानुनी व्यवस्था, राष्ट्रिय शिक्षा नीति, शिक्षा सम्बन्धी ऐन तथा नियमावली, दिगो विकास लक्ष्य (**SDGs**) र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय आवश्यकता र प्राथमिकतालाई समेटेर तयार गरिएको शिक्षा क्षेत्र योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

सखुवानन्कारकट्टी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले गाउँपालिकाको शैक्षिक विकास, गुणस्तर अभिवृद्धि तथा समावेशी शिक्षा प्रवर्द्धनका लागि विभिन्न नीति, योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यही उद्देश्यलाई थप व्यवस्थित, प्रभावकारी र दीर्घकालीन बनाउने लक्ष्यका साथ "शिक्षा क्षेत्र योजना (२०२५–२०३४)" तयार गरिएको हो। यस योजनाले आगामी दश वर्षसम्म गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकासका लागि मार्गदर्शक दस्तावेजका रूपमा कार्य गर्ने विश्वास गरिएको छ। यस योजना निर्माणका लागि आवश्यक आर्थिक सहयोग उपलब्ध गराउनुहुने सखुवानन्कारकट्टी गाउँपालिका तथा प्राविधिक सहयोग प्रदान गर्नुहुने सामाजिक विकास मन्त्रालय, योजना महाशाखा (शिक्षा) र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं। साथै, शिक्षा क्षेत्र योजना तर्जुमा तथा प्राविधिक सहजीकरणमा महत्वपूर्ण सहयोग पुर्‍याउनुहुने दलित समाज सेवा संघ (**DSSO**), लहान, सिराहा तथा कारखाना समूह (**Karkhana Samuha**), काठमाडौं प्रति विशेष धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु। उहाँहरूको प्राविधिक दक्षता, अनुभव तथा मार्गदर्शनले यस योजनालाई अझ प्रभावकारी, यथार्थपरक, सहभागितामूलक तथा कार्यान्वयनयोग्य बनाउन महत्वपूर्ण योगदान पुर्‍याएको छ।

यसैगरी, योजना निर्माण प्रक्रियामा महत्वपूर्ण योगदान पुर्‍याउनुहुने शिक्षा क्षेत्र योजना निर्माण प्राविधिक समिति, सामाजिक विकास समिति, गाउँ शिक्षा समिति, गाउँपालिका परिवार, विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरू, नेपाल शिक्षक महासङ्घ, शिक्षकका पेशागत सङ्घ–संगठनहरू, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी, शिक्षाप्रेमी, राजनीतिक दलका प्रतिनिधिहरू, तथ्याङ्क सङ्कलनकर्ताहरू तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग, सुझाव र सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण सरोकारवाला महानुभावहरूप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछौं।

यस शिक्षा क्षेत्र योजनाको सफल कार्यान्वयनका लागि सबै सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझा प्रतिबद्धता आवश्यक रहने विश्वासका साथ आगामी दिनहरूमा प्राप्त हुने रचनात्मक सुझावहरूलाई समेत आत्मसात् गर्दै यस योजनालाई समयानुकूल परिमार्जन र परिष्कृत गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्दछौं।

भोगेन्द्र यादव
शिक्षा संयोजक
शिक्षा, युवा तथा खेलकुद शाखा
सखुवानन्कारकट्टी गाउँपालिका, सिरहा

संजोग कुमार ठाकुर
शिक्षा अधिकृत
शिक्षा, युवा तथा खेलकुद शाखा
सखुवानन्कारकट्टी गाउँपालिका, सिरहा

| **सङ्क्षेपिकरण** | **पूरा नाम** |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| IEMIS | एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली |
| SEE | माध्यमिक शिक्षा परीक्षा |
| केतवि | केन्द्रीय तथ्याङ्क विभाग |
| नासा | विद्यार्थी उपलब्धि राष्ट्रिय मूल्याङ्कन |
| प्राबाशिवि | प्रारम्भिक बाल शिक्षा तथा विकास |
| विशिकेयो | विद्यालय शिक्षा क्षेत्र योजना |
| प्रअ | प्रधानाध्यापक |
| विव्यस | विद्यालय व्यवस्थापन समिति |
| जीपीआई | लैङ्गिक समानता सूचकाङ्क |
| रापबो | राष्ट्रिय परीक्षा बोर्ड |
| पीटीए | अभिभावक–शिक्षक संघ |
| ICT | सूचना तथा सञ्चार प्रविधि |
| LESP | स्थानीय शिक्षा क्षेत्र योजना |
| SIP | विद्यालय शिक्षा क्षेत्र योजना |
| SDG | दिगो विकास लक्ष्य |

# योजनाको सारंश

नेपालको संविधान, २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने मौलिक हक सुनिश्चित गरेको छ। सोही संवैधानिक व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय शिक्षा नीति, २०७६, विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG–4) तथा अन्य राष्ट्रिय नीतिगत व्यवस्थालाई आधार मानी सखुवानन्कारकट्टी गाउँपालिकाले आ.व. २०८२–२०९१ का लागि स्थानीय शिक्षा क्षेत्र योजना (Local Education Sector Plan-LESP) तयार गरेको हो। यस योजनाले आगामी दश वर्षका लागि गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकास, गुणस्तर सुधार, समावेशीकरण, सुशासन तथा दिगो वित्तीय व्यवस्थापनका लागि रणनीतिक मार्गदर्शन प्रदान गर्दछ।

सखुवानन्कारकट्टी गाउँपालिका मधेश प्रदेशको सिराहा जिल्लामा अवस्थित ५ वडा रहेको स्थानीय तह हो। गाउँपालिकाको कुल क्षेत्रफल ३४.७२ वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाको कुल जनसंख्या २०,०९९ रहेको छ, जसमा १०,३७९ (५१.६४%) पुरुष, ९,६८३ (४८.१८%) महिला तथा ३७ (०.१८%) अन्य रहेका छन्। गाउँपालिकामा विद्यालय उमेर समूहका बालबालिकाको उल्लेख्य जनसंख्या रहेकाले गुणस्तरीय शिक्षा विस्तार तथा मानव पूँजी विकास स्थानीय सरकारको प्रमुख प्राथमिकताका रूपमा रहेको छ। गाउँपालिकामा हाल २० वटा सामुदायिक तथा ३ वटा संस्थागत गरी जम्मा २३ वटा विद्यालय सञ्चालनमा रहेका छन्।

प्रारम्भिक बालविकास कार्यक्रमको पहुँच सन्तोषजनक रहेको देखिन्छ। उपलब्ध तथ्याङ्कअनुसार ८८.०१ प्रतिशत बालबालिकाले प्रारम्भिक बालविकासको अनुभव प्राप्त गरी कक्षा १ मा प्रवेश गरेका छन्। कक्षा १ मा कुल भर्नादर १२१.७२ प्रतिशत तथा खुद भर्नादर ९५.५३ प्रतिशत रहेको छ, जसले विद्यालयमा भर्ना पहुँच राम्रो रहेको संकेत गर्दछ। आधारभूत तह (कक्षा १–५) मा कुल भर्नादर १०१.७९ प्रतिशत, खुद भर्नादर ८१.५६ प्रतिशत, टिकाउ दर ८०.२१ प्रतिशत तथा उत्तीर्ण दर ८७.४० प्रतिशत रहेको छ। त्यसैगरी, आधारभूत तह (कक्षा ६–८) मा खुद भर्नादर ३६.४१ प्रतिशत, टिकाउ दर ८५.७८ प्रतिशत तथा उत्तीर्ण दर ८९.७६ प्रतिशत रहेको छ। माध्यमिक तह (कक्षा ९–१०) मा खुद भर्नादर ३३.६० प्रतिशत, टिकाउ दर ७१.६४ प्रतिशत, उत्तीर्ण दर ८६.५४ प्रतिशत तथा विद्यालय छोड्ने दर ९.३६ प्रतिशत रहेको छ। यी सूचकहरूले प्रारम्भिक बालविकास तथा प्रारम्भिक कक्षामा विद्यालय पहुँच उत्साहजनक भए पनि माथिल्ला तहहरूमा खुद भर्नादर उल्लेखनीय रूपमा न्यून रहेको देखाउँछन्। विशेषगरी माध्यमिक तहमा विद्यार्थी टिकाइ, विद्यालय छोड्ने दर न्यूनीकरण तथा गुणस्तरीय सिकाइ उपलब्धिमा थप सुधार गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ। साथै, आधारभूत र माध्यमिक तहमा नियमित उपस्थिति, सिकाइ निरन्तरता र शैक्षिक उपलब्धि अभिवृद्धिका लागि प्रभावकारी रणनीति तथा लक्षित हस्तक्षेप आवश्यक रहेको स्पष्ट हुन्छ।

शैक्षिक अवस्थाको विश्लेषणले प्रारम्भिक बालविकासको विस्तार, विद्यालय पहुँच, लैङ्गिक समानता तथा सिकाइ उपलब्धिमा सकारात्मक प्रगति देखाएको छ। तर विद्यालय उमेरका सबै बालबालिकाको नियमित सहभागिता सुनिश्चित गर्न, विद्यालय छोड्ने तथा कक्षा दोहोर्‍याउने दर घटाउन, विषयगत शिक्षक व्यवस्थापन सुधार गर्न, सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग विस्तार गर्न, समावेशी तथा अपाङ्गतामैत्री सिकाइ वातावरण निर्माण गर्न, विद्यालय पूर्वाधार सुदृढ गर्न तथा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्नुपर्ने आवश्यकता पहिचान गरिएको छ।

यस योजनाको दूरदृष्टि "गुणस्तरीय, समावेशी, प्रविधिमैत्री र जीवनोपयोगी शिक्षा मार्फत सक्षम, सृजनशील, नैतिक तथा प्रतिस्पर्धी नागरिक उत्पादन गर्ने" रहेको छ। यस दूरदृष्टिलाई साकार बनाउन सबै बालबालिकाको समतामूलक पहुँच, गुणस्तरीय सिकाइ, शिक्षकको पेशागत विकास, स्थानीय पाठ्यक्रम विकास, सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग, विद्यालय स्वास्थ्य तथा पोषण, सुरक्षित तथा बालमैत्री विद्यालय, समावेशी शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार, सुशासन तथा प्रभावकारी स्रोत व्यवस्थापनलाई प्रमुख रणनीतिक प्राथमिकताका रूपमा समेटिएको छ।
योजनाले प्रारम्भिक बालविकास, आधारभूत तथा माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइ, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन तथा विकास, शैक्षिक समता तथा समावेशीकरण, विद्यालय स्वास्थ्य तथा पोषण, विद्यालय सुरक्षा

तथा विपद् व्यवस्थापन, भौतिक पूर्वाधार, सूचना तथा सञ्चार प्रविधि, उच्च शिक्षा, शिक्षा सुशासन, संस्थागत क्षमता विकास, स्रोत व्यवस्थापन तथा अनुगमन–मूल्याङ्कन लगायतका सबै उपक्षेत्रलाई समेट्दै स्पष्ट उद्देश्य, अपेक्षित उपलब्धि, कार्यसम्पादन सूचक, रणनीति, कार्यनीति तथा कार्ययोजना निर्धारण गरेको छ।

गाउँपालिकाका मुख्य शैक्षिक सूचकहरू निम्नानुसार रहेका छन्:

| क्र.सं. | प्रमुख सूचक | आधार वर्ष (२०८२) | ५ वर्षको लक्ष्य (२०८६) | १० वर्षको लक्ष्य (२०९१) |
|---|---|---|---|---|
| १ | ECD अनुभव लिएर कक्षा १ मा भर्ना हुने बालबालिका | ८८.०१% | ९५% | **९९%** |
| २ | कक्षा १ खुद भर्नादर | ९५.५३% | ९९% | **१००%** |
| ३ | आधारभूत तह (१–५) कूल भर्नादर | १०१.७९% | १००% | **१००%** |
| ४ | आधारभूत तह (१–५) खुद भर्नादर | ८१.५६% | ९२% | **९८%** |
| ५ | आधारभूत तह (१–५) टिकाउ दर | ८०.२१% | ९०% | **९८%** |
| ६ | आधारभूत तह (१–५) उत्तीर्ण दर | ८७.४०% | ९५% | **९८%** |
| ७ | आधारभूत तह (६–८) कूल भर्नादर | ९०.२३% | ९७% | **१००%** |
| ८ | आधारभूत तह (६–८) खुद भर्नादर | ३६.४१% | ६०% | **८५%** |
| ९ | आधारभूत तह (६–८) टिकाउ दर | ८५.७८% | ९५% | **९८%** |
| १० | आधारभूत तह (६–८) उत्तीर्ण दर | ८९.७६% | ९६% | **९८%** |
| ११ | माध्यमिक तह (९–१०) कूल भर्नादर | ९०.७८% | ९७% | **१००%** |
| १२ | माध्यमिक तह (९–१०) खुद भर्नादर | ३३.६०% | ५५% | **८०%** |
| १३ | माध्यमिक तह (९–१०) टिकाउ दर | ७१.६४% | ८५% | **९५%** |
| १४ | माध्यमिक तह (९–१०) उत्तीर्ण दर | ८६.५४% | ९४% | **९८%** |
| १५ | विद्यालय छोड्ने दर (माध्यमिक) | ९.३६% | ४% | **२.००%** |
| | आधारभूत तह (१–५) विद्यार्थी–शिक्षक अनुपात | | | |
| १७ | आधारभूत तह (६–८) विद्यार्थी–शिक्षक अनुपात | | | |
| १८ | माध्यमिक तह (९–१०) विद्यार्थी–शिक्षक अनुपात | | | |
| २२ | ICT सहित विद्यालय | आधार विस्तार | सबै माध्यमिक विद्यालयमा | सबै |
| २५ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | प्रारम्भिक अवस्था | सबै विद्यालयमा कार्यान्वयन | सबै |

**दूरदृष्टि (Vision)**

**"गुणस्तरीय, समावेशी, प्रविधिमैत्री र जीवनोपयोगी शिक्षामार्फत सक्षम, सृजनशील, नैतिक तथा प्रतिस्पर्धी नागरिक उत्पादन गर्ने।"**

**ध्येय (Mission)**

गाउँपालिकाभित्र रहेका सबै बालबालिका तथा नागरिकलाई समतामूलक पहुँचसहित गुणस्तरीय, समावेशी, सुरक्षित, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षा प्रदान गर्दै शिक्षालाई सामाजिक रूपान्तरण, मानव पूँजी विकास तथा दिगो स्थानीय विकासको आधार बनाउने।

**लक्ष्य (Goal)**

गाउँपालिकाभित्रका सबै बालबालिकालाई समावेशी, गुणस्तरीय, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षामा पहुँच सुनिश्चित गरी सक्षम, नैतिक, सृजनशील तथा सीपयुक्त जनशक्ति उत्पादन गर्नु ।

**उद्देश्यहरू (Objectives)**

१. सबै बालबालिकाको विद्यालय शिक्षामा समतामूलक पहुँच, सहभागिता तथा निरन्तरता सुनिश्चित गर्नु।

२. आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर, सिकाइ उपलब्धि तथा विद्यार्थी टिकाउदर अभिवृद्धि गर्नु।

३. शिक्षकको पेशागत क्षमता विकास तथा प्रभावकारी शैक्षिक व्यवस्थापनलाई सुदृढ गर्नु।

४. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण–सिकाइ प्रणाली विस्तार गर्नु।

५. बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री तथा सुरक्षित विद्यालय वातावरण विकास गर्नु।

६. दलित, बालिका, अपाङ्गता भएका, विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता वृद्धि गर्नु।

७. स्थानीय भाषा, संस्कृति, कला, इतिहास तथा ज्ञान–सीप समेटिएको स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु।

८. विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा मानसिक स्वास्थ्य कार्यक्रम प्रभावकारी बनाउनु।

९. शिक्षा क्षेत्रमा सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।

१०. प्राविधिक तथा व्यावसायिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसर विस्तार गर्नु।

**प्रमुख क्रियाकलापहरू (Major Activities)**

- प्रारम्भिक बालविकास केन्द्रको गुणस्तर सुधार तथा सुदृढीकरण।
- विद्यालय भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन।
- विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान तथा पुनःएकीकरण।
- शिक्षक तालिम तथा निरन्तर पेशागत क्षमता विकास।
- ICT, कम्प्युटर, इन्टरनेट तथा डिजिटल शिक्षण सामग्रीको विस्तार।

- स्मार्ट कक्षा तथा प्रविधिमैत्री शिक्षण प्रणाली विकास।
- छात्रवृत्ति तथा समावेशी शिक्षा कार्यक्रम सञ्चालन।
- विद्यालय भवन, शौचालय, खानेपानी तथा बालमैत्री पूर्वाधार निर्माण।
- विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा कार्यक्रम सुदृढीकरण।
- स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा जीवनोपयोगी सीप विकास।
- प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार।
- नियमित शैक्षिक अनुगमन, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ सञ्चालन।

**मुख्य उपलब्धिहरू**

स्थानीय शिक्षा क्षेत्र योजना (२०८२–२०९१) कार्यान्वयनपछि निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छः

- विद्यालय उमेरका सबै बालबालिकाको शिक्षामा पहुँच, भर्ना तथा नियमित सहभागिता सुनिश्चित हुने।
- प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म भर्नादर, टिकाउदर तथा सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार हुने।
- विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दरमा कमी आउने।
- आधारभूत तथा माध्यमिक तहका विद्यार्थीहरूको सिकाइ उपलब्धि राष्ट्रिय मापदण्डअनुसार अभिवृद्धि हुने।
- समावेशी, बालमैत्री, सुरक्षित तथा गुणस्तरीय सिकाइ वातावरण विकास हुने।
- स्थानीय भाषा, संस्कृति तथा ज्ञान–सीपमा आधारित स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने।
- शिक्षकको पेशागत क्षमता, विषयगत दक्षता तथा ICT प्रयोग क्षमता अभिवृद्धि हुने।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र डिजिटल सिकाइ विस्तार हुने।
- विद्यालय व्यवस्थापन, शैक्षिक सुशासन तथा समुदाय–अभिभावकको सहभागिता सुदृढ हुने।
- विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ, सुरक्षित खानेपानी तथा बाल संरक्षण प्रणाली सुदृढ हुने।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच विस्तार भई रोजगारमुखी सीप विकास हुने।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमार्फत साक्षरता अभिवृद्धि हुने।
- विपद् तथा आपतकालीन अवस्थामा समेत वैकल्पिक माध्यमबाट सिकाइ निरन्तरता सुनिश्चित हुने।
- लैङ्गिक समानता, सामाजिक समावेशिता तथा विभेदरहित विद्यालय वातावरण सुदृढ हुने।
- समग्र शिक्षा प्रणाली सुदृढ भई दक्ष, सिर्जनशील, नैतिक तथा जिम्मेवार नागरिक उत्पादन हुने।

**अनुमानित बजेट तथा स्रोत व्यवस्थापन**

स्थानीय शिक्षा क्षेत्र योजना (२०८२–२०९१) कार्यान्वयनका लागि **१० वर्षको कुल अनुमानित बजेट रु. ५२ करोड ४० लाख** प्रक्षेपण गरिएको छ ।

**स्रोतका सम्भावित आधारहरू**

- संघीय सरकारको सशर्त तथा वित्तीय समानीकरण अनुदान
- प्रदेश सरकारको शिक्षा कार्यक्रम तथा विशेष अनुदान
- गाउँपालिकाको आन्तरिक स्रोत तथा शिक्षा बजेट
- विकास साझेदार संस्था तथा गैरसरकारी संस्थाहरू
- निजी क्षेत्र तथा सामाजिक उत्तरदायित्व (CSR)
- विद्यालय व्यवस्थापन समिति तथा समुदायको योगदान
- अन्तर्राष्ट्रिय विकास साझेदार तथा दातृ निकाय

**वित्तीय व्यवस्थापन रणनीति**

- वार्षिक शिक्षा योजना र बजेटबीच प्रभावकारी समन्वय।
- आवश्यकता तथा नतिजामा आधारित बजेट प्रणाली अवलम्बन।
- विद्यालयस्तरमा वित्तीय पारदर्शिता, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ।
- विकास साझेदार तथा निजी क्षेत्रसँग सहकार्य र सहलगानी विस्तार।
- शिक्षा क्षेत्रमा बहुवर्षीय वित्तीय योजना तथा दिगो स्रोत परिचालन।

यस १० वर्षे स्थानीय शिक्षा क्षेत्र योजना कार्यान्वयनबाट सखुवानन्कारकट्टी गाउँपालिकामा समावेशी, गुणस्तरीय, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षा प्रणालीको विकास हुने अपेक्षा गरिएको छ। योजनाले विद्यालय शिक्षाको पहुँच, गुणस्तर, समावेशिता, सुशासन तथा दिगोपनलाई सुदृढ गर्दै दक्ष, सक्षम, सृजनशील, नैतिक र जिम्मेवार नागरिक उत्पादन गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ।

यस योजना कार्यान्वयनबाट आगामी दश वर्षभित्र विद्यालय उमेरका सबै बालबालिकाको विद्यालय पहुँच सुनिश्चित हुने, सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार आउने, विद्यालय छोड्ने दरमा कमी हुने, डिजिटल तथा प्रविधिमैत्री शिक्षण प्रणाली विस्तार हुने, समावेशी तथा सुरक्षित विद्यालय वातावरण विकास हुने, स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने, शिक्षकको पेशागत क्षमता अभिवृद्धि हुने, शिक्षा व्यवस्थापनमा पारदर्शिता तथा उत्तरदायित्व सुदृढ हुने र समुदायको सक्रिय सहभागितासहित गुणस्तरीय शिक्षा प्रणाली विकास हुने अपेक्षा गरिएको छ। यसका लागि गाउँपालिका, विद्यालय, विद्यालय व्यवस्थापन समिति, अभिभावक, समुदाय, प्रदेश तथा संघीय सरकार र विकास साझेदार संस्थाबीच प्रभावकारी समन्वय, साझेदारी तथा स्रोत परिचालन अपरिहार्य रहनेछ ।

## विषय सूची

योजनाको सारंश ........ 7

परिच्छेद १ : परिचय ........ 19

१.१ पृष्ठभूमि ........ 19
१.२ सखुवानन्कारकट्टीको समग्र परिचय ........ 19
१.३ सामाजिक तथा सांस्कृतिक अवस्था ........ 20
१.२.२ आर्थिक अवस्था ........ 21
१.३ सखुवानन्कारकट्टीको शैक्षिक अवस्था ........ 22
परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ 25

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ........ 25
२.२ दूरदृष्टि ........ 25
२.३ लक्ष्य ........ 25
२.४ उद्देश्य ........ 25
२.५ रणनीति ........ 26
२.६ कार्यनीति ........ 27
२.७ अपेक्षित मुख्य उपलब्धि ........ 28
२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ 29
राष्ट्रिय ........ 30
तालिका नं ३ : शिक्षा क्षेत्रका मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) ........ 33

परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू ........ 34

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ 34
३.१.२ वर्तमान अवस्था ........ 34
३.१.३ उद्देश्य ........ 35
३.१.४ रणनीति ........ 35
३.१.५ प्रमुख उपलब्धि तथा नतिजा ........ 36
३.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 37
३.२ आधारभूत शिक्षा ........ 38
३.२.२ वर्तमान अवस्था ........ 38
३.२.३ उद्देश्य ........ 38
३.२.४ रणनीति ........ 39
३.२.५ प्रमुख उपलब्धि र नतिजा ........ 39
३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ 40
३.३ माध्यमिक शिक्षा ........ 41
३.३.१ वर्तमान अवस्था ........ 41
३.३.२ उद्देश्य ........ 42
३.३.३ रणनीति ........ 42
३.३.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 43
नतिजा तथा परिमाणात्मक लक्ष्य ........ 43
३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ 44
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........ 45
३वर्तमान अवस्था ४.१. ........ 45

३ ४.२.उद्देश्य ........ 46

३रणनीति ४.३. ........ 46

३प्रमुख उपलब्धी तथा नतिजा ४.४. ........ 46

३प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ४.५. ........ 47

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ 48

३वर्तमान अवस्था ५.१. ........ 48

३ ५.२.उद्देश्य ........ 50

३रणनीति ५.३. ........ 50

परिच्छेद ४ : अन्तर सम्बन्धित विषय तथा क्षेत्र ........ 53

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ 53

४.१.१ वर्तमान अवस्था ........ 53

४.१.२ उद्द्श्य ........ 55

४.१.३ रणनीति ........ 55

४ १.४.प्रमुख उपलब्धि तथा नतिजा ........ 56

४.१. ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 57

४.१ शिक्षक व्यवस्थापन र विकास ........ 57

४वर्तमान अवस्था १.१. ........ 58

४उद्देश्य २.२ ........ 61

४रणनीतिहर २.३.ू ........ 62

४उपलब्धि प्रमुख २.४. र नतिजा ........ 63

४.२. ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 64

४.३ शैक्षिक समता र समावेशीकरण ........ 65

४.३.१ वर्तमान अवस्था ........ 65

४.३उद्देश्यहरू २. ........ 66

४.३.३ रणनीतिहरू ........ 67

४.३.४ प्रमुख उपलब्धि र नतिजा ........ 67

४.३. ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 68

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 68

४.४ .१ बर्तमान अवस्था ........ 69

४.४.२ उद्देश्य ........ 70

४ ४.३.रणनीतिहरू ........ 70

४.४प्रमुख उपलब्धिहरु तथा नतिजा ४. ........ 71

४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 72

४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ........ 73

४५..२ उद्देश्यहरू ........ 74

४५..३ रणनीतिहरू ........ 74

४५..४ प्रमुख उपलब्धि तथा नतिजा ........ 75
४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 75
४.६ विद्यालय भौतिक पूर्वाधार विकास........ 76
४वर्तमान अवस्था ६.१. ........ 76
४.६.२ उद्देश्य........ 78
४.६.३ रणनीतिहरू ........ 78
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 78
४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 79
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि........ 80
४.७.१ वर्तमान अवस्था ........ 80
४.७.२ उद्देश्यहरू........ 81
४.७.३ रणनीतिहरू ........ 81
४.७.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 82
४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 83
परिच्छेद ५ : अन्य उपक्षेत्र........ 84
५.१ उच्च शिक्षा ........ 84
५वर्तमान अवस्था १.१. ........ 85
५१..२ उद्देश्यहरू........ 86
५१..३ रणनीतिहरू ........ 86
५१..४ प्रमुख उपलब्धि तथा नतिजा ........ 87
५प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य १.६. ........ 87
परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन........ 89
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ 89
६वर्तमान अवस्था १.१. ........ 89
६उद्देश्यहरु १.२. ........ 91
६रणनी १.३.तिहरू ........ 91
६प्रमुख उपलब्धि १.४., नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य........ 92
६प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य १.५. ........ 93
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ 93
६वर्तमान अवस्था २.१. ........ 94
६उद्देश्यहरू २.२. ........ 95
६रणनीति २.३. ........ 95
६प्रमुख उपलब्धि तथा नतिजा २.४. ........ 96
६प्रमुख  क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य  २.५. ........ 96

परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन ........ 98
७.१ वर्तमान अवस्था ........ 98
७.२ उद्देश्य ........ 99
७.३  रणनितिहरु ........ 100
७.४ प्रमुख उपलब्धि तथा नतिजाहरु ........ 100
७. ५ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 101
७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया ........ 104
७.७ योजना कार्यान्वयनका लागि विषयगत रणनीति, कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन ........ 105
परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन (सखुवानन्कारकट्टी गाउँपालिका) ........ 107
८.१ वर्तमान अवस्था ........ 107
८.२ उद्देश्य ........ 108
८.३ रणनीतिहरू ........ 108
८.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 108
८.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ 109
अनुसूची १ : योजनाको लेखाजोखा तथा सुझाव पत्र ........ 109
अनुसूची २: ........ 111
अनुसुची ३ ........ **Error! Bookmark not defined.**
अनुसूची ४ ........ 113
अनुसूची ५ ........ 115
अनुसूची ६ शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीको विवरण ........ 118
अनुसूची ७ शैक्षिक गुणस्तर सुधार घोषणापत्र - २०७६ मा उल्लेख भएका १०८ बुँदाहरु ........ 118
अनुसूची ८ सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुको विवरण ........ 122
महत्वपूर्ण लिंकहरु ........ 123
सन्दर्भ सामग्रीहरु ........ 124

# तालिकाहरुको सूची


तालिका १ उमेर समूहमा जनसंख्याको वितरण ........ २२

तालिका २ जातीयताको आधारमा जनसंख्याको वितरण ........ २२

तालिका नं ४ प्रारम्भिक वालविकास तथा शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ३६

तालिका नं ५ प्रारम्भिक वालविकास तथा शिक्षा उपक्षेत्रको वार्षिक तथा समग्र परिमाणात्मक लक्ष्यहरू ........ ३७

तालिका नं ६ आधारभूत शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ४०

तालिका नं ७ आधारभूत शिक्षा उपक्षेत्रको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ ४१

तालिका नं ८ माध्यमिक शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ४४

तालिका नं ९ माध्यमिक शिक्षा उपक्षेत्रको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ ४४

तालिका नं १० प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ४७

तालिका नं ११ प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा उपक्षेत्रको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ ४८

तालिका नं १२ अनौपचारि शिक्षा तथा आजिवन सिकाइ शिक्षा उपक्षेत्रको प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ५१

तालिका नं १३ अनौपचारि शिक्षा तथा आजिवन सिकाइ शिक्षा उपक्षेत्रको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ ५२

तालिका नं १४ पाठ्यक्रम पाठ्यपुस्तक सिकाक्ष सामाग्री तथा मूल्यांकन शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ५६

तालिका नं १५ पाठ्यक्रम पाठ्यपुस्तक सिकाक्ष सामाग्री तथा मूल्यांकन शिक्षा उपक्षेत्रको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ ५७

तालिका नं १६ सखुवानन्कारकट्टी गाउँपालिकाका आधारभूत तह तर्फ दरबन्दी ........ ५९

तालिका नं १७ सखुवानन्कारकट्टी गाउँपालिकाका आधारभूत तह तर्फ दरबन्दी ........ ५९

तालिका नं १८ सखुवानन्कारकट्टी गाउँपालिकाका माध्यमिक तह तर्फ दरबन्दी ........ ६०

तालिका नं १९ सखुवानन्कारकट्टी गाउँपालिकाका माध्यमिक तह (११–१२) तर्फ दरबन्दी ........ ६०

तालिका नं १९ सखुवानन्कारकट्टी गाउँपालिकाका शिक्षक व्यवस्थापन तथा विकास उपक्षेत्रको प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ६३

तालिका नं २० सखुवानन्कारकट्टी गाउँपालिकाका शिक्षक व्यवस्थापन तथा विकास उपक्षेत्रको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ ६५

तालिका नं २१ सखुवानन्कारकट्टी गाउँपालिकाका शैक्षिक समता र समावेशीकरण उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ६८

तालिका नं २२ सखुवानन्कारकट्टी गाउँपालिकाका शैक्षिक समता र समावेशीकरण उपक्षेत्रको प्रमुख क्रियाकलाप परिमाणात्मक लक्ष्य ........ ६८

तालिका नं २३ सखुवानन्कारकट्टी गाउँपालिकाको विद्दालय पोषण तथा स्वास्थ्य कार्यक्रमको मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ७२

तालिका नं २४ सखुवानन्कारकट्टी गाउँपालिकाको विद्दालय पोषण तथा स्वास्थ्य कार्यक्रमको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ ७२

तालिका नं २४ सखुवानन्कारकट्टी गाउँपालिकाको विद्दालाय सुरक्षा विषपत न्यनीकरण तथा उत्थानशीलता उपक्षेत्रका मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ७५

तालिका नं २६ सखुवानन्कारकट्टी गाउँपालिकाको विद्दालय पोषण तथा स्वास्थ्य कार्यक्रमको मुख्य क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य ........ ७६

## विषय प्रवेश

शिक्षा मानव विकास, सामाजिक रूपान्तरण तथा समृद्ध समाज निर्माणको आधारभूत माध्यम हो। गुणस्तरीय, समावेशी, समतामूलक तथा जीवनोपयोगी शिक्षाको सुनिश्चितताबाट मात्र सक्षम, सिर्जनशील, नैतिक तथा जिम्मेवार नागरिक उत्पादन गर्न सकिन्छ। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कानुनी व्यवस्था, राष्ट्रिय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना तथा दिगो विकास लक्ष्य (SDGs) ले स्थानीय तहलाई शिक्षा क्षेत्रको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा व्यवस्थापनमा महत्वपूर्ण भूमिका प्रदान गरेका छन्।

संविधानको अनुसूची–८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरेसँगै स्थानीय आवश्यकता, प्राथमिकता तथा सम्भावनाअनुसार शिक्षा क्षेत्रको विकास गर्ने जिम्मेवारी स्थानीय सरकारमा आएको छ। यस जिम्मेवारीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सखुवानन्कारकट्टी गाउँपालिकाले शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर, समता, सहभागिता, सुशासन तथा उत्तरदायित्व अभिवृद्धि गर्ने उद्देश्यका साथ शिक्षा क्षेत्र योजना (२०२५–२०३४) तयार गरेको हो।

यस योजनाले गाउँपालिकाको विद्यमान शैक्षिक अवस्थाको विश्लेषण गर्दै आगामी दश वर्षका लागि स्पष्ट लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा अपेक्षित उपलब्धिहरू निर्धारण गरेको छ। साथै, स्थानीय आवश्यकता र राष्ट्रिय प्राथमिकताबीच समन्वय कायम गरी सबै बालबालिकालाई गुणस्तरीय, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री शिक्षा उपलब्ध गराउने दिशामा मार्गनिर्देशन गर्नेछ।

## शिक्षा क्षेत्र योजना निर्माणको आवश्यकता तथा औचित्य

सखुवानन्कारकट्टी गाउँपालिकामा शिक्षा क्षेत्रमा उल्लेखनीय प्रगति भए पनि विद्यालय पहुँच, सिकाइ उपलब्धि, विद्यार्थी टिकाइ, शिक्षक क्षमता विकास, समावेशी शिक्षा, प्रविधिको प्रयोग तथा प्रभावकारी शैक्षिक व्यवस्थापनका क्षेत्रमा अझै सुधार गर्नुपर्ने आवश्यकता रहेको छ। विशेषगरी विद्यालय बाहिर रहेका बालबालिकाको पुनःभर्ना, माध्यमिक तहमा खुद भर्नादर वृद्धि, विद्यालय छोड्ने दर न्यूनीकरण, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको सहभागिता सुनिश्चित गर्ने चुनौती विद्यमान छन्।

यस परिप्रेक्ष्यमा संघीय, प्रदेश तथा स्थानीय सरकारका नीति, कार्यक्रम र प्राथमिकतासँग तादात्म्यता कायम गर्दै स्थानीय आवश्यकता र सम्भावनाका आधारमा दीर्घकालीन शिक्षा योजना निर्माण गर्नु आवश्यक भएको हो। प्रस्तुत शिक्षा क्षेत्र योजना आगामी दश वर्षसम्म गाउँपालिकाको शिक्षा क्षेत्र विकासका लागि मार्गदर्शक दस्तावेजका रूपमा कार्य गर्नेछ।

## स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

स्थानीय शिक्षा क्षेत्र योजना निर्माणका प्रमुख औचित्यहरू निम्नानुसार रहेका छन्–

- संघ, प्रदेश तथा स्थानीय तहबीच शिक्षा क्षेत्रको योजना, कार्यक्रम र स्रोत व्यवस्थापनमा समन्वय तथा सहकार्य सुदृढ गर्नु।
- शिक्षा सम्बन्धी राष्ट्रिय नीति, कानुन, दिगो विकास लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको स्थानीय स्तरमा प्रभावकारी कार्यान्वयन गर्नु।
- स्थानीय आवश्यकता, प्राथमिकता तथा शैक्षिक चुनौतीका आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्नु।
- शिक्षा क्षेत्रमा स्रोतको न्यायोचित, प्रभावकारी तथा परिणाममुखी परिचालन सुनिश्चित गर्नु।
- गुणस्तरीय, समावेशी, समतामूलक तथा प्रविधिमैत्री शिक्षा प्रणालीको विकास गर्नु।
- विद्यालय शिक्षामा सुशासन, उत्तरदायित्व, पारदर्शिता तथा प्रभावकारी अनुगमन प्रणाली सुदृढ गर्नु।
- सबै बालबालिकाको शिक्षामा पहुँच, सहभागिता, सिकाइ उपलब्धि तथा विद्यालयमा टिकाइ अभिवृद्धि गर्नु।

## शिक्षा योजना निर्माणका आधार

यस शिक्षा क्षेत्र योजना निर्माण गर्दा निम्न प्रमुख नीति, कानुन तथा दस्तावेजहरूलाई आधार बनाइएको छ–

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४

- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली
- राष्ट्रिय शिक्षा नीति, २०७६
- विद्यालय शिक्षा क्षेत्र योजना (SESP)
- सिकाइ आपूर्ति तथा द्रुत सिकाइ योजना (ReAL Plan)
- दिगो विकास लक्ष्य (SDGs) तथा राष्ट्रिय कार्यढाँचा
- सोह्रौं आवधिक योजना
- स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८
- राष्ट्रिय जनगणना, २०७८
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा सम्बन्धित निकायका नीति, मापदण्ड तथा निर्देशिकाहरू
- सखुवानन्कारकट्टी गाउँपालिकाको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा सम्बन्धित प्रतिवेदनहरू
- विद्यालय सुधार योजना (SIP), नमूना विद्यालय विकास योजना (MSDP) तथा विद्यालयस्तरीय तथ्याङ्कहरू

**शिक्षा योजना निर्माण प्रक्रिया**

यस शिक्षा क्षेत्र योजना निर्माणमा सहभागितामूलक तथा परामर्शमूलक प्रक्रिया अवलम्बन गरिएको छ। गाउँपालिका शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा, युवा तथा खेलकुद शाखा, योजना निर्माण समिति, जनप्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी, नागरिक समाज, शिक्षाविद् तथा अन्य सरोकारवालाको सक्रिय सहभागिता र सुझावका आधारमा योजना तयार गरिएको हो।

योजना निर्माणका क्रममा मुख्य रूपमा निम्न प्रक्रिया अपनाइएको छ–

- गाउँपालिकाबाट शिक्षा क्षेत्र योजना निर्माण सम्बन्धी निर्णय तथा समिति गठन।
- गाउँपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण तथा तथ्याङ्क सङ्कलन।
- वडा, विद्यालय तथा समुदायस्तरमा छलफल, अन्तरक्रिया तथा परामर्श।
- शिक्षाविद्, विषय विशेषज्ञ तथा सरोकारवालाबाट सुझाव सङ्कलन।
- योजनाको प्रारम्भिक मस्यौदा तयार गरी सरोकारवालाबाट पृष्ठपोषण प्राप्त गर्ने।
- प्राप्त सुझाव समावेश गरी योजनाको अन्तिम मस्यौदा तयार गर्ने।
- कार्यपालिकाबाट योजना स्वीकृत गरी कार्यान्वयनमा लैजाने।

**सरोकारवालाबाट प्राप्त प्रमुख सुझाव**

योजना निर्माण प्रक्रियाका क्रममा सरोकारवाला, शिक्षाविद् तथा नागरिक समाजबाट प्राप्त सुझावका आधारमा निम्न विषयहरूलाई विशेष प्राथमिकता दिइएको छ–

- प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षाको गुणस्तर सुधार।
- विद्यालय बाहिर रहेका बालबालिकाको पुनःभर्ना तथा नियमित उपस्थिति सुनिश्चित गर्ने।
- समावेशी तथा अपाङ्गमैत्री विद्यालय वातावरण निर्माण।
- शिक्षकको पेशागत क्षमता विकास तथा विषयगत शिक्षक व्यवस्थापन।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग।
- विद्यालयमा सुरक्षित, बालमैत्री, लैङ्गिकमैत्री तथा वातावरणमैत्री पूर्वाधार विकास।
- विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि प्रभावकारी अनुगमन, मूल्याङ्कन तथा स्रोत परिचालन प्रणाली विकास।
- समुदाय, अभिभावक, निजी क्षेत्र तथा विकास साझेदारसँग सहकार्य र साझेदारी सुदृढ गर्ने।

प्रस्तुत शिक्षा क्षेत्र योजना (२०२५–२०३४) सखुवानन्कारकट्टी गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकासका लागि दीर्घकालीन मार्गदर्शक दस्तावेजका रूपमा रहनेछ। यस योजनाको प्रभावकारी कार्यान्वयनबाट गाउँपालिकामा गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा दिगो शिक्षा प्रणालीको विकास भई प्रत्येक बालबालिकाको सिकाइ उपलब्धि तथा जीवनोपयोगी सीप अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान (२०७२) ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अन्तर्गत संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको व्यवस्था गरेको छ। संविधानले समतामूलक, समावेशी तथा समाजवादउन्मुख समाज निर्माण गर्ने राष्ट्रिय लक्ष्य अनुरूप शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरेको छ। संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत तहसम्म निःशुल्क तथा अनिवार्य शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको अधिकार सुनिश्चित गरिएको छ। साथै, विद्यालय शिक्षाको व्यवस्थापन तथा सञ्चालनको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ।

संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली, २०७७ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ लगायतका कानुनी व्यवस्थाहरू कार्यान्वयनमा रहेका छन्। त्यसैगरी, राष्ट्रिय शिक्षा नीति, २०७६ ले शिक्षा क्षेत्रमा गुणस्तर, समावेशिता, समान पहुँच, प्रविधिमैत्री सिकाइ तथा जीवनोपयोगी शिक्षाको विकासका लागि आवश्यक नीतिगत मार्गदर्शन प्रदान गरेको छ।

नेपालमा शिक्षा विकासको योजनाबद्ध सुरुवात नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन, २०११ बाट भएको मानिन्छ। त्यसयता सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना (२०१८), राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८–२०३२), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्चस्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८ तथा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०७६ लगायतका विभिन्न आयोग तथा कार्यदलका सिफारिसहरू कार्यान्वयन हुँदै आएका छन्।

शिक्षा क्षेत्रको विकासका लागि विभिन्न कालखण्डमा रेडियो शिक्षा शिक्षक तालिम परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, माध्यमिक शिक्षा विकास परियोजना, शिक्षक शिक्षा आयोजना, सामुदायिक विद्यालय सहयोग कार्यक्रम, व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना लगायतका कार्यक्रम सञ्चालन गरिएका छन्। साथै, "सबैका लागि शिक्षा" (EFA), सहस्राब्दी विकास लक्ष्य (MDGs) तथा दिगो विकास लक्ष्य (SDGs) को परिप्रेक्ष्यमा विद्यालय क्षेत्र सुधार योजना (SSRP), विद्यालय क्षेत्र विकास योजना (SSDP) र हाल विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan-SESP) कार्यान्वयनमा रहेका छन्।

यसै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, कानुन, योजना र कार्यक्रमबाट प्राप्त अनुभव, उपलब्धि तथा सिकाइलाई आधार बनाई सखुवानन्कारकट्टी गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सबै बालबालिका तथा नागरिकलाई गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षा उपलब्ध गराउने उद्देश्यले स्थानीय शिक्षा क्षेत्र योजना (Local Education Plan - LEP) तयार गरेको छ। यस योजनाले गाउँपालिकाको शैक्षिक अवस्था, आवश्यकता, चुनौती, सम्भावना तथा स्थानीय प्राथमिकतालाई समेटी आगामी १० वर्षको शैक्षिक विकासको स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ। साथै, यस योजनाले संविधानले परिकल्पना गरेको शिक्षाको अधिकार, दिगो विकास लक्ष्य–४ तथा राष्ट्रिय शिक्षा नीतिका उद्देश्यहरू प्राप्त गर्न स्थानीय तहको नेतृत्वदायी भूमिकालाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

## १.२ सखुवानन्कारकट्टीको समग्र परिचय

सखुवानन्कारकट्टी गाउँपालिका नेपालको मधेश प्रदेश अन्तर्गत सिरहा जिल्लाको पूर्व मध्य भाग तथा पूर्व पश्चिम राजमार्गको दक्षिण भागमा पर्ने यस गाउँपालिका मिति २०७३ फागुन २२ गते सखुवानन्कारकट्टी (खैरवोना चौक) लाई केन्द्र राखी ५ वटा गा.वि.स.हरु मिलेर गाउँपालिकाको स्थापना गरिएको छ । साविका ५ गा.वि.स. हाल ५ वडा मौवाही, सोठिआईन, महदेवा पोर्ताहा, सखुवानन्कारकट्टी र ईटहर्वा वडामा विभाजन गरिएको हो । भौगोलिक हिसाबले ८६$^0$३५'२" देखि ८६$^0$३'५६" पूर्वी देशान्तर र २६$^0$३५'२४" देखि

२६°३९’४३” उत्तरी अक्षांशमा अवस्थित सखुवानन्कारकट्टी मधेश प्रदेश  क्षेत्र मध्ये एक हो । त्यसैगरी ३२.८५ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा सप्तरी जिल्ला, पश्चिमतिर लक्ष्मीपुर पतारी गाउँपालिका, दक्षिणमा नवराजपुर र भगवानपुर गाउँपालिका रहेको छ भने उत्तरमा लाहान नगरपालिका रहेका छन् । गाउँपालिकाको औषत अधिकतम तापक्रम ३४.८ डिग्री सेल्सियस र औषत न्युनतम तापक्रम ८.८ डिग्री सेल्सियस रहेको पाईन्छ । सिरहा जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरुमा विकासको राम्रो सम्भावना बोकेको गाउँपालिकाको रुपमा सखुवानन्कारकट्टी गाउँपालिका रहेको छ । यसका अतिरीक्त यहाँका सचेत राजनैतिक दल र उत्प्रेरीत गाउँवासी समेत यो गाउँपालिकाका दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन् । यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी यादव जाति ८,६४४ जना (४६.५८ प्रतिशत), दोस्रोमा मुसहर १६७८ (९.०४ प्रतिशत) र तेस्रोमा मुसलमान १,३५५ (७.३० प्रतिशत) हरुको बसोबास रहेको छ । तराई क्षेत्रमा रहेको यस गाउँपालिकामा ब्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । ओषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरुमा व्यापार, व्यवसाय, उद्योग, नोकरी साथै विकल्पमा वैदेशिक रोजगारी हुन । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्यधिक बढिरहेको छ । यस गाउँपालिकामा आधारभूतदेखि माध्यमिक शिक्षासम्म प्रदान गर्ने २३ विद्यालयहरु रहेका छन् ।

## १.३  सामाजिक तथा सांस्कृतिक अवस्था

सखुवानन्कारकट्टी गाउँपालिका मधेश प्रदेशको सिराहा जिल्लामा अवस्थित एक बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक स्थानीय तह हो। यहाँ विभिन्न जातजाति, समुदाय, धर्म र संस्कृतिका मानिसहरू आपसी सद्भाव, सहिष्णुता र सामाजिक एकताका साथ बसोबास गर्दै आएका छन्। गाउँपालिकामा मुख्य रूपमा मधेशी, यादव, मुस्लिम, दलित, जनजाति तथा अन्य समुदायहरूको बसोबास रहेको छ। मैथिली भाषा यहाँको प्रमुख मातृभाषा भए पनि नेपाली भाषा शैक्षिक, प्रशासनिक तथा औपचारिक कार्यमा व्यापक रूपमा प्रयोग हुने गरेको छ ।

गाउँपालिकामा हिन्दू र मुस्लिम धर्मावलम्बीहरूको प्रमुख बसोबास रहेको छ । विभिन्न धार्मिक, सांस्कृतिक तथा सामाजिक पर्वहरू जस्तै छठ, होली, दीपावली, दशैं, तिहार, ईद, बकर-ईद, सामा-चकेवा, जितिया लगायतका चाडपर्वहरू सामुदायिक सद्भावका साथ मनाउने परम्परा रहेको छ। यस्ता सांस्कृतिक गतिविधिहरूले सामाजिक एकता, आपसी सहयोग तथा समुदायबीचको सम्बन्धलाई सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याएका छन् । गाउँपालिकाको सामाजिक संरचनामा परिवार तथा समुदायको महत्वपूर्ण भूमिका रहेको छ। परम्परागत मूल्य, मान्यता, रीतिरिवाज तथा सांस्कृतिक अभ्यासहरूले सामाजिक जीवनलाई निर्देशित गर्ने गरेका छन्। तथापि, बालविवाह, दाइजो प्रथा, लैङ्गिक विभेद, छुवाछुत तथा सामाजिक बहिष्करण जस्ता केही सामाजिक कुरीतिहरू अझै पनि केही हदसम्म विद्यमान रहेका छन्, जसले शिक्षा, स्वास्थ्य तथा सामाजिक विकासमा प्रतिकूल प्रभाव पार्ने गरेको छ।

शिक्षा तथा जनचेतनाको विस्तारसँगै सामाजिक रूपान्तरणको प्रक्रिया अगाडि बढिरहेको छ। महिलाको सहभागिता, बालबालिकाको विद्यालय पहुँच, सामाजिक समावेशीकरण तथा लैङ्गिक समानताको क्षेत्रमा सकारात्मक सुधार देखिएको छ। स्थानीय सरकार, विद्यालय, समुदाय तथा विभिन्न संघसंस्थाहरूको सहकार्यमा सामाजिक सचेतना अभिवृद्धि गर्ने, बालअधिकार संरक्षण गर्ने तथा समावेशी समाज निर्माण गर्ने प्रयासहरू निरन्तर रूपमा सञ्चालन भइरहेका छन्। सामाजिक तथा सांस्कृतिक विविधता सखुवानन्कारकट्टी गाउँपालिकाको महत्वपूर्ण सम्पत्ति हो। यस विविधतालाई संरक्षण, प्रवर्द्धन तथा शिक्षण–सिकाइ प्रक्रियासँग जोड्दै सामाजिक सद्भाव, समावेशिता र सांस्कृतिक पहिचानलाई सुदृढ बनाउने अवसर गाउँपालिकासँग रहेको छ ।

### १.२.२ आर्थिक अवस्था

सखुवानन्कारकट्टी गाउँपालिकाको अर्थतन्त्र मुख्य रूपमा कृषि तथा पशुपालनमा आधारित रहेको छ। अधिकांश परिवारहरूको प्रमुख आयस्रोत कृषि उत्पादन, पशुपालन, दैनिक ज्यालादारी श्रम, साना व्यापार तथा वैदेशिक रोजगारीबाट प्राप्त हुने आम्दानी हो। गाउँपालिकाको समथर भू–भाग, उर्वर भूमि तथा अनुकूल हावापानीका कारण धान, गहुँ, मकै, दलहन, तेलहन तथा विभिन्न तरकारी बालीहरूको उत्पादन हुने गरेको छ। साथै, गाई, भैंसी, बाख्रा, कुखुरा लगायतका पशुपालन व्यवसायले स्थानीय परिवारहरूको आयआर्जनमा महत्वपूर्ण योगदान पुर्‍याएको छ। गाउँपालिकाका केही परिवारहरू वैदेशिक रोजगार तथा देशभित्रका विभिन्न शहरहरूमा श्रम रोजगारमा संलग्न रहेका छन्। वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण (Remittance) ले स्थानीय अर्थतन्त्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भए तापनि यसले युवाशक्तिको बाह्य पलायन बढाउने चुनौती पनि सिर्जना गरेको छ।

स्थानीय स्तरमा उद्योग, व्यवसाय तथा स्वरोजगारका अवसरहरू सीमित रहेका कारण बेरोजगारी तथा अर्धबेरोजगारीको समस्या विद्यमान छ। विशेष गरी युवावर्गका लागि पर्याप्त रोजगारी तथा उद्यमशीलताका अवसरहरूको अभाव देखिन्छ। आर्थिक रूपमा विपन्न, दलित, महिला, भूमिहीन तथा सीमान्तकृत समुदायका परिवारहरू अझै पनि गरिबी तथा आर्थिक असुरक्षाको अवस्थामा रहेका छन्। गाउँपालिकामा सडक, सिँचाइ, विद्युत्, सञ्चार तथा बजार पहुँचमा क्रमशः सुधार हुँदै गएको छ, जसले कृषि उत्पादन, व्यापार तथा सेवा क्षेत्रको विकासका लागि अवसरहरू सिर्जना गरेको छ। कृषि आधुनिकीकरण, व्यवसायीकरण, सीप विकास, लघु उद्यम प्रवर्द्धन तथा वित्तीय पहुँच विस्तारमार्फत स्थानीय आर्थिक विकासलाई थप सुदृढ गर्ने सम्भावना रहेको छ ।

आर्थिक अवस्थाले शिक्षा क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ। आर्थिक रूपमा कमजोर परिवारका बालबालिकाहरू विद्यालय छोड्ने, नियमित उपस्थित नहुने तथा शैक्षिक सामग्रीको अभाव भोग्ने जोखिममा रहने गर्दछन्। त्यसैले गुणस्तरीय तथा समावेशी शिक्षाको सुनिश्चितताका लागि गरिब तथा सीमान्तकृत परिवारहरूको आर्थिक सशक्तीकरण, छात्रवृत्ति व्यवस्था, सामाजिक सुरक्षा तथा लक्षित शैक्षिक सहयोग कार्यक्रमहरू आवश्यक देखिन्छन् । समग्रमा, सखुवानन्कारकट्टी गाउँपालिकाको अर्थतन्त्र कृषि, पशुपालन तथा श्रममुखी आयस्रोतमा आधारित रहेको छ। स्थानीय स्रोत, साधन तथा सम्भावनाको उपयोग गर्दै उत्पादनशीलता, रोजगारी र आयआर्जन वृद्धि गर्न सकिएमा आर्थिक समृद्धिसँगै शिक्षा तथा मानव विकासका सूचकहरूमा समेत सकारात्मक सुधार आउने अपेक्षा गर्न सकिन्छ।

### १.४ भौगोलिक तथा जनसाङ्ख्यिक स्वरुप

सखुवानन्कारकट्टी गाउँपालिका मधेश प्रदेशको सिराहा जिल्लामा अवस्थित एक स्थानीय तह हो। गाउँपालिकाको कुल क्षेत्रफल ३४.७२ वर्ग किलोमिटर रहेको छ। यसको सिमाना उत्तरमा गोलबजार नगरपालिका, दक्षिणमा भारतको बिहार राज्य, पूर्वमा भगवानपुर गाउँपालिका तथा पश्चिममा नरहा गाउँपालिकासँग जोडिएको छ। गाउँपालिकालाई प्रशासनिक रूपमा ५ वटा वडामा विभाजन गरिएको छ । यो गाउँपालिका नेपालको तराई भू–भाग अन्तर्गत पर्दछ। यहाँको भू–स्वरूप मुख्यतः समथर तथा उर्वर मैदान रहेको छ, जसले कृषि उत्पादनका लागि अनुकूल वातावरण प्रदान गरेको छ। गाउँपालिकाको अधिकांश भूभाग खेतीयोग्य जमिनले ओगटेको छ। यहाँको हावापानी उष्ण तथा उप–उष्ण प्रकृतिको रहेको छ। गर्मीयाममा तापक्रम उच्च हुने तथा जाडोयाममा तुलनात्मक रूपमा चिसो हुने गर्दछ। मनसुन अवधिमा पर्याप्त वर्षा हुने भएकाले कृषि उत्पादनमा सकारात्मक प्रभाव पर्ने गरेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार सखुवानन्कारकट्टी गाउँपालिकाको कुल जनसंख्या २०,०९९ रहेको छ। यसमध्ये पुरुष १०,३७९ जना (५१.६४ प्रतिशत), महिला ९,६८३ जना (४८.१८ प्रतिशत) तथा अन्य लिङ्गका ३७ जना (०.१८ प्रतिशत) रहेका छन्। महिलाको तुलनामा पुरुष जनसंख्या ६९६ जनाले बढी रहेको छ। गाउँपालिकाको लैङ्गिक अनुपात १.०७ रहेको छ, जसले प्रति १०० महिलामा करिब १०७ पुरुष रहेको जनाउँछ। जनसंख्याको ठूलो हिस्सा बालबालिका तथा युवा उमेर समूहमा केन्द्रित रहेकोले शिक्षा, स्वास्थ्य, सीप

विकास तथा रोजगारीका क्षेत्रमा विशेष लगानी र कार्यक्रम सञ्चालनको आवश्यकता देखिन्छ। साथै, जनसांख्यिक संरचनालाई मध्यनजर गर्दै समावेशी तथा गुणस्तरीय शिक्षाको विस्तार गाउँपालिकाको महत्वपूर्ण प्राथमिकता रहेको छ ।

*तालिका १ उमेर समूहमा जनसंख्याको वितरण*

| उमेर समूह | जनसंख्या | कैफियत |
|---|---|---|
| ०-४ वर्ष | १,०३३ | |
| ५-९ वर्ष | १,८३९ | |
| १०-१४ वर्ष | १,८१७ | |
| १५-५४ वर्ष | १०,७४२ | |

स्रोतः पालिका स्तरीय पाश्र्वचित्र, २०७८

*तालिका २ जातीयताको आधारमा जनसंख्याको वितरण*

| जाति | जनसंख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| जनजाति | १६,९९२ | 84.54 | |
| दलित | १,३९१ | 6.93 | |
| ब्राम्हण / क्षेत्री | १,२७६ | 6.35 | |
| अन्य | ४४० | 2.18 | |
| कूल जम्मा | २०,०९९ | १०० | |

स्रोतः पालिका स्तरीय पाश्र्वचित्र, २०७८

प्रस्तुत तालिकाको जातीयताको आधारमा जनसंख्या अध्ययन गर्दा यस पालिकामा जनजातिको जनसंख्या सबैभन्दा बढी ८४.५४ प्रतिशत र अन्य जातिको जनसंख्या सबैभन्दा कम २.१८ प्रतिशत रहेको छ। तथ्याङ्कको आधारमा सखुवानन्कारकट्टी गाउँपालिका जनजातिको बाहुल्यता रहेको देखिन्छ ।

## १.३ सखुवानन्कारकट्टीको शैक्षिक अवस्था

यस गाउँपालिकामा हाल २० वटा सामुदायिक र ३ वटा संस्थागत गरी जम्मा २३ वटा विद्यालय सञ्चालनमा रहेका छन्। पालिका स्तरीय शिक्षा पार्श्वचित्र अनुसार प्रारम्भिक बालविकास शिक्षाको अनुभव लिएर कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ८८.०१ रहेको छ, जसले प्रारम्भिक बालविकास शिक्षामा पहुँच सन्तोषजनक रहेको संकेत गर्दछ। कक्षा १ मा कुल भर्ना दर १२१.७२ प्रतिशत तथा खुद भर्ना दर ९५.५३ प्रतिशत रहेको छ ।

त्यसतै गाउँपालिकाको आधारभूत तह (कक्षा १–५) मा कुल भर्ना दर १०१.७९ प्रतिशत र खुद भर्ना दर ८१.५६ प्रतिशत रहेको छ। यस तहमा लैङ्गिक समता सूचक ०.९४ रहेकोले छात्र र छात्राबीचको सहभागिता अपेक्षाकृत सन्तुलित देखिन्छ। शिक्षक–विद्यार्थी अनुपात १४.५१ रहेकोले शिक्षण सिकाइका लागि अनुकूल अवस्था रहेको देखिन्छ। कक्षा ५ को टिकाउ दर ८०.२१ प्रतिशत तथा उत्तीर्ण दर ८७.४० प्रतिशत रहेको छ। तथापि, कक्षा दोहोऱ्याउने दर ७.९६ प्रतिशत तथा विद्यालय छोड्ने दर ४.८८ प्रतिशत रहनु चुनौतीका रूपमा देखिन्छ । आधारभूत तह (कक्षा ६–८) मा कुल भर्ना दर ९०.२३ प्रतिशत र खुद भर्ना दर ३६.४१ प्रतिशत रहेको छ। लैङ्गिक समता सूचक १.०० रहेकोले छात्र र छात्राबीच पूर्ण समानता रहेको देखिन्छ। तर शिक्षक–विद्यार्थी अनुपात ३२.६३ रहेकोले विषयगत शिक्षक व्यवस्थापन तथा शिक्षण सिकाइको प्रभावकारितामा सुधार आवश्यक देखिन्छ। कक्षा ८ को टिकाउ दर ८५.७८ प्रतिशत र उत्तीर्ण दर

८९.७६ प्रतिशत रहेको भए तापनि दोहोऱ्याउने दर ८.९७ प्रतिशत र विद्यालय छोड्ने दर ४.८८ प्रतिशत रहनुले सिकाइ निरन्तरतामा चुनौती रहेको संकेत गर्दछ ।

माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्ना दर ९०.७८ प्रतिशत र खुद भर्ना दर ३३.६० प्रतिशत रहेको छ। लैङ्गिक समता सूचक ०.९३ रहेकोले छात्राको सहभागिता तुलनात्मक रूपमा केही कम रहेको देखिन्छ। शिक्षक–विद्यार्थी अनुपात ३४.४५ रहेको छ, जसले माध्यमिक तहमा विषयगत शिक्षकको आवश्यकता रहेको संकेत गर्दछ। कक्षा १० को टिकाउ दर ७१.६४ प्रतिशत मात्र रहेको छ, जुन माध्यमिक तहमा विद्यालय छोड्ने समस्या गम्भीर रहेको सूचक हो। यद्यपि कक्षा १० को उत्तीर्ण दर ८६.५४ प्रतिशत रहेको छ। दोहोऱ्याउने दर ५.७३ प्रतिशत तथा विद्यालय छोड्ने दर ९.३६ प्रतिशत रहनु माध्यमिक शिक्षाको प्रमुख चुनौतीका रूपमा देखिन्छ।

समग्र रूपमा हेर्दा सखुवानन्कारकट्टी गाउँपालिकामा विद्यालय शिक्षाको पहुँच, प्रारम्भिक बालविकास शिक्षा, लैङ्गिक समानता तथा उत्तीर्ण दरमा उल्लेखनीय प्रगति देखिए पनि खुद भर्ना दर न्यून रहनु, माध्यमिक तहमा टिकाउ दर कमजोर हुनु, विद्यालय छोड्ने दर उच्च रहनु तथा शिक्षक–विद्यार्थी अनुपातमा असन्तुलन हुनु प्रमुख चुनौतीका रूपमा रहेका छन्। आगामी शिक्षा योजनाले विद्यालय पहुँच वृद्धि, सिकाइ उपलब्धि सुधार, विद्यालय छोड्ने दर न्यूनीकरण, समावेशी शिक्षा प्रवर्द्धन तथा गुणस्तरीय शिक्षाको सुनिश्चिततालाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

**विद्यालय शिक्षा क्षेत्रका समस्या तथा चुनौतीहरू**

सखुवाननकारकट्टी गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषण, शिक्षा पार्श्वचित्रका तथ्याङ्क तथा सरोकारवालाहरूसँगको परामर्शका आधारमा विद्यालय शिक्षा क्षेत्रमा निम्न प्रमुख समस्या तथा चुनौतीहरू पहिचान भएका छन्।

1. प्रारम्भिक बालविकास केन्द्र तथा कक्षाहरूको मापदण्डअनुसार समायोजन, पुनर्वितरण र प्रभावकारी सञ्चालन गर्न आवश्यक रहेको।
2. विद्यालय नक्साङ्कनका आधारमा सबै बालबालिकाको पहुँच सुनिश्चित हुने गरी विद्यालय स्थापना, समायोजन तथा पुनर्वितरण गर्नुपर्ने आवश्यकता रहेको।
3. सबै विद्यालयमा बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा समावेशी सिकाइ वातावरणको विकास गर्नुपर्ने।
4. विद्यालयहरूमा इन्टरनेट, सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी शिक्षण–सिकाइ प्रक्रियामा प्रभावकारी प्रयोग गर्नुपर्ने।
5. सुरक्षित, समावेशी तथा गुणस्तरीय भौतिक पूर्वाधार र शैक्षिक वातावरणको विकास गर्नुपर्ने।
6. आधारभूत तहको शिक्षालाई पूर्ण रूपमा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण निःशुल्क बनाउँदै गुणस्तरीय सिकाइ सुनिश्चित गर्नुपर्ने।
7. जीवनोपयोगी तथा व्यवहारिक सीपलाई प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षामा एकीकृत गरी सिकाइलाई दैनिक जीवन र रोजगारीसँग जोड्नुपर्ने।
8. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्न आवश्यक संरचना, स्रोतसाधन तथा कार्यक्रम विकास गर्नुपर्ने।
9. शिक्षक तथा विद्यार्थीमा सूचना तथा सञ्चार प्रविधिको पहुँच र प्रयोग क्षमता अभिवृद्धि गर्नुपर्ने।
10. आधारभूत तथा माध्यमिक तहमा खुद भर्ना दर वृद्धि गरी विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालय पहुँच सुनिश्चित गर्नुपर्ने।
11. विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दर न्यूनीकरण गरी विद्यार्थी टिकाउ दरमा सुधार गर्नुपर्ने।
12. विषयगत तथा दक्ष शिक्षक व्यवस्थापन, क्षमता विकास तथा सिकाइ उपलब्धि अभिवृद्धिमा विशेष ध्यान दिनुपर्ने।

विद्यालय शिक्षा क्षेत्रका अवसरहरू

- सखुवाननकारकट्टी गाउँपालिकामा विद्यालय शिक्षाको पहुँच, समता, गुणस्तर तथा व्यवस्थापन सुधारका लागि निम्न अवसरहरू विद्यमान रहेका छन्।

- नेपालको संविधान तथा प्रचलित शिक्षा सम्बन्धी कानुनहरूले शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको तथा स्थानीय तहलाई शिक्षा व्यवस्थापनको अधिकार प्रदान गरेको।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षाको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा व्यवस्थापनको अधिकार स्थानीय तहलाई प्रदान गरेको।
- संघ, प्रदेश र स्थानीय सरकारबाट शिक्षा क्षेत्रमा लगानी वृद्धि गरी गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रमहरू सञ्चालन भइरहेको।
- सरकारी, गैरसरकारी तथा विकास साझेदार संस्थाहरूबाट शिक्षा क्षेत्रमा सहयोग, साझेदारी र लगानी गर्ने अनुकूल वातावरण रहेको।
- सूचना तथा सञ्चार प्रविधिको विस्तारसँगै विद्यालयहरूमा डिजिटल शिक्षण–सिकाइ प्रणाली विकास तथा प्रविधिमैत्री शिक्षा विस्तार गर्ने अवसर रहेको।
- स्थानीय पाठ्यक्रम विकासमार्फत वातावरण संरक्षण, हरित विद्यालय, जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा दिगो विकासका विषयहरू समावेश गरी स्थानीय सान्दर्भिक शिक्षा प्रवर्द्धन गर्ने अवसर रहेको।
- स्थानीय स्तरमा उपलब्ध रैथाने ज्ञान, सीप, संस्कृति, भाषा तथा परम्परागत प्रविधिलाई शिक्षण–सिकाइ प्रक्रियामा समावेश गरी स्थानीय पहिचान संरक्षण तथा प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको।
- वैकल्पिक तथा लचिलो सिकाइ प्रणाली, खुला शिक्षा, डिजिटल सिकाइ तथा समुदायमा आधारित सिकाइ कार्यक्रममार्फत सबै बालबालिकाको सिकाइ अधिकार सुनिश्चित गर्ने अवसर रहेको।
- सार्वजनिक शिक्षाको गुणस्तर सुधारका लागि समुदाय, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा शैक्षिक अभियन्ताहरूको सकारात्मक सहयोग र सहभागिता प्राप्त हुने सम्भावना रहेको।
- दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीति कार्यान्वयनमार्फत समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षाको विस्तार गर्ने अवसर रहेको।
- शिक्षक क्षमता विकास, नवप्रवर्तनशील शिक्षण विधि तथा सिकाइ उपलब्धि सुधार कार्यक्रमहरू सञ्चालन गर्न सकिने वातावरण रहेको ।
- विद्यालय सुधार योजना (SIP), स्थानीय शिक्षा योजना (LEP) तथा अन्य शैक्षिक सुधार कार्यक्रमहरूबीच समन्वय गरी प्रभावकारी कार्यान्वयन गर्न सकिने अवसर रहेको ।

## परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

सखुवानन्कारकट्टी गाउँपालिकाको शिक्षा क्षेत्र योजना नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली, २०७७, राष्ट्रिय शिक्षा नीति, २०७६ तथा विद्यालय शिक्षा क्षेत्र योजनामा आधारित भई तयार गरिएको छ। यी कानुनी तथा नीतिगत व्यवस्थाहरूले सबै बालबालिकालाई समावेशी, गुणस्तरीय, समान तथा पहुँचयुक्त शिक्षा सुनिश्चित गर्ने आधार प्रदान गरेका छन्।

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्म निःशुल्क तथा अनिवार्य शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको हक सुनिश्चित गरेको छ। साथै अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न, दलित, महिला तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा विशेष व्यवस्था गर्ने संवैधानिक प्रत्याभूति गरेको छ। संविधानले मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यस ऐनले विद्यालय सञ्चालन, शिक्षक व्यवस्थापन, शैक्षिक पूर्वाधार विकास, छात्रवृत्ति व्यवस्थापन, गुणस्तर सुधार तथा सिकाइ उपलब्धि अभिवृद्धिमा स्थानीय सरकारको नेतृत्वदायी भूमिका सुनिश्चित गरेको छ। त्यसैगरी, निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले प्रत्येक बालबालिकालाई आधारभूत शिक्षा अनिवार्य तथा माध्यमिक शिक्षा निःशुल्क रूपमा उपलब्ध गराउने व्यवस्था गरेको छ। साथै छात्रवृत्ति, दिवा खाजा, शैक्षिक सामग्री, विशेष आवश्यकता भएका बालबालिकाका लागि सहजीकरण तथा विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने व्यवस्था समेत गरेको छ।

यस शिक्षा योजनाले संविधान, कानुन, नीति तथा दिगो विकास लक्ष्य–४ को मर्मलाई आत्मसात् गर्दै सखुवानन्कारकट्टी गाउँपालिकामा समावेशी, गुणस्तरीय, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षाको विकास गरी सक्षम, सिर्जनशील, नैतिक र प्रतिस्पर्धी नागरिक उत्पादन गर्ने दीर्घकालीन लक्ष्य हासिल गर्न मार्गदर्शन प्रदान गर्नेछ।

### २.२ दूरदृष्टि

"गुणस्तरीय, समावेशी, प्रविधिमैत्री र जीवनोपयोगी शिक्षा मार्फत सक्षम, सृजनशील,नैतिक तथा प्रतिप्रस्पर्धी  नागरिक उत्पादन गर्ने "

### २.३ लक्ष्य

गाउँपालिका भित्रका सबै बालवालिकालाई समावेशी, गुणस्तरीय, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षा पहुँच सुनिश्चत गरि सक्षम, नैतिक सृजनशील र सिपयुक्त जनशक्ति उत्पादन गर्ने।

### २.४ उद्देश्य

१ सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँच, सहभागिता तथा निरन्तरता सुनिश्चित गर्दै कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित हुन नदिने व्यवस्था गर्नु।

२. आधारभूत तथा माध्यमिक तहको शिक्षामा गुणस्तर सुनिश्चित गरी विद्यार्थीको सिकाइ उपलब्धि, सिर्जनशीलता तथा व्यवहारिक ज्ञान अभिवृद्धि गर्नु।

३. राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरू हासिल गराउँदै विद्यार्थीमा ज्ञान, सीप, क्षमता तथा सकारात्मक व्यवहार विकास गर्नु।

४. बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित तथा समावेशी भौतिक पूर्वाधार निर्माण गरी प्रभावकारी सिकाइ वातावरण विकास गर्नु।

५. स्थानीय आवश्यकता, भाषा, संस्कृति, कला, सीप तथा परम्परागत ज्ञानलाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्नु।

६. विषयगत तथा कक्षागत आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गरी विद्यालयमा योग्य, दक्ष तथा पर्याप्त शिक्षकको उपलब्धता सुनिश्चित गर्नु।

७. शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गरी डिजिटल तथा प्रविधिमैत्री शिक्षा प्रणाली विकास गर्नु।

८. अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइका अवसर विस्तार गरी सबै नागरिकलाई निरन्तर सिकाइमा सहभागी गराउनु।

९. आपतकालीन, विपद्, संकट तथा महामारीजस्ता परिस्थितिमा पनि विद्यार्थीको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्दै वैकल्पिक तथा प्रविधिमैत्री सिकाइ प्रणाली सञ्चालन गर्नु।

१०. विद्यालय बाहिर रहेका, जोखिममा परेका, विपन्न, दलित, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकालाई विद्यालय शिक्षाको मूलधारमा ल्याई शिक्षामा समावेशिता सुनिश्चित गर्नु।

११. शिक्षकहरूको पेशागत क्षमता विकास, तालिम, अनुभव आदानप्रदान तथा निरन्तर पेशागत सहयोगमार्फत शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी, विद्यार्थीकेन्द्रित तथा नतिजामुखी बनाउनु।

१२. विद्यालय व्यवस्थापन तथा शैक्षिक सुशासनलाई पारदर्शी, उत्तरदायी, सहभागितामूलक तथा परिणाममुखी बनाउँदै संस्थागत क्षमता अभिवृद्धि गर्नु।

१३. विद्यालय, अभिभावक, समुदाय, स्थानीय तह तथा अन्य सरोकारवालाबीच समन्वय, सहकार्य र साझेदारी अभिवृद्धि गरी शिक्षाको समग्र विकासमा सामूहिक उत्तरदायित्व स्थापित गर्नु।

१४. विद्यार्थीहरूमा जीवनोपयोगी सीप, नैतिक शिक्षा, नेतृत्व क्षमता, उद्यमशीलता, अनुशासन, सामाजिक उत्तरदायित्व तथा सकारात्मक सोचको विकास गर्नु।

१५. विद्यालय शिक्षामा समावेशिता, लैङ्गिक समानता, सामाजिक न्याय तथा विभेदरहित वातावरण सुनिश्चित गर्दै सबैका लागि समान अवसरको प्रवर्द्धन गर्नु ।

१६. विद्यालयमा स्वच्छ खानेपानी, सरसफाइ, स्वास्थ्य, पोषण, मानसिक स्वास्थ्य तथा सुरक्षित वातावरण सुनिश्चित गरी स्वस्थ र सुरक्षित सिकाइ संस्कृतिको विकास गर्नु ।

१७. प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार तथा सुदृढीकरण गरी विद्यार्थीलाई रोजगार, स्वरोजगार तथा उद्यमशीलतामुखी सीप प्रदान गर्नु ।

१८. डिजिटल शिक्षण सामग्री, ई–लर्निङ, स्मार्ट कक्षा तथा प्रविधिमैत्री व्यवस्थापन प्रणाली विकास गरी आधुनिक शिक्षाको प्रवर्द्धन गर्नु ।

१९. प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म सिकाइ निरन्तरता, गुणस्तरीय शिक्षण तथा शैक्षिक सुधार सुनिश्चित गर्दै विद्यार्थीको समग्र विकासमा जोड दिनु ।

२०. स्थानीय कला, संस्कृति, भाषा, साहित्य, इतिहास तथा परम्परागत ज्ञान–सीपको संरक्षण, संवर्द्धन र पुस्तान्तरण गर्दै शिक्षासँग प्रभावकारी रूपमा आबद्ध गर्नु ।

### २.५ रणनीति

१. सबै बालबालिकाको विद्यालय पहुँच तथा सहभागिता सुनिश्चित गर्न नियमित भर्ना अभियान, पुनःभर्ना कार्यक्रम तथा समुदाय परिचालनलाई प्रभावकारी बनाइनेछ।

२. विपन्न, दलित, जनजाति, अपाङ्गता भएका, बालिका तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि लक्षित सहयोग तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

३. आधारभूत तथा माध्यमिक तहमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न विद्यार्थीकेन्द्रित, व्यवहारिक तथा सिकाइमुखी शिक्षण विधि अवलम्बन गरिनेछ।

४. शिक्षकहरूको पेशागत क्षमता विकासका लागि नियमित तालिम, अनुभव आदानप्रदान, कक्षा अवलोकन तथा पेशागत सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

५. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गर्न निरन्तर मूल्याङ्कन, अतिरिक्त सिकाइ सहयोग तथा सुधारात्मक कार्यक्रम लागू गरिनेछ।

६. विद्यालयको भौतिक पूर्वाधारलाई बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित तथा वातावरणमैत्री बनाउन आवश्यक संरचना निर्माण तथा मर्मत कार्य गरिनेछ।

७. स्थानीय भाषा, संस्कृति, कला, परम्परा तथा ज्ञान–सीप समेटेर स्थानीय पाठ्यक्रम निर्माण तथा प्रभावकारी कार्यान्वयन गरिनेछ।

८. शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल तथा प्रविधिमैत्री शिक्षा प्रणाली विकास गरिनेछ।

९. विषयगत तथा कक्षागत आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गरी आवश्यकतानुसार शिक्षक समायोजन तथा व्यवस्थापन गरिनेछ।

१०. विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको पहिचान गरी विद्यालय शिक्षाको मूलधारमा ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

११. विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक तथा समुदायबीच सहकार्य, समन्वय तथा सहभागिता अभिवृद्धि गरिनेछ।

१२. विद्यालयमा सुशासन, पारदर्शिता तथा उत्तरदायित्व सुनिश्चित गर्न नियमित अनुगमन, मूल्याङ्कन तथा सामाजिक परीक्षण प्रणाली लागू गरिनेछ।

१३. विद्यार्थीहरूमा जीवनोपयोगी सीप, नैतिकता, नेतृत्व क्षमता तथा सकारात्मक सोच विकास गर्न अतिरिक्त क्रियाकलाप तथा व्यवहारिक सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ।

१४. विद्यालयमा स्वास्थ्य, पोषण, सरसफाइ, मानसिक स्वास्थ्य तथा सुरक्षित वातावरण सुनिश्चित गर्न विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

१५. प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गरी विद्यार्थीलाई रोजगार तथा स्वरोजगारमुखी सीप प्रदान गरिनेछ।

१६. अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइका अवसर विस्तार गरी सबै नागरिकका लागि निरन्तर सिकाइ सुनिश्चित गरिनेछ।

१७. विपद्, महामारी तथा आपतकालीन अवस्थामा पनि सिकाइ निरन्तरता कायम राख्न वैकल्पिक तथा प्रविधिमा आधारित शिक्षण प्रणाली सञ्चालन गरिनेछ।

१८. शिक्षा क्षेत्रको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार तथा विकास साझेदार संस्थासँग समन्वय र स्रोत परिचालन गरिनेछ ।

## २.६ कार्यनीति

कार्यनीति भन्नाले योजनाको लक्ष्य तथा उद्देश्य पूरा गर्न निर्धारण गरिएका रणनीतिहरूको व्यवहारिक कार्यान्वयनका लागि अपनाइने कार्यविधि, कार्यक्रम तथा क्रियाकलापहरूलाई जनाउँछ। कार्यनीतिहरू व्यवहारिक, स्पष्ट, कार्यान्वयनयोग्य तथा परिणाममुखी हुनुपर्दछ। प्रत्येक रणनीतिसँग सम्बन्धित एक वा एकभन्दा बढी कार्यनीतिहरू निर्धारण गरिन्छन् र सम्बन्धित रणनीति नम्बर कोष्ठकमा उल्लेख गरिन्छ ।

कार्यनीतिहरू

१. विद्यालय उमेर समूहका सबै बालबालिकाको घरधुरी तथ्याङ्क संकलन गरी विद्यालय भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गरिनेछ। (रणनीति १)

२. विद्यालय बाहिर रहेका, जोखिममा परेका तथा सीमान्तकृत बालबालिकाको पहिचान गरी लक्षित छात्रवृत्ति, शैक्षिक सामग्री तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति २, १०)

३. विद्यालयमा नियमित शिक्षक उपस्थिती, कक्षा सञ्चालन तथा सिकाइ उपलब्धिको अनुगमन प्रणाली सुदृढ गरिनेछ। (रणनीति ३, १२)

४. शिक्षकहरूको क्षमता विकासका लागि विषयगत तालिम, पेशागत विकास कार्यक्रम तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ४)

५. सिकाइ उपलब्धि सुधारका लागि अतिरिक्त कक्षा, सुधारात्मक शिक्षण तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरिनेछ। (रणनीति ५)

६. विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री तथा सुरक्षित भौतिक संरचना निर्माण तथा मर्मत गरिनेछ। (रणनीति ६)

७. स्थानीय भाषा, कला, संस्कृति, इतिहास तथा परम्परागत ज्ञान समेटेर स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ। (रणनीति ७)

८. विद्यालयहरूमा कम्प्युटर, इन्टरनेट तथा डिजिटल शिक्षण सामग्रीको व्यवस्था गरी सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ सञ्चालन गरिनेछ। (रणनीति ८)

९. विषयगत तथा कक्षागत आवश्यकता अनुसार शिक्षक दरबन्दी मिलान, समायोजन तथा व्यवस्थापन गरिनेछ। (रणनीति ९)

१०. विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायको सक्रिय सहभागितामा विद्यालय सुधार योजना कार्यान्वयन गरिनेछ। (रणनीति ११)

११. विद्यालयमा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा नियमित अनुगमनमार्फत सुशासन र पारदर्शिता प्रवर्द्धन गरिनेछ। (रणनीति १२)

१२. विद्यार्थीहरूमा नेतृत्व, नैतिक शिक्षा, जीवनोपयोगी सीप तथा सकारात्मक व्यवहार विकास गर्न अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ। (रणनीति १३)

१३. विद्यालयमा स्वच्छ खानेपानी, शौचालय, सरसफाइ, स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति १४)

१४. प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रम सञ्चालन गरी विद्यार्थीलाई सीपमूलक तथा रोजगारमुखी शिक्षा प्रदान गरिनेछ। (रणनीति १५)

१५. अनौपचारिक शिक्षा, साक्षरता तथा आजीवन सिकाइ कार्यक्रम समुदायस्तरमा सञ्चालन गरिनेछ। (रणनीति १६)

१६. विपद्, महामारी तथा आपतकालीन अवस्थाका लागि वैकल्पिक सिकाइ सामग्री, अनलाइन तथा दूरशिक्षा प्रणाली विकास गरिनेछ। (रणनीति १७)

१७. शिक्षा क्षेत्रको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय, प्रदेश तथा संघीय निकायसँग समन्वय तथा साझेदारी गरिनेछ। (रणनीति १८)

## २.७ अपेक्षित मुख्य उपलब्धि

सखुवानन्कारकट्टि गाउँपालिका को शिक्षा योजनाका अपेक्षित उपलब्धिहरू

१. गाउँपालिकाभित्र विद्यालय उमेर समूहका सबै बालबालिकाको विद्यालय शिक्षामा समतामूलक पहुँच तथा नियमित सहभागिता सुनिश्चित भएको हुनेछ।

२. प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म भर्नादर, टिकाउदर तथा सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार भएको हुनेछ।

३. आधारभूत तथा माध्यमिक तहमा विद्यार्थीहरूको पढाइ, लेखाइ, गणित तथा व्यवहारिक सीपसम्बन्धी सिकाइ उपलब्धि राष्ट्रिय मापदण्डअनुसार सुधार भएको हुनेछ।

४. विद्यालय बाहिर रहेका, जोखिममा परेका, दलित, विपन्न, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाहरू विद्यालय शिक्षाको मूलधारमा समावेश भएका हुनेछन्।

५. गाउँपालिकाका विद्यालयहरूमा बालमैत्री, अपाङ्गमैत्री, सुरक्षित तथा समावेशी भौतिक पूर्वाधार निर्माण भई गुणस्तरीय सिकाइ वातावरण विकास भएको हुनेछ।
६. स्थानीय भाषा, संस्कृति, कला, इतिहास तथा स्थानीय ज्ञान–सीप समेटिएको स्थानीय पाठ्यक्रम निर्माण तथा प्रभावकारी कार्यान्वयन भएको हुनेछ।
७. विद्यालयहरूमा विषयगत तथा कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन सन्तुलित भई शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी बनेको हुनेछ।
८. शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि भई विद्यार्थीकेन्द्रित, प्रविधिमैत्री तथा नतिजामुखी शिक्षण सिकाइ प्रणाली विकास भएको हुनेछ।
९. विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार भई डिजिटल शिक्षण सिकाइ प्रणाली प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ।
१०. विद्यालय व्यवस्थापन, अनुगमन तथा शैक्षिक सुशासन प्रणाली पारदर्शी, उत्तरदायी तथा सहभागितामूलक बनेको हुनेछ।
११. विद्यालय, अभिभावक, समुदाय तथा स्थानीय तहबीच समन्वय, सहकार्य र साझा उत्तरदायित्वको संस्कृति विकास भएको हुनेछ।
१२. विद्यार्थीहरूमा जीवनोपयोगी सीप, नैतिक मूल्य–मान्यता, नेतृत्व क्षमता, सामाजिक उत्तरदायित्व तथा सकारात्मक सोचको विकास भएको हुनेछ ।
१३. विद्यालयहरूमा स्वास्थ्य, पोषण, सरसफाइ, सुरक्षित खानेपानी तथा बाल संरक्षणसम्बन्धी व्यवस्था सुदृढ भएको हुनेछ ।
१४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थीहरूको पहुँच वृद्धि भई रोजगार तथा स्वरोजगारमुखी सीप विकास भएको हुनेछ ।
१५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रममार्फत निरक्षरता न्यूनीकरण भई समुदायमा सिकाइ संस्कृतिको विकास भएको हुनेछ ।
१६. विपद्, महामारी तथा आपतकालीन अवस्थाहरूमा पनि वैकल्पिक सिकाइ प्रणालीमार्फत शिक्षाको निरन्तरता सुनिश्चित भएको हुनेछ ।
१७. विद्यालय शिक्षामा लैङ्गिक समानता, सामाजिक समावेशिता तथा विभेदरहित वातावरण सुदृढ भएको हुनेछ ।
१८. समग्र शिक्षा प्रणाली सुदृढ भई गाउँपालिकामा दक्ष, सिर्जनशील, नैतिकवान, जीवनोपयोगी सीपयुक्त तथा जिम्मेवार नागरिक उत्पादन भएको हुनेछ ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

सखुवानन्कारकट्टी गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना (सन् २०२५–२०३४) अन्तर्गत शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर, समावेशिता, सुशासन तथा प्रविधिमैत्री शिक्षाको विकासलाई केन्द्रमा राखी निम्न मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ। यस योजनाले प्रारम्भिक बालविकास, आधारभूत तथा माध्यमिक शिक्षा, जीवनपर्यन्त शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, सुशासन तथा शिक्षामा लगानी जस्ता क्षेत्रहरूको समग्र सुधारलाई लक्ष्य बनाएको छ।

यस योजनामा समावेश गरिएका लक्ष्यहरू आधार वर्ष २०८२ लाई आधार मानी २०८४, २०८५ र २०८६ सम्म चरणबद्ध रूपमा हासिल गर्ने गरी निर्धारण गरिएको छ। सूचकहरूको आधार तथ्याङ्क स्थानीय तह, प्रदेश तथा राष्ट्रिय स्तरका तथ्याङ्क, EMIS, Toolkit, जनगणना, विद्यालय विवरण तथा सम्बन्धित शैक्षिक प्रतिवेदनहरूबाट लिइनेछ ।

## मुख्य कार्यसम्पादन सूचक र लक्ष्य

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८६ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ८७.२ | ८९ | ९२.० | ९३.२ | | Toolkit |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ७६ | ८० | ८२ | ८७ | Flash report | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.0 | | |
| **२.** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ८४.० | ८७ | ८९ | ९३ | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११५.० | ११४.० | १११.० | १०२.० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.२ | ९६.० | ९७.० | ९८.० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १२५.४ | ११८.० | ११५.० | ११०.० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ९५.९ | ९७.० | ९८.० | ९९.० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | ८३.३ | ८६.० | ९०.० | ९९.0 | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९३.० | ९४.० | ९५.० | ९८.० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ९५.९ | ९७.० | ९८.० | ९९.० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | ७८.० | ८२.० | ८३.० | ९०.० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | ०.९७ | ०.९८ | ०.९९ | १.० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.२ | ९७.० | ९८.० | ९९.० | IEMIS | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १२०.६ | ११५.० | ११२.० | ११०.० | IEMIS | |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | **११०.४** | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ७५.६ | ७९.६ | ८५.० | ९०.० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **७९.३** | | | **९५.०** | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ८३.६ | ८५.० | ९२.० | ९५.० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **७२.७** | | | **९५.०** | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | **१.०४** | **१.०२** | **१.०२** | **१.०१** | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **१.०१** | **१.०१** | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४३.२ | ४५.० | ४७.२ | ५२.० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | ५४.४ | ५८.५ | ६२.२ | ६५.१ | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४३.१ | ४५.२ | ४७.४ | ५०.१ | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५४.३ | ५५.२ | ५८.३ | ६०.० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | ४४.० | ४९.० | ५०.२ | ५७.० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | ४९.० | ५०.२ | ५२.० | ५७.० | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | ६.४ | ५.४ | ४.४ | २.४ | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **२.९** | **१.०** | **०.५** | **०** | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | ८.६६ | ६.४ | ४.२ | ३.२ | IEMIS | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **६.६** | | **१.०** | **०** | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | २७.५ | ३२.५ | ३७.५ | ४२.५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **४३.७** | **४५.०** | **५०.०** | **५०.०** | | |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ७९.६ | ८२.६ | ८९.६ | ९१.६ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **४७.६** | | **६५.०** | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | ८४.६ | ८९.६ | ९१.६ | ९४.६ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **७१.४** | | | **९९.०** | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | | १.२३ | १.०१ | ०.९ | ०.९६ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | ६९.६ | ७२.६ | ७९.६ | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | ६१.१ | ६३.१ | ६५.१ | .६७१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | २४% | २७% | २८% | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | २१.५० | २३.० | २५.० | ३०.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | स्थानीय | विज्ञान | ० | ० | ० | ० | | |
| | | | प्रा.व्या. | ११.१ | १५.१ | १७.१ | २०.१ | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | | | |
| | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ५८ | ६१ | ६३ | ६५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ४५ | ४७ | ४९ | ५१ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | ४५ | ४७ | ४९ | ५१ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४७ | ४९ | ५१ | ५३ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४. | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ६४.९ | ७१.१ | ८०.१ | ९० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ९६.१ | ९७ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ९६ | ९७ | ९८ | ९९ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | ०.४१ | ०.५२ | ०.५७ | ०.५९ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| **५.** | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | | स्थानीय | छात्रा | ३२ | ४० | ५२ | ७० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | | छात्र | ९१ | ९० | १०० | ११० | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| **६.** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ५३:१ | ५२:१ | ५१:१ | ५०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | १७३:१ | १४३:१ | १०३:१ | ८०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ७४:१ | ७०:१ | ६८:१ | ६४:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ५२:१ | ५१:१ | ५०:१ | ५०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | | ६२:१ | ५५:१ | ५०:१ | ४५:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| **७.** | **शिक्षामा लगानी** | | | | | | | | |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १८ | २१ | २४ | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ११ | १५ | १७ | | | |

**तालिका नं ३ : शिक्षा क्षेत्रका मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)**

## परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

यस परिच्छेदमा सखुवानन्कारकट्टि गाउँपालिका को विद्यालय शिक्षा क्षेत्रअन्तर्गत रहेका मुख्य उपक्षेत्रहरूको वर्तमान अवस्था, समस्या तथा चुनौतीहरूको विश्लेषण गरी सम्बन्धित उपक्षेत्रका उद्देश्य, रणनीति, अपेक्षित उपलब्धि, नतिजा तथा मुख्य क्रियाकलापहरू प्रस्तुत गरिन्छ । विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं सीप विकासलाई समावेश गरिएको छ ।

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ" भनी उल्लेख गरेको छ, साथै शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ ।

सखुवानन्कारकट्टी गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ।

#### ३.१.२ वर्तमान अवस्था

सखुवानन्कारकट्टी गाउँपालिकामा हाल कुल २ वटा प्रारम्भिक बालविकास (ECD) केन्द्रहरू सञ्चालनमा रहेका छन्। यीमध्ये अधिकांश केन्द्रहरू सामुदायिक विद्यालयहरूसँग एकीकृत रूपमा सञ्चालन भइरहेका छन्। पालिकाभित्र प्रारम्भिक बालविकास कार्यक्रम पूर्ण रूपमा सरकारी तथा सामुदायिक विद्यालय प्रणाली अन्तर्गत सञ्चालन भइरहेको छ ।

विद्यालयगत रूपमा हेर्दा, प्रारम्भिक बालविकास कक्षाहरूको वितरण निम्नानुसार रहेको छ:

- ३ वटा ECD कक्षा सञ्चालन भएका विद्यालयहरू: २ वटा
- २ वटा ECD कक्षा सञ्चालन भएका विद्यालयहरू: ५ वटा
- १ वटा ECD कक्षा सञ्चालन भएका विद्यालयहरू: १० वटा
- कुनै पनि ECD कक्षा नभएका विद्यालयहरू: २ वटा

यस तथ्याङ्कले अधिकांश विद्यालयमा कम्तीमा एक प्रारम्भिक बालविकास कक्षा सञ्चालनमा रहेको देखाउँछ, जसले प्रारम्भिक बालशिक्षामा पहुँच विस्तार भइरहेको संकेत गर्दछ। तथापि, केही विद्यालय अझै ECD सेवाबाट वञ्चित रहेकाले आगामी योजना तथा कार्यक्रममार्फत ती विद्यालयहरूमा समेत सेवा विस्तार गर्न आवश्यक देखिन्छ। हाल ECD केन्द्रहरूमा कुल ६१० जना बालबालिका अध्ययनरत रहेका छन्, जसमा २७४ जना बालिका र ३३६ जना बालक रहेका छन्। यी केन्द्रहरूमा २४ जना सहजकर्ता कार्यरत छन्। यस आधारमा प्रति सहजकर्ता औसत २५.४१ जना बालबालिका पर्ने देखिन्छ ।

राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार एक ECD सहजकर्ताले अधिकतम २५ जना बालबालिका सम्म व्यवस्थापन गर्ने व्यवस्था सिफारिस गरिएको छ। सखुवानन्कारकट्टी गाउँपालिकामा हालको सहजकर्ता–बालबालिका अनुपात उक्त मापदण्डको नजिक रहेको देखिए तापनि केही केन्द्रहरूमा बालबालिकाको संख्या बढी हुन सक्ने सम्भावना रहेको छ। त्यसैले सिकाइको गुणस्तर, व्यक्तिगत हेरचाह, बालमैत्री वातावरण तथा प्रभावकारी शिक्षण–सिकाइ सुनिश्चित गर्न आवश्यकताअनुसार थप सहजकर्ता व्यवस्थापन, स्रोत–साधनको विस्तार तथा कक्षाको उचित व्यवस्थापनमा विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

प्रमुख समस्या तथा चुनौतीहरू

- केही विद्यालयमा अझै ECD सेवा उपलब्ध नभएको।
- बालमैत्री, अपाङ्गतामैत्री तथा सिकाइमैत्री पूर्वाधारको अभाव।
- खेल तथा सिकाइ सामग्रीको अपर्याप्तता।
- सहजकर्ताको सेवासुविधा तथा पेशागत विकासका अवसर सीमित हुनु।
- सबै उमेर समूहका बालबालिकाको शतप्रतिशत सहभागिता सुनिश्चित गर्न चुनौती हुनु।
- ECD केन्द्रहरूको नियमित अनुगमन तथा गुणस्तर सुनिश्चितीकरणमा चुनौती रहनु।
- आवश्यक बजेट तथा स्रोतसाधनको सीमितता।
- अभिभावक तथा समुदायको सहभागिता अपेक्षाअनुसार सुदृढ हुन नसक्नु।

यस विश्लेषणले सखुवानन्कारकट्टी गाउँपालिकामा प्रारम्भिक बालविकास सेवाको पहुँच विस्तार भए पनि गुणस्तर सुधार, पूर्वाधार विकास, समावेशिता तथा स्रोत व्यवस्थापनका क्षेत्रमा थप प्रयास आवश्यक रहेको देखाउँछ। यस अवस्थालाई ध्यानमा राख्दै आगामी १० वर्षे शिक्षा योजना अन्तर्गत सबै वडाहरूमा न्यूनतम एक बालविकास कक्षा सुनिश्चित गर्ने, हाल सञ्चालनमा रहेका केन्द्रहरूको गुणस्तर सुधार गर्ने तथा बालमैत्री, अपाङ्गमैत्री र सिकाइमैत्री पूर्वाधार विकास गर्ने लक्ष्य राखिएको छ ।

त्यसैगरी, सहजकर्ताहरूको क्षमता विकास, नियमित तालिम, तथा सेवा–सुविधा सुधारमार्फत प्रारम्भिक बालविकास शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने नीति पालिकाले अघि सारेको छ। यसले प्रारम्भिक सिकाइलाई बलियो बनाउँदै आधारभूत शिक्षाको गुणस्तर सुधारमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। यसका साथै, सहजकर्ताहरूको मनोबल तथा पेशागत प्रेरणामा कमी देखिन्छ। पारिश्रमिक न्यून हुनुका साथै नियमित सघन तथा पुनर्ताजगी तालिम (refresher training) उपलब्ध नहुनु प्रमुख चुनौतीका रूपमा रहेको छ। यसले प्रारम्भिक बालविकास शिक्षाको गुणस्तर सुधारमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ।

### ३.१.३ उद्देश्य

सखुवानन्कारकट्टी गाउँपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको वर्तमान अवस्था, आवश्यकता र राष्ट्रिय नीतिगत व्यवस्था अनुरूप निम्न उद्देश्यहरू निर्धारण गर्न सकिन्छः

१. प्रारम्भिक बालविकास तथा शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।
२. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु।
३. प्रारम्भिक बालविकास केन्द्रहरूमा बालमैत्री, सुरक्षित, अपाङ्गमैत्री तथा सिकाइमैत्री वातावरण विकास गर्नु।
४. प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरूको क्षमता विकास तथा पेशागत दक्षता अभिवृद्धि गर्नु।
५. प्रारम्भिक बालविकास तथा शिक्षाको प्रभावकारी व्यवस्थापन, अनुगमन तथा समुदायको सहभागिता सुदृढ गर्नु।

### ३.१.४ रणनीति

१. प्रारम्भिक बालविकास तथा शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न राष्ट्रिय न्यूनतम मापदण्ड, पाठ्यक्रम तथा प्रारम्भिक सिकाइ तथा विकास मापदण्डअनुसार ECD कार्यक्रम सञ्चालन गर्ने।
२. बालविकास केन्द्रहरूको नक्साङ्कन गरी आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना तथा विद्यमान केन्द्रहरूको पुनर्वितरण गर्ने।
३. बालमैत्री, सुरक्षित, अपाङ्गमैत्री, समावेशी तथा सिकाइमैत्री भौतिक पूर्वाधार र शैक्षिक सामग्रीको व्यवस्था तथा विस्तार गर्ने।
४. प्रारम्भिक बालविकास सहजकर्ताहरूको नियमित तालिम, पुनर्ताजगी तालिम, पेशागत सहयोग तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।
५. विपन्न, दलित, अपाङ्गता भएका तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको ECD सेवामा पहुँच र सहभागिता सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने।
६. प्रारम्भिक बालविकास केन्द्रहरूको नियमित अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर सुनिश्चितीकरण प्रणालीलाई सुदृढ गर्ने।

## ३.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने प्रमुख उपलब्धिहरू निम्नानुसार रहनेछन् ।

- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूले राष्ट्रिय न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन्।
- ४–५ वर्ष उमेर समूहका सबै बालबालिकाको प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।
- सबै बालबालिकालाई गुणस्तरीय, समावेशी तथा बालमैत्री प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।
- प्रारम्भिक बालविकास केन्द्रहरूमा आवश्यक भौतिक पूर्वाधार, खेल सामग्री तथा सिकाइ सामग्रीको पर्याप्त व्यवस्था भएको हुनेछ।
- प्रारम्भिक बालविकास सहजकर्ताहरूको क्षमता, दक्षता तथा पेशागत विकासमा सुधार भएको हुनेछ।
- प्रारम्भिक बालविकास तथा शिक्षामा लैङ्गिक तथा सामाजिक समावेशिता सुनिश्चित भएको हुनेछ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|
| १ | ECD कार्यक्रममा भर्ना भएका ४–५ वर्ष उमेर समूहका बालबालिकाको प्रतिशत | ८५% | ९०% | ९४% | ९७% | १००% |
| २ | राष्ट्रिय न्यूनतम मापदण्ड पूरा गरेका ECD केन्द्रहरूको प्रतिशत | ४०% | ५५% | ७०% | ८५% | १००% |
| ३ | बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार भएका ECD केन्द्रहरूको प्रतिशत | ३०% | ४५% | ६०% | ८०% | १००% |
| ४ | तालिमप्राप्त ECD सहजकर्ताको प्रतिशत | ७५% | ८५% | ९०% | ९५% | १००% |
| ५ | राष्ट्रिय मापदण्डअनुसार बालबालिका–सहजकर्ता अनुपात भएका ECD केन्द्रहरूको प्रतिशत | ६०% | ७०% | ८०% | ९०% | १००% |
| ६ | नियमित अनुगमन तथा सुपरिवेक्षण भएका ECD केन्द्रहरूको प्रतिशत | ५०% | ७०% | ८०% | ९०% | १००% |
| ७ | ECD सेवा नभएका विद्यालयहरूको संख्या | २ | १ | ० | ० | ० |
| ८ | ECD कार्यक्रममा बालिका सहभागिताको प्रतिशत | ६५% | ६७% | ७८% | ८९% | ९०% |

*तालिका नं ४ प्रारम्भिक बालविकास तथा शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य*

### ३.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

सखुवानन्कारकट्टी गाउँपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निर्धारित उद्देश्य तथा रणनीतिहरू कार्यान्वयन गर्न स्थानीय तहले सञ्चालन गर्ने प्रमुख क्रियाकलापहरू र तिनका वार्षिक तथा समग्र परिमाणात्मक लक्ष्यहरू निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( ५ वर्षको लागि) | | | | | | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा लक्ष्य | |
| १ | ECD केन्द्रहरूको नक्साङ्कन तथा आवश्यकता विश्लेषण | केन्द्र | २८ | - | - | - | ३० | ३० | ३० |
| २ | ECD सेवा नभएका विद्यालयमा नयाँ ECD कक्षा स्थापना | केन्द्र | १ | १ | - | १ | ० | २ | २ |
| ३ | ECD केन्द्रहरूमा बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार सुधार | केन्द्र | ५ | ५ | ६ | ६ | ० | २६ | ३० |
| ४ | खेल तथा सिकाइ सामग्री व्यवस्थापन | केन्द्र | १० | १० | ८ | - | २८ | २८ | ३० |
| ५ | ECD सहजकर्ताहरूको आधारभूत तथा पुनर्ताजगी तालिम | जना | २४ | २६ | २८ | ३० | ३० | ३० | ३० |
| ६ | ECD केन्द्रहरूको नियमित अनुगमन तथा सुपरिवेक्षण | केन्द्र | २८ | ३० | ३० | ३० | ३० | ३० | ३० |
| ७ | अभिभावक सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन | कार्यक्रम | ७ | ७ | ७ | ७ | ० | २८ | ५६ |
| ८ | नमुना ECD केन्द्र विकास | केन्द्र | - | १ | १ | १ | ० | ३ | ४ |

*तालिका नं ५ प्रारम्भिक वालविकास तथा शिक्षा उपक्षेत्रको वार्षिक तथा समग्र परिमाणात्मक लक्ष्यहरू*

## ३.२ आधारभूत शिक्षा

आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा ८ सम्मको शिक्षालाई जनाउँछ। विद्यालय शिक्षा हाल आधारभूत (कक्षा १–८) र माध्यमिक (कक्षा ९–१२) गरी दुई तहमा विभाजित गरिएको छ। संविधानले आधारभूत शिक्षालाई नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबी न्यूनीकरण, जीवनस्तर सुधार तथा सामाजिक–आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विभिन्न अध्ययनहरूले देखाएका छन्। यस महत्वलाई ध्यानमा राख्दै सखुवानन्कारकट्टी गाउँपालिकाले आगामी दश वर्षका लागि आधारभूत शिक्षामा पहुँच, गुणस्तर, समता र व्यवस्थापन सुधारका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तय गरेको छ। साथै, संविधानअनुसार गुणस्तरीय विद्यालय शिक्षा प्रदान गर्ने जिम्मेवारी संघ, प्रदेश र स्थानीय तह तीनै सरकारको साझा दायित्व हो।

### ३.२.२ वर्तमान अवस्था

सखुवानन्कारकट्टी गाउँपालिकामा आधारभूत शिक्षाको वर्तमान अवस्था मिश्रित रूपमा रहेको देखिन्छ। हाल पालिकामा २० वटा विद्यालय सञ्चालनमा रहेका छन्, जसमा कक्षा १–३ सञ्चालित २ वटा, कक्षा १–५ सञ्चालित १३ वटा, कक्षा ६–८ सञ्चालित १ वटा, कक्षा १–१० सञ्चालित १ वटा र कक्षा १–१२ सञ्चालित ३ वटा विद्यालय रहेका छन्। यस गाउँपालिकामा IEMIS २०८२ को आधारमा आधारभूत तह १–५ मा १२९९ छात्रा र १३१५ छात्र गरि जम्मा २६१४ जना छात्रछात्राहरु अध्ययनरत छ भने आधारमा आधारभूत तह ६– ८ मा ६८० छात्रा र ५६८ छात्र गरि जम्मा १२४८ अध्ययनरत छ । त्यसैरी १–५ मा जनजाती ७२ छात्रा र ८५ छात्र जम्मा १५७ अध्ययनरत छ भने दलित ४७६ छात्रा र ४८० छात्र जम्मा ९५६ दलित छात्रछात्रा अध्ययनरत रहेको देखिन्छ भने । यसै गरि आधारभूत तह ६– ८ मा  जनजाती ४३ छात्रा ४१ छात्र जम्मा ८४ र दलित २१८ छात्रा र १६४ छात्र जम्मा ३८४ छात्रछात्रा अध्ययनरत रहेका छन् । IEMIS २०८२ को रिपोर्ट अनुसार आधारभूत तहमा जनजाती विद्यार्थीको संख्या २३१ जना, दलित विद्यार्थी संख्या १३३० जना र मधेशी (अन्य) विद्यार्थी संख्या २५३२ जना रहेका छन् । यस गाउँपालिका को कक्षा १-५ को विद्यालय  छाड्ने दर १.४ प्रतिशत रहेको छ भने कक्षा ६-८ को ३.३ प्रतिशत रहेका छन् । यस गाउँपालिका मा कक्षा दोहर्याउने दर १-५ कक्षाको १.८ प्रतिशत रहेको छ भने कक्षा ६-८ को ३.२ प्रतिशत रहेका छन् ।

सखुवानन्कारकट्टी गाउँपालिकामा आधारभूत शिक्षा अन्तर्गतका विद्यालयहरूमा सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री तथा वातावरणमैत्री न्यूनतम पूर्वाधार र सिकाइ क्षमता भएका विद्यालयहरूको संख्या सबै विद्यालयमा पूर्ण रूपमा सन्तोषजनक छैन। केही विद्यालयहरूमा आधारभूत मापदण्ड पूरा भए तापनि अधिकांश विद्यालयहरू अझै सुधारको चरणमा रहेका छन्। विद्यालय–विद्यार्थी अनुपातको अवस्था हेर्दा केही विद्यालयमा विद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दी असन्तुलित रहेको देखिन्छ, जसले शिक्षण–सिकाइ प्रक्रियामा चुनौती सिर्जना गरेको छ । स्थानीय तहले आधारभूत शिक्षाको सुधारका लागि विभिन्न असल अभ्यासहरू सञ्चालन गर्दै आएको छ, जसअन्तर्गत विद्यालय पहुँच विस्तार, विद्यार्थी सहभागिता वृद्धि, संस्थागत सुदृढीकरण, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन, शिक्षक व्यवस्थापन, दिवाखाजा कार्यक्रम सञ्चालन, परीक्षा व्यवस्थापन, वैकल्पिक सिकाइ व्यवस्था, वातावरण संरक्षण तथा सिकाइ सामग्री व्यवस्थापन जस्ता गतिविधिहरू समावेश छन्।

### ३.२.३ उद्देश्य

आधारभूत शिक्षासँग सम्बन्धित स्थानीय तहका उद्देश्यहरू निम्नानुसार रहेका छन्:

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु।
२. आधारभूत तहको शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।
३. सबै बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गर्ने गरी शैक्षिक गुणस्तर सुनिश्चित गर्नु।
४. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, सिकाइमैत्री, समावेशी, सुरक्षित र भयमुक्त बनाउनु।
५. शिक्षकको क्षमता विकास, प्रभावकारी व्यवस्थापन तथा विद्यालय सुशासन सुदृढ गर्दै गुणस्तरीय शिक्षण–सिकाइ सुनिश्चित गर्नु।

### ३.२.४ रणनीति

आधारभूत शिक्षाका उद्देश्यहरू हासिल गर्न स्थानीय तहले अपनाउने रणनीतिहरू निम्नानुसार रहनेछन्:

१. विद्यालयहरूको नक्साङ्कन, पुनर्वितरण तथा आवश्यकता अनुसार समायोजन गर्ने।

२. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको तथ्याङ्क संकलन गरी विद्यालय पहुँच सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने।

३. विद्यार्थी संख्या न्यून भएका विद्यालयहरूमा बहुकक्षा तथा बहुस्तरीय शिक्षण सिकाइका नमुना अभ्यास विस्तार गर्ने।

४. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा शिक्षण सिकाइ कार्यान्वयन गर्ने।

५. प्रारम्भिक कक्षामा पढाइ तथा गणितीय सीप प्रवर्द्धन गर्ने विशेष कार्यक्रम सञ्चालन गर्ने।

६. सबै विद्यालयमा न्यूनतम मापदण्ड (पूर्वाधार, शिक्षक, सिकाइ सामग्री) पूरा गराउने।

७. विद्यालयमा बालमैत्री, समावेशी, सुरक्षित तथा सिकाइमैत्री वातावरण निर्माण गर्ने।

८. नियमित रूपमा सिकाइ मूल्याङ्कन प्रणाली सुदृढ गरी न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्ने।

९. विद्यालयमा खानेपानी, सरसफाइ तथा शौचालयसहितको न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने।

१०. शिक्षकको क्षमता विकासका लागि तालिम, अभिमुखीकरण तथा प्रेरणामूलक कार्यक्रम सञ्चालन गर्ने।

११. विद्यार्थीलाई आवश्यक शैक्षिक तथा सामाजिक सहयोग उपलब्ध गराई सिकाइ सुधार गर्ने।

१२. विद्यार्थीको पोषण तथा स्वास्थ्य सुधारका लागि विद्यालयमा आधारित कार्यक्रम सञ्चालन गर्ने।

१३. स्थानीय परिप्रेक्ष्यअनुसार समावेशी, समतामूलक तथा सांस्कृतिक रूपमा सान्दर्भिक शिक्षण सिकाइ प्रवर्द्धन गर्ने।

१४. विद्यालय शिक्षालाई विपद्, महामारी, जलवायु परिवर्तन तथा अन्य जोखिमप्रति संवेदनशील र प्रतिरोधी बनाउने।

### ३.२.५ प्रमुख उपलब्धि र नतिजा

प्रमुख उपलब्धि

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।
- आधारभूत शिक्षामा विद्यालय बाहिर रहेका सबै बालबालिका विद्यालय प्रणालीमा समेटिएका हुनेछन्।
- आधारभूत शिक्षाको गुणस्तरमा सुधार भई न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित भएको हुनेछ।
- सबै विद्यालयहरूमा बालमैत्री, सुरक्षित, समावेशी तथा सिकाइमैत्री वातावरण विकास भएको हुनेछ।
- विद्यालयहरूमा आवश्यक न्यूनतम भौतिक पूर्वाधार (खानेपानी, शौचालय, सरसफाइ) सुनिश्चित भएको हुनेछ।
- शिक्षकहरूको क्षमता विकास भई प्रभावकारी शिक्षण–सिकाइ अभ्यास सुदृढ भएको हुनेछ।
- विद्यार्थीको भर्ना, टिकाउपन र कक्षा दोहोरिने दरमा सुधार भएको हुनेछ।
- विद्यालय शिक्षामा समता, समावेशिता र समुदायको सहभागिता अभिवृद्धि भएको हुनेछ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हासिल हुने प्रमुख नतिजा र परिमाणात्मक लक्ष्यहरू निम्नानुसार रहनेछन्

| क्र.सं. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा १–८) मा खुद भर्नादर (%) | ७५ | ८० | ८५ | ९० | ९५ |
| २ | विद्यालय बाहिर रहेका बालबालिका (%) | १० | ८ | ६ | ४ | २ |
| ३ | न्यूनतम सिकाइ उपलब्धि हासिल गर्ने विद्यार्थी (%) | ६० | ६५ | ७० | ८० | ९० |
| ४ | बालमैत्री तथा सुरक्षित विद्यालय (%) | ४० | ५० | ६५ | ८० | १०० |
| ५ | आधारभूत मापदण्ड पूरा गरेका विद्यालय (%) | ४५ | ५५ | ७० | ८५ | १०० |
| ६ | विद्यार्थी–शिक्षक अनुपात सुधार (औसत) | | | | | |
| ७ | प्रशिक्षित (तालिमप्राप्त) शिक्षक (%) | ३० | ४५ | ६० | ८० | १०० |
| ८ | कक्षा १–३ मा उमेरअनुसार भर्ना दर (%) | ७० | ७५ | ८५ | ९० | १०० |

*तालिका नं ६ आधारभूत शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य*

### ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

तलको तालिकामा सखुवानन्कारकट्टी गाउँपालिकाले आधारभूत शिक्षा सुधारका लागि कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप तथा वार्षिक लक्ष्य प्रस्तुत गरिएको छ।

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षे लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | विद्यालय | २ | २ | १ | १ | १ | ५ | ५ |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान तथा भर्ना कार्यक्रम | जना | २०० | २५० | ३०० | ३०० | ३५० | १४०० | २००० |
| ३ | बहुकक्षा तथा बहुस्तरीय शिक्षण सिकाइ कार्यान्वयन | विद्यालय | ५ | ६ | ८ | १० | १२ | ४१ | २० |
| ४ | कक्षा १–३ एकीकृत पाठ्यक्रम कार्यान्वयन | विद्यालय | ५ | ८ | १० | १२ | १४ | २० | २० |
| ५ | सिकाइ सुधार (पढाइ र गणित सीप विकास कार्यक्रम) | विद्यालय | १० | १२ | १५ | १७ | २० | ७४ | २५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार विकास | विद्यालय | ५ | ६ | ८ | १० | १२ | ४१ | २० |
| ७ | शिक्षक क्षमता विकास तथा तालिम कार्यक्रम | जना | ५० | ६० | ७० | ८० | ९० | ३५० | ५०० |
| ८ | नियमित सिकाइ मूल्याङ्कन तथा अनुगमन | विद्यालय | २० | २० | २० | २० | २० | २० | २० |
| ९ | खानेपानी, शौचालय तथा सरसफाइ सुधार | विद्यालय | ८ | १० | १२ | १४ | १६ | २० | २० |
| १० | विद्यार्थी पोषण तथा दिवाखाजा कार्यक्रम सुदृढीकरण | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | २० | २० |

*तालिका नं ७ आधारभूत शिक्षा उपक्षेत्रको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

## ३.३ माध्यमिक शिक्षा

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्म निःशुल्क शिक्षाको हक सुनिश्चित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले राज्यलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व तोकेको छ। शिक्षा प्रणालीमा विद्यालय तहको शिक्षा संघ, प्रदेश र स्थानीय तहको साझा तथा स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र रहेको छ, जसले तीनै तहका सरकारलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्न जिम्मेवार बनाउँछ। शिक्षा ऐन २०२८ अनुसार कक्षा ९–१२ लाई माध्यमिक शिक्षा मानिन्छ, जहाँ विद्यार्थीले आफ्नो रुचि र क्षमताअनुसार सामान्य, प्राविधिक वा व्यावसायिक शिक्षा छनोट गर्न सक्ने व्यवस्था छ। यस तहको शिक्षालाई जीवनोपयोगी, सीपमूलक, प्रविधियुक्त र उत्पादनमुखी बनाउनु आवश्यक हुन्छ। यसै सन्दर्भमा सखुवानन्कारकट्टी गाउँपालिकाले माध्यमिक शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री र समावेशी बनाउने नीति लिएको छ।

### ३.३.१ वर्तमान अवस्था

सखुवानन्कारकट्टी गाउँपालिकामा माध्यमिक शिक्षाको वर्तमान अवस्था सीमित विद्यालय संरचना र मध्यमस्तरीय शैक्षिक उपलब्धिसहित रहेको देखिन्छ। हाल पालिकामा माध्यमिक तह सञ्चालन गर्ने ५ वटा विद्यालय रहेका छन्, जसमा कक्षा १–१० सञ्चालित ३ वटा, कक्षा ६–१० सञ्चालित १ वटा र कक्षा ६–१२ सञ्चालित १ वटा विद्यालय रहेका छन्। यीमध्ये १ विद्यालयमा प्राविधिक धारअन्तर्गत ९–१२ कक्षा सचालनमा आइरहेको छ । यहाँ कक्षा ९–१० मा छात्रा ३७६ जना र छात्र ३९६ जना गरी जम्मा ७७२ जना विद्यार्थी अध्ययनरत रहेका छन् । त्यसैगरी कक्षा ११–१२ मा छात्रा १२४ जना र छात्र ११७ जना गरी जम्मा २४१ जना विद्यार्थी रहेका छन् । यसरी कक्षा ९–१२ सम्म कुल विद्यार्थी संख्या १०१३ पुगेको छ । माध्यमिक तहमा कार्यरत शिक्षकहरूको अवस्थालाई हेर्दा स्थायी जना ८ र राहत २ जना गरी जम्मा १० जना शिक्षक कार्यरत रहेका छन् । शिक्षक–विद्यार्थी अनुपात १: ७७ रहेको देखिन्छ, जुन राष्ट्रिय मापदण्डको तुलनामा उच्च रहेको हुँदा शिक्षक अभावको अवस्था स्पष्ट देखिन्छ । यस गाउँपालिकाको माध्यमिक तहमा सहज भर्नादर ९७.५ प्रतिशत रहेको छ भने खुद भर्नादर ७९.६ प्रतिशत रहेको छ । यसरी सामावेशी आधारमा हेर्दा दलित छात्रा ८६ र छात्र ७९ जना गरी जम्मा १६५ जना अध्ययनरत छ र जनजातीको तथ्यांक हेर्दा १९ जना छात्रा र २२ जना छात्र गरि ४१ जनामात्र अध्ययनरत गरेकोले पालिकाले आफ्नो नीति तथा कार्यक्रममा विशेष दलित र जनजाती लक्षित छात्रवृति तथा सहुलियत शिक्षाको योजनाहरु राख्नु पर्ने देखिन्छ । शैक्षिक उपलब्धिको दृष्टिले कक्षा १० को टिकाउ दर ७१.६४ प्रतिशत, उत्तीर्ण दर ८६.५४ प्रतिशत, कक्षा दोहोर्‍याउने दर ५.७३ प्रतिशत र कक्षा छोड्ने दर ९.३६ प्रतिशत रहेको छ, जसले सिकाइ सुधारका केही सकारात्मक संकेतहरू भए पनि अझै सुधारको आवश्यकता रहेको देखाउँछ। विद्यार्थी–शिक्षक अनुपात १: ७७ रहेकोले कक्षागत व्यवस्थापनमा चुनौती रहेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा सीमित विद्यालयमा मात्र सञ्चालन हुनु। शिक्षकहरूमा पेशागत तालिम र आधुनिक शिक्षण विधिको कमी रहनु तथा महिला शिक्षकको

अनुपात कम हुनु। समुदाय तथा अभिभावकको सहभागिता अपेक्षाअनुसार प्रभावकारी नहुनु। शैक्षिक गुणस्तर सुधार, सिकाइ उपलब्धि वृद्धि र समावेशी पहुँच सुनिश्चित गर्न स्रोत तथा पूर्वाधारको सीमितता हुनु।

### ३.३.२ उद्देश्य

माध्यमिक शिक्षासँग सम्बन्धित स्थानीय तहका उद्देश्यहरू निम्नानुसार रहेका छन्:

१. माध्यमिक शिक्षालाई निःशुल्क र समतामूलक बनाई सबै विद्यार्थीको पहुँच र सहभागिता सुनिश्चित गर्नु।

२. माध्यमिक शिक्षाको सान्दर्भिकता, गुणस्तर र प्रभावकारिता सुधार गर्नु।

३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु।

४. प्राविधिक, व्यावसायिक तथा जीवनोपयोगी शिक्षाको विस्तार गरी रोजगारीमुखी शिक्षा प्रवर्द्धन गर्नु।

५. शिक्षकको क्षमता विकास, प्रभावकारी व्यवस्थापन तथा शैक्षिक सुशासन सुदृढ गर्नु।

६. माध्यमिक तहमा भर्ना दर वृद्धि, टिकाउपन सुधार तथा विद्यालय छोड्ने दर न्यूनीकरण गर्नु।

७. समुदाय, अभिभावक तथा सरोकारवालाको सहभागिता वृद्धि गरी विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउनु।

### ३.३.३ रणनीति

माध्यमिक शिक्षाको गुणस्तर, पहुँच, समावेशिता तथा प्रभावकारिता अभिवृद्धि गर्न सखुवानन्कारकट्टी गाउँपालिकाले निम्न रणनीतिहरू अवलम्बन गर्नेछः

१. सबै बालबालिकालाई माध्यमिक शिक्षामा समान पहुँच सुनिश्चित गर्न विद्यालयको आवश्यकता विश्लेषण, पुनर्वितरण तथा समायोजन गर्ने।

२. विद्यालय भर्ना, नियमित उपस्थिति तथा कक्षा निरन्तरताका लागि छात्रवृत्ति, शैक्षिक सामग्री, यातायात तथा अन्य प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने।

३. विद्यालय बाहिर रहेका, जोखिममा परेका तथा विपन्न समुदायका बालबालिकाका लागि वैकल्पिक तथा समावेशी शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

४. सबै विद्यालयमा सुरक्षित, बालमैत्री, लैङ्गिक तथा अपाङ्गतामैत्री सिकाइ वातावरण सुनिश्चित गर्ने।

५. विषयगत दक्ष शिक्षकको उपलब्धता सुनिश्चित गर्न शिक्षक व्यवस्थापन, क्षमता विकास तथा पेशागत सहयोग प्रणाली सुदृढ गर्ने।

६. शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल शिक्षालाई प्रवर्द्धन गर्ने।

७. विद्यालयको भौतिक पूर्वाधार, प्रयोगशाला, पुस्तकालय, खानेपानी, शौचालय तथा खेलकुद सुविधाको विकास गर्ने।

८. विद्यार्थीको सिकाइ उपलब्धिको नियमित मूल्याङ्कन, अनुगमन तथा सुधारात्मक कार्यक्रम सञ्चालन गर्ने।

९. विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायको सहभागिता बढाई विद्यालय सुशासन सुदृढ गर्ने।

१०. प्रधानाध्यापक तथा विद्यालय नेतृत्वको क्षमता अभिवृद्धि गरी नतिजामुखी विद्यालय व्यवस्थापन प्रणाली विकास गर्ने।

११. विज्ञान, प्रविधि, प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थीको आकर्षण बढाउन आवश्यक पूर्वाधार, उपकरण तथा छात्रवृत्तिको व्यवस्था गर्ने।

१२. विपद्, महामारी, जलवायु परिवर्तन तथा अन्य संकटको अवस्थामा पनि सिकाइ निरन्तरता सुनिश्चित गर्न उत्थानशील शिक्षा प्रणाली विकास गर्ने।

१३. लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा बाल संरक्षणका सिद्धान्तलाई शिक्षाको मूल प्रवाहमा समाहित गर्ने।

१४. रोजगारमुखी, जीवनोपयोगी सीप तथा उद्यमशीलता विकाससम्बन्धी कार्यक्रमलाई माध्यमिक शिक्षासँग आबद्ध गर्ने।

१५. तथ्याङ्कमा आधारित योजना, अनुगमन तथा निर्णय प्रक्रियालाई संस्थागत गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू निम्नानुसार रहनेछन्:

- माध्यमिक शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित भएको हुनेछ।
- माध्यमिक शिक्षाको गुणस्तर, सान्दर्भिकता र प्रभावकारितामा उल्लेखनीय सुधार भएको हुनेछ।
- विद्यालयहरू बालमैत्री, समावेशी, सुरक्षित तथा सिकाइमैत्री वातावरणयुक्त बनेका हुनेछन्।
- माध्यमिक तहमा भर्ना दर वृद्धि भई विद्यालय छोड्ने दरमा कमी आएको हुनेछ।
- प्राविधिक, व्यावसायिक तथा जीवनोपयोगी शिक्षाको पहुँच र उपयोग विस्तार भएको हुनेछ।
- विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार, प्रयोगशाला, पुस्तकालय तथा सूचना प्रविधि सुविधाको विकास भएको हुनेछ।
- शिक्षकहरूको पेशागत क्षमता, कार्यसम्पादन तथा उत्तरदायित्वमा सुधार भएको हुनेछ।
- विद्यालय व्यवस्थापन तथा शैक्षिक सुशासन प्रणाली सुदृढ भएको हुनेछ।
- अभिभावक, समुदाय तथा सरोकारवालाको विद्यालय व्यवस्थापनमा सक्रिय सहभागिता वृद्धि भएको हुनेछ।
- विद्यालयहरू विपद्, महामारी तथा अन्य संकटप्रति उत्थानशील र तयारी अवस्थामा रहेका हुनेछन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | छात्रवृत्ति प्राप्त अति सिमान्तकृत, सिमान्तकृत, दलित तथा विपन्न विद्यार्थी अध्ययनरत विद्यालय संख्या | ५ | ५ | ५ | ५ | ५ |
| २ | विद्यालय यातायात सेवा सञ्चालन भएका विद्यालय संख्या | ० | १ | ० | १ | ० |
| ३ | दिवा खाजा कार्यक्रम सञ्चालन भएका माध्यमिक विद्यालय संख्या | ० | १ | २ | ३ | ४ |
| ४ | Learning Camp सञ्चालन भएका विद्यालय संख्या | ० | १ | २ | २ | ५ |
| ५ | अपाङ्गता पहिचान स्वास्थ्य शिविर सञ्चालन भएका विद्यालय संख्या | ० | २ | ३ | ३ | ५ |
| ६ | एक विद्यालय एक नर्स कार्यक्रम लागू भएका विद्यालय संख्या | ० | ० | १ | १ | २ |
| ७ | योग, ध्यान तथा प्राणायाम कार्यक्रम सञ्चालन भएका विद्यालय संख्या | ० | १ | १ | २ | १ |
| ८ | बाल क्लब, जुरेस, स्काउट ट्रुप तथा बाल सञ्चाल गठन भएका विद्यालय संख्या | ० | १ | २ | ३ | ४ |
| ९ | उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालय सम्मान कार्यक्रम संख्या | ० | १ | १ | १ | १ |
| १० | मर्मत सम्भार, निर्माण तथा प्रयोगशाला व्यवस्थापन सम्पन्न विद्यालय संख्या | ० | १ | १ | २ | १ |
| ११ | तहगत इन्चार्ज क्लष्टर बैठक संख्या | ० | २ | २ | ५ | ५ |
| १२ | सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन भएका विद्यालय संख्या | ५ | ५ | ५ | ५ | ५ |
| १३ | कक्षा १२ सम्म विज्ञान शिक्षा सञ्चालन भएका विद्यालय संख्या | ० | १ | ० | ० | २ |

*तालिका नं ८ माध्यमिक शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य*

## ३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. .स | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( वर्ष ५) | | | | | भौतिक लक्ष्य ( वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | १ | २ | ४ | गाउँपालिका |
| २ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | ० | ० | १ | ० | ० | २ | गाउँपालिका |
| ३ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | ० | ० | १ | ० | ० | १ | गाउँपालिका |
| ४ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, वास सहितको शौचालय, खानेपानीमा सुधार | पटक | ० | १ | १ | १ | १ | ७ | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | ० | ० | १ | ० | ० | १ | प्रदेश/ गाउँपालिका |
| ६ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | ० | १ | १ | १ | १ | ७ | संघ/ प्रदेश/ गाउँपालिका |
| ७ | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम | संख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | संघ/ प्रदेश/ गाउँपालिका |
| ८ | तहगत तथा क्षमतामा आधारित प्रव्यवस्थापन .अ. | संख्या | ० | १ | १ | १ | १ | ४ | गाउँपालिका |
| ९ | प्रकोप तथा जोखिम न्युनिकरण सम्बन्धी सचेतना | संख्या | ० | १ | १ | १ | १ | ७ | गाउँपालिका |
| १० | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | संख्या | ० | २०० | २०० | २०० | २०० | ८०० | गाउँपालिका |
| ११ | सिकाइ सामग्री व्यवस्थापन | पटक | ० | ४ | ३ | ० | ० | ७ | गाउँपालिका |
| १२ | विद्यालय भर्ना तथा स्वागत कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |
| १३ | बाल क्लव पुर्नगठन | संख्या | | ५ | २ | | | ७ | गाउँपालिका |
| १४ | पुस्तकालय व्यवस्थापन | संख्या | ३ | १ | १ | १ | १ | ७ | संघ/ प्रदेश/ गाउँपालिका |
| १५ | अभिभावक सचेतना कार्यक्रम | संख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | गाउँपालिका |
| १६ | अपाङ्गता अल्पशंख्यक र पछाडिपरेका तथा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई माध्यमिक शिक्षामा पहुँच विस्तारकक | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |

*तालिका नं ९ माध्यमिक शिक्षा उपक्षेत्रको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

सखुवानन्करकट्टी गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको वर्तमान अवस्था विश्लेषण गर्दा यस क्षेत्र क्रमशः विस्तार हुँदै गएको देखिन्छ। यद्यपि पहुँच, गुणस्तर र अवसरका दृष्टिले अझै पनि चुनौतीहरू विद्यमान रहेका छन्।

**१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको उपलब्धता र सहभागिता**

गाउँपालिकामा सीमित मात्रामा प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालनमा रहेका छन्। कक्षा ९–१२ तहमा श्री जनता माध्यमिक विद्यालय मौवाहीमा प्राविधिक धार (TVET) तथा सीपमूलक विषयहरू सञ्चालनमा आइरहेका छन । जसमा जम्मा छात्रछात्रा अध्ययनरत भए तापनि सबै विद्यालयमा यसको पहुँच समान रूपमा विस्तार भएको छैन। यस्ता कार्यक्रमहरुमा महिला, दलित, विपन्न तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूको सहभागिता क्रमशः बढ्दै गए पनि अपेक्षित स्तरमा पुग्न सकेको छैन। धेरै युवा अझै पनि प्राविधिक तथा व्यावसायिक तालिमका अवसरबाट वञ्चित रहेका छन्।

**२. शिक्षक आपूर्ति तथा व्यवस्थापन**

प्राविधिक विषय पढाउने दक्ष शिक्षक तथा प्रशिक्षकहरूको अभाव प्रमुख चुनौतीका रूपमा रहेको छ। उपलब्ध जनशक्तिमा पनि निरन्तर तालिम, अद्यावधिक सीप तथा प्राविधिक उपकरण प्रयोग गर्ने क्षमता अभिवृद्धिको आवश्यकता देखिन्छ। कहिलेकाहीँ बाह्य स्रोत व्यक्ति वा अतिथि प्रशिक्षकमा निर्भर रहनुपर्ने अवस्था समेत रहेको छ।

**३. स्थानीय रोजगारी तथा अवसर**

गाउँपालिकामा कृषि, पशुपालन, साना उद्यम, निर्माण कार्य तथा वैदेशिक रोजगारी मुख्य रोजगारीका स्रोत हुन्। तर प्राविधिक तथा व्यावसायिक शिक्षा र स्थानीय रोजगारी अवसरबीचको सम्बन्ध अझै कमजोर रहेको छ। सीपयुक्त जनशक्ति उत्पादन भए पनि स्थानीय स्तरमा पर्याप्त रोजगारी सिर्जना हुन नसकेको अवस्था छ, जसका कारण वैदेशिक रोजगारप्रतिको निर्भरता उच्च रहेको छ।

**४. समुदाय तथा साझेदारी अवस्था**

प्राविधिक शिक्षा तथा तालिममा समुदायको चासो क्रमशः बढ्दै गएको छ। विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा स्थानीय सरोकारवालाको सहभागिता केही हदसम्म देखिए पनि संस्थागत साझेदारी अझै सुदृढ हुन सकेको छैन। गैरसरकारी संस्था तथा केही विकास साझेदारसँग सहकार्य भए तापनि दीर्घकालीन र प्रणालीगत साझेदारी अभाव देखिन्छ।

**५. स्थानीय तहका असल अभ्यास**

यस गाउँपालिकाले केही सकारात्मक अभ्यासहरू सुरु गरेको छ, जस्तै:

- विद्यालयस्तरमा सीपमूलक र जीवनोपयोगी शिक्षा समावेश गर्ने प्रयास
- बालबालिका तथा युवाका लागि अभिमुखीकरण तथा करियर मार्गदर्शन कार्यक्रम
- केही विद्यालयमा प्रयोगात्मक सिकाइ तथा परियोजनामूलक शिक्षण अभ्यास
- स्थानीय निकाय, विद्यालय र समुदायबीच समन्वय बैठक तथा छलफलको अभ्यास

**६. प्रमुख समस्या र चुनौतीहरू**

- प्राविधिक शिक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा उपकरणको कमी
- दक्ष प्राविधिक शिक्षक तथा प्रशिक्षकको अभाव
- सीमित बजेट तथा स्रोत साधन
- विद्यार्थी तथा अभिभावकमा प्राविधिक शिक्षाप्रति पर्याप्त जागरूकता नहुनु
- स्थानीय रोजगारी अवसर र सीपबीच कमजोर सम्बन्ध
- तालिमपश्चात रोजगार सुनिश्चितताको कमजोर अवस्था

यसरी सखुवानन्करकट्टी गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारका लागि आधार तयार भए तापनि यसको गुणस्तर, पहुँच र रोजगारमुखी प्रभावकारिता वृद्धि गर्न थप योजनाबद्ध लगानी र साझेदारी आवश्यक रहेको देखिन्छ।

### ३.४.२ उद्देश्य

सखुवानन्करकट्टी गाउँपालिका, सिरहाको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग सम्बन्धित उद्देश्यहरू निम्नानुसार रहेका छन्:

१. गाउँपालिकाका सबै नागरिक, विशेषगरी युवा, महिला, दलित, विपन्न तथा सीमान्तकृत समुदायका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरू सुनिश्चित गर्नु।

२. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरी सीपयुक्त, दक्ष र रोजगारमुखी जनशक्ति उत्पादन गर्नु।

३. स्थानीय आवश्यकता तथा श्रम बजारसँग मेल खाने प्राविधिक तथा व्यावसायिक सीप विकास कार्यक्रम सञ्चालन गर्नु।

४. प्राविधिक शिक्षा तथा तालिमलाई स्थानीय रोजगारी, स्वरोजगारी तथा उद्यमशीलतासँग आबद्ध गरी आर्थिक अवसर सिर्जना गर्नु।

५. सीपमूलक शिक्षा तथा तालिममा महिला तथा पछाडि परेका समुदायको सहभागिता वृद्धि गर्नु।

६. स्थानीय तहमा उपलब्ध स्रोत, सम्भावना तथा परम्परागत पेशालाई आधुनिक सीप तथा प्रविधिसँग जोड्नु।

७. प्राविधिक तथा व्यावसायिक शिक्षा प्रणालीलाई प्रभावकारी, गुणस्तरीय तथा दिगो बनाउँदै जीवनोपयोगी सिकाइ प्रवर्द्धन गर्नु।

### ३.४.३ रणनीति

सखुवानन्करकट्टी गाउँपालिकाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका उद्देश्यहरू हासिल गर्न निम्न रणनीतिहरू अवलम्बन गर्नेछ:

१. माध्यमिक तहमा अध्ययनरत कुल विद्यार्थीमध्ये करिब ३०–४० प्रतिशतलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्ने।

२. स्थानीय आवश्यकता र श्रम बजारको मागअनुसार समयसापेक्ष प्राविधिक तथा व्यावसायिक तालिम कार्यक्रमहरूको विस्तार गर्ने।

३. विद्यालयस्तरमै प्राविधिक धार (TVET) तथा सीपमूलक विषयहरूलाई क्रमशः विस्तार गर्दै सबै माध्यमिक विद्यालयमा पहुँच पुऱ्याउने।

४. महिला, दलित, विपन्न तथा सीमान्तकृत समुदायका युवालाई लक्षित गरी विशेष छात्रवृत्ति तथा निःशुल्क तालिम कार्यक्रम सञ्चालन गर्ने।

५. स्थानीय तह, प्राविधिक शिक्षालय, उद्योग, निजी क्षेत्र तथा विकास साझेदारबीच साझेदारी विस्तार गरी तालिमको गुणस्तर सुधार गर्ने।

६. कृषि, पशुपालन, निर्माण, साना उद्योग, डिजिटल सीप तथा सेवा क्षेत्रसँग सम्बन्धित रोजगारमुखी तालिम कार्यक्रम सञ्चालन गर्ने।

७. प्राविधिक शिक्षा तथा तालिमलाई स्थानीय उद्यमशीलता र स्वरोजगार प्रवर्द्धनसँग जोड्ने।

८. प्रशिक्षक तथा शिक्षकहरूको क्षमता विकास, पुनःताजगी तालिम तथा प्राविधिक अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने।

### ३.४.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धिहरू निम्नानुसार रहनेछन्:

• माध्यमिक तहमा अध्ययनरत विद्यार्थीमध्ये उल्लेख्य प्रतिशतले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा पहुँच प्राप्त गरेका हुनेछन्।
• स्थानीय आवश्यकताअनुसार रोजगारमुखी, सीपयुक्त तथा दक्ष जनशक्ति उत्पादन भएको हुनेछ।
• प्राविधिक शिक्षा तथा तालिम कार्यक्रमहरू विद्यालयस्तरमै विस्तार भई पहुँच वृद्धि भएको हुनेछ।
• महिला, दलित, विपन्न तथा सीमान्तकृत समुदायका युवाको सहभागिता उल्लेख्य रूपमा वृद्धि भएको हुनेछ।
• स्थानीय रोजगारी, स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धनमा योगदान पुगेको हुनेछ।
• सार्वजनिक–निजी तथा सामुदायिक साझेदारीमार्फत प्राविधिक शिक्षा प्रणाली सुदृढ भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएका छन्*

| क्र.सं. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय संख्या | १ | १ | १ | १ | २ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी संख्या | ४५ | ५५ | ६५ | ७० | ७० |
| ३ | प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त गरेका विद्यार्थी संख्या | २० | २५ | ३० | ३५ | ४० |
| ४ | महिला विद्यार्थीको प्राविधिक शिक्षा तथा तालिममा सहभागिता (%) | ४० | ४५ | ५० | ५५ | ६० |
| ५ | प्राविधिक शिक्षा पूरा गरी रोजगारी/स्वरोजगारमा संलग्न भएका युवा (%) | ३० | ३५ | ४० | ४५ | ५० |
| ६ | प्रयोगशाला/कार्यशाला सहित सञ्चालन हुने विद्यालय संख्या | १ | १ | १ | १ | २ |

*तालिका नं १० प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य*

### ३.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने*

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा ५ वर्षे लक्ष्य | १० वर्षे लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुने विद्यार्थीको तथ्याङ्क सङ्कलन तथा डिजिटल डेटाबेस तयारी | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | निरन्तर अद्यावधिक |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन (TVET कार्यक्रम विस्तार) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | नियमित कार्यक्रम |
| ३ | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम | विद्यार्थी | २० | २५ | ३० | ३५ | ४० | १५० | ३०० | लक्षित समूह प्राथमिकता |
| ४ | प्रयोगशाला तथा कार्यशाला सञ्चालन र उपकरण व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | पूर्वाधार सुदृढीकरण |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | स्थानीय उद्यम/श्रम बजारसँग जोडिएको सीपमूलक तालिम सञ्चालन | कार्यक्रम | ० | १ | १ | २ | २ | २ | २ | रोजगारमुखी |
| ६ | करियर मार्गदर्शन तथा रोजगारी परामर्श कार्यक्रम सञ्चालन | कार्यक्रम | ० | १ | १ | १ | १ | ५ | १० | विद्यालयस्तर |
| ७ | उद्योग/संस्था तथा स्थानीय तहबीच साझेदारी विकास | सम्झौता | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | तालिमपश्चात रोजगार/स्वरोजगार अनुगमन प्रणाली सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | ट्र्याकिङ सिस्टम |
| ९ | प्रविधिमा आधारित शिक्षण (ICT/डिजिटल learning) विस्तार | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | डिजिटल शिक्षा |

*तालिका नं ११ प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा उपक्षेत्रको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

नेपालको संविधान, शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई शिक्षाको महत्वपूर्ण अंगका रूपमा स्वीकार गरेका छन्। यी कानुनी तथा नीतिगत व्यवस्थाहरूले शिक्षालाई औपचारिक विद्यालय प्रणालीमा मात्र सीमित नराखी व्यक्ति, समुदाय तथा समाजको आवश्यकता अनुसार निरन्तर सिकाइका अवसर सुनिश्चित गर्ने उद्देश्य राखेका छन्। शिक्षा ऐन, २०२८ ले औपचारिक शिक्षा प्रणालीमा सहभागी हुन नसकेका वा शिक्षाबाट वञ्चित भएका व्यक्तिहरूका लागि वैकल्पिक सिकाइ कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ। यस अन्तर्गत साक्षरता कक्षा, वयस्क शिक्षा, समुदायमा आधारित शिक्षा, निरन्तर शिक्षा तथा सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ।

अनौपचारिक शिक्षाले विशेषगरी ग्रामीण तथा अर्ध–शहरी क्षेत्रका नागरिक, महिला, गरिब, श्रमिक तथा सीमान्तकृत समुदायलाई लक्षित गरी आधारभूत साक्षरता, जीवनोपयोगी सीप तथा सामाजिक चेतना विकासमा सहयोग पुऱ्याएको छ। शिक्षा नियमावली, २०५९ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत तथा कार्यगत व्यवस्था गरेको छ। यसले साक्षरता तथा जीवनोपयोगी शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, समुदायमा आधारित शिक्षा तथा आजीवन सिकाइलाई प्राथमिकता दिएको छ। यसले नागरिकलाई जीवनभर नयाँ ज्ञान, सीप तथा प्रविधिसँग अद्यावधिक रहने अवसर प्रदान गर्दछ। अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले सखुवानन्करकट्टी गाउँपालिकामा निरक्षरता न्यूनीकरण, महिला सशक्तीकरण, सामाजिक चेतना अभिवृद्धि तथा सीप विकासमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ। यसले औपचारिक शिक्षा प्राप्त गर्न नसकेका वा बीचमै पढाइ छोडेका व्यक्तिहरूलाई पुनः सिकाइको अवसर प्रदान गर्दै आत्मनिर्भरता, रोजगारी, उद्यमशीलता तथा सामाजिक सहभागिता वृद्धि गर्न सहयोग पुऱ्याउँछ।

### ३.५.१ वर्तमान अवस्था

सखुवानन्करकट्टी गाउँपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमहरू विस्तार हुँदै गए पनि अझै संस्थागत र व्यवस्थित रूपमा सञ्चालन हुन सकेका छैनन्। विगतमा विभिन्न संघ–संस्था तथा साझेदार निकायहरूको सहकार्यमा साक्षरता तथा किशोरी शिक्षासम्बन्धी केही कार्यक्रम सञ्चालन भए पनि ती निरन्तर र दिगो रूपमा अघि बढ्न सकेका छैनन्। यस गाउँपालिकामा

विद्यालय बाहिर रहेका किशोर–किशोरी, महिला तथा वयस्कहरूलाई लक्षित गरी साक्षरता तथा जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालनको आवश्यकता रहेको छ। हालसम्म सीमित रूपमा सिलाइ–कटाइ, कृषि, पशुपालन, उद्यमशीलता तथा अन्य आयआर्जनमुखी तालिमहरू सञ्चालन भए तापनि ती कार्यक्रमहरू पर्याप्त र नियमित छैनन्।

किशोरी शिक्षाको सन्दर्भमा केही सकारात्मक प्रयास भएका छन्। अन्य दातृ निकायको सहकार्यमा विद्यालय बाहिर रहेका दलित, सिमान्तकृत तथा विपन्न समुदायका करिब ९४ जना किशोरीहरूलाई अनौपचारिक शिक्षा कार्यक्रममार्फत विद्यालयमा पुनः भर्ना गरी नियमित अध्ययनमा ल्याइएको छ। यद्यपि यस्ता कार्यक्रमका सहभागीहरूको सिकाइ उपलब्धि सामान्य रहेको, उमेरगत अन्तर रहेको तथा सामाजिक–आर्थिक चुनौतीका कारण विद्यालय टिकाउ दरमा चुनौती देखिएको छ।

सामुदायिक सिकाइ केन्द्र (CLC) तथा सामुदायिक पुस्तकालयहरूको अभावका कारण निरन्तर सिकाइको वातावरण कमजोर रहेको छ। पठन संस्कृति, स्वअध्ययन अभ्यास तथा डिजिटल सिकाइ अवसर सीमित छन्। गाउँपालिकामा हालसम्म पूर्ण रूपमा संस्थागत सामुदायिक सिकाइ केन्द्र सञ्चालन नभएकाले साक्षरता अभिवृद्धि, सीप विकास, डिजिटल साक्षरता तथा आजीवन सिकाइका अवसर सीमित छन्। सखुवानन्करकट्टी गाउँपालिकाको कुल जनसंख्यामा साक्षरता दर करिब ६५.३ प्रतिशत रहेको छ भने करिब ३५ प्रतिशत जनसंख्या निरक्षर रहेको अवस्था छ, जसमा महिला साक्षरता दर पुरुषको तुलनामा कम रहेको छ।

प्रमुख चुनौतीहरू

- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको सीमित पहुँच
- महिला, दलित, विपन्न तथा सीमान्तकृत समुदायको न्यून सहभागिता
- पर्याप्त बजेट, स्रोतसाधन तथा दक्ष जनशक्तिको अभाव
- सामुदायिक सिकाइ केन्द्र तथा पुस्तकालयको अभाव
- प्रविधिमैत्री सिकाइ अवसरको कमी
- रोजगारीसँग जोडिएका सीपमूलक कार्यक्रमको कमी
- निरन्तर अनुगमन, मूल्याङ्कन तथा तथ्याङ्क व्यवस्थापन कमजोर हुनु
- सिकाइ कार्यक्रम र स्थानीय आर्थिक अवसरबीच कमजोर सम्बन्ध

**अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर**

- औपचारिक शिक्षाबाट वञ्चित बालबालिका, किशोर–किशोरी, युवा तथा वयस्कका लागि अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।
- विद्यालय छोडेका बालबालिका तथा किशोर–किशोरीलाई पुनः सिकाइ तथा वैकल्पिक शिक्षा कार्यक्रममा सहभागी गराउने।
- सामुदायिक सिकाइ केन्द्र (CLC) लाई सुदृढ गरी साक्षरता, निरन्तर शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम सञ्चालन गर्ने।
- महिला, दलित, जनजाति, मुस्लिम, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायका लागि लक्षित सिकाइ अवसर विस्तार गर्ने।
- डिजिटल साक्षरता, वित्तीय साक्षरता तथा सूचना प्रविधिसम्बन्धी आधारभूत तालिम सञ्चालन गर्ने।
- स्थानीय आवश्यकता र रोजगारीसँग सम्बन्धित सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन गर्ने।

- कृषि, पशुपालन, उद्यमशीलता, हस्तकला तथा स्थानीय उत्पादनसँग सम्बन्धित जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गर्ने।
- स्थानीय भाषा, कला, संस्कृति तथा परम्परागत ज्ञानको संरक्षण र पुस्तान्तरणमा आधारित सिकाइ कार्यक्रम प्रवर्द्धन गर्ने।
- युवा तथा महिलाका लागि उद्यम विकास, स्वरोजगार तथा आयआर्जनसँग जोडिएका सिकाइ अवसर सिर्जना गर्ने।
- ज्येष्ठ नागरिकका ज्ञान, अनुभव तथा सीपलाई पुस्तान्तरण गर्ने अन्तरपुस्ता सिकाइ कार्यक्रम सञ्चालन गर्ने।
- सामुदायिक पुस्तकालय, ई–लाइब्रेरी तथा डिजिटल सिकाइ सामग्रीको पहुँच विस्तार गर्ने।
- संघ, प्रदेश, विकास साझेदार तथा गैरसरकारी संस्थासँग सहकार्य गरी अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम सञ्चालन गर्ने।
- विपद्, महामारी वा आपत्कालीन अवस्थासमेत निरन्तर सिकाइ सुनिश्चित गर्न वैकल्पिक तथा प्रविधिमा आधारित सिकाइ प्रणाली विकास गर्ने।
- सबै नागरिकलाई जीवनभर सिकाइका अवसर उपलब्ध गराई सक्षम, आत्मनिर्भर र उत्पादनशील मानव संसाधन विकासमा योगदान पुर्‍याउने।

### ३.५.२ उद्देश्य

१. सबै नागरिकका लागि अनौपचारिक शिक्षा, साक्षरता तथा आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु।
२. निरक्षर तथा अर्धसाक्षर नागरिकहरूको साक्षरता दर अभिवृद्धि गर्नु।
३. महिला, दलित, विपन्न, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायलाई समावेशी पहुँच सुनिश्चित गर्नु।
४. अनौपचारिक शिक्षा कार्यक्रमलाई जीवनोपयोगी सीप, आयआर्जन तथा स्वरोजगारसँग आबद्ध गर्नु।
५. समुदायमा निरन्तर सिकाइ संस्कृति र ज्ञानमूलक समाज निर्माण गर्नु।
६. युवाहरू तथा वयस्कहरूको प्राविधिक तथा व्यावसायिक सीप विकास गर्नु।
७. समुदायमा आधारित शिक्षा तथा स्थानीय आवश्यकता अनुरूप कार्यक्रम सञ्चालन गर्नु।
८. डिजिटल तथा वैकल्पिक सिकाइ अवसर विस्तार गर्नु।
९. कार्यक्रमको प्रभावकारी व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्नु।
१०. सामाजिक चेतना, लैङ्गिक समानता, स्वास्थ्य, सरसफाइ तथा नागरिक उत्तरदायित्व अभिवृद्धि गर्नु।

### ३.५.३ रणनीति

१. निरक्षर तथा अर्धसाक्षर नागरिकहरूको पहिचान गरी लक्षित साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने।
२. महिला, दलित, विपन्न, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायलाई प्राथमिकतामा राखी समावेशी कार्यक्रम सञ्चालन गर्ने।
३. अनौपचारिक शिक्षालाई जीवनोपयोगी सीप, आयआर्जन तथा स्वरोजगारसँग आबद्ध गर्ने।
४. स्थानीय आवश्यकता, भाषा, संस्कृति तथा समुदायको मागअनुसार कार्यक्रम विकास गर्ने।
५. युवाहरू तथा वयस्कहरूका लागि प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गर्ने।
६. डिजिटल तथा ICT आधारित वैकल्पिक सिकाइ प्रणाली विस्तार गर्ने।
७. सामुदायिक सिकाइ केन्द्र तथा पुस्तकालय सुदृढ गर्ने।

८. सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग सहकार्य विस्तार गर्ने।

९. नियमित अनुगमन, मूल्याङ्कन तथा अभिलेखीकरण प्रणाली सुदृढ गर्ने।

१०. सामाजिक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

प्रमुख उपलब्धि

१. महिला, दलित, विपन्न, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रममा सहभागिता वृद्धि भएको हुनेछ।

२. समुदायस्तरमा साक्षरता, निरन्तर शिक्षा तथा आजीवन सिकाइका अवसरहरू विस्तार भएका हुनेछन्।

३. अनौपचारिक शिक्षा कार्यक्रमलाई जीवनोपयोगी सीप, आयआर्जन तथा स्वरोजगारसँग प्रभावकारी रूपमा आबद्ध गरिएको हुनेछ।

४. युवाहरू तथा वयस्कहरूका लागि प्राविधिक तथा व्यावसायिक सीप विकास कार्यक्रम सञ्चालन भएका हुनेछन्।

५. सूचना तथा सञ्चार प्रविधिमा आधारित वैकल्पिक तथा डिजिटल सिकाइ प्रणालीको विस्तार भएको हुनेछ।

६. सामुदायिक सिकाइ केन्द्र तथा अध्ययन केन्द्रहरू प्रभावकारी रूपमा सञ्चालन भएका हुनेछन्।

नतिजा तथा परिमाणात्मक लक्ष्य

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएका छन् ।*

| क्र.स. | सूचक | आधार वर्ष २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ |
|---|---|---|---|---|---|---|---|
| १ | अनौपचारिक शिक्षा संचालन भएको केन्द्र सङ्ख्या | ० | ० | ० | ० | ० | संघ वा गाउँपालिका |
| २ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाई केन्द्रको सङ्ख्या | ० | १ | २ | १ | ३ | गाउँपालिका |
| ३ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | ० | १ | १ | २ | संघ वा गाउँपालिका |
| ४ | विज्ञ समूह निर्माण र परिचालन | ० | १ | १ | १ | २ | गाउँपालिका वा संघसंस्था |

*तालिका नं १२ अनौपचारि शिक्षा तथा आजिवन सिकाइ शिक्षा उपक्षेत्रको प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य*

**३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

*सखुवानन्कारकट्टी गाउँपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई प्रभावकारी र समावेशी बनाउने उद्देश्यले आगामी दश वर्षमा विद्यालय शिक्षाबाट वञ्चित तथा विद्यालय छोडेका बालबालिका, किशोर–किशोरी र युवाहरूलाई पुनः शिक्षामा आबद्ध गराई विद्यालय बाहिर रहेका बालबालिकाको संख्या न्यूनतम तहमा झार्ने लक्ष्य लिइएको छ। साथै, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमहरूलाई दिगो र प्रभावकारी बनाउन संघ, प्रदेश, विकास साझेदार, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग सहकार्य विस्तार गर्दै आगामी दश वर्षमा कम्तीमा* ***१० वटा*** *साझेदारी कार्यक्रम सञ्चालन गरिने लक्ष्य निर्धारण गरिएको छ।*

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने*

| क्र . .स | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( वर्ष ५) | | | | | भौतिक लक्ष्य ( १०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरूको विवरण संकलन | पटक | १ | ० | ० | ० | ० | १ | गाउँपालिका |
| २ | गाउँपालिका साक्षर घोषणा | वडागत | ६ | ० | ० | ० | ० | ६ | गाउँपालिका |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा साके सञ्चालन र व्यवस्थापन.सि. | संख्या | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसग आवद्ध गर्ने | पुस्तकालय | ० | १ | १ | ० | ० | २ | गाउँपालिका |
| ५ | सा मा.के.सि.प्रविधिको विकास गर्ने | संख्या | ० | ० | १ | | १ | २ | गाउँपालिका |
| ६ | सा  ले समुदायमा आधारीत .के.सि.संघ सस्थासँग सहकार्य गर्ने | निरन्तर | ३ | १ | १ | १ | १ | ७ | सा.के.सि . |
| ७ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | ० | ० | १ | ० | ० | १ | गाउँपालिका |
| ८ | विज्ञ समूह निर्माण | पटक | १ | ० | ० | ० | १ | २ | गाउँपालिका संघसंस्था |

*तालिका नं १३ अनौपचारि शिक्षा तथा आजिवन सिकाइ शिक्षा उपक्षेत्रको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

## परिच्छेद ४ : अन्तर सम्बन्धित विषय तथा क्षेत्र

सखुवानन्करकट्टी गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकास तथा विद्यालय शिक्षामा अपेक्षित उपलब्धि हासिल गर्न विभिन्न अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूको महत्वपूर्ण भूमिका रहेको छ। विद्यालय शिक्षालाई गुणस्तरीय, समावेशी, सुरक्षित, प्रविधिमैत्री तथा दिगो बनाउन शिक्षक व्यवस्थापन तथा पेशागत विकास, समता तथा समावेशीकरण, स्वास्थ्य–पोषण तथा दिवा खाजा, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, सूचना तथा सञ्चार प्रविधि, विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालय सुशासन तथा समुदाय सहभागिता जस्ता विषयहरूलाई प्राथमिकताका साथ समेट्न आवश्यक देखिन्छ। सखुवानन्करकट्टी गाउँपालिकामा विद्यालय शिक्षाको क्षेत्रमा पहुँच तथा भर्ना दरमा क्रमिक सुधार भए तापनि गुणस्तरीय सिकाइ, समावेशी वातावरण, प्रविधिमैत्री शिक्षण तथा सुरक्षित विद्यालय व्यवस्थापनमा अझै विभिन्न चुनौतीहरू विद्यमान रहेका छन्। केही विद्यालयहरूमा पर्याप्त भौतिक पूर्वाधार, प्रयोगशाला, पुस्तकालय, सूचना तथा सञ्चार प्रविधि, सुरक्षित खानेपानी तथा सरसफाइको व्यवस्था अझै अपर्याप्त रहेको छ। विद्यालयहरूलाई पूर्ण रूपमा बालमैत्री, अपाङ्गमैत्री तथा समावेशी बनाउन थप प्रयास आवश्यक देखिन्छ।

शिक्षक व्यवस्थापन तथा पेशागत विकासतर्फ विषयगत शिक्षक अभाव, तालिमप्राप्त शिक्षकको कमी तथा आधुनिक शिक्षण विधिको सीमित प्रयोग चुनौतीका रूपमा रहेका छन्। सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण–सिकाइ प्रणाली अझै प्रभावकारी रूपमा विस्तार हुन सकेको छैन। विद्यालयहरूमा इन्टरनेट पहुँच, कम्प्युटर तथा डिजिटल सिकाइ सामग्रीको अभावले प्रविधिमैत्री शिक्षा कार्यान्वयनमा कठिनाइ देखिएको छ। समता तथा समावेशीकरणका दृष्टिले दलित, विपन्न, सीमान्तकृत, अपाङ्गता भएका बालबालिका तथा विद्यालय बाहिर रहेका किशोर–किशोरीहरूको शिक्षा पहुँच तथा सिकाइ निरन्तरतामा चुनौती रहेको छ। महिला साक्षरता दर पुरुषको तुलनामा न्यून रहेको तथा विद्यालय छोड्ने समस्या अझै विद्यमान रहेको छ। यसका लागि लक्षित छात्रवृत्ति, सचेतनामूलक कार्यक्रम तथा समुदाय सहभागितामा आधारित कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ।

स्वास्थ्य, पोषण तथा दिवा खाजाको व्यवस्थापनले विद्यार्थीको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा स्वास्थ्य सुधारमा सकारात्मक प्रभाव पार्ने भएकाले यस क्षेत्रलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक देखिन्छ। त्यसैगरी बाढी, महामारी तथा अन्य विपद् वा सङ्कटपूर्ण अवस्थामा सिकाइ निरन्तरता कायम राख्न वैकल्पिक सिकाइ प्रणाली तथा विद्यालय सुरक्षा व्यवस्थापनलाई सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ। यस गाउँपालिकामा अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ तथा सामुदायिक सिकाइ केन्द्र (CLC) सञ्चालनको अवस्था कमजोर रहेको छ। समुदायस्तरमा निरन्तर सिकाइ, डिजिटल साक्षरता, पठन संस्कृतिको विकास तथा आयआर्जनमूलक सीप विकासका कार्यक्रमहरू विस्तार गर्न आवश्यक देखिन्छ।

तसर्थ, सखुवानन्करकट्टी गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र सुधारका लागि यी अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूलाई शिक्षा योजनाको अभिन्न अंगका रूपमा समेटी स्पष्ट उद्देश्य, रणनीति, उपलब्धि, गतिविधि तथा लक्ष्य निर्धारण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आवश्यक देखिन्छ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ वर्तमान अवस्था

सखुवानन्करकट्टी गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय पाठ्यक्रम लागू गर्दै आएको छ। यसै शैक्षिक सत्रदेखि गाउँपालिकाले आधारभूत तह कक्षा १–५ का लागि स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी परीक्षण (piloting) गर्ने तयारी गरेको छ भने कक्षा ६–८ का लागि स्थानीय विषयको पाठ्यक्रम निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। स्थानीय पाठ्यक्रमले यस पालिकाको सामाजिक, सांस्कृतिक, भौगोलिक तथा आर्थिक विशेषतालाई प्रतिबिम्बित गर्दै बालबालिकालाई आफ्नै परिवेशसँग सम्बन्धित सिकाइ अनुभव प्रदान गर्ने अपेक्षा गरिएको छ।

स्थानीय पाठ्यक्रममार्फत विद्यालय शिक्षालाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १–८ सम्म अन्तरसम्बन्धित विषयवस्तुहरूलाई एकीकृत गर्ने, व्यवहारिक, जीवनोपयोगी तथा सीपमूलक सिकाइ क्रियाकलाप समावेश गर्ने रणनीति लिइएको छ। आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित विषयवस्तु समावेश गरी स्थानीय तहले पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। साथै सबै विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश र दैनिक जीवनसँग सम्बन्धित बनाउँदै सिकाइ क्रियाकलाप सञ्चालन गर्ने नीति अवलम्बन गरिएको छ।

पाठ्यक्रम कार्यान्वयनमा प्रत्येक विषयमा विषयवस्तुको प्रकृति अनुसार २५ देखि ५० प्रतिशतसम्म प्रयोगात्मक कार्य, परियोजना कार्य, सामुदायिक कार्य तथा व्यवहारिक अभ्यास अनिवार्य गरिएको छ। यसले विद्यार्थीको सिकाइलाई केवल सैद्धान्तिक नभई व्यवहारिक र जीवनोपयोगी बनाउने लक्ष्य राखेको छ। त्यसैगरी, सिकाइ प्रक्रियामा भाषा प्रयोगले बाधा नपुर्‍याउने गरी आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा तथा बहुभाषाको प्रयोग गर्दै शिक्षण–सिकाइ सहजीकरण गर्ने व्यवस्था गरिएको छ। सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारिक सीपका रूपमा एकीकृत गर्दै सिकाइको माध्यमका रूपमा विस्तार गर्ने नीति अपनाइएको छ। विद्यार्थी मूल्याङ्कनलाई शिक्षण–सिकाइको अभिन्न अंगका रूपमा लिई निरन्तर पृष्ठपोषण प्रदान गर्ने प्रणाली विकास गरिएको छ।

मूल्याङ्कन प्रणाली अन्तर्गत आधारभूत तह कक्षा १–३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली (Continuous Assessment System) मार्फत उदार कक्षोन्नति नीति लागू गरिएको छ। कक्षा ४–५ मा ५० प्रतिशत निर्माणात्मक र ५० प्रतिशत निर्णयात्मक मूल्याङ्कन प्रणाली लागू गरिएको छ भने कक्षा ६–८ मा ४० प्रतिशत निर्माणात्मक र ६० प्रतिशत निर्णयात्मक मूल्याङ्कन प्रणाली अपनाइएको छ। आधारभूत तह कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरिएको छ भने कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा सञ्चालन गरिन्छ। कक्षा १० र १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशनअनुसार सञ्चालन हुँदै आएको छ।

यसरी सखुवानन्करकट्टी गाउँपालिकामा पाठ्यक्रम विकास, स्थानीयकरण, सिकाइ प्रक्रियाको व्यवहारिकता तथा मूल्याङ्कन प्रणाली सुधारतर्फ महत्वपूर्ण प्रयासहरू भए तापनि पाठ्यक्रमको पूर्ण कार्यान्वयन, सिकाइ सामग्रीको पर्याप्तता, शिक्षक क्षमता विकास तथा प्रविधिमैत्री शिक्षण विस्तारमा अझै सुधार आवश्यक रहेको देखिन्छ।

पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः

१. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास।
२. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग।
३. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने।
४. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग।
५. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता।
६. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग।
७. स्थानीय पाठ्यक्रम कार्यान्वयन।

**पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनका अवसर**

- राष्ट्रिय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनुकूल वातावरण सुदृढ हुँदै जानु।
- सबै विद्यालयमा शैक्षिक सत्रको सुरुमै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था सुदृढ गर्नु।
- स्थानीय आवश्यकता, भाषा, संस्कृति, इतिहास तथा भौगोलिक विशेषतामा आधारित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने अवसर।
- डिजिटल सिकाइ सामग्री, ई–सामग्री, स्मार्ट कक्षा तथा सूचना–प्रविधिमा आधारित शिक्षण–सिकाइ प्रणाली विस्तार गर्ने सम्भावना।
- शिक्षकद्वारा स्थानीय स्रोत–साधन प्रयोग गरी सान्दर्भिक तथा कम लागतका सिकाइ सामग्री निर्माण र प्रयोग गर्ने अवसर।
- विद्यार्थी–केन्द्रित, गतिविधिमूलक, प्रयोगात्मक तथा परियोजनामा आधारित शिक्षण विधि विस्तार गर्ने अवसर।

- विद्यालय पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT ल्याब तथा अन्य शैक्षिक स्रोतहरूको उपयोग र विस्तार गर्ने सम्भावना।
- शिक्षकहरूको पाठ्यक्रम कार्यान्वयन, सिकाइ सामग्री विकास तथा आधुनिक शिक्षण विधिसम्बन्धी क्षमता अभिवृद्धि गर्ने अवसर।
- निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS), पोर्टफोलियो, परियोजना कार्य तथा कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने अवसर।

### ४.१.२ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
- स्थानीय पाठ्यक्रम मार्फत समृद्ध सखुवानन्कारकट्टीनिर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु।
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।

### ४.१.३ रणनीति

उल्लिखित उद्देश्यहरू हासिल गर्न सखुवानन्कारकट्टी गाउँपालिकाले देहायका रणनीतिहरू अवलम्बन गर्नेछः

- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा प्रचलित शिक्षा नीति अनुरूप पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने।
- गाउँपालिकाको सामाजिक, सांस्कृतिक, ऐतिहासिक तथा आर्थिक विशेषतालाई समेटी स्थानीय पाठ्यक्रम तथा सिकाइ सामग्री विकास र कार्यान्वयन गर्ने।
- शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा अन्य सरोकारवालाहरूको पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास गर्ने।
- शिक्षकहरूको विषयगत ज्ञान, शिक्षण सीप तथा सूचना प्रविधि प्रयोगसम्बन्धी पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने।
- विद्यालयमा आवश्यक पाठ्यपुस्तक, शिक्षण सिकाइ सामग्री, पुस्तकालय तथा डिजिटल स्रोतहरूको उपलब्धता सुनिश्चित गर्ने।
- मैथिली, नेपाली तथा आवश्यकतानुसार अन्य स्थानीय भाषाको प्रयोगलाई प्रवर्द्धन गर्दै बहुभाषिक शिक्षण सिकाइ वातावरण विकास गर्ने।
- बालमैत्री, समावेशी, लैङ्गिक तथा अपाङ्गतामैत्री शिक्षण सिकाइ वातावरण निर्माण गर्ने।
- विद्यालयमा आधारित विद्यार्थी सहयोग प्रणाली, मनोसामाजिक परामर्श तथा सिकाइ सहयोग कार्यक्रम सञ्चालन गर्ने।
- सिकाइ उपलब्धि कमजोर भएका विद्यार्थीका लागि अतिरिक्त कक्षा, सहपाठी सिकाइ तथा सुधारात्मक शिक्षण कार्यक्रम सञ्चालन गर्ने।
- स्थानीय पाठ्यक्रम तथा शिक्षण प्रक्रियामा वातावरण संरक्षण, जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण, सरसफाइ तथा हरित विद्यालय अवधारणालाई समावेश गर्ने।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्रोत्साहन गर्दै विद्यालयहरूमा डिजिटल सिकाइको पहुँच विस्तार गर्ने।
- विपद्, महामारी तथा अन्य आपत्कालीन अवस्थाहरूमा वैकल्पिक सिकाइ प्रणालीमार्फत शिक्षण सिकाइलाई निरन्तरता दिने।

- निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) तथा सिकाइ उपलब्धि परीक्षणलाई शिक्षण सिकाइ सुधारको आधारका रूपमा प्रयोग गर्ने।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइ प्रक्रियामार्फत विद्यार्थीहरूमा ज्ञान, सीप, व्यवहार तथा जीवनोपयोगी दक्षतामा सकारात्मक परिवर्तन आएको हुनेछ।

२. स्थानीय आवश्यकता, भाषा, संस्कृति तथा परिवेशमा आधारित स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भई विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

४. शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि भई प्रविधिमैत्री, विद्यार्थी केन्द्रित तथा व्यवहारिक शिक्षण सिकाइ प्रणाली सुदृढ भएको हुनेछ

५. विद्यालयहरूमा प्रयोगात्मक, परियोजनामूलक तथा जीवनोपयोगी सिकाइ अभ्यास विस्तार भई विद्यार्थीहरूको सिर्जनशीलता, समस्या समाधान क्षमता तथा व्यवहारिक सीप विकास भएको हुनेछ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ।*

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय संख्या | ० | १७ | १७ | १७ | १७ | १७ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय संख्या | १ | ५ | ५ | ३ | २ | २ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय संख्या | ० | १ | १ | १ | १ | २ |
| ६ | प्रविधिमैत्री शिक्षण सिकाइ सामग्री प्रयोग गर्ने विद्यालय संख्या | ० | २ | २ | २ | २ | १० |
| ७ | प्रयोगात्मक तथा परियोजनामूलक सिकाइ क्रियाकलाप सञ्चालन भएका विद्यालय संख्या | ० | १ | १ | १ | १ | ४ |
| ८ | शिक्षकहरूलाई पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी तालिम प्रदान | ०५ | १० | १५ | २० | २५ | २५ |

*तालिका नं १४ पाठ्यक्रम पाठ्यपुस्तक सिकाक्ष सामाग्री तथा मूल्यांकन शिक्षा उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य*

### ४.१. ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने । उदाहरणका लागि*

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय पाठ्यक्रम २०७८ कार्यान्वयन | | ० | ७ | ८ | १७ | १७ | १७ | गाउँपालिका |
| ११. | स्थानीय पाठ्यक्रम परीक्षण | कक्षा /विषय | ० | ५ | १० | १७ | १७ | १७ | गाउँपालिका |
| १२. | स्थानीय पाठ्यक्रम कार्यान्वयन | कक्षा /विषय | ० | १ | ४ | १७ | १७ | १७ | गाउँपालिका |
| १३. | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | कक्षा /विषय | १३- | १ | १ | १ | १ | १ | गाउँपालिका |
| १४. | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण | कक्षा /विषय | १३- | १ | १ | १ | १ | १ | गाउँपालिका |
| २. | विद्यार्थी मूल्याङ्कन | कक्षा /विषय | १३- | १ | १ | १ | १ | १ | गाउँपालिका |
| २१. | नमुना साधन विकास | कक्षा /विषय | | १३- | | | १५- | | गाउँपालिका |
| २२. | कार्य सञ्चयिका फायलको प्रयोग | कक्षा / विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | | विद्यालय |
| ३ | मातृभाषा वा स्थानीय भाषा | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| ३१. | स्थानीय पाठ्यक्रमलाई मातृभाषा वा स्थानीय भाषामा रूपान्तरण गर्ने | संख्या | ० | ० | ० | १ | ० | १ | गाउँपालिका |
| ३२. | सिकाइ सहजीकरण पुस्तिकालाई मातृभाषा वा स्थानीय भाषामा रूपान्तरण गर्ने | कक्षा /विषय | ० | ० | ० | १ | ० | १ | गाउँपालिका |
| ४ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री | प्रतिशत | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | संघ |

*तालिका नं १५ पाठ्यक्रम पाठ्यपुस्तक सिकाक्ष सामाग्री तथा मूल्यांकन शिक्षा उपक्षेत्रको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

## ४.१ शिक्षक व्यवस्थापन र विकास

एक्काइसौं शताब्दीको शिक्षक आफ्नो विषयवस्तुमा निपुण, प्रविधिमैत्री, अनुसन्धानमुखी तथा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ प्रक्रियामा दक्ष हुनुपर्छ। शिक्षकमा विषयगत ज्ञानका साथै शिक्षण सिकाइसम्बन्धी आवश्यक सीप, कला तथा व्यवहारिक दक्षता हुन आवश्यक छ। बदलिँदो शैक्षिक परिवेश, सूचना प्रविधिको विकास तथा विद्यार्थीका विविध सिकाइ आवश्यकतालाई सम्बोधन गर्न शिक्षकको निरन्तर पेशागत विकास अपरिहार्य छ । स्थानीय सरकारले प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी शिक्षक तथा शैक्षिक कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि प्रमाणीकरण तालिम, पुनर्ताजगी तालिम, अनुभव आदानप्रदान कार्यक्रम, स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम, स्वप्रयत्नमा आधारित सिकाइ, मेन्टरिङ तथा कोचिङ कार्यक्रम, विषयगत कार्यशाला, सेमिनार, सम्मेलन, क्रियात्मक अनुसन्धान तथा शिक्षक सिकाइ सञ्जालजस्ता कार्यक्रम सञ्चालन गर्न सक्नेछ। यस्ता कार्यक्रमहरूले शिक्षकको ज्ञान, सीप र पेशागत दक्षता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउनेछन् ।

शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध रहँदै विद्यार्थी, अभिभावक, समुदाय, विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्छ। विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको उनीहरूको सिकाइ उपलब्धि, सर्वाङ्गीण विकास, कार्यसम्पादन तथा जीवनोपयोगी सीप विकासप्रति जवाफदेही हुनु हो। शिक्षकले पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरू हासिल गराउन, नियमित मूल्याङ्कन गर्न तथा सिकाइ प्रगतिबारे अभिभावक र विद्यालय प्रशासनलाई जानकारी गराउनुपर्छ। त्यसैगरी शिक्षकले विद्यालयको आचारसंहिता पालना गर्ने, निर्धारित समयतालिकाअनुसार अध्यापन गर्ने, विद्यार्थीको नियमित अभिलेखीकरण तथा मूल्याङ्कन गर्ने, प्रतिवेदन तयार गरी प्रधानाध्यापकसमक्ष पेश गर्ने तथा विद्यालयको समग्र शैक्षिक सुधारमा सक्रिय भूमिका निर्वाह गर्नुपर्छ। यस गाउँपालिकाले जारी गरेको १०८ बुँदे शैक्षिक सुधार घोषणापत्रमा प्रधानाध्यापक तथा शिक्षकहरूको भूमिका, जिम्मेवारी र उत्तरदायित्व स्पष्ट रूपमा निर्धारण गरी जवाफदेही शैक्षिक प्रणाली निर्माण गर्ने अभ्यासलाई संस्थागत गरेको छ ।

### ४.१.१ वर्तमान अवस्था

शैक्षिक सत्र २०८२ अनुसार सखुवानन्कारकट्टी गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत तथा माध्यमिक तहमा शिक्षक व्यवस्थापन भइरहेको छ। आधारभूत (प्राथमिक) तहमा **४५ जना स्थायी (दरबन्दी)** र **९ जना राहत** गरी **जम्मा ५४ जना शिक्षक** कार्यरत रहेका छन्, जसले **२० वटा विद्यालयका २,६१४ जना विद्यार्थी**लाई शैक्षिक सेवा प्रदान गरिरहेका छन्।

विद्यालयगत तथ्याङ्कको विश्लेषणबाट शिक्षक वितरण समानुपातिक नभएको देखिन्छ। केही विद्यालयमा विद्यार्थी सङ्ख्याको तुलनामा शिक्षक पर्याप्त भए पनि केही विद्यालयमा विद्यार्थी सङ्ख्या धेरै हुँदा पनि शिक्षकको संख्या न्यून रहेको अवस्था छ। उदाहरणका रूपमा गौरैया आधारभूत विद्यालय, भौर कटैयामा १८८ जना विद्यार्थीका लागि एक जना मात्र शिक्षक कार्यरत छन्। त्यसैगरी, केही विद्यालयमा स्वीकृत शिक्षक दरबन्दी रिक्त रहेको तथा राहत शिक्षकको भरमा शिक्षण कार्य सञ्चालन भइरहेको अवस्था पनि देखिन्छ। यसले शिक्षक–विद्यार्थी अनुपात, विषयगत शिक्षकको उपलब्धता तथा विद्यालयहरूबीच शिक्षकको समुचित वितरणमा चुनौती सिर्जना गरेको छ।

विज्ञान, गणित, अङ्ग्रेजी तथा सूचना प्रविधि जस्ता विषयमा दक्ष शिक्षकको व्यवस्थापन, विद्यालयको विद्यार्थी सङ्ख्या, तहगत आवश्यकता तथा भौगोलिक अवस्थाअनुसार शिक्षक दरबन्दीको पुनरावलोकन र समायोजन गर्न आवश्यक देखिन्छ। साथै, शिक्षकहरूको निरन्तर पेशागत विकास, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण, उपचारात्मक (Remedial) शिक्षण, समावेशी शिक्षा, दक्षतामा आधारित मूल्याङ्कन तथा विद्यार्थी–केन्द्रित शिक्षण विधिमा क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ।

गाउँपालिकाले जारी गरेको **१०८ बुँदे शैक्षिक सुधार घोषणापत्र** ले शिक्षक तथा प्रधानाध्यापकको भूमिका, जिम्मेवारी, कार्यसम्पादन र उत्तरदायित्वलाई स्पष्ट गर्दै जवाफदेही र परिणाममुखी शैक्षिक प्रणाली निर्माणलाई प्राथमिकता दिएको छ। समग्रमा, शिक्षक व्यवस्थापनको आधारभूत संरचना उपलब्ध भए पनि शिक्षक दरबन्दीको सन्तुलित वितरण, विषयगत शिक्षकको सुनिश्चितता, नियमित क्षमता विकास तथा कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणालीलाई थप सुदृढ गर्नु आवश्यक देखिन्छ। साथै, सखुवानन्कारकट्टी गाउँपालिकाको वर्तमान शिक्षक दरबन्दी तथा शिक्षक व्यवस्थापनको विस्तृत अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ।

शैक्षिक सत्र २०८२ आधारभूत (प्रा.वि.) तह तर्फ दरबन्दी

| क्र स | विद्यालयको नाम | संचालित कक्षा | मौजूदा संख्या | | जम्मा दरबन्दी | विद्यार्थीको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | दरबन्दी | राहत | | | |
| १ | आधारभूत विद्यालय इटहर्वा | १– ५ | २ | – | २ | ९१ | |
| २ | माध्यमिक विद्यालय महेश्वारी | १–१२ | ३ | १ | ४ | २२६ | |
| ३ | राम आ. वि महेशवारी | १–५ | १ | २ | ३ | १४८ | |
| ४ | आ. वि महदेवा पोर्ताहा | १–४ | १ | १ | २ | ९२ | |
| ५ | मा. वि महदेवा पोर्ताहा | १–१० | ५ | – | ५ | २५२ | |
| ६ | शहिद प्रमोद आ. वि मिर्जापुर दिनाजपुर | १–५ | २ | १ | ३ | ८७ | |
| ७ | आ. वि महदेवा पोर्ताहा | १–५ | २ | – | २ | ७७ | |
| ८ | कृष्ण आ. वि परिहारपुर | १–३ | १ | – | १ | ५० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | राधाकृष्ण आ. वि महदेवा पोर्ताहा ३ | १–५ | ० | ० | ० | ९२ | शिक्षक र विद्यार्थी अनुपात |
| १० | ज मा वि मौवाही( प्राविधिकधार) | १–१२ | ३ | २ | ५ | १६३ | |
| ११ | आ. वि लतियाही | १–३ | २ | – | २ | ११९ | |
| १२ | गौरैया आ. वि भौर कटैया | १–५ | १ | – | १ | १८८ | |
| १३ | आ. वि सिमराहा | १–८ | ४ | – | ४ | १४९ | |
| १४ | राष्ट्रिय आ. वि सखुवा | १–६ | ३ | १ | ४ | ८८ | |
| १५ | राष्ट्रिय आ. वि खैरवोना | १–५ | २ | १ | ३ | १०८ | |
| १६ | राम आ. वि खैरवोना | १–४ | २ | – | २ | ३१ | |
| १७ | म.ज.मा.वि. सोठिआईन | १–१२ | ४ | – | ४ | २०७ | |
| १८ | आ. वि. सोठिआईन पटना | १–५ | ३ | – | ३ | १०३ | |
| १९ | आ. वि बेतहा जगतपुर | १–५ | ४ | – | ४ | १२६ | |
| २० | कुश्मा आ. वि सोठिआईन | १–५ | ० | – | ० | ५० | |
| | जम्मा | | **४५** | **९** | **५४** | २६१४ | १ : ४८ |

*तालिका नं १६  सखुवानन्कारकट्टी गाउँपालिकाका आधारभूत तह तर्फ दरबन्दी*

सखुवानन्कारकट्टी गाउँपालिकाका २० वटा सामुदायिक विद्यालयमा कुल ५४ जना शिक्षक (४५ दरबन्दी र ९ राहत) कार्यरत छन् भने २,६१४ जना विद्यार्थी अध्ययनरत रहेका छन्। यस आधारमा गाउँपालिकाको औसत शिक्षक–विद्यार्थी अनुपात १:४८ रहेको देखिन्छ। खासै आधारभूत तहमा शिक्षक र विद्दार्थीको अनुपात राष्ट्रिय मापदण्ड अनुसार तँराइमा१:५० फरक रहेको देखिन्छ ।तथापि, विद्यालयगत रूपमा शिक्षक तथा विद्यार्थीको वितरण समान नभएकाले केही विद्यालयमा शिक्षक अभाव तथा केही विद्यालयमा शिक्षक–विद्यार्थी अनुपात असन्तुलित रहेको अवस्था विद्यमान छ। गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि शिक्षक दरबन्दी मिलान, विषयगत शिक्षक व्यवस्थापन तथा आवश्यकतानुसार थप शिक्षक व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

सखुवानन्कारकट्टी गाउँपालिका सिरहा

**शैक्षिक सत्र २०८२ आधारभूत तर्फ दरबन्दी**

| क्र स | विद्यालयको नाम | संचालित कक्षा | मौजूदा संख्या | | जम्मा दरबन्दी | विद्यार्थीको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | दरबन्दी | राहत | | | |
| १ | माध्यमिक विद्यालय महदेवा पोर्ताहा | १– १० | १ | ३ | ४ | ३१४ | शिक्षक र विद्यार्थी अनुपात |
| २ | माध्यमिक विद्यालय महेश्वारी | १–१२ | ० | ० | ० | ३७७ | |
| ३ | ज.मा.वि सोठिआईन | १–१२ | ३ | ० | ३ | २१९ | |
| ४ | आ. वि सिमराहा | १–८ | ० | ० | ० | ५८ | |
| ५ | ज.मा.वि मौवाही प्राविधिक | १–१२ | १ | ० | १ | २६१ | |
| | जम्मा | | | | ८ | १२१९ | १ : १५४ |

*तालिका नं १७  सखुवानन्कारकट्टी गाउँपालिकाका आधारभूत तह तर्फ दरबन्दी*

उपलब्ध विवरण अनुसार विद्यालयहरूबीच शिक्षक वितरण समान नभएको देखिन्छ। केही विद्यालयमा शिक्षक शून्य अवस्था रहेको छ भने विद्यार्थी संख्या तुलनात्मक रूपमा बढी भएका विद्यालयमा समेत पर्याप्त शिक्षक व्यवस्था नभएको अवस्था देखिन्छ। यसले शिक्षक–विद्यार्थी अनुपात असन्तुलित रहेको संकेत गर्दछ। गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि दरबन्दी पुनर्वितरण, शिक्षक अभाव भएका विद्यालयमा तत्काल व्यवस्थापन तथा आवश्यकतानुसार थप शिक्षक दरबन्दी सिर्जना गर्नुपर्ने आवश्यकता देखिन्छ। शिक्षक–विद्यार्थी अनुपात हेर्दा १:१५४ रहेको छ जुन राष्ट्रिय मापदण्ड अनुसार तँराइमा १:५० भन्दा तीन गुणा बढि रहेकोले समयमै दरबन्दी पुनर्वितरण, शिक्षक अभाव भएका विद्यालयमा तत्काल व्यवस्थापन गर्नुपर्दछ।

सखुवानन्कारकट्टी गाउँपालिका सिरहा

**शैक्षिक सत्र २०८२ माध्यमिक तह तर्फ दरबन्दी**

| क्र स | विद्यालयको नाम | संचालित कक्षा | मौजूदा संख्या | | जम्मा दरबन्दी संख्या | विद्यार्थीको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | दरबन्दी | राहत | | | |
| १ | माध्यमिक विद्यालय महदेवा पोर्ताहा | १– १० | १ | ० | १ | २७३ | शिक्षक र विद्यार्थी अनुपात |
| २ | माध्यमिक विद्यालय महेश्वारी | १–१२ | १ | ० | १ | २८१ | |
| ३ | ज.मा.वि सोठिआईन | १–१२ | ५ | ० | ५ | ८० | |
| ४ | ज.मा.वि मौवाही प्राविधिक | १–१२ | १ | २ | ३ | १३८ | |
| | जम्मा | | ८ | २ | १० | ७७२ | १ : ७७ |

*तालिका नं १८ सखुवानन्कारकट्टी गाउँपालिकाका माध्यमिक तह तर्फ दरबन्दी*

विद्यालयगत विश्लेषण अनुसार शिक्षक–विद्यार्थी अनुपातमा उल्लेखनीय असन्तुलन देखिन्छ। केही विद्यालयमा एक जना शिक्षकको जिम्मामा धेरै विद्यार्थी (जस्तै १:२८१ र १:२७३) रहेको अवस्था छ भने केही विद्यालयमा तुलनात्मक रूपमा अनुकूल अनुपात (जस्तै १:१६) रहेको देखिन्छ। यसले माध्यमिक तहमा शिक्षक वितरण असमान रहेको स्पष्ट संकेत गर्दछ। गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि दरबन्दी पुनःवितरण, विषयगत शिक्षक व्यवस्थापन तथा आवश्यकता अनुसार थप शिक्षक दरबन्दी व्यवस्था गर्नुपर्ने देखिन्छ।

सखुवानन्कारकट्टी गाउँपालिका सिरहा

**शैक्षिक सत्र २०८२ माध्यमिक तह (११–१२) तर्फ दरबन्दी**

| क्र स | विद्यालयको नाम | संचालित कक्षा | मौजूदा संख्या | | जम्मा दरबन्दी संख्या | विद्यार्थीको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | दरबन्दी | राहत | | | |
| १ | माध्यमिक विद्यालय महेश्वारी | १–१२ | ० | ० | ० | ९५ | शिक्षक र विद्यार्थी अनुपात |
| २ | ज.मा.वि सोठिआईन | १–१२ | १ | ० | १ | ३३ | |
| ३ | ज.मा.वि मौवाही प्राविधिक | १–१२ | ० | ० | ० | ११३ | |
| | जम्मा | | | | १ | २४१ | १ : २४१ |

*तालिका नं १९ सखुवानन्कारकट्टी गाउँपालिकाका माध्यमिक तह (११–१२) तर्फ दरबन्दी*

उपलब्ध तथ्याङ्क अनुसार ११–१२ तहमा शिक्षक वितरण अत्यन्त असन्तुलित रहेको देखिन्छ। दुई वटा विद्यालयमा शिक्षक नै नभएको अवस्था (०:९५ र ०:११३) रहेको छ भने एउटा विद्यालयमा मात्र एक जना शिक्षक कार्यरत रहेको देखिन्छ। यस अवस्थाले कक्षा ११–१२ तहको शिक्षण–सिकाइ प्रक्रिया प्रभावित हुने स्पष्ट संकेत गर्दछ। गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि तत्काल विषयगत शिक्षक व्यवस्था, दरबन्दी पुनर्वितरण तथा थप शिक्षक नियुक्ति अत्यावश्यक देखिन्छ।

प्राविधिक धार तर्फ (कक्षा ९ देखि डिप्लोमा सम्म) सखुवानन्कारकट्टी गाउँपालिका, सिरहा

| क्र.सं. | विद्यालयको नाम | संचालित कक्षा | मौजुदा दरबन्दी | जम्मा दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ज.मा.वि. मौवाही (प्राविधिक धार) | ९–१२ | ९ | ९ | |

दरबन्दी विवरण:

- प्रमुख प्रशिक्षक (MA/Science/Technical): २ जना, सहायक प्रशिक्षक (MA/Science/Technical): २ जना

- MA/BSc विज्ञान शिक्षक: २ जना, प्राविधिक विषय शिक्षक (Diploma/Technical): २ जना / अतिरिक्त व्यवस्था:

अनुदानबाट प्राविधिक श्रेणीको तलब भत्ता खाने गरी १ जना Lab Assistant (प्रयोगशाला सहायक) व्यवस्था गरिएको।

सखुवानन्कारकट्टी गाउँपालिकामा शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरू निम्न बमोजिम रहेका छन् –

१. विद्यालय तथा तहगत आवश्यकता अनुसार शिक्षक दरबन्दीको समुचित वितरण हुन नसक्नु।
२. आधारभूत तह विशेषगरी कक्षा ६–८ मा विषयगत शिक्षकको अभाव रहनु तथा विद्यार्थी–शिक्षक अनुपात अत्यधिक उच्च हुनु।
३. राहत, अस्थायी तथा बाल शिक्षकमा अत्यधिक निर्भरता रहनु, जसले शिक्षण कार्यको स्थायित्व र गुणस्तरमा प्रभाव पार्नु।
४. विज्ञान, गणित, अंग्रेजी तथा प्राविधिक विषयका दक्ष र प्रशिक्षित शिक्षकको अभाव हुनु तथा विषयगत दरबन्दी अपुग हुनु।
५. शिक्षक पेशागत सहयोग, मार्गदर्शन तथा परामर्शको सुदृढ प्रणाली प्रभावकारी रूपमा स्थापित हुन नसक्नु।
६. शिक्षकको नियमित पेशागत विकास, तालिम, क्षमता अभिवृद्धि तथा प्रविधिमैत्री शिक्षण सम्बन्धी अवसर सीमित हुनु।
७ शिक्षण सिकाइ प्रक्रियालाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि, सामग्री तथा क्रियाकलापमा आवश्यक विविधता ल्याउन नसक्नु।
८. विद्यालयबीच शिक्षक संख्या, विषयगत उपलब्धता तथा शिक्षक–विद्यार्थी अनुपातमा असन्तुलन रहनु।
९. शिक्षक दरबन्दी, विद्यार्थी संख्या र वास्तविक आवश्यकता बीच समन्वय तथा समयसापेक्ष दरबन्दी मिलान हुन नसक्नु।
१०. शिक्षकको नियमित अनुगमन, कार्यसम्पादन मूल्याङ्कन तथा प्रोत्साहन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु।
११. सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक सीप, स्रोत तथा पूर्वाधारको अभाव हुनु।
१२. शिक्षकको समयमै पदपूर्ति, रिक्त दरबन्दी व्यवस्थापन तथा अग्रिम रूपमा स्वयंसेवक शिक्षक सूची तयारी प्रणाली प्रभावकारी हुन नसक्नु।
१३. शिक्षण पेशालाई आकर्षक, सम्मानित तथा दक्ष जनशक्तिको रोजाइको पेशाका रूपमा विकास गर्न नसक्नु।
१४. समावेशी, बालमैत्री तथा सिकाइ उपलब्धिमुखी शिक्षण अभ्यासलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न चुनौती रहनु।

सखुवानन्कारकट्टी गाउँपालिकामा शिक्षक व्यवस्थापन र विकासका अवसरहरू

- विद्यार्थी–शिक्षक अनुपात तथा विद्यालयको आवश्यकता अनुसार शिक्षक दरबन्दी व्यवस्थापन र समायोजन गर्ने अवसर।
- शिक्षकहरूको निरन्तर पेशागत विकास (CPD), विषयगत तालिम, पुनर्ताजगी तालिम तथा ICT-आधारित शिक्षण क्षमता अभिवृद्धि गर्ने।
- उपचारात्मक (Remedial), समावेशी तथा विद्यार्थी–केन्द्रित शिक्षण विधि कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गर्ने।
- शिक्षकको कार्यसम्पादन मूल्याङ्कन, सुपरिवेक्षण, पृष्ठपोषण तथा प्रोत्साहन प्रणालीलाई प्रभावकारी बनाउने।
- संघ, प्रदेश, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) तथा विकास साझेदार संस्थासँग सहकार्य गरी शिक्षक विकास कार्यक्रम सञ्चालन गर्ने।
- विद्यालयका प्रधानाध्यापकहरूको नेतृत्व तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी शैक्षिक नेतृत्वलाई प्रभावकारी बनाउने।
- शिक्षक व्यवस्थापनमा समावेशिता, लैङ्गिक समानता तथा समान अवसरका सिद्धान्तलाई कार्यान्वयन गर्ने।
- गाउँपालिकाको १०८ बुँदे शैक्षिक सुधार घोषणापत्र लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै शिक्षकको जिम्मेवारी, उत्तरदायित्व र कार्यसम्पादन संस्कृतिलाई संस्थागत गर्ने।
- डिजिटल शिक्षक प्रोफाइल, शिक्षक सूचना व्यवस्थापन प्रणाली तथा तथ्याङ्कमा आधारित शिक्षक व्यवस्थापन प्रणाली विकास गर्ने।

### ४.२.२ उद्देश्य

सखुवानन्कारकट्टी गाउँपालिकाको शिक्षा क्षेत्र योजनाअन्तर्गत शिक्षक व्यवस्थापन र विकासका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन् –

१. शिक्षकको छनौट, नियुक्ति, पदपूर्ति, पुनर्वितरण तथा दरबन्दी मिलान प्रक्रियालाई प्रभावकारी, पारदर्शी र आवश्यकता आधारित बनाउनु।
२. शिक्षक विकास, निरन्तर पेशागत सहयोग, क्षमता अभिवृद्धि तथा कार्यसम्पादन सुधारका लागि संस्थागत पेशागत सहायता प्रणाली स्थापना तथा सुदृढ गर्नु।
३. सबै तह तथा विषयमा योग्य, दक्ष, प्रशिक्षित, प्रविधिमैत्री र क्षमतावान् शिक्षकहरूको उपलब्धता सुनिश्चित गर्नु।
४. आधारभूत तथा माध्यमिक तहमा विद्यार्थी–शिक्षक अनुपात सन्तुलित बनाउन आवश्यकता अनुसार शिक्षक व्यवस्थापन गर्नु।
५. विज्ञान, गणित, अंग्रेजी, प्राविधिक तथा अन्य विषयगत शिक्षकको उपलब्धता सुनिश्चित गर्नु।
६. शिक्षण सिकाइ प्रक्रियालाई विद्यार्थी केन्द्रित, समावेशी, बालमैत्री तथा सिकाइ उपलब्धिमुखी बनाउन शिक्षकको पेशागत क्षमता विकास गर्नु।
७. सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणाली प्रभावकारी बनाउन शिक्षकहरूको डिजिटल तथा प्रविधि सम्बन्धी क्षमता अभिवृद्धि गर्नु।
८. पालिका अन्तर्गत स्वयंसेवक शिक्षक छनोट तथा परिचालन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउनु।
९. शिक्षकको नियमित अनुगमन, मूल्याङ्कन, प्रोत्साहन तथा उत्तरदायित्व प्रणालीलाई सुदृढ गर्नु।
१०. शिक्षण पेशालाई मर्यादित, आकर्षक र प्रतिस्पर्धी पेशाका रूपमा विकास गर्न आवश्यक सहजीकरण गर्नु।

### ४.२.३ रणनीतिहरू

सखुवानन्कारकट्टी गाउँपालिकामा शिक्षक व्यवस्थापन तथा विकासका उद्देश्य हासिल गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ –
१. शिक्षक–विद्यार्थी अनुपात, तहगत आवश्यकता तथा विषयगत मागका आधारमा शिक्षक दरबन्दी मिलान, पुनर्वितरण तथा व्यवस्थापन गरिनेछ।
२. रिक्त दरबन्दीमा स्थानीय तहबाट आवश्यक प्रक्रिया पूरा गरी शिक्षक व्यवस्थापन तथा स्वयंसेवक शिक्षक परिचालन गरिनेछ।
३. शिक्षकको निरन्तर पेशागत विकासका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी शिक्षण सीप विकास, विषयगत दक्षता तथा प्रविधिमैत्री शिक्षण सम्बन्धी सेवाकालीन तालिम सञ्चालन गरिनेछ।
४. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइनेछ। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह सञ्चालन तथा स्रोत शिक्षक एवं अनुभवी शिक्षकमार्फत कोचिङ र मेन्टोरिङ पद्धतिको विकास गरी कार्यान्वयन गरिनेछ।
५. शिक्षकको उपस्थिति, नियमितता, पेशागत अनुशासन तथा कार्यसम्पादन सुधार गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन गरिनेछ।
६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग आबद्ध गरी नतिजाप्रति जवाफदेही हुने प्रणाली विकास गरिनेछ।
७. शिक्षण सिकाइ प्रक्रियालाई विद्यार्थी केन्द्रित, समावेशी, बालमैत्री तथा उपलब्धिमूलक बनाउन आधुनिक तथा सहभागितामूलक शिक्षण विधि अवलम्बन गरिनेछ।
८. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षकको डिजिटल क्षमता विकास तथा प्रविधि प्रयोगलाई प्रोत्साहन गरिनेछ।
९. विज्ञान, गणित, अंग्रेजी तथा प्राविधिक विषयका दक्ष शिक्षक व्यवस्थापनका लागि सम्बन्धित निकायसँग सहकार्य तथा समन्वय गरिनेछ।
१०. शिक्षकको कार्यसम्पादनमा आधारित प्रोत्साहन, सम्मान तथा पुरस्कार प्रणाली विकास गरी शिक्षण पेशाप्रति उत्प्रेरणा अभिवृद्धि गरिनेछ।

### ४.२.४ प्रमुख उपलब्धि र नतिजा

सखुवानन्कारकट्टी गाउँपालिकाको शिक्षा क्षेत्र योजनाअन्तर्गत शिक्षक व्यवस्थापन तथा विकास कार्यक्रम कार्यान्वयनबाट हासिल हुने प्रमुख उपलब्धिहरू निम्नानुसार हुनेछन् –

१. दरबन्दी मिलान तथा पुनर्वितरण सम्पन्न भई तहगत, कक्षागत तथा विषयगत रूपमा शिक्षक व्यवस्थापन प्रभावकारी भएको हुनेछ।

२. विद्यालयमा आवश्यक विषयगत शिक्षकको उपलब्धता सुनिश्चित भई शिक्षक–विद्यार्थी अनुपातमा सुधार भएको हुनेछ।

३. शिक्षकहरूले निरन्तर पेशागत विकास, सेवाकालीन तालिम तथा क्षमता अभिवृद्धिका अवसर प्राप्त गरेका हुनेछन्।

४. शिक्षक पेशागत सहयोग प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भई शिक्षकलाई नियमित कोचिङ, मेन्टोरिङ तथा पेशागत सहयोग उपलब्ध भएको हुनेछ।

५. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ सञ्चालन गर्न शिक्षकको डिजिटल तथा प्रविधिमैत्री क्षमता विकास भएको हुनेछ।

६. शिक्षकको उपस्थिति, नियमितता, कार्यसम्पादन तथा पेशागत उत्तरदायित्वमा सुधार आएको हुनेछ।

७. शिक्षण सिकाइ प्रक्रिया विद्यार्थी केन्द्रित, समावेशी, बालमैत्री तथा उपलब्धिमूलक बनेको हुनेछ।

८. विज्ञान, गणित, अंग्रेजी तथा प्राविधिक विषयका दक्ष शिक्षक व्यवस्थापनमा सुधार भएको हुनेछ।

९. शिक्षक तथा प्रधानाध्यापकको कार्यसम्पादन मूल्याङ्कन तथा प्रोत्साहन प्रणाली संस्थागत भएको हुनेछ।

१०. शिक्षण पेशाप्रति आकर्षण, उत्प्रेरणा तथा पेशागत मर्यादामा अभिवृद्धि भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ।*

| क्र.स. | सूचक | आधार वर्ष २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | १० | २० | ३३ | ३३ | ३३ | ३३ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक संख्या | ४० | १५ | १३ | ६८ | ६८ | ६८ |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक संख्या | ० | ० | ८ | ८ | ८ | ८ |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | १७ | | | | | |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | | | | | | |

*तालिका नं ११ सखुवानन्कारकट्टी गाउँपालिकाका शिक्षक व्यवस्थापन तथा विकास उपक्षेत्रको प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य*

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

आगामी दश वर्षमा सखुवानन्कारकट्टी गाउँपालिकाले शिक्षक व्यवस्थापन तथा विकास गर्न देहाय बमोजिकका प्रमुख क्रियाकलापहरु वार्षिक रुपमा संचालन गर्नुपर्ने आवश्यक छ।

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ।*

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ११. | स्वयम् सेवक शिक्षक तयारी | संख्या | ४ | १३ | ० | ० | ० | १७ | गाउँपालिका |
| १२. | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | १ | ० | ० | ० | ० | १ | गाउँपालिका |
| २ | शिक्षक तयारी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २१. | नया नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | ० | १ | ० | १ | ० | २ | संघ, प्रदेश/ गाउँपालिका |
| ३ | कक्षा १-३ को शिक्षकलाई एकिकृत पाठयक्रम सम्बन्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | संघ गाउँपालिका |
| ३१. | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | ० | १ | ० | ० | ० | १ | गाउँपालिका |
| ३२. | उपचारात्मक शिक्षण पद्धति अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | १० | विद्यालय |
| ३३. | एक विद्यालय एक पुस्तकालय | संख्या | ४ | ० | १ | ० | १ | ६ | संघ, प्रदेश/ गाउँपालिका |
| ३४. | एक विद्यालय एक ICT ल्याव | संख्या | ९ | | ५ | | ५ | १९ | संघ /प्रदेश/ गाउँपालिका |
| ३५. | शिक्षक पेशागत सहयोग पद्धति | पटक | १ | १ | १ | १ | १ | निरन्तर | संघ /प्रदेश/ गाउँपालिका |
| ३६. | शिक्षक पेशागत सहयोग मार्गदर्शन विकास गर्ने | पटक | | १ | | | | २ | गाउँपालिका |
| ३७. | पेशागत शैक्षिक अवलोकन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका गाउँपालिका |
| ४ | शिक्षक क्षमता विकास कार्यक्रम | | १ | १ | १ | १ | १ | ५ | तालिम केन्द्र गाउँपालिका |
| ४१. | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ४२. | बाल विकास सहजकर्ताको लागि ३० आधारभूत तालिम | पटक | १ | | | १ | | २ | गाउँपालिका |
| ५१. | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | २ | ५ | ५ | ५ | ५ | २० | गाउँपालिका |
| ५२. | विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था गर्ने | संख्या | ० | ० | १ | ० | ० | १ | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | शिक्षकको आपूर्ति र वितरणविद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | | १ | | १ | | २ | संघ /प्रदेश/ गाउँपालिका |

*तालिका नं २० सखुवानन्कारकट्टी गाउँपालिकाका शिक्षक व्यवस्थापन तथा विकास उपक्षेत्रको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने समुदायहरूको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यहाँ यादव समुदाय सबैभन्दा बढी ८,६४४ जना (४६.५८ प्रतिशत), त्यसपछि मुसहर १,६७८ जना (९.०४ प्रतिशत) र मुस्लिम समुदाय १,३५५ जना (७.३० प्रतिशत) रहेका छन्। यसरी जातीय तथा धार्मिक विविधतायुक्त सामाजिक संरचना यस गाउँपालिकाको प्रमुख विशेषता हो। तराई क्षेत्रमा अवस्थित यस गाउँपालिकामा व्यापार, उद्योग, कलकारखाना तथा प्राकृतिक स्रोतसँग सम्बन्धित विभिन्न आर्थिक गतिविधिहरू सञ्चालनमा रहेका छन्। औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको प्रमुख योगदान रहेको छ भने स्थानीय बासिन्दाको आम्दानीका अन्य स्रोतहरूमा व्यापार, व्यवसाय, उद्योग, नोकरी तथा वैदेशिक रोजगारी प्रमुख रहेका छन्। परम्परागत कृषि प्रणालीबाट क्रमशः आधुनिक कृषि तथा वैकल्पिक आयआर्जनतर्फ समुदाय उन्मुख हुँदै गएको देखिन्छ। साथै, रोजगारी तथा अध्ययनका लागि विदेशिने जनशक्तिको संख्या पनि उल्लेखनीय रूपमा बढिरहेको छ।

सखुवानन्कारकट्टी गाउँपालिकामा शैक्षिक समता तथा समावेशीकरणलाई विद्यालय शिक्षाको महत्वपूर्ण आधारका रूपमा लिइएको छ। बालबालिकाको जातजाति, लैङ्गिक, भाषिक तथा सामाजिक अवस्थासम्बन्धी विवरण सङ्कलन तथा अभिलेखीकरण कार्य क्रमशः व्यवस्थित हुँदै गएको देखिन्छ। अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान, शिक्षामा पहुँच सुनिश्चितता तथा व्यक्तिगत सहयोग प्रणाली विकासका लागि आवश्यक उपकरण, सहयोगी सामग्री तथा दक्ष जनशक्तिको व्यवस्था अझ सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ। आर्थिक रूपमा विपन्न, दलित, जनजाति, अल्पसंख्यक तथा अन्य जोखिममा रहेका बालबालिकाका लागि छात्रवृत्ति, शैक्षिक सामग्री सहयोग तथा समता लक्षित कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

यसैगरी पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ वातावरण तथा शिक्षण–सिकाइ क्रियाकलापलाई समावेशी, बालमैत्री तथा समान पहुँचयुक्त बनाउने प्रयास भइरहेको छ। विद्यालय बाहिर रहेका तथा विभिन्न कठिन परिस्थितिमा रहेका बालबालिकाका लागि वैकल्पिक सिकाइ, पुनःभर्ना तथा सहजीकरण कार्यक्रम सञ्चालन गर्ने आवश्यकता अझै देखिन्छ। खेलकुद, अतिरिक्त क्रियाकलाप तथा शैक्षिक भ्रमणमार्फत बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिइँदै आएको छ भने विद्यार्थी मूल्याङ्कन तथा सिकाइ सहयोग प्रणालीलाई थप समावेशी र उपलब्धिमुखी बनाउने प्रयास भइरहेको छ। साथै शिक्षक नियुक्ति तथा व्यवस्थापन प्रक्रियामा समावेशीतालाई प्राथमिकता दिने अभ्यास पनि विस्तार हुँदै गएको छ। स्थानीय तहले छात्रवृत्ति वितरण, बालमैत्री विद्यालय प्रवर्द्धन, समावेशी शिक्षण वातावरण निर्माण तथा विपन्न लक्षित सहयोग कार्यक्रम सञ्चालन जस्ता असल अभ्यासहरू कार्यान्वयन गर्दै आएको छ।

सखुवानन्कारकट्टी गाउँपालिकाले शैक्षिक समता तथा समावेशीकरण प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ। विपन्न, दलित, जनजाति, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकालाई छात्रवृत्ति, शैक्षिक सामग्री तथा पोशाक सहयोग उपलब्ध गराउने कार्य भइरहेको छ। यहाँका विद्यालयहरूमा बालमैत्री तथा समावेशी सिकाइ वातावरण निर्माण, छात्रा शिक्षा

प्रवर्द्धन, विद्यालय बाहिर रहेका बालबालिकाको पुनःभर्ना अभियान सञ्चालन तथा खेलकुद र अतिरिक्त क्रियाकलापमार्फत सबै बालबालिकाको सहभागिता सुनिश्चित गर्ने प्रयास गरिँदै आएको छ।

साथै शिक्षक नियुक्ति तथा व्यवस्थापनमा समावेशीतालाई प्राथमिकता दिने, अभिभावक तथा समुदायको सहभागिता अभिवृद्धि गर्ने तथा समता लक्षित कार्यक्रम सञ्चालन गर्ने अभ्यासहरू पनि कार्यान्वयनमा रहेका छन्। तथापि, शैक्षिक समता तथा समावेशीकरणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न अझै विभिन्न समस्या तथा चुनौतीहरू विद्यमान छन्। अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक भौतिक पूर्वाधार, सहयोगी सामग्री तथा विशेष शिक्षण सीपयुक्त शिक्षकको अभाव रहेको छ। आर्थिक रूपमा विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकामा विद्यालय पहुँच, नियमितता तथा सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर देखिन्छ। भाषिक तथा सामाजिक विविधताअनुसार शिक्षण सामग्री तथा सिकाइ सहजीकरण पर्याप्त रूपमा विकसित हुन सकेको छैन।

विद्यालय बाहिर रहेका तथा कठिन परिस्थितिमा रहेका बालबालिकाको पहिचान, पुनःभर्ना तथा निरन्तर सिकाइ सुनिश्चित गर्न पनि चुनौती रहेको छ। साथै समावेशी शिक्षण विधि, बालमैत्री वातावरण तथा समतामूलक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक स्रोत, बजेट तथा दक्ष जनशक्तिको अभाव पनि प्रमुख समस्याका रूपमा देखिन्छ।

अवसरहरु

- सबै बालबालिकाको शिक्षामा समान पहुँच र सहभागिता सुनिश्चित गर्न स्थानीय सरकारको स्पष्ट नीतिगत प्रतिबद्धता रहेको।
- दलित, मुस्लिम, जनजाति, अपाङ्गता भएका, विपन्न तथा अन्य सीमान्तकृत समुदायका बालबालिकालाई लक्षित कार्यक्रम सञ्चालन गर्ने अवसर।
- छात्रवृत्ति, दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, शैक्षिक सामग्री तथा अन्य सहायतामार्फत कमजोर वर्गका विद्यार्थीलाई विद्यालयमा टिकाइ राख्ने अवसर।
- अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री विद्यालय पूर्वाधार र सिकाइ वातावरण विकास गर्ने अवसर।
- विद्यालयमा लैङ्गिक समानता, बाल संरक्षण, समावेशी शिक्षा तथा GEDSI सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने अवसर।
- विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायको सहभागिता बढाई समावेशी शैक्षिक वातावरण निर्माण गर्ने अवसर।
- संघ, प्रदेश सरकार तथा विकास साझेदार संस्थासँग सहकार्य गरी समावेशी शिक्षा कार्यक्रम विस्तार गर्ने अवसर।

**४.३.२ उद्देश्यहरू**

सखुवानन्कारकट्टी गाउँपालिकामा शैक्षिक समता र समावेशीकरणसँग सम्बन्धित स्थानीय तहका उद्देश्यहरू निम्नानुसार रहेका छन्।

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी तथा समतामूलक पहुँच सुनिश्चित गर्नु।

२. विपन्न, सीमान्तकृत, अपाङ्गता भएका तथा विभिन्न कठिन परिस्थितिमा रहेका बालबालिकाको विद्यालय पहुँच, सहभागिता तथा निरन्तर सिकाइ सुनिश्चित गर्नु।

३. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धिमा सुधार गर्नु।

४. विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंसा तथा दुर्व्यवहार हुन नदिई बालबालिकाको नियमित उपस्थिति, सहभागिता तथा सिकाइ सहज हुने सुरक्षित, समावेशी र बालमैत्री वातावरण सिर्जना गर्नु।

५. छात्रवृत्ति, शैक्षिक सहयोग तथा समता लक्षित कार्यक्रममार्फत कमजोर तथा जोखिममा रहेका बालबालिकालाई सहयोग उपलब्ध गराउनु।

६. पाठ्यक्रम, शिक्षण विधि, सिकाइ सामग्री तथा मूल्याङ्कन प्रणालीलाई समावेशी, सहभागितामूलक तथा बालमैत्री बनाउनु।

७. शिक्षक, अभिभावक तथा समुदायमा समावेशी शिक्षा, लैङ्गिक समानता तथा बालअधिकार सम्बन्धी सचेतना अभिवृद्धि गर्नु।

### ४.३.३ रणनीतिहरू

सखुवानन्कारकट्टी गाउँपालिकामा शैक्षिक समता तथा समावेशीकरणका उद्देश्य हासिल गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ-
१. लक्षित समूहका बालबालिकाको पहिचान, अभिलेखीकरण तथा आवश्यकतामा आधारित शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
२. विपन्न, दलित, जनजाति, अपाङ्गता भएका, बालिका तथा विभिन्न कठिन परिस्थितिमा रहेका बालबालिकाका लागि छात्रवृत्ति, शैक्षिक सामग्री तथा सहयोग कार्यक्रम विस्तार गरिनेछ ।
३. विद्यालयमा समावेशी, सुरक्षित, बालमैत्री तथा विभेदरहित सिकाइ वातावरण निर्माण गरिनेछ।
४. विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको पुनःभर्ना, निरन्तरता तथा वैकल्पिक सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ।
५. पाठ्यक्रम, शिक्षण विधि, सिकाइ सामग्री तथा मूल्याङ्कन प्रणालीलाई समावेशी, सहभागितामूलक तथा बालमैत्री बनाइनेछ।
६. अपाङ्गता भएका बालबालिकाका लागि पहुँचयुक्त भौतिक पूर्वाधार, सहयोगी सामग्री तथा आवश्यक सहयोग प्रणाली विकास गरिनेछ।
७. शिक्षक, अभिभावक तथा समुदायको समावेशी शिक्षा, लैङ्गिक समानता तथा बालअधिकार सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ।
८. खेलकुद, अतिरिक्त क्रियाकलाप तथा नेतृत्व विकास कार्यक्रममार्फत सबै बालबालिकाको समान सहभागिता सुनिश्चित गरिनेछ।
९. शिक्षक नियुक्ति, व्यवस्थापन तथा विद्यालय सञ्चालन प्रक्रियामा समावेशीकरणलाई प्राथमिकता दिइनेछ।
१०. संघ, प्रदेश तथा सरोकारवाला निकायसँग समन्वय गरी समता तथा समावेशीकरणसम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

### ४.३.४ प्रमुख उपलब्धि र नतिजा

उपलब्धि
सखुवानन्कारकट्टी गाउँपालिकामा शैक्षिक समता तथा समावेशीकरण कार्यक्रम कार्यान्वयनबाट हासिल हुने प्रमुख उपलब्धिहरू निम्नानुसार हुनेछन् –
१. लक्षित समूहका बालबालिकाको विद्यालय पहुँच, सहभागिता तथा नियमिततामा वृद्धि भएको हुनेछ।
२. विद्यालयमा समावेशी, सुरक्षित, बालमैत्री तथा विभेदरहित सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ।
३. विपन्न, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाले छात्रवृत्ति तथा आवश्यक शैक्षिक सहयोग प्राप्त गरेका हुनेछन्।
४. विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको पुनःभर्ना तथा निरन्तर सिकाइ सुनिश्चित भएको हुनेछ।
५. समावेशी शिक्षण विधि, सिकाइ सामग्री तथा मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनबाट सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।
६. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुने ।

नतिजा तथा परिमाणात्मक लक्ष्य
*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ।*

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | ३०१७ | २८१८ | २६१७ | २४१७ | २२१७ | २०१७ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.७९ | ०.७९ | ०.८० | ०.८० | ०.८० | ०.८० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.९३ | ०.९३ | ०.९४ | ०.९५ | ०.९६ | ०.९७ |
| ४ | आधारभूत तहमा महिला शिक्षकको सङ्ख्या | २०२० | २० | २० | २० | २० | २० |
| ५ | माध्यमिक तहमा महिला शिक्षकको सङ्ख्या | ० | ० | ० | ० | ० | ० |

*तालिका नं २१ सखुवानन्कारकट्टी गाउँपालिकाका शैक्षिक समता र समावेशीकरण उपक्षेत्रको नतिजा तथा परिमाणात्मक लक्ष्य*

### ४.३. ५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ ।*

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( वर्ष ५) | | | | | भौतिक लक्ष्य वर्ष १०) ( | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षामा समता र समाबेशीकरण अवस्था र आवश्यकता पहिचान | पटक | | | १ | | | २ | गाउँपालिका |
| २ | विद्यालयहरूमा वालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | २ | २ | २ | २ | २ | १६ | संघ/ प्रदेश/ गाउँपालिका |
| ३ | विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सा.के.सि. |
| ४ | मातृभाषामा सिकाइको अवसर प्रदान गरिने। | संख्या | २० | २० | २० | २० | २० | २० | विद्यालय |
| ५ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | संख्या | २० | २० | २० | २० | २० | २० | गाउँपालिका |
| ६ | मनोसामाजिक परामर्श | संख्या | १ | १ | २ | १ | ५ | १० | विद्यालय |
| ७ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | संख्या | १ | १ | २ | १ | ५ | १० | संघ/ प्रदेश/ गाउँपालिका |
| ८ | गुनासो सुनुवाई समिति गठन र परिचालन | संख्या | १ | १ | २ | १ | ५ | १० | गाउँपालिका वा संघ संस्था |
| ०९ | गुनासो सुनुवाई समिति को क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | १० | पालिका संघ संस्था |
| १० | बालिका तथा समाबेशी शिक्षा संजालको परिचालन | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका संघ संस्था |

*तालिका नं २२ सखुवानन्कारकट्टी गाउँपालिकाका शैक्षिक समता र समावेशीकरण उपक्षेत्रको प्रमुख क्रियाकलाप परिमाणात्मक लक्ष्य*

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

सखुवानन्कारकट्टी गाउँपालिकामा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमअन्तर्गत आधारभूत तहका अर्थात प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई लक्षित गरी विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन हुँदै आएको छ। दिवा खाजा व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा स्थानीय तहबीच समन्वय गरी खाद्य सामग्री व्यवस्थापन, खाना पकाउने तथा

वितरण कार्य नियमित रूपमा सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रमले विद्यार्थीको विद्यालय उपस्थितिमा वृद्धि, पोषण सुधार तथा सिकाइमा सकारात्मक प्रभाव पारेको देखिन्छ।

विद्यालयहरूमा स्वास्थ्य तथा पोषणसम्बन्धी विभिन्न कार्यक्रमहरू पनि सञ्चालन भइरहेका छन्। नियमित स्वास्थ्य परीक्षण, जुकाको औषधि वितरण, खोप अभियान, किशोरी स्वास्थ्य तथा महिनावारी सरसफाइसम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरिँदै आएका छन्। साथै विद्यार्थी तथा अभिभावकलाई व्यक्तिगत सरसफाइ, पोषण तथा स्वास्थ्य व्यवहार सम्बन्धी अभिमुखीकरण प्रदान गर्ने कार्य पनि निरन्तर रूपमा भइरहेको छ।

विद्यालय सरसफाइ तथा स्वच्छताको अवस्था सुधार गर्न शौचालय निर्माण, हात धुने स्थान व्यवस्थापन, सुरक्षित खानेपानीको व्यवस्था तथा विद्यालय परिसर सरसफाइ कार्यक्रम सञ्चालन गरिएका छन्। केही विद्यालयमा बालमैत्री तथा लैङ्गिकमैत्री शौचालय निर्माण गरिएको भए पनि सबै विद्यालयमा सरसफाइ तथा स्वच्छता मापदण्ड पूर्ण रूपमा कायम हुन सकेको अवस्था छैन।

स्थानीय तहले विद्यालय स्वास्थ्य तथा पोषण सुधारका लागि दिवा खाजा कार्यक्रम सञ्चालन, स्वास्थ्य तथा सरसफाइ सचेतना अभियान, विद्यालय स्वास्थ्य परीक्षण तथा स्वच्छ विद्यालय प्रवर्द्धन कार्यक्रम जस्ता असल अभ्यासहरू कार्यान्वयन गर्दै आएको छ। साथै विद्यालय, स्वास्थ्य संस्था तथा समुदायबीच समन्वय गरी स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने अभ्यास पनि विस्तार हुँदै गएको छ।

नेपालको हाल कार्यान्वयनमा रहेको १६औं योजना लगायत शिक्षा क्षेत्रका रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य तथा शैक्षिक उपलब्धि सुधारको महत्वपूर्ण आधारका रूपमा लिइएको छ। विद्यालय क्षेत्र विकास योजनाले पनि बालबालिकाको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूको विद्यालय उपस्थिती र सिकाइ उपलब्धि वृद्धि गर्न दिवा खाजा कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गरेको छ।

### ४.४ .१ बर्तमान अवस्था

सखुवानन्कारकट्टी गाउँपालिकामा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम अन्तर्गत कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरूलाई दिवा खाजा कार्यक्रममार्फत खाजा उपलब्ध गराइँदै आएको छ। खाजा व्यवस्थापन विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा स्थानीय तहको समन्वयमा सञ्चालन हुँदै आएको छ। केही विद्यालयमा स्थानीय उत्पादनमा आधारित खाजा व्यवस्था प्रभावकारी देखिए पनि सबै विद्यालयमा समान गुणस्तर र नियमितता कायम हुन सकेको छैन। विद्यालयहरूमा जुकाको औषधि वितरण, आइरन–फोलिक एसिड चक्की वितरण, नियमित स्वास्थ्य परीक्षण, किशोरी स्वास्थ्य तथा महिनावारी सरसफाइसम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। साथै विद्यार्थी तथा अभिभावकलाई व्यक्तिगत सरसफाइ, पोषण तथा स्वस्थ जीवनशैलीसम्बन्धी अभिमुखीकरण प्रदान गर्ने कार्य पनि भइरहेको छ।

विद्यालय सरसफाइ तथा स्वच्छताका दृष्टिले केही विद्यालयमा सुरक्षित खानेपानी, बालमैत्री शौचालय तथा हात धुने सुविधा उपलब्ध भए तापनि सबै विद्यालयमा आवश्यक पूर्वाधार पूर्ण रूपमा विकास हुन सकेको छैन। सरसफाइ अभ्यासमा सुधार हुँदै गए पनि स्वच्छता मापदण्डको पूर्ण कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको देखिन्छ ।स्थानीय तहले विद्यालय पोषण तथा स्वास्थ्य सुधारका लागि दिवा खाजा कार्यक्रम सञ्चालन, स्वास्थ्य तथा सरसफाइ सचेतना अभियान, आइरन–फोलिक एसिड वितरण कार्यक्रम तथा स्वच्छ विद्यालय प्रवर्द्धन जस्ता असल अभ्यासहरू कार्यान्वयन गर्दै आएको छ। साथै विद्यालय, स्वास्थ्य संस्था तथा समुदायबीच समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने अभ्यास पनि विस्तार हुँदै गएको छ।

यद्यपि, सबै विद्यालयमा समान गुणस्तरको दिवा खाजा सुनिश्चित गर्न कठिनाइ, स्वास्थ्यकर्मी तथा पोषणसम्बन्धी दक्ष जनशक्तिको सीमितता, सरसफाइ पूर्वाधारको अपूर्णता तथा स्थानीय उत्पादनलाई खाजा कार्यक्रमसँग पूर्ण रूपमा जोड्न नसकिएको अवस्था प्रमुख चुनौतीका रूपमा रहेका छन्।सखुवानन्कारकट्टी गाउँपालिकामा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धित प्रमुख चुनौतीहरूमा सबै विद्यालयमा समान गुणस्तर र नियमित दिवा खाजा सुनिश्चित गर्न कठिनाइ, स्वास्थ्यकर्मी तथा पोषणसम्बन्धी दक्ष जनशक्तिको अभाव, सरसफाइ तथा स्वच्छता पूर्वाधारको अपूर्णता, तथा स्थानीय उत्पादनलाई खाजा कार्यक्रमसँग प्रभावकारी रूपमा जोड्न नसकिएको अवस्था रहेका छन्। साथै विद्यालयस्तरमा स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमको दीर्घकालीन अनुगमन र मूल्याङ्कन प्रणाली अझै सुदृढ हुन सकेको छैन। स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम विस्तार गर्न सकिने, समुदाय तथा अभिभावकको सहभागिता अझ मजबुत बनाउन सकिने, विद्यालय–स्वास्थ्य संस्था समन्वयलाई थप प्रभावकारी बनाउन सकिने तथा बालबालिकाको पोषण अवस्था सुधार गर्दै सिकाइ उपलब्धि वृद्धि गर्न सकिने सम्भावना रहेको छ। यसैगरी स्वास्थ्य तथा पोषण शिक्षालाई पाठ्यक्रम र दैनिक सिकाइसँग जोडेर दीगो सुधार ल्याउने अवसर पनि प्रशस्त रहेको छ ।

यस गाउँपालिका मा विद्यालय दिवा खाजा, स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयनका क्रममा निम्न चुनौतीहरू पहिचान गरिएका छन् –

१. दिवा खाजा, स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता कार्यक्रमको प्रभावकारी तथा व्यवस्थित कार्यान्वयन सुनिश्चित गर्न चुनौती रहनु।

२. सबै विद्यालयमा नियमित स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक स्वास्थ्यकर्मी तथा स्वास्थ्य सहयोग प्रणालीको अभाव हुनु।

३. विद्यालय दिवा खाजाका लागि उपयुक्त मापदण्ड तथा स्वरूप निर्धारण गरी पौष्टिक, सन्तुलित तथा स्वस्थकर खाजा सुनिश्चित गर्न कठिनाइ हुनु।

४. पोषणसम्बन्धी सचेतना अभिवृद्धिका लागि सचित्र तथा व्यवहारिक पोषण पाठ्यक्रम निर्माण र प्रभावकारी कार्यान्वयन हुन नसक्नु।

५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादन, स्थानीय खाद्य सामग्री तथा स्थानीय व्यापारसँग प्रभावकारी रूपमा आबद्ध गर्न चुनौती रहनु।

६. विद्यालयमा सरसफाइ तथा स्वच्छता मापदण्ड विकास, कार्यान्वयन तथा नियमित अनुगमन प्रभावकारी बनाउन आवश्यक स्रोतसाधन तथा व्यवस्थापनको अभाव हुनु।

### ४.४.२ उद्देश्य

सखुवानन्कारकट्टी गाउँपालिका मा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धित उद्देश्यहरू निम्नानुसार रहेका छन् –

१. प्रत्येक विद्यालयमा अध्ययनरत बालबालिकालाई स्वस्थकर, सुरक्षित तथा पौष्टिक दिवा खाजा प्राप्त हुने सुनिश्चित गर्नु।

२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा, सुविधा तथा व्यवहारमा सुधार गर्नु।

३. विद्यालय, अभिभावक, स्वास्थ्य संस्था, समुदाय तथा अन्य सरोकारवालाहरूबीच समन्वय र सहभागिता सुदृढ गरी बालबालिकाको पोषण अवस्था, स्वास्थ्य तथा सिकाइ उपलब्धिमा सुधार गर्नु।

४. विद्यालयमा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता मापदण्ड कार्यान्वयन गरी स्वस्थ तथा बालमैत्री वातावरण निर्माण गर्नु।

५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादन तथा पोषणमैत्री खाद्य प्रणालीसँग आबद्ध गर्दै दिगो र प्रभावकारी बनाउनु।

### ४.४.३ रणनीतिहरू

सखुवानन्कारकट्टी गाउँपालिका मा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमका उद्देश्य हासिल गर्न निम्न रणनीतिहरू अवलम्बन गरिनेछ

१. विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित, पोषणयुक्त तथा स्वस्थकर बनाउन स्थानीय स्तरमा उपलब्ध खाद्य सामग्रीको प्रयोगलाई प्राथमिकता दिइनेछ।
२. विद्यालयमा स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी नियमित सचेतना, स्वास्थ्य परीक्षण तथा व्यवहार परिवर्तन कार्यक्रम सञ्चालन गरिनेछ।
३. प्रत्येक विद्यालयमा सुरक्षित खानेपानी, शौचालय, हात धुने स्थान तथा फोहोर व्यवस्थापनसहित सरसफाइ तथा स्वच्छता मापदण्ड कार्यान्वयन गरिनेछ।
४. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालनका लागि विद्यालय, स्वास्थ्य संस्था, अभिभावक, समुदाय तथा सरोकारवालाबीच समन्वय र सहकार्य सुदृढ गरिनेछ।
५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादन, स्थानीय बजार तथा पोषणमैत्री खाद्य प्रणालीसँग आबद्ध गरिनेछ।
६. विद्यालयमा किशोरी स्वास्थ्य, महिनावारी सरसफाइ तथा व्यक्तिगत स्वच्छतासम्बन्धी शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
७. स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणाली विकास गरिनेछ।
८. विद्यालयमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य सहयोग प्रणाली विस्तारका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

### ४.४.४ प्रमुख उपलब्धिहरु तथा नतिजा

उपलब्धिहरु
सखुवानन्कारकट्टी गाउँपालिका मा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम कार्यान्वयनबाट हासिल हुने प्रमुख उपलब्धिहरू निम्नानुसार हुनेछन् –
१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य, पोषण तथा सरसफाइ अवस्थामा सुधार भएको हुनेछ।
२. विद्यालय दिवा खाजा कार्यक्रममार्फत बालबालिकाले नियमित रूपमा स्वस्थकर तथा पौष्टिक खाजा प्राप्त गरेका हुनेछन्।
३. बालबालिकाको नियमित उपस्थिति, सिकाइ सहभागिता तथा सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।
४. विद्यालयमा सुरक्षित, समावेशी, बालमैत्री तथा रमाइलो सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ।
५. किशोरी स्वास्थ्य, व्यक्तिगत सरसफाइ तथा मनोसामाजिक कुशलता (**Well-being**) मा सकारात्मक सुधार भएको हुनेछ।
६. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने।

नतिजा तथा परिमाणात्मक लक्ष्य

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिने छ।*

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-५ | १-५ | १-५ | १-५ | १-५ | १-५ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको संख्या | ० | १७ | १७ | १७ | १७ | १७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय संख्या | ० | २ | २ | १ | १ | ४ |
| ७ | कक्षा ६–१२ सम्मका किशोरीहरूलाई सेनिटरी प्याड तथा महिनावारी स्वास्थ्यसम्बन्धी सहयोग उपलब्ध गराउने | ६ | ६ | ६ | ६ | ६ | ६ |
| ८ | विद्यालयमा अध्ययनरत बालबालिकाको नियमित स्वास्थ्य परीक्षण तथा स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गर्ने | ० | १० | १० | २० | २० | २० |
| ९ | प्रारम्भिक बालविकासदेखि कक्षा ३ सम्मका बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान कार्यक्रम विस्तार गर्ने | १ | ३ | ५ | २० | २० | २० |

*तालिका नं २३ सखुवानन्कारकट्टी गाउँपालिकाको विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमको मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य*

## ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ ।*

| क्र.स | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( वर्ष ५) | | | | | भौतिक लक्ष्य ( वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कर्यविधि २०७७ अद्यावधिक र परिमार्जन | पटक | | १ | | | | १ | गाउँपालिका |
| २ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा बितरण गर्ने विद्यालय | संख्या | २० | २० | २० | २० | २० | २० | गाउँपालिका विद्यालय |
| ३ | विद्यालयमा पोषण कर्नर निर्माण | संख्या | १ | २ | १ | १ | ५ | १० | गाउँपालिका विद्यालय |
| ४ | विद्यालयहरूमा उपयुक्त भान्सा कोठाको व्यवस्थापन | संख्या | १ | २ | १ | १ | ५ | १० | गाउँपालिका |
| ५ | अभिभावक आमा समूह | संख्या | १ | २ | ३ | २ | २ | २० | विद्यालय |
| ६ | User Manual समेतको प्राथमिक उपचार बाकस | संख्या | १ | | २ | | २ | ५ | गाउँपालिका |
| ७ | एक विद्यालय एक स्वास्थकर्मी | संख्या | १ | | २ | | २ | ५ | संघ/ प्रदेश/ गाउँपालिका |
| ८ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | ७८- | ७८- | ७८- | ७८- | ७८- | ७८- | विद्यालय |
| ९ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | १२ | | ५ | | ५ | २२ | संघ/ प्रदेश/ गाउँपालिका |

*तालिका नं २४ सखुवानन्कारकट्टी गाउँपालिकाको विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

सखुवानन्कारकट्टी गाउँपालिकामा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलताका क्षेत्रमा विद्यालयहरूलाई बालमैत्री, सुरक्षित तथा विपद् प्रतिरोधी बनाउन विभिन्न प्रयासहरू भइरहेका छन्। केही विद्यालयमा सुरक्षित भवन, खानेपानी, शौचालय तथा बालमैत्री सिकाइ वातावरण विकास गरिएको भए पनि सबै विद्यालयमा आवश्यक सुरक्षा मापदण्ड पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। विशेषगरी पुराना तथा जीर्ण भवन, सीमित भौतिक पूर्वाधार र जोखिमयुक्त स्थानमा रहेका विद्यालयहरू अझै संवेदनशील अवस्थामा रहेका छन्।

यस गाउँपालिका बाढी, आगलागी, चट्याङ, हावाहुरी, भूकम्प, शीतलहर तथा महामारीजस्ता विभिन्न विपद् जोखिमयुक्त क्षेत्रमा पर्दछ। यस्ता परिस्थितिमा शिक्षाको निरन्तरता सुनिश्चित गर्न परिस्थितिजन्य शिक्षाको अवधारणा महत्वपूर्ण मानिन्छ, जसले संकटको समयमा पनि बालबालिकाको सिकाइ अधिकार संरक्षण गर्दै वैकल्पिक शिक्षण प्रणालीमार्फत शिक्षालाई निरन्तरता दिन सहयोग गर्दछ। विपद् पूर्व तयारी, आपतकालीन व्यवस्थापन तथा विपद् पश्चात पुनःस्थापना जस्ता कार्यहरू यस अवधारणामा समेटिएका छन्।

विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापनका केही प्रयासहरू भए पनि विद्यालय सुरक्षा योजना, उद्धार अभ्यास, प्राथमिक उपचार, सचेतना कार्यक्रम तथा आपतकालीन तयारी सबै विद्यालयमा प्रभावकारी रूपमा लागू हुन सकेको छैन। साथै आपतकालीन अवस्थामा वैकल्पिक सिकाइ प्रणाली, डिजिटल पहुँच, इन्टरनेट सुविधा तथा आवश्यक शैक्षिक सामग्रीको अभावका कारण सिकाइ निरन्तरतामा चुनौती देखिन्छ।

समग्रमा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलताका क्षेत्रमा सुरक्षित पूर्वाधार निर्माण, विपद् तयारी क्षमता विकास, प्रविधिमैत्री वैकल्पिक शिक्षण प्रणाली विस्तार तथा पर्याप्त स्रोतसाधनको व्यवस्थापन प्रमुख आवश्यकता रहेका छन्।

सखुवानन्कारकट्टी गाउँपालिकामा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलतासम्बन्धी प्रमुख चुनौतीहरू निम्नानुसार रहेका छन् –

१. सबै विद्यालयमा सुरक्षित, बालमैत्री तथा विपद् उत्थानशील भौतिक पूर्वाधार सुनिश्चित गर्न नसक्नु।

२. पुराना तथा जीर्ण विद्यालय भवन, अपर्याप्त कक्षाकोठा तथा जोखिमयुक्त स्थानमा रहेका विद्यालयको व्यवस्थापन गर्न कठिनाइ हुनु।

३. बाढी, आगलागी, हावाहुरी, चट्याङ तथा महामारीजस्ता विपद्को जोखिम न्यूनीकरणका लागि पर्याप्त तयारी, स्रोतसाधन तथा पूर्वाधारको अभाव हुनु।

४. विद्यालय सुरक्षा योजना, उद्धार अभ्यास तथा आपतकालीन तयारी कार्यक्रम सबै विद्यालयमा प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु।

५. आपतकालीन अवस्थामा शिक्षा तथा सिकाइ निरन्तरताका लागि वैकल्पिक सिकाइ प्रणाली तथा आवश्यक सामग्रीको अभाव हुनु।

६. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच, डिजिटल उपकरण तथा इन्टरनेट सेवाको समान उपलब्धता हुन नसक्नु।

७. शिक्षक, विद्यार्थी तथा समुदायमा विपद् जोखिम न्यूनीकरण तथा सुरक्षा सचेतना पर्याप्त रूपमा विकास हुन नसक्नु।

८. विद्यालयमा प्राथमिक उपचार सामग्री, स्वास्थ्य सुरक्षा सामग्री तथा विपद् व्यवस्थापन सामग्रीको अभाव हुनु।

९. विपद् प्रभावित बालबालिकाको मनोसामाजिक सहयोग तथा पुनःसिकाइ व्यवस्थापन प्रभावकारी रूपमा सञ्चालन गर्न चुनौती रहनु।

१०. विद्यालय सुरक्षा तथा विपद् व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि पर्याप्त बजेट, दक्ष जनशक्ति तथा संस्थागत समन्वयको अभाव हुनु।

**विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलताका अवसर**

- सबै विद्यालयमा विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरण (DRR) योजना तयार गरी प्रभावकारी कार्यान्वयन गर्ने ।
- भूकम्प, बाढी, आगलागी, चट्याङ, महामारी तथा अन्य विपद्को जोखिमलाई मध्यनजर गर्दै सुरक्षित, बालमैत्री तथा विपद् प्रतिरोधी विद्यालय पूर्वाधार विकास गर्ने ।

- शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई विपद् तयारी, प्राथमिक उपचार, खोज तथा उद्धार र आपतकालीन प्रतिकार्यसम्बन्धी नियमित तालिम सञ्चालन गर्ने ।
- विद्यालयस्तरमा नियमित विपद् पूर्वतयारी अभ्यास (Mock Drill) तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने अवसर।
- सुरक्षित खानेपानी, सरसफाइ, स्वास्थ्य तथा मनोसामाजिक सहयोग सेवाहरूलाई विद्यालय व्यवस्थापन प्रणालीसँग एकीकृत गर्ने ।
- विपद् वा महामारीको अवस्थामा वैकल्पिक तथा प्रविधिमा आधारित सिकाइ प्रणाली सञ्चालन गर्ने क्षमता विकास गर्ने ।
- जलवायु परिवर्तन अनुकूलन, वातावरण संरक्षण तथा हरित विद्यालय अवधारणालाई विद्यालय शिक्षासँग एकीकृत गर्ने ।

### ४.५.२ उद्देश्यहरू

सखुवानन्कारकट्टी गाउँपालिकामा आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि शिक्षण–सिकाइ प्रक्रियालाई निरन्तर, सुरक्षित र समावेशी रूपमा सञ्चालन गर्दै बालबालिकाको सिकाइ अधिकार सुनिश्चित गर्न निम्न उद्देश्यहरू निर्धारण गरिएका छन्:

- आपतकालीन अवस्थामा अनलाइन, सामाजिक सञ्जाल तथा मल्टिमिडिया प्रविधिको प्रयोगमार्फत शिक्षण–सिकाइलाई निरन्तरता दिनु।
- “Free Wi-Fi Palika” अवधारणा कार्यान्वयन गरी डिजिटल पहुँच र प्रविधिमैत्री शिक्षण वातावरण विस्तार गर्नु।
- संकटको समयमा बालबालिकाका लागि सुरक्षित सिकाइ स्थान (Safe Space) स्थापना र व्यवस्थापन गर्नु।
- जोखिमयुक्त परिस्थितिमा घुम्ती कक्षा तथा सानो समूहमा सिकाइ सञ्चालन गरी शिक्षाको निरन्तरता सुनिश्चित गर्नु।
- शिक्षक तथा विद्यार्थीका लागि आपतकालीन बीमा तथा सुरक्षा प्रणाली विकास गर्नु।
- आपतकालीन अवस्थामा मनोसामाजिक परामर्श तथा सहयोग सेवा उपलब्ध गराई मानसिक स्वास्थ्य संरक्षण गर्नु।
- विपद् व्यवस्थापन, तयारी, प्रतिक्रिया तथा पुनःस्थापनामा विद्यालय, अभिभावक, PTA, SMC तथा स्थानीय सरकारबीच समन्वय सुदृढ गर्नु ।

### ४.५.३ रणनीतिहरू

- आपतकालीन अवस्थामा अनलाइन, सामाजिक सञ्जाल तथा मल्टिमिडिया प्रविधिको प्रयोगमार्फत शिक्षण–सिकाइलाई निरन्तरता दिने व्यवस्था गर्ने।
- “Free Wi-Fi पालिका” अवधारणा कार्यान्वयन गरी डिजिटल पहुँच विस्तार तथा प्रविधिमैत्री शिक्षण वातावरण विकास गर्ने।
- संकटको समयमा बालबालिकाका लागि सुरक्षित सिकाइ स्थान (Safe Space) स्थापना तथा व्यवस्थापन गर्ने।
- जोखिमयुक्त परिस्थितिमा घुम्ती कक्षा तथा सानो समूहमा सिकाइ सञ्चालन गरी शिक्षाको निरन्तरता सुनिश्चित गर्ने।
- शिक्षक तथा विद्यार्थीका लागि आपतकालीन बीमा तथा सुरक्षा प्रणाली विकास गरी जोखिम न्यूनीकरण गर्ने।
- आपतकालीन अवस्थामा मनोसामाजिक परामर्श तथा सहयोग सेवा उपलब्ध गराई मानसिक स्वास्थ्य संरक्षण गर्ने।
- विपद् व्यवस्थापन, तयारी, प्रतिक्रिया तथा पुनःस्थापनाका लागि विद्यालय, अभिभावक, PTA, SMC तथा स्थानीय सरकारबीच समन्वय सुदृढ गर्ने।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

सखुवानन्कारकट्टी गाउँपालिकामा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता कार्यक्रम कार्यान्वयनबाट हासिल हुने प्रमुख उपलब्धिहरू निम्नानुसार हुनेछन् –

१. विद्यालयहरूमा सुरक्षित, बालमैत्री तथा विपद् उत्थानशील भौतिक तथा शिक्षण सिकाइ वातावरण सुनिश्चित भएको हुनेछ।

२. विद्यालय तथा समुदायमा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा सुरक्षा सचेतनामा अभिवृद्धि भएको हुनेछ।

३. विद्यार्थी, शिक्षक तथा अभिभावकमा प्रकोप रोकथाम, उद्धार तथा आपतकालीन व्यवस्थापनसम्बन्धी क्षमता विकास भएको हुनेछ।

४. आपतकालीन तथा विपद्को अवस्थामा शिक्षा तथा सिकाइ निरन्तरता सुनिश्चित भएको हुनेछ।

५. विद्यालय सुरक्षा योजना, विपद् व्यवस्थापन प्रणाली तथा सेवा प्रवाह संयन्त्र प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ।*

| क्र.स. | सूचक | आधार वर्ष २०८)२८/३( | २०८३८/४ | २०८४८/५ | २०८५८/६ | २०८६८/७ | २०८७८/८ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिप सहित महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमखुीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ |
| २ | हरित विद्यालय सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |
| ३ | जलवायुपरिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ |
| ४ | विद्यालयमा नियमित विपद् सचेतना, उद्धार तथा सुरक्षा अभ्यास सञ्चालन गर्ने | ० | २ | २ | २ | १० | २० |
| ५ | विद्यालयस्तरीय विपद् व्यवस्थापन तथा सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्ने | ० | ५ | १० | १३ | १५ | २० |

*तालिका नं २४ सखुवानन्कारकट्टी गाउँपालिकाको विद्वालाय सुरक्षा विषपत न्यनीकरण तथा उत्थानशीलता उपक्षेत्रका मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य*

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने ।*

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( वर्ष ५) | | | | | भौतिक लक्ष्य वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विपद् प्रतिरोधी तथा बालमैत्री विद्यालय भौतिक पूर्वाधार निर्माण तथा मर्मत | आवश्यक तानुसार | २० | २० | २० | २० | २० | २० | संघ/ प्रदेश/ गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यालयस्तरीय विपद् व्यवस्थापन तथा सुरक्षा योजना निर्माण र कार्यान्वयन | संख्या | २० | २० | २० | २० | २० | २० | संघ वा गाउँपालिका |
| ३ | विद्यार्थी, शिक्षक तथा अभिभावकलाई विपद् जोखिम न्यूनीकरण, प्राथमिक उपचार तथा सुरक्षा तालिम सञ्चालन | संख्या | २० | २० | २० | २० | २० | २० | संघ तथा गाउँपालिका |
| ४ | विद्यालयमा विपद् सचेतना, उद्धार तथा सुरक्षा अभ्यास कार्यक्रम सञ्चालन | निरन्तर | २० | २० | २० | २० | २० | २० | संघ/ प्रदेश/ गाउँपालिका |
| ५ | आपतकालीन अवस्थामा वैकल्पिक सिकाइ तथा सूचना प्रविधिमा आधारित शिक्षण प्रणाली सञ्चालन | प्रतिशत | २० | २० | २० | २० | २० | २० | गाउँपालिका |
| ६ | विपद् प्रतिरोधी तथा बालमैत्री विद्यालय भौतिक पूर्वाधार निर्माण तथा मर्मत | संख्या | २० | २० | २० | २० | २० | २० | गाउँपालिका |
| ७ | विद्यालयस्तरीय विपद् व्यवस्थापन तथा सुरक्षा योजना निर्माण र कार्यान्वयन | संख्या | २० | २० | २० | २० | २० | २० | गाउँपालिका |
| ८ | शिक्षक तथा विव्यस समितिलाई तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ९ | विपद् प्रतिरोधी विद्दालय संखया | संख्या | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |

*तालिका नं २६ सखुवानन्कारकट्टी गाउँपालिकाको विद्दालय पोषण तथा स्वास्थ्य कार्यक्रमको मुख्य क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य*

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

शिक्षा नियमावली, २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ० वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तह ७५.लागि प्रति विद्यार्थी १बराबरको क्षेत्रफल तोकिएको छ वर्गमिटर ००. । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ । बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.१ वर्तमान अवस्था

सखुवानान्कारकट्टी गाउँपालिकामा विद्यालयहरूको भौतिक पूर्वाधार अवस्था क्रमशः सुधार हुँदै गएको भए पनि अझै पनि धेरै विद्यालयहरूमा न्यूनतम मापदण्ड पूरा गर्ने दिशामा थप प्रयास आवश्यक देखिन्छ। गाउँपालिकाभित्र रहेका विद्यालयहरूमा कक्षाकोठाको संख्या, पक्की, कच्ची तथा अर्धपक्की संरचनाको अवस्था असन्तुलित रहेको छ। केही विद्यालयमा पर्याप्त र सुरक्षित कक्षाकोठा उपलब्ध भए पनि धेरै विद्यालयमा कक्षाकोठा अभाव तथा जीर्ण संरचनाको समस्या विद्यमान छ। पुस्तकालय र प्रयोगशाला कक्षाको उपलब्धता

पनि सीमित रहेको छ, जसले विद्यार्थीको व्यवहारिक र अनुसन्धानमुखी सिकाइमा चुनौती सिर्जना गरेको छ। त्यस्तै, प्रशासनिक कार्यका लागि आवश्यक कार्यालय कक्ष सबै विद्यालयमा व्यवस्थित रूपमा उपलब्ध छैनन्।

केही विद्यालयमा पुनर्निर्माण तथा मर्मत–सम्भारको आवश्यकता स्पष्ट रूपमा देखिन्छ, विशेषगरी पुराना र जोखिमयुक्त भवन भएका विद्यालयहरूमा तत्काल हस्तक्षेप आवश्यक छ। साथै, विद्यालय भवन निर्माण मापदण्डअनुसार पहुँचयुक्त संरचना तथा छात्राका लागि छुट्टै शौचालयको व्यवस्था सबै विद्यालयमा पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन, जसले समावेशी र सुरक्षित शिक्षण–सिकाइ वातावरणमा असर पारेको छ। समग्रमा, सखुवानान्कारकट्टी गाउँपालिकामा विद्यालय भौतिक पूर्वाधारको अवस्था सुधारोन्मुख भए पनि सुरक्षित, समावेशी र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न योजनाबद्ध लगानी, पूर्वाधार विस्तार तथा नियमित मर्मत–सम्भार आवश्यक देखिन्छ।

यस सखुवानान्कारकट्टी गाउँपालिकामा कुल २३ विद्यालय रहेका छन्, जसमा २० सामुदायिक र ३ संस्थागत विद्यालय सञ्चालनमा रहेका छन्। सामुदायिक विद्यालयहरूमा कुल १०४ भवनमध्ये २८ वटा मात्र पक्की भवन रहेका छन् भने ७६ वटा कक्षाकोठा पक्की छन्। यसले गाउँपालिकामा अझै पनि विद्यालय पूर्वाधारमा पक्की संरचनाको कमी रहेको देखाउँछ। छात्रा शौचालय भएका विद्यालय २१ वटा, छात्र शौचालय भएका विद्यालय ३८ वटा तथा महिला शिक्षकका लागि शौचालय व्यवस्था भएका विद्यालय १५ वटा रहेका छन्। खानेपानीको अवस्थामा हेर्दा आफ्नै स्रोत भएका विद्यालय १९ वटा, बाह्य स्रोतमा निर्भर रहेका विद्यालय ० वटा र कुनै पनि स्रोत नभएका विद्यालय १ वटा रहेका छन्। विपद् तथा जोखिम व्यवस्थापनका लागि स्थानीय पाठ्यक्रममार्फत प्रारम्भिक कक्षादेखि नै आवश्यक विषयवस्तु समावेश गरिएको छ। पुस्तकालय सुविधा १ वटा विद्यालयमा मात्र उपलब्ध छ भने विज्ञान प्रयोगशाला १ वटा, कम्प्युटर प्रयोगशाला १ वटा विद्यालयमा रहेका छन्। इन्टरनेट सुविधा १८ वटा विद्यालयमा पुगेको छ। विद्यालयको आन्तरिक वातावरणतर्फ हेर्दा ६ विद्यालयमा स्टाफ कोठा, ८ विद्यालयमा स्टोर कोठा, ० विद्यालयमा खेलकुद कोठा तथा ८ विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन्। साथै, १ वटा विद्यालयमा ४ कोठे पक्की भवन निर्माणाधीन वा सम्पन्न अवस्थामा रहेका छन्। धेरैजसो विद्यालयमा तारजाली सहितको घेराबारा भए पनि केही विद्यालयमा प्रवेश गेट निर्माणको चरणमा रहेका छन्। विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित प्रमुख चुनौतीहरूमा स्थानीय तहको प्रभावकारी भूमिका सुनिश्चित गर्नु, पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउनु तथा सुरक्षित विद्यालय पूर्वाधार विकासका लागि मापदण्डअनुसार गुरुयोजना तयार गरी कार्यान्वयन गर्नु प्रमुख रहेका छन्।

**चुनौती र अवसर**

सखुवानान्कारकट्टी गाउँपालिकामा विद्यालय भौतिक पूर्वाधार विकासका सन्दर्भमा विभिन्न चुनौतीहरू रहेका छन्। विद्यालय भवनहरूमा पक्की संरचनाको कमी, कक्षाकोठाको अपर्याप्तता, पुस्तकालय, प्रयोगशाला तथा ICT पूर्वाधारको सीमित पहुँच प्रमुख चुनौतीका रूपमा रहेका छन्। साथै, सबै विद्यालयमा सुरक्षित खानेपानी, पर्याप्त शौचालय (विशेषगरी छात्रा तथा महिला शिक्षकका लागि), खेलमैदान तथा बालमैत्री पूर्वाधारको पूर्ण व्यवस्था हुन नसक्नुले गुणस्तरीय शिक्षण–सिकाइ वातावरणमा असर पारेको छ। पूर्वाधार विकास कार्यमा गुणस्तर, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नु तथा मापदण्डअनुसार सुरक्षित विद्यालय संरचना निर्माणका लागि दीर्घकालीन गुरुयोजना कार्यान्वयन गर्नु पनि थप चुनौतीका रूपमा देखिन्छ।

यद्यपि, यस क्षेत्रमा केही महत्वपूर्ण अवसरहरू पनि रहेका छन्। स्थानीय तहको सक्रियता, शिक्षा क्षेत्रमा बढ्दो लगानी, समुदाय र विद्यालय व्यवस्थापन समितिको सहभागिता तथा संघीय र प्रदेश सरकारको सहयोगले पूर्वाधार विकासलाई तीव्र बनाउन सकिने सम्भावना छ। त्यस्तै, डिजिटल शिक्षाको विस्तार, इन्टरनेट पहुँच विस्तार र प्रविधिमैत्री शिक्षण अभ्यासले विद्यालयहरूलाई आधुनिक शिक्षण–सिकाइतर्फ उन्मुख गराउने अवसर प्रदान गरेको छ। विपद् व्यवस्थापन तथा सुरक्षित विद्यालय अवधारणाको कार्यान्वयनले दीगो र सुरक्षित शैक्षिक वातावरण निर्माण गर्न थप आधार तयार गरेको छ।

### ४.६.२ उद्देश्य

१. सखुवानान्कारकट्टी गाउँपालिकामा भित्रका विद्यालयहरूमा सुरक्षित, गुणस्तरीय तथा मापदण्डमा आधारित विद्यालय पूर्वाधार विकास तथा कार्यान्वयन गर्नु।
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक कक्षाकोठा, शौचालय, खानेपानी, पुस्तकालय, प्रयोगशाला तथा सूचना प्रविधिमैत्री भौतिक सुविधा सुनिश्चित गर्दै पूर्वाधार विकास, मर्मत सम्भार तथा सुदृढीकरण गर्नु।
३. जलवायु परिवर्तनका असरबाट सुरक्षित रहने गरी वातावरणमैत्री तथा क्लाइमेट स्मार्ट विद्यालय पूर्वाधार निर्माण तथा विस्तारलाई प्रवर्द्धन गर्नु।
४. विद्यालय पूर्वाधारलाई बालमैत्री, अपाङ्गतामैत्री तथा लैङ्गिक समावेशी बनाउँदै सबै बालबालिकाको सहज पहुँच सुनिश्चित गर्नु।
५. विद्यालय पूर्वाधार विकास तथा व्यवस्थापनमा समुदाय, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवालाको सहभागिता र जवाफदेहितालाई सुदृढ गर्नु।

### ४.६.३ रणनीतिहरू

१. विद्यालय पूर्वाधार विकासका लागि विद्यालयको तह, विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्था तथा आवश्यकता अनुसार मापदण्ड तथा भौतिक सूचक विकास गरी कार्यान्वयन गरिनेछ।
२. एक विद्यालयमा आवश्यक सम्पूर्ण पूर्वाधारहरू समेटेर “पूर्ण विद्यालय” अवधारणाअनुसार कक्षाकोठा, प्रशासनिक कक्ष, शौचालय, खानेपानी, भान्सा तथा खेलमैदानसहित समग्र पूर्वाधार विकास गरिनेछ।
३. विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहबीच लागत साझेदारी तथा विभिन्न सरकारी, गैरसरकारी एवं समुदायमा आधारित संस्थासँग समन्वय गरी स्रोत व्यवस्थापन गरिनेछ।
४. प्रकोप तथा विपद्का कारण क्षति पुगेका विद्यालय भवनहरूको आवश्यकताअनुसार पुनर्निर्माण, सुदृढीकरण, मर्मत सम्भार तथा वैकल्पिक व्यवस्थापन गरिनेछ।
५. विद्यालय पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय, वातावरणमैत्री तथा जलवायु उत्थानशील (Climate Smart) प्रणाली विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।
६. विद्यालय पूर्वाधार निर्माण तथा स्रोत परिचालनमा तीन तहका सरकारबीच समन्वय र एकद्वार प्रणाली अवलम्बन गरिनेछ।
७. विद्यालय पूर्वाधार विकास तथा संरक्षणमा स्थानीय समुदाय, विद्यालय व्यवस्थापन समिति, अभिभावक, सरकारी तथा गैरसरकारी संघसंस्थाको सक्रिय सहभागिता र साझेदारी सुनिश्चित गरिनेछ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि
१. सबै विद्यालयमा आवश्यकताअनुसार पर्याप्त तथा मापदण्डअनुकूल भौतिक पूर्वाधार निर्माण हुने।
२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा सुरक्षित बन्ने।
३. विद्यालयहरूमा सुरक्षित खानेपानी, शौचालय, कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला तथा खेलमैदानको सुविधा विस्तार हुने।
४. प्रकोप तथा विपद् प्रतिरोधी विद्यालय भवन निर्माण तथा पुराना संरचनाको सुदृढीकरण हुने।
५. विद्यालय पूर्वाधार विकासमा समुदाय, अभिभावक तथा सरोकारवालाको सहभागिता र स्वामित्व अभिवृद्धि हुने।
६. जलवायु उत्थानशील (Climate Smart) तथा वातावरणमैत्री विद्यालय पूर्वाधारको विकास हुने।
७. विद्यालय पूर्वाधारको नियमित मर्मत सम्भार तथा व्यवस्थापन प्रणाली सुदृढ हुने।

नतिजा तथा परिमाणात्मक लक्ष्य

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ ।*

| क्रसं | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | २० | २० | २० | २० | २० | २० |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा संख्या | २२ | १६ | १० | १० | १० | २२ |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा संख्या | | २ | २ | २ | २ | |
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालय संख्या | | २ | २ | २ | २ | |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय कक्षाकोठा संख्या | २ | २ | २ | २ | २ | २ |
| ६ | विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको संख्या | २ | २ | २ | २ | २ | २ |
| ७ | विद्यालय पूर्वाधार मर्मत सम्भार योजना लागू भएका विद्यालयको प्रतिशत | ५ | ५ | ५ | २ | २ | १७ |

*तालिका नं २७ विद्यालय भौतिक पूर्वाधार र विकास उपक्षेत्रको मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य*

### ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ ।*

| क्रस. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( वर्ष ५) | | | | | भौतिक लक्ष्य ( वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | | १ | | | | २ | गाउँपालिका |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | | १ | | | | | गाउँपालिका |
| ३ | अपाङ्गमैत्री ,बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार निर्माण | संख्या | २ | २ | २ | २ | २ | | गाउँपालिका |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | २ | २ | २ | २ | २ | | संघ/ प्रदेश/ पालिका |
| ५ | विद्यालयको मर्मत सम्भार | निरन्तर | २ | २ | २ | २ | २ | | संघ/ प्रदेश/ पालिका |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन | आवश्यक | २ | २ | २ | २ | २ | | गाउँपालिका |
| ७ | छात्रा-छात्रका लागि वास सहित को शौचालय तथा खानेपानी पानी र सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | | गाउँपालिका |
| ८ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रूजुसूची भर्ने | विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | | गाउँपालिका |

*तालिका नं २८ विद्यालय भौतिक पूर्वाधार र विकास उपक्षेत्रको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

आजको युग २१औँ शताब्दीलाई सूचना तथा सञ्चार प्रविधिको युगका रूपमा लिइन्छ। वर्तमान समयमा सूचना प्रविधिबिना शिक्षालगायत कुनै पनि क्षेत्रको कल्पना गर्न कठिन भएको छ। सूचना तथा सञ्चार प्रविधि भन्नाले ध्वनि, तस्बिर, अक्षर तथा तथ्याङ्कका रूपमा रहेका सूचनाहरूलाई कम्प्युटर, इन्टरनेट, दूरसञ्चार तथा अन्य विद्युतीय उपकरणको प्रयोगमार्फत सङ्कलन, भण्डारण, सम्पादन, सम्प्रेषण तथा प्रवाह गर्ने प्रक्रियालाई बुझिन्छ।

आधुनिक शिक्षा प्रणालीलाई विश्वव्यापीकरण, प्रतिस्पर्धात्मकता तथा प्रविधिमैत्री बनाउँदै लैजान सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका रहेको छ। विश्वका विकसित राष्ट्रहरूले दक्ष तथा प्रविधिमैत्री मानव संसाधन उत्पादनलाई प्राथमिकतामा राखेका छन्। त्यसैले विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउनु आजको आवश्यकता बनेको छ।

### ४.७.१ वर्तमान अवस्था

सखुवानन्कारकट्टी गाउँपालिकाले वर्तमान समयको आवश्यकता अनुरूप शिक्षालाई सूचना तथा सञ्चार प्रविधिसँग आबद्ध गर्दै प्रविधिमैत्री शिक्षण–सिकाइ वातावरण निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइरहेको छ। २१औँ शताब्दीको ज्ञान, सूचना तथा प्रविधिमा आधारित विश्व परिवेशलाई मध्यनजर गर्दै गाउँपालिकाले विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोग विस्तार गर्ने नीति अवलम्बन गरेको छ।

गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरूमा क्रमशः विद्युत्, कम्प्युटर, इन्टरनेट सेवा तथा डिजिटल शिक्षण सामग्रीको पहुँच विस्तार गर्ने प्रयास भइरहेको छ। केही विद्यालयहरूमा कम्प्युटर तथा प्रोजेक्टरको प्रयोगमार्फत डिजिटल शिक्षण अभ्यास सुरु गरिएको छ भने भविष्यमा सबै विद्यालयमा सूचना प्रविधिमा आधारित शिक्षण–सिकाइ प्रणाली विस्तार गर्ने लक्ष्य राखिएको छ। यसले शिक्षण–सिकाइ प्रक्रियालाई थप प्रभावकारी, आकर्षक तथा विद्यार्थीकेन्द्रित बनाउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

विद्यालय प्रशासन तथा शैक्षिक व्यवस्थापनलाई थप व्यवस्थित, पारदर्शी र प्रविधिमैत्री बनाउन गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) को प्रयोगलाई प्राथमिकता दिएको छ। विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा सम्बन्धित कर्मचारीहरूलाई IEMIS सम्बन्धी अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस प्रणालीमार्फत विद्यालयसम्बन्धी तथ्याङ्क संकलन, अभिलेखीकरण, योजना निर्माण, अनुगमन तथा प्रतिवेदन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउने प्रयास गरिएको छ। साथै, विद्यालयस्तरमा डिजिटल अभिलेख व्यवस्थापन तथा सूचना प्रवाह प्रणालीलाई क्रमशः सुदृढ बनाउने कार्यलाई निरन्तरता दिइएको छ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा निर्माण तथा विकास गरिएका डिजिटल शैक्षिक सामग्रीहरूको प्रयोग विद्यालयहरूमा क्रमशः बढ्दै गएको छ। केही विद्यालयहरूले पाठ्यक्रममा आधारित डिजिटल सामग्री, ई–सामग्री, भिडियो पाठ तथा अनलाइन स्रोतहरूको प्रयोग गरी शिक्षण–सिकाइ प्रक्रियालाई थप प्रभावकारी बनाएका छन्। तर, पर्याप्त सूचना प्रविधि पूर्वाधार, इन्टरनेट पहुँच तथा शिक्षकहरूको प्राविधिक दक्षताको अभावका कारण यी सामग्रीहरूको पूर्ण र प्रभावकारी उपयोग हुन सकेको छैन। आगामी दिनमा डिजिटल सामग्रीको पहुँच र प्रयोगलाई थप विस्तार गर्ने आवश्यकता रहेको छ।

स्थानीय तहले गरेका असल अभ्यास

१. विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग प्रवर्द्धन गर्न कम्प्युटर, प्रोजेक्टर तथा इन्टरनेट सेवाको व्यवस्था गर्ने पहल गरिएको।

२. शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई IEMIS तथा सूचना प्रविधिसम्बन्धी तालिम प्रदान गरी तथ्याङ्क व्यवस्थापन र शैक्षिक

प्रशासनलाई व्यवस्थित बनाउने कार्य गरिएको।
३. केही विद्यालयहरूमा डिजिटल शिक्षण सामग्री तथा मल्टिमिडिया माध्यमको प्रयोग गरी विद्यार्थीकेन्द्रित शिक्षण–सिकाइ अभ्यासलाई प्रोत्साहन गरिएको।
४. विद्यालयका शैक्षिक तथा प्रशासनिक अभिलेखलाई क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गर्ने प्रयास गरिएको।

**शिक्षामा सूचना तथा सञ्चार प्रविधिका चुनौतीहरू**

१. विद्यालयहरूमा पर्याप्त कम्प्युटर, इन्टरनेट, स्मार्ट बोर्ड, प्रोजेक्टर तथा अन्य सूचना प्रविधि उपकरणहरूको अभाव हुनु।
२. ग्रामीण तथा दुर्गम क्षेत्रमा नियमित विद्युत् आपूर्ति तथा गुणस्तरीय इन्टरनेट सेवाको कमी हुनु।
३. शिक्षक तथा विद्यार्थीहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी आवश्यक सीप, दक्षता तथा तालिमको अभाव हुनु।
४. विद्यालयहरूमा उपलब्ध प्रविधि उपकरणहरूको नियमित मर्मत सम्भार तथा प्राविधिक सहयोग व्यवस्थापनमा कठिनाइ हुनु।
५. आर्थिक स्रोतको सीमितताका कारण सबै विद्यालयमा सूचना प्रविधि पूर्वाधार विस्तार गर्न कठिनाइ हुनु।
६. डिजिटल शिक्षण सामग्री, ई–सामग्री तथा अनलाइन सिकाइ स्रोतहरूको प्रभावकारी प्रयोगमा कमी हुनु।
७. विपन्न तथा ग्रामीण समुदायका विद्यार्थीहरूमा मोबाइल, कम्प्युटर तथा इन्टरनेट पहुँचको असमानता हुनु।

८. विद्यालय तथा अभिभावक स्तरमा डिजिटल साक्षरताको कमीका कारण प्रविधिमैत्री शिक्षण सिकाइ प्रणाली प्रभावकारी बन्न नसक्नु।

९. सूचना प्रविधिको सुरक्षित, जिम्मेवार तथा नैतिक प्रयोगसम्बन्धी सचेतना तथा अभ्यासको कमी हुनु।

१०. विद्यालय प्रशासन तथा शैक्षिक व्यवस्थापन प्रणालीलाई पूर्ण रूपमा डिजिटल प्रणालीमा रूपान्तरण गर्न आवश्यक संरचना तथा जनशक्तिको अभाव हुनु।

### ४.७.२ उद्देश्यहरू

१. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गरी प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण निर्माण गर्नु।
२. सबै विद्यालयमा कम्प्युटर, इन्टरनेट, डिजिटल सामग्री तथा आवश्यक सूचना प्रविधि पूर्वाधारको विकास तथा प्रयोग सुनिश्चित गर्नु।
३. शिक्षक, विद्यार्थी तथा विद्यालय कर्मचारीहरूको सूचना तथा सञ्चार प्रविधिसम्बन्धी ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्नु।
४. शिक्षण सिकाइ प्रक्रियामा डिजिटल सामग्री, मल्टिमिडिया तथा अनलाइन माध्यमको प्रभावकारी प्रयोगलाई प्रवर्द्धन गर्नु ।
५. विद्यालय प्रशासन, तथ्याङ्क व्यवस्थापन तथा शैक्षिक सूचना प्रणालीलाई प्रविधिमैत्री तथा व्यवस्थित बनाउनु ।
६. विपद्, महामारी वा आपत्कालीन अवस्थाहरूमा वैकल्पिक तथा अनलाइन शिक्षण प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सक्षम बनाउनु।
७. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत शिक्षाको गुणस्तर, पहुँच, समावेशिता तथा सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.७.३ रणनीतिहरू

१. विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्न आवश्यक कम्प्युटर, इन्टरनेट, स्मार्ट बोर्ड, प्रोजेक्टर तथा डिजिटल उपकरणहरूको व्यवस्थापन गरिनेछ।
२. शिक्षक, विद्यार्थी तथा विद्यालय कर्मचारीहरूको सूचना प्रविधिसम्बन्धी ज्ञान, सीप तथा क्षमता विकासका लागि नियमित तालिम, अभिमुखीकरण तथा सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
३. शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन डिजिटल सामग्री, ई–सामग्री, मल्टिमिडिया तथा अनलाइन सिकाइ माध्यमको प्रयोगलाई प्रवर्द्धन गरिनेछ।
४. विद्यालय प्रशासन, अभिलेख व्यवस्थापन तथा शैक्षिक तथ्याङ्क प्रणालीलाई क्रमशः डिजिटल तथा पेपरलेस प्रणालीमा रूपान्तरण गरिनेछ।

५. विपद्, महामारी वा आपत्कालीन अवस्थाहरूमा वैकल्पिक तथा अनलाइन शिक्षण प्रणाली सञ्चालन गर्न आवश्यक पूर्वाधार, सामग्री तथा प्राविधिक सहयोगको व्यवस्था गरिनेछ।
६. अपाङ्गता भएका, विपन्न तथा पहुँचबाट वञ्चित समूहका विद्यार्थीहरूलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच सुनिश्चित गरिनेछ।
७. विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरूमा विद्युतीय पुस्तकालय तथा डिजिटल सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ।

८. विद्यालयहरूमा सुरक्षित तथा व्यवस्थित प्रविधिमैत्री वातावरण निर्माण गर्न क्रमशः सि.सि. क्यामरा, विद्युतीय हाजिरी तथा डिजिटल प्रशासन प्रणाली लागू गरिनेछ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धिहरू
१. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापन, पारदर्शिता तथा सुशासनमा सुधार आउने।
२. शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग विस्तार भई सीपयुक्त, प्रतिस्पर्धी तथा प्रविधिमैत्री जनशक्ति विकास हुने।
३. विद्यालयहरूमा कम्प्युटर, इन्टरनेट, डिजिटल सामग्री तथा अन्य सूचना प्रविधि पूर्वाधारको पहुँच विस्तार हुने।
४ डिजिटल सामग्री, मल्टिमिडिया तथा अनलाइन माध्यमको प्रयोगबाट शिक्षण सिकाइ प्रक्रिया थप प्रभावकारी, आकर्षक तथा विद्यार्थी केन्द्रित बन्ने।
५. विपद्, महामारी तथा आपत्कालीन अवस्थाहरूमा वैकल्पिक तथा अनलाइन शिक्षण प्रणाली सञ्चालन गर्न विद्यालयहरू सक्षम बन्ने।
नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिको छ।

| क्र.स. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | २० | २० | २० | २० | २० | २० |
| २ | कम्प्युटर, प्रोजेक्टर वा डिजिटल उपकरण भएका विद्यालयको प्रतिशत | १ | ३ | १ | १ | १ | ४ |
| ३ | सूचना तथा सञ्चार प्रविधिसम्बन्धी तालिम प्राप्त शिक्षक संख्या | २ | २ | २ | १ | १ | ८ |
| ४ | स्मार्ट बोर्ड वा मल्टिमिडिया सुविधा भएका विद्यालय संख्या | २ | २ | २ | २ | २ | |
| ५ | IEMIS नियमित अद्यावधिक गर्ने विद्यालयको प्रतिशत | ५० | ९० | ९५ | ९५ | १०० | १०० |
| ६ | सूचना तथा सञ्चार प्रविधिमा विद्यार्थीको पहुँच तथा सहभागिता | ५० | १०० | १२० | १५० | २०० | २५० |

*तालिका नं २१ विद्यालय सूचना तथा सञ्चार प्रविधि उपक्षेत्रको मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य*

## ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ ।*

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( वर्ष ५) | | | | | भौतिक लक्ष्य ( १०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयहरूमा इन्टरनेट तथा विद्युत् सुविधा विस्तार | संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | संघ/ प्रदेश/ पालिका |
| २ | कम्प्युटर, प्रोजेक्टर तथा ICT उपकरण व्यवस्थापन भएको विद्यालय संख्या | संख्या | ५ | ५ | ५ | ५ | ५ | १७ | प्र / .स्थानीय |
| ३ | शिक्षक तथा कर्मचारीलाई ICT तालिम प्राप्त शिक्षक तथा कर्मचारी संख्या | संख्या | २५ | ५० | ७५ | १०० | १२५ | १५० | विद्यालय |
| ४ | डिजिटल शिक्षण सामग्री तथा मल्टिमिडिया प्रयोग विस्तार भएको विद्यालय संख्या | संख्या | २ | २ | ४ | ५ | ४ | १७ | गाउँपालिका |
| ५ | IEMIS प्रणाली नियमित अद्यावधिक | संख्या | ८ | १२ | १५ | १७ | १७ | १७ | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | स्मार्ट कक्षा स्मार्ट/बोर्ड स्थापना भएको विद्यालय संख्या | संख्या | | ४ | | ३ | | ७ | |
| ७ | डिजिटल पुस्तकालय स्थापना तथा अद्यावधिक भएको विद्यालय संख्या | संख्या | २० | २० | २० | २० | २० | २० | |
| ८ | विद्युतीय हाजिरी तथा सिक्यामरा जडान .सि. भएको विद्यालय संख्या | संख्या | १ | | | १ | | २ | |
| ९ | अनलाइन तथा वैकल्पिक शिक्षण प्रणाली सञ्चालन भएको विद्यालय संख्या | संख्या | २ | | | १ | | ३ | |
| १० | विद्यालयहरूमा इन्टरनेट तथा विद्युत् सुविधा विस्तार भएको विद्यालयको अवस्था | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

*तालिका नं ३० विद्यालय सूचना तथा सञ्चार प्रविधि उपक्षेत्रको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य*

# परिच्छेद ५ : अन्य उपक्षेत्र

सखुवानन्कारकट्टी गाउँपालिकाको विद्यालय शिक्षा योजनामा विद्यालय शिक्षाका विभिन्न उपक्षेत्र तथा अन्तरसम्बन्धित विषयक्षेत्रहरूका अतिरिक्त स्थानीय आवश्यकता, प्राथमिकता तथा सामाजिक–सांस्कृतिक विविधतालाई सम्बोधन गर्ने अन्य महत्वपूर्ण विषयहरूलाई समेत समेट्न आवश्यक देखिन्छ। गाउँपालिकाको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थालाई मध्यनजर गर्दै प्रारम्भिक बालविकास तथा पूर्वप्राथमिक शिक्षाको सुदृढीकरण, प्राविधिक तथा सीपमूलक शिक्षा, उच्च शिक्षामा पहुँच अभिवृद्धि, सामुदायिक पुस्तकालय तथा वाचनालयको विकास, मातृभाषामा शिक्षा, समावेशी शिक्षा तथा विविधता व्यवस्थापनजस्ता विषयहरूलाई शिक्षा योजनामा समावेश गर्न सकिनेछ।

विशेषगरी प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक शिक्षाको गुणस्तर सुधारमार्फत बालबालिकाको प्रारम्भिक सिकाइ क्षमता, सामाजिक तथा भावनात्मक विकासलाई सुदृढ बनाउन आवश्यक छ। त्यसैगरी, युवाहरूलाई स्वरोजगार तथा रोजगारमुखी बनाउन स्थानीय आवश्यकता अनुरूप प्राविधिक तथा व्यावसायिक सीप विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। उच्च शिक्षामा पहुँच विस्तार तथा शैक्षिक निरन्तरताका लागि सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरी छात्रवृत्ति, परामर्श तथा सहजीकरणका कार्यक्रम सञ्चालन गर्न सकिनेछ। समुदायमा अध्ययन संस्कृतिको विकास, ज्ञान आदान–प्रदान तथा आजीवन सिकाइलाई प्रवर्द्धन गर्न सामुदायिक पुस्तकालय तथा वाचनालय स्थापना र सञ्चालनलाई प्राथमिकतामा राख्न सकिनेछ। साथै, गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजाति, भाषा, धर्म तथा समुदायहरूको पहिचान र विविधतालाई सम्मान गर्दै मातृभाषामा शिक्षण–सिकाइ, समावेशी शिक्षा तथा विविधता व्यवस्थापनलाई विशेष महत्व दिन आवश्यक छ।

अपाङ्गता भएका बालबालिका, दलित, मुस्लिम, आर्थिक रूपमा विपन्न, बालिका तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाहरूको शिक्षामा समान पहुँच, सहभागिता, निरन्तरता तथा सिकाइ उपलब्धि सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ। यस प्रकारका कार्यक्रमहरूले शिक्षा क्षेत्रमा समता, समावेशिता तथा सामाजिक न्याय प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुऱ्याउनेछन्।

## ५.१ उच्च शिक्षा

कुनै पनि राष्ट्रको समृद्धि, सामाजिक रूपान्तरण तथा दिगो विकासका लागि शिक्षा महत्वपूर्ण आधार हो। माध्यमिक तहको शिक्षा पूरा गरेपछि विद्यार्थीहरू आफ्नो रुचि, क्षमता तथा आवश्यकता अनुसार उच्च शिक्षा हासिल गर्नतर्फ अग्रसर भइरहेका छन्। पछिल्लो समय उच्च शिक्षाप्रति विद्यार्थी तथा अभिभावकको आकर्षण बढ्दै गएको छ। देशको आर्थिक, सामाजिक, प्राविधिक तथा प्रशासनिक क्षेत्रमा दक्ष, सक्षम तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न उच्च शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

उच्च शिक्षा विशिष्टीकृत तथा व्यावसायिक प्रकृतिको हुने भएकाले विद्यार्थीहरूले आफ्नो रुचि तथा क्षमता अनुसार विभिन्न विषयमा विशेष ज्ञान, सीप तथा दक्षता हासिल गर्ने अवसर प्राप्त गर्दछन्। यसबाट शिक्षित, दक्ष तथा सिर्जनशील मानव संसाधन उत्पादन भई देश तथा समाजको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ। चिकित्सा, इन्जिनियरिङ, शिक्षा, व्यवस्थापन, कृषि, सूचना प्रविधि, विज्ञान तथा प्राविधिक क्षेत्रलगायत विभिन्न विषयमा उच्च शिक्षा हासिल गरेका जनशक्तिले राष्ट्र निर्माण तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछन् ।

मुलुकको समग्र विकासका लागि दक्ष, सक्षम तथा प्रतिस्पर्धी जनशक्तिको आवश्यकता पर्दछ। देशको शैक्षिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकासलाई प्रभावकारी रूपमा अघि बढाउन योग्य तथा सीपयुक्त मानव संसाधनको महत्वपूर्ण भूमिका रहेको हुन्छ। यस्तो जनशक्ति उत्पादनका लागि विद्यालय तहको शिक्षा मात्र पर्याप्त नहुने भएकाले कक्षा १२ पश्चात् उच्च शिक्षाको आवश्यकता पर्दछ। उच्च शिक्षाले व्यक्तिलाई विशिष्टीकृत ज्ञान, सीप तथा व्यावसायिक दक्षता प्रदान गरी राष्ट्र निर्माण तथा सामाजिक

रूपान्तरणमा योगदान पुऱ्याउने आधार तयार गर्दछ। उच्च शिक्षाले व्यक्तिको जीवनस्तर सुधार गर्न, आधुनिक समाजका विभिन्न संघसंस्था तथा सेवा क्षेत्रको गुणस्तरीय विकास गर्न, कार्यक्षेत्रमा देखिने समस्याहरूको समाधान गर्न, ज्ञान, विज्ञान तथा प्रविधिको विकास गर्न तथा सामाजिक रूपान्तरणलाई गति दिन महत्वपूर्ण भूमिका खेल्दछ। साथै, देशको विकास प्रक्रियालाई तीव्रता दिन आवश्यक दक्ष जनशक्ति उत्पादन तथा आपूर्तिमा उच्च शिक्षाको योगदान महत्वपूर्ण रहने गर्दछ।

### ५.१.१ वर्तमान अवस्था

सखुवानन्कारकट्टी गाउँपालिकाका विद्यार्थीहरू पनि माध्यमिक शिक्षा (कक्षा १२) पूरा गरेपछि उच्च शिक्षातर्फ आकर्षित हुँदै गएका छन्। तर गाउँपालिकाभित्र उच्च शिक्षा प्रदान गर्ने संस्था नहुँदा अधिकांश विद्यार्थीहरू उच्च शिक्षा अध्ययनका लागि सिराहा, लहान, राजविराज, जनकपुर, विराटनगर तथा काठमाडौंलगायतका शहरी क्षेत्रहरूमा जान बाध्य छन्। आर्थिक अवस्था कमजोर भएका परिवारका विद्यार्थीहरू, विशेषगरी दलित, मुस्लिम, बालिका, विपन्न तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूले उच्च शिक्षामा पहुँच विस्तार गर्न विभिन्न आर्थिक तथा सामाजिक चुनौतीहरूको सामना गरिरहेका छन्।

गाउँपालिकाभित्र उच्च शिक्षाको अवसर सीमित हुनु, प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँचको अभाव, छात्रवृत्ति तथा शैक्षिक सहयोग कार्यक्रमको न्यूनता, करियर परामर्श तथा मार्गदर्शन सेवाको कमी, र उच्च शिक्षा संस्थाहरूसँगको सीमित समन्वयका कारण धेरै विद्यार्थीहरू माध्यमिक शिक्षापछि अध्ययनलाई निरन्तरता दिन नसक्ने अवस्था रहेको छ। यसले शिक्षित तथा दक्ष जनशक्तिको विकासमा प्रभाव पार्नुका साथै युवा जनशक्तिको बाह्य पलायन बढ्ने सम्भावना पनि देखिन्छ।

यस सन्दर्भमा गाउँपालिकाले उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम सञ्चालन, शैक्षिक परामर्श तथा करियर मार्गदर्शन सेवा विस्तार, विश्वविद्यालय तथा क्याम्पसहरूसँग समन्वय तथा सहकार्य, तथा प्राविधिक एवं व्यावसायिक शिक्षाको प्रवर्द्धन गर्ने आवश्यकता रहेको छ। साथै, स्थानीय आवश्यकता तथा श्रम बजारको मागअनुसार सीपमूलक, रोजगारमुखी तथा उद्यमशीलता विकासमा आधारित उच्च शिक्षालाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

आगामी दिनमा सखुवानन्कारकट्टी गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र उच्च शिक्षाको पहुँच विस्तार गर्न आवश्यक पहल गर्ने नीति अवलम्बन गर्नेछ। यसका लागि उपयुक्त सामुदायिक विद्यालय वा शैक्षिक संस्थालाई स्तरोन्नति गरी उच्च शिक्षा कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित विश्वविद्यालय तथा सरोकारवाला निकायहरूसँग समन्वय गरी क्याम्पस स्थापना तथा संस्थागत सुदृढीकरणका लागि पहल गर्ने, र प्राविधिक तथा व्यावसायिक उच्च शिक्षालाई विशेष प्राथमिकता दिई स्थानीय आवश्यकताअनुसार दक्ष तथा प्रतिस्पर्धी जनशक्ति उत्पादनमा जोड दिने लक्ष्य राखिनेछ।

**उच्च शिक्षामा देखिएका विद्यमान चुनौतीहरू**

१. गाउँपालिकाभित्र स्नातक तथा स्नातकोत्तर तहको शैक्षिक संस्था सञ्चालनमा नरहेकाले विद्यार्थीहरूलाई उच्च शिक्षाका लागि बाहिरी क्षेत्रमा जानुपर्ने बाध्यता हुनु।
२. उच्च शिक्षा संस्था स्थापना तथा सञ्चालनका लागि आवश्यक सम्बन्धन, अनुमति, प्राविधिक मापदण्ड तथा कानुनी प्रक्रिया पूरा गर्न कठिनाइ हुनु।
३. क्याम्पस सञ्चालनका लागि आवश्यक भवन, पुस्तकालय, प्रयोगशाला, सूचना प्रविधि तथा अन्य भौतिक पूर्वाधार विकासमा पर्याप्त स्रोतको अभाव हुनु।
४. आर्थिक रूपमा कमजोर, दलित, मुस्लिम, बालिका तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच सीमित हुनु।

५. प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा सीमित पहुँच तथा स्थानीय आवश्यकता अनुसारका शैक्षिक कार्यक्रमहरूको अभाव हुनु।
६. योग्य प्राध्यापक, प्रशिक्षक तथा प्रशासनिक जनशक्तिको व्यवस्थापन र दीर्घकालीन स्थायित्व सुनिश्चित गर्न चुनौती हुनु।
७. उच्च शिक्षा सम्बन्धी सूचना, परामर्श तथा करियर मार्गदर्शन सेवाको अभाव हुनु।

**उच्च शिक्षामा देखिएका विद्यमान अवसरहरू (संक्षेपमा):**

- उच्च शिक्षा अध्ययनका संस्थाहरूमा पहुँच विस्तार हुँदै जानु।
- सरकारी तथा गैरसरकारी छात्रवृत्ति र आर्थिक सहयोगको उपलब्धता।
- प्राविधिक, व्यावसायिक तथा सीपमूलक उच्च शिक्षाको विस्तार।
- अनलाइन, डिजिटल तथा दूरशिक्षा प्रणालीको विकास।
- अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलताका अवसर वृद्धि।
- स्थानीय, प्रदेश तथा संघीय सरकारबाट उच्च शिक्षामा लगानी र नीतिगत सहयोग।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक सहकार्य र छात्रवृत्तिका अवसर।
- उच्च शिक्षापछि रोजगारी, स्वरोजगार तथा उद्यम विकासका अवसर विस्तार।

### ५.१.२ उद्देश्यहरू

१. सखुवानन्कारकट्टी गाउँपालिकाका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्नु।
२. गाउँपालिकाभित्र उच्च शिक्षा संस्था स्थापना वा उच्च शिक्षा कार्यक्रम सञ्चालनका लागि आवश्यक पहल गर्नु।
३. उच्च शिक्षाका लागि आवश्यक भौतिक पूर्वाधार, शैक्षिक सामग्री तथा सूचना प्रविधिमैत्री वातावरण विकास गर्नु।
४. स्थानीय आवश्यकता तथा श्रम बजारको मागअनुसार गुणस्तरीय, व्यावसायिक तथा रोजगारमुखी उच्च शिक्षा प्रवर्द्धन गर्नु।
५. विपन्न, दलित, मुस्लिम, बालिका तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच तथा सहभागिता अभिवृद्धि गर्नु।
६. छात्रवृत्ति, शैक्षिक सहायता तथा करियर परामर्श कार्यक्रम सञ्चालन गर्नु।

### ५.१.३ रणनीतिहरू

१. उच्च शिक्षा कार्यक्रम सञ्चालन वा क्याम्पस स्थापना गर्न सम्बन्धित विश्वविद्यालय तथा सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।
२. उच्च शिक्षाको पहुँच विस्तारका लागि सामुदायिक विद्यालय तथा अन्य शैक्षिक संस्थाहरूको स्तरोन्नति गर्ने सम्भावनाको अध्ययन गरिनेछ।
३. उच्च शिक्षा संस्थाको स्थापना तथा सञ्चालनका लागि स्थानीय, प्रदेश तथा संघीय सरकारसँग आवश्यक स्रोत तथा सहयोग जुटाइनेछ।
४. क्याम्पस वा उच्च शिक्षा केन्द्रका लागि आवश्यक भवन, पुस्तकालय, प्रयोगशाला, कम्प्युटर तथा इन्टरनेट सुविधा विकास गरिनेछ।
५. प्राविधिक तथा व्यावसायिक उच्च शिक्षालाई प्राथमिकता दिई स्थानीय आवश्यकता अनुरूपका विषयहरू सञ्चालन गर्न पहल गरिनेछ।
६. विपन्न तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूलाई छात्रवृत्ति तथा शैक्षिक सहायतामूलक कार्यक्रम उपलब्ध गराइनेछ।
७. विद्यार्थीहरूका लागि शैक्षिक परामर्श, करियर मार्गदर्शन तथा उच्च शिक्षा सम्बन्धी सूचना सेवा सञ्चालन गरिनेछ।

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. गाउँपालिकाभित्र उच्च शिक्षाको पहुँच विस्तार हुने।

२. उच्च शिक्षा अध्ययनका लागि बाहिरी क्षेत्रमा जानुपर्ने बाध्यता क्रमशः कम हुँदै जाने।

३. उच्च शिक्षा तथा प्राविधिक शिक्षाका लागि आवश्यक पूर्वाधार विकास हुने।

४. विद्यार्थीहरूलाई गुणस्तरीय तथा रोजगारमुखी उच्च शिक्षा प्राप्त गर्ने अवसर विस्तार हुने।

५. स्थानीय स्तरमा दक्ष, सक्षम तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन हुने।

६. विपन्न, दलित, मुस्लिम, बालिका तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि हुने।

७. विश्वविद्यालय, सरकार तथा अन्य सरोकारवालासँगको सहकार्य सुदृढ हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिको छ ।

| क्र.सं. | प्रमुख क्रियाकलाप | **आधार वर्ष (२०८२/८३)** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **२०८६/८७** |
|---|---|---|---|---|---|---|
| १ | उच्च शिक्षा संस्था/कार्यक्रम सञ्चालनको सम्भाव्यता अध्ययन | अध्ययन | प्रतिवेदन | योजना स्वीकृति | कार्यान्वयन | निरन्तरता |
| २ | विश्वविद्यालय तथा सरोकारवालासँग समन्वय | प्रारम्भ | सहकार्य | सम्झौता | विस्तार | नियमित |
| ३ | पूर्वाधार विकास | DPR | निर्माण प्रारम्भ | विस्तार | सुदृढीकरण | सञ्चालन |
| ४ | छात्रवृत्ति कार्यक्रम | कार्यविधि | वितरण | विस्तार | निरन्तरता | मूल्याङ्कन |
| ५ | करियर परामर्श सेवा | प्रारम्भ | नियमित | विस्तार | निरन्तरता | सुदृढीकरण |
| ६ | प्राविधिक तथा रोजगारमुखी कार्यक्रम | अध्ययन | विषय छनोट | तयारी | सञ्चालन | विस्तार |

*तालिका नं ३१ उच्च शिक्षा उपक्षेत्रको मुख्य नतिजा  तथा परिमाणात्मक लक्ष्य*

५.१.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

सखुवानन्कारकट्टी गाउँपालिकामा उच्च शिक्षामा पहुँच, समावेशिता तथा गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले आगामी दश वर्षमा माध्यमिक तह उत्तीर्ण विद्यार्थीलाई उच्च शिक्षामा निरन्तर अध्ययन गर्न प्रोत्साहन गर्दै उच्च शिक्षामा भर्ना हुने विद्यार्थीको दरमा कम्तीमा २५ प्रतिशत वृद्धि गर्ने लक्ष्य लिइएको छ।

योजनाको कार्यान्वयन गर्न देहाय बमोजिमका प्रमुख क्रियाकलापहरु संचालन गरि परिमाणात्मक लक्ष्य प्राप्त गर्न सकिन्छ।

| **क्र.सं.** | **प्रमुख क्रियाकलाप** | **इकाइ** | **५ वर्षको लक्ष्य** | **१० वर्षको लक्ष्य** | **कैफियत** | **पाँचौं वर्ष** |
|---|---|---|---|---|---|---|
| १ | उच्च शिक्षा संस्था स्थापना/कार्यक्रम सञ्चालन पहल | पटक | १ | २ | विश्वविद्यालय/गाउँपालिका | निरन्तरता |
| २ | पूर्वाधार विकास | पटक | १ | ३ | संघ/प्रदेश/गाउँपालिका | नियमित |
| ३ | छात्रवृत्ति कार्यक्रम सञ्चालन | निरन्तर | ५ | १० | गाउँपालिका | सञ्चालन |
| ४ | करियर परामर्श कार्यक्रम | पटक | ५ | १० | गाउँपालिका | मूल्याङ्कन |
| ५ | पुस्तकालय, कम्प्युटर तथा इन्टरनेट सुविधा विस्तार | पटक | २ | ४ | गाउँपालिका | सुदृढीकरण |
| ६ | प्राविधिक तथा रोजगारमुखी कार्यक्रम सञ्चालन | संख्या | २ | ५ | गाउँपालिका/साझेदार संस्था | विस्तार |

तालिका नं ३२ उच्च शिक्षा उपक्षेत्रको प्रमुख क्रियाकलाप  तथा परिमाणात्मक लक्ष्य

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

शिक्षाजस्तो महत्वपूर्ण सामाजिक सेवालाई प्रभावकारी, पारदर्शी, उत्तरदायी तथा परिणाममुखी बनाउन सुशासन तथा व्यवस्थापनको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ। सुशासनले उत्तरदायित्व, पारदर्शिता, जवाफदेहिता, विधिको शासन, समता, समावेशिता तथा सहभागितामूलक निर्णय प्रक्रियालाई सुनिश्चित गर्दै शैक्षिक लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउँछ। विद्यालय शिक्षामा सुशासन कायम गर्न शिक्षण–सिकाइ प्रक्रिया, स्रोत साधनको व्यवस्थापन, योजना कार्यान्वयन तथा अनुगमन प्रणालीलाई प्रभावकारी, पारदर्शी तथा उत्तरदायी बनाउन आवश्यक हुन्छ ।

विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति तथा समुदायबीचको समन्वय र सहकार्यलाई सुदृढ गर्दै विद्यार्थीको सिकाइ उपलब्धिप्रति सबै पक्षलाई जवाफदेही बनाउनु आवश्यक छ। साथै, विद्यालय प्रशासन, वित्तीय व्यवस्थापन, स्रोत परिचालन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित तथा पारदर्शी बनाउन संस्थागत संरचना र कार्यप्रणालीको विकास आवश्यक रहेको छ। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षा ऐन तथा शिक्षा सम्बन्धी प्रचलित कानुनी व्यवस्थाअनुसार विद्यालय शिक्षाको व्यवस्थापन तथा सञ्चालनमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ। यस सन्दर्भमा सखुवानन्कारकट्टी गाउँपालिकाले विद्यालय शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता विकास, व्यवस्थापकीय प्रबन्ध तथा अनुगमन एवं मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने नीति अवलम्बन गर्नेछ।

गाउँपालिकाले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक तथा अन्य सरोकारवालाहरूको भूमिकालाई प्रभावकारी बनाउँदै पारदर्शी, सहभागितामूलक तथा उत्तरदायी शिक्षा व्यवस्थापन प्रणालीको विकास गर्नेछ। साथै, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS), नियमित शैक्षिक अनुगमन, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै शिक्षा क्षेत्रमा सुशासन प्रवर्द्धन गरिनेछ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

सखुवानन्कारकट्टी गाउँपालिकाले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षा ऐन तथा प्रचलित नीतिगत व्यवस्थाअनुसार विद्यालय शिक्षाको व्यवस्थापन तथा सञ्चालन गर्दै आएको छ। गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालय शिक्षा व्यवस्थापन, शैक्षिक योजना तर्जुमा, अनुगमन, समन्वय तथा कार्यक्रम कार्यान्वयनका कार्यहरू सञ्चालन गर्दै आएको छ। गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा विद्यालय प्रशासनबीचको समन्वयमार्फत शिक्षा क्षेत्रका गतिविधिहरू सञ्चालन भइरहेका छन्।

गाउँपालिकाले शिक्षा क्षेत्रसँग सम्बन्धित आवश्यक नीति, कार्यविधि, मापदण्ड तथा निर्देशिकाहरू निर्माण तथा कार्यान्वयन गर्ने प्रयास गरिरहेको छ। तथापि, केही नीतिगत तथा कानुनी व्यवस्थाहरूलाई स्थानीय आवश्यकता र परिवर्तित सन्दर्भअनुसार अद्यावधिक तथा सुदृढीकरण गर्नुपर्ने आवश्यकता रहेको छ। शिक्षा क्षेत्रका लागि गाउँपालिकाले वार्षिक बजेट तर्जुमा, स्वीकृति तथा कार्यान्वयन गर्दै आएको छ। विद्यालय पूर्वाधार विकास, शिक्षक व्यवस्थापन, छात्रवृत्ति, प्रारम्भिक बालविकास, शैक्षिक सामग्री, सूचना तथा सञ्चार प्रविधि तथा क्षमता विकासका कार्यक्रमहरूमा बजेट विनियोजन गरिँदै आएको छ।

### ६.१.१ वर्तमान अवस्था

गाउँपालिकाको शिक्षा शाखा तथा विद्यालयहरूमा उपलब्ध जनशक्तिमार्फत शैक्षिक व्यवस्थापन कार्य सञ्चालन हुँदै आएको छ। तथापि, प्राविधिक तथा विषयगत दक्ष जनशक्तिको अभाव, क्षमता विकासका सीमित अवसर तथा बढ्दो कार्यबोझका कारण सेवा प्रवाहमा थप

सुधारको आवश्यकता देखिन्छ। विद्यालय व्यवस्थापन समितिहरू गठन भई विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सक्रिय भूमिका निर्वाह गरिरहेका छन्। शिक्षक अभिभावक संघ तथा समुदायको सहभागिता समेत रहेको भए तापनि विद्यालय व्यवस्थापन तथा शैक्षिक नेतृत्वलाई थप प्रभावकारी, उत्तरदायी तथा परिणाममुखी बनाउन क्षमता अभिवृद्धि आवश्यक देखिन्छ।

विद्यालय तथा गाउँपालिकामा प्रचलित कानुनबमोजिम लेखा प्रणाली सञ्चालन, वित्तीय अभिलेख व्यवस्थापन तथा खर्च प्रतिवेदनको अभ्यास रहेको छ। सार्वजनिक खरिद, वित्तीय अनुशासन तथा आर्थिक पारदर्शितासम्बन्धी व्यवस्थाहरू कार्यान्वयन भइरहेका छन्। तथापि, वित्तीय व्यवस्थापन तथा अभिलेखीकरण प्रणालीलाई थप प्रविधिमैत्री, व्यवस्थित तथा प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको छ। शिक्षा क्षेत्रका कार्यक्रम सञ्चालनका लागि संघीय, प्रदेश तथा स्थानीय स्रोतहरूको परिचालन हुँदै आएको छ। साथै, विद्यालय, समुदाय तथा विभिन्न सरोकारवाला निकायहरूको सहयोगसमेत प्राप्त हुँदै आएको छ। तर विद्यालय पूर्वाधार, सूचना प्रविधि, शैक्षिक सामग्री तथा क्षमता विकासका लागि आवश्यक स्रोतसाधन अझै पर्याप्त छैनन्।

गाउँपालिका तथा विद्यालयहरूमा नियमित आर्थिक लेखापरीक्षण गर्ने व्यवस्था रहेको छ। साथै, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा सार्वजनिक जानकारी प्रकाशनमार्फत पारदर्शिता र जवाफदेहितालाई प्रवर्द्धन गर्ने प्रयास गरिएको छ। यद्यपि सामाजिक परीक्षण तथा नागरिक सहभागितामूलक अनुगमन प्रणालीलाई अझ प्रभावकारी बनाउन आवश्यक देखिन्छ। सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थाअनुसार विद्यालय तथा गाउँपालिकाबाट सार्वजनिक सूचना प्रवाह गर्ने अभ्यास रहेको छ। गुनासो सुनुवाइ तथा सुझाव व्यवस्थापनका लागि सम्बन्धित निकायहरू मार्फत आवश्यक संयन्त्र प्रयोग गर्दै आएको छ। तथापि, डिजिटल सूचना प्रणाली तथा नागरिकमैत्री गुनासो व्यवस्थापन प्रणालीलाई थप सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ।

**प्रमुख चुनौतीहरु**

- विद्यालय व्यवस्थापन समिति तथा विद्यालय नेतृत्वको क्षमता अभिवृद्धि अपेक्षाकृत कमजोर हुनु।
- विद्यालय सुधार योजना तथा वार्षिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा चुनौती रहनु।
- विद्यालय व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता तथा परिणाममुखी अभ्यासलाई संस्थागत गर्न कठिनाइ हुनु।
- विद्यालयस्तरमा लेखा प्रणालीको नियमित अद्यावधिक तथा प्रभावकारी परिपालना सुनिश्चित गर्न चुनौती रहनु।
- वित्तीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई पूर्ण रूपमा व्यवस्थित र डिजिटल बनाउन नसक्नु।
- वित्तीय अनुशासन तथा सार्वजनिक खर्च व्यवस्थापनमा समान अभ्यास सुनिश्चित गर्न कठिनाइ हुनु।
- विद्यालयहरूको भौतिक पूर्वाधार तथा शैक्षिक सामग्रीको आवश्यकता अनुसार स्रोतसाधन अभाव हुनु।
- सूचना तथा सञ्चार प्रविधि (ICT) उपकरण तथा इन्टरनेट पहुँच पर्याप्त नहुनु।
- सीमित आन्तरिक स्रोतका कारण शिक्षा क्षेत्रमा आवश्यक लगानी विस्तार गर्न कठिनाइ हुनु।
- नियमित सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइलाई प्रभावकारी रूपमा सञ्चालन गर्न चुनौती रहनु।
- लेखापरीक्षणबाट प्राप्त सुझावहरूको कार्यान्वयन कमजोर हुनु।
- समुदाय तथा सरोकारवालाको सक्रिय सहभागिता अपेक्षाकृत न्यून हुनु।
- सूचना प्रवाह प्रणालीलाई अझ व्यवस्थित, छिटो र नागरिकमैत्री बनाउन चुनौती हुनु।
- गुनासो व्यवस्थापन तथा समाधान प्रक्रियालाई प्रभावकारी बनाउन नसक्नु।
- सूचना पहुँच तथा डिजिटल साक्षरताको कमीका कारण सेवाग्राहीमा पूर्ण जानकारी नपुग्नु।
- नियमित, नतिजामूलक तथा प्रमाणमा आधारित अनुगमन प्रणाली पूर्ण रूपमा संस्थागत हुन नसक्नु।
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सुझावहरूको कार्यान्वयन कमजोर हुनु।
- शैक्षिक तथ्याङ्कको गुणस्तर, एकरूपता तथा उपयोगितामा सुधार आवश्यक हुनु।
- शिक्षा शाखा, विद्यालय तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकास कार्यक्रम पर्याप्त नहुनु।
- सूचना प्रविधि, नेतृत्व, वित्तीय व्यवस्थापन तथा शैक्षिक प्रशासनसम्बन्धी दक्ष जनशक्तिको अभाव हुनु।

**शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासका अवसरहरू**

- स्थानीय सरकारमार्फत शिक्षा व्यवस्थापन तथा योजना निर्माणको अधिकार र जिम्मेवारी सुनिश्चित भएको।
- शिक्षा क्षेत्रको योजना, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप सुदृढ गर्ने अवसर।
- विद्यालय व्यवस्थापन समिति (SMC), शिक्षक अभिभावक संघ (PTA) तथा विद्यालय नेतृत्वको क्षमता अभिवृद्धि गर्ने सम्भावना।
- संघ, प्रदेश, विकास साझेदार तथा गैरसरकारी संस्थासँग सहकार्य विस्तार गर्ने अवसर।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित विद्यालय प्रशासन तथा शैक्षिक व्यवस्थापन प्रणालीको विकास।
- IEMIS लगायत शैक्षिक सूचना प्रणालीलाई प्रभावकारी रूपमा उपयोग गर्ने अवसर।
- शिक्षक, प्रधानाध्यापक तथा शिक्षा शाखाका जनशक्तिको पेशागत क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने अवसर।
- स्थानीय स्रोत, साधन तथा निजी क्षेत्रको सहभागितामार्फत शिक्षा क्षेत्रमा लगानी र संस्थागत सुदृढीकरण गर्ने सम्भावना।

**६.१.२ उद्देश्यहरु**

१. विद्यालय शिक्षाको व्यवस्थापनलाई पारदर्शी, उत्तरदायी तथा परिणाममुखी बनाउनु।
२. विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा सरोकारवालाहरूको संस्थागत क्षमता विकास गर्नु।
३. विद्यालयस्तरमा वित्तीय व्यवस्थापन, लेखा प्रणाली तथा सार्वजनिक खर्चलाई व्यवस्थित र अनुशासित बनाउनु।
४. विद्यालयहरूको भौतिक तथा शैक्षिक स्रोतसाधनको प्रभावकारी परिचालन तथा व्यवस्थापन सुनिश्चित गर्नु।
५. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा लेखापरीक्षण प्रणालीलाई प्रभावकारी बनाई सुशासन प्रवर्द्धन गर्नु।
६. सूचना प्रवाह प्रणाली तथा गुनासो सुनुवाइ संयन्त्रलाई नागरिकमैत्री, सहज र प्रभावकारी बनाउनु।
७. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) तथा डिजिटल प्रणालीको प्रभावकारी उपयोग सुनिश्चित गर्नु।
८. नियमित, नतिजामूलक तथा प्रमाणमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्नु।
९. शिक्षा क्षेत्रका लागि आवश्यक दक्ष, प्राविधिक तथा प्रशासनिक जनशक्तिको क्षमता विकास गर्नु।
१०. विद्यालय शिक्षामा सुशासन, जवाफदेहिता, सहभागिता तथा पारदर्शिता सुदृढ गर्दै सेवा प्रवाह सुधार गर्नु।

**६.१.३ रणनीतिहरू**

१. विद्यालय शिक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय आवश्यकताअनुसार आवश्यक नीति, ऐन, कार्यविधि तथा मापदण्डहरू तर्जुमा, अद्यावधिक तथा कार्यान्वयन गरिनेछ।
२. संस्थागत संरचना अनुसार शिक्षा शाखा, विद्यालय, विद्यालय व्यवस्थापन समिति तथा अन्य सरोकारवाला निकायहरूमा आवश्यक दक्ष जनशक्ति व्यवस्थापन गरिनेछ।
३. विद्यालय तथा शिक्षा शाखामा कार्यरत शिक्षक, प्रधानाध्यापक, प्रशासनिक तथा व्यवस्थापकीय जनशक्तिको निरन्तर क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
४. शिक्षक पेसागत सञ्जाल, अनुभव आदान–प्रदान तथा सहकार्य प्रणालीलाई स्थानीय तहमा संस्थागत गर्दै सुदृढ बनाइनेछ।
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा सम्बन्धित पदाधिकारीहरूको भूमिका स्पष्ट बनाई उनीहरूको नेतृत्व तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गरिनेछ।
६. विद्यालय शिक्षासम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक वित्तीय, भौतिक, प्राविधिक तथा सूचना प्रविधि स्रोतसाधनको व्यवस्था तथा परिचालन गरिनेछ।

७. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) तथा अन्य डिजिटल प्रणालीहरूको प्रभावकारी प्रयोगलाई संस्थागत गर्दै तथ्याङ्कमा आधारित निर्णय प्रणाली विकास गरिनेछ।
८. नियमित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गरी नतिजामूलक कार्यसम्पादन सुनिश्चित गरिनेछ।
९. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी, पारदर्शी तथा नागरिकमैत्री बनाइनेछ।
१०. संघ, प्रदेश तथा अन्य सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य गर्दै शिक्षा क्षेत्रमा स्रोत परिचालन तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

### ६.१.४ प्रमुख उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**प्रमुख उपलब्धि**

१. विद्यालय शिक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक संस्थागत संरचना तथा जनशक्ति व्यवस्थापन सुदृढ भएको हुनेछ।
२. विद्यालय तथा शिक्षा शाखाको संस्थागत क्षमता अभिवृद्धि भई पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्वमा सुधार भएको हुनेछ।
३. विद्यालय शिक्षाका लागि आवश्यक स्रोतसाधनको प्रभावकारी व्यवस्थापन भई कार्यक्रम कार्यान्वयनमा सुधार आएको हुनेछ।
४. विद्यालय व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामूलक तथा प्रभावकारी बनेको हुनेछ।
५. वित्तीय व्यवस्थापन, लेखा प्रणाली तथा सुशासन अभ्यासहरू संस्थागत रूपमा सुदृढ भएका हुनेछन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा नीति, ऐन, कार्यविधि तथा मापदण्ड निर्माण/अद्यावधिक | प्रक्रिया सुरु | मस्यौदा तयारी | स्वीकृति | कार्यान्वयन | पुनरावलोकन |
| २ | शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति क्षमता विकास | ३०% | ५०% | ७०% | ८५% | १००% |
| ३ | IEMIS तथा डिजिटल प्रणाली कार्यान्वयन गरेको विद्यालयको प्रतिशत | ६५% | ८० % | ८५% | ९५% | १००% |
| ४ | नियमित विद्यालय अनुगमन तथा मूल्याङ्कन कार्यान्वयन गरेको विद्यालयको प्रतिशत | ७५ % | ८० % | ९० % | ९५% | १००% |
| ५ | सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यान्वयन गरेको विद्यालयको प्रतिशत | ४५ % | ५५ % | ६८ % | ८०% | १००% |
| ६ | वित्तीय व्यवस्थापन तथा लेखा प्रणाली सुदृढीकरण कार्यान्वयन गरेको विद्यालयको अवस्था | प्रारम्भ | सुधार | प्रणालीकरण | डिजिटलकरण | पूर्ण कार्यान्वयन |
| ७ | गुनासो सुनुवाइ तथा सूचना व्यवस्थापन प्रणाली कार्यान्वयन गरेको विद्यालयको अवस्था | ४५ % | ५५ % | ६८ % | ८०% | १००% |
| ८ | विद्यालय पूर्वाधार तथा ICT स्रोत व्यवस्थापन गरेको विद्यालयको अवस्था | २० % | ४० % | ६० % | ८० % | १०० % |
| ९ | स्रोतसाधन परिचालन तथा साझेदारी विस्तार गरेको विद्यालयको अवस्था | प्रारम्भ | सुधार | विस्तार | सुदृढीकरण | संस्थागतकरण |

तालिका नं ३३ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास उपक्षेत्रको मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य

### ६.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | आधार वर्ष (०८२/८३) | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | भौतिक लक्ष्य (५ वर्ष) | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा नीति, ऐन, कार्यविधि तथा मापदण्ड निर्माण/अद्यावधिक | पटक | १ | १ | ० | ० | ० | १ | २ | गाउँपालिका |
| २ | विद्यालय व्यवस्थापन समिति तथा शिक्षक क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | शिक्षा शाखा |
| ३ | प्रधानाध्यापक तथा विद्यालय नेतृत्व विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |
| ४ | IEMIS तथा डिजिटल प्रणाली कार्यान्वयन | प्रतिशत/विद्यालय | ६०% | ७०% | ८०% | ९०% | १००% | ९०% | १००% | शिक्षा शाखा |
| ५ | नियमित विद्यालय अनुगमन तथा मूल्याङ्कन | पटक/विद्यालय | ६०% | ७०% | ८०% | ९०% | १००% | १००% | निरन्तर | गाउँपालिका |
| ६ | सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ | पटक/विद्यालय | ६०% | ७०% | ८०% | ९०% | १००% | १००% | निरन्तर | |
| ७ | वित्तीय व्यवस्थापन तथा लेखा प्रणाली सुदृढीकरण | विद्यालय | ६०% | ७०% | ८५% | ९०% | १००% | १००% | १००% | लेखा शाखा |
| ८ | गुनासो सुनुवाइ तथा सूचना व्यवस्थापन प्रणाली | प्रणाली/विद्यालय | ५०% | ६०% | ७५% | ८५% | १००% | १००% | १००% | गाउँपालिका |
| ९ | विद्यालय पूर्वाधार तथा ICT स्रोत व्यवस्थापन | विद्यालय | ४०% | ६०% | ८०% | ९०% | १००% | १००% | १००% | संघ/प्रदेश/गाउँपालिका |
| १० | समग्र सुशासन तथा संस्थागत क्षमता विकास | कार्यक्रम | १ | १ | १ | १ | १ | निरन्तर | निरन्तर | |

तालिका नं ३४ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास उपक्षेत्रको प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

नेपाल संघीय शासन प्रणालीअनुसार संघ, प्रदेश र स्थानीय तहबीच अधिकार तथा जिम्मेवारीको स्पष्ट बाँडफाँड गरिएको छ। सोही संरचनाअनुसार विद्यालय शिक्षाको योजना कार्यान्वयनमा स्थानीय तहको भूमिका अत्यन्त महत्वपूर्ण रहेको छ। शिक्षा क्षेत्रका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, जनशक्ति, कार्यप्रक्रिया, समन्वय संयन्त्र तथा जिम्मेवारी प्रणाली स्पष्ट रूपमा निर्धारण हुनु आवश्यक छ। योजनाको सफल कार्यान्वयनका लागि नीतिगत, प्रणालीगत तथा व्यवस्थित प्रबन्ध आवश्यक हुन्छ।

संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय शिक्षा नीति तथा योजना निर्माण, समन्वय तथा सहकार्यको भूमिका निर्वाह गर्दछ। प्रदेश तहले प्रदेशस्तरीय शिक्षा नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्‍याउँछ भने स्थानीय तहले विद्यालय शिक्षा व्यवस्थापन, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी वहन गर्दछ। विद्यालय तहमा प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको संयुक्त प्रयासमा शैक्षिक गतिविधिहरू सञ्चालन हुँदै आएका छन्।

विद्यालय शिक्षामा सुशासन कायम गर्न नियमित अनुगमन, प्रगति समीक्षा, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा कार्यसम्पादन मूल्याङ्कन प्रणाली अवलम्बन गरिँदै आएको छ। साथै वित्तीय अनुशासन, पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गर्न लेखा व्यवस्थापन, लेखापरीक्षण तथा प्रतिवेदन प्रणालीलाई क्रमशः सुदृढ बनाउने प्रयास भइरहेको छ।

### ६.२.१ वर्तमान अवस्था

सखुवानन्कारकट्टी गाउँपालिकामा शिक्षा, युवा तथा खेलकुद शाखामार्फत स्थानीय शिक्षा योजनाको कार्यान्वयन, समन्वय, अनुगमन तथा व्यवस्थापन कार्य सञ्चालन हुँदै आएको छ। गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक तथा अन्य सरोकारवालाहरूको सहभागितामा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन तथा कार्यान्वयन गरिँदै आएको छ।
हाल शिक्षा, युवा तथा खेलकुद शाखामा सीमित जनशक्ति कार्यरत रहेका छन्। आवश्यकतानुसार अन्य शाखाका कर्मचारी, विद्यालयका शिक्षक, कम्प्युटर अपरेटर तथा सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरी शैक्षिक योजना तथा कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यसले कार्यसम्पादनमा निरन्तरता दिएको भए तापनि जनशक्ति तथा प्राविधिक दक्षताको दृष्टिले अझ सुदृढीकरण आवश्यक देखिन्छ।
विद्यालयहरूको नियमित अनुगमन, कक्षाकोठा अवलोकन, पृष्ठपोषण तथा शैक्षिक सुधारका कार्यहरू शिक्षा शाखा प्रमुख तथा सम्बन्धित प्राविधिक अधिकृतमार्फत सञ्चालन हुँदै आएका छन्। शिक्षकहरूको पेशागत क्षमता विकास तथा शैक्षिक गुणस्तर सुधारका लागि आवश्यकताअनुसार तालिम, अभिमुखीकरण तथा बाह्य विज्ञहरूको परिचालन गर्ने अभ्यास रहेको छ।
विद्यालय प्रशासन तथा शैक्षिक व्यवस्थापनलाई प्रविधिमैत्री बनाउन एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) तथा अन्य डिजिटल प्रणालीहरूको प्रयोगमार्फत विद्यालय तथ्याङ्क अद्यावधिक, सेवा प्रवाहको निगरानी तथा योजना कार्यान्वयनको प्रगति समीक्षा गर्ने कार्य भइरहेको छ।
गाउँपालिकाको समग्र शैक्षिक नीति निर्माण, समन्वय तथा अनुगमनलाई व्यवस्थित गर्न गाउँपालिका अध्यक्षको अध्यक्षतामा पालिकास्तरीय शिक्षा समिति गठन गरिएको छ। उक्त समितिले शिक्षा सम्बन्धी नीति निर्माण, समन्वय, अनुगमन तथा आवश्यक निर्णय प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।
चुनौतीहरू

शिक्षा क्षेत्र योजना कार्यान्वयनका चुनौतीहरू

- शिक्षा शाखामा पर्याप्त जनशक्ति अभाव हुनु।
- शिक्षा क्षेत्रका कार्यक्रम सञ्चालनका लागि पर्याप्त तथा समयानुकूल बजेट उपलब्ध हुन नसक्नु।
- विद्यालय अनुगमन, मूल्याङ्कन तथा कार्यसम्पादन समीक्षा प्रभावकारी रूपमा सञ्चालन गर्न कठिनाइ हुनु।
- संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय तथा कार्यक्रम एकीकरण प्रभावकारी हुन नसक्नु।
- विद्यालय सुधार योजना (SIP) प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित प्रशासन तथा डिजिटल प्रणालीको सीमित प्रयोग हुनु।
- सबै विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, शैक्षिक सामग्री तथा प्रविधि उपकरण उपलब्ध गराउन कठिनाइ हुनु।
- बजेट निकासा प्रक्रियामा ढिलाइका कारण कार्यक्रम कार्यान्वयन प्रभावित हुनु।
- विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा समुदायको सक्रिय सहभागिता अपेक्षित रूपमा हुन नसक्नु।
- सामाजिक परीक्षण, लेखापरीक्षण तथा गुनासो सुनुवाइ प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु।
- शिक्षा सम्बन्धी ऐन, नियम तथा कार्यविधिको प्रभावकारी कार्यान्वयनमा चुनौती हुनु।

**स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धका प्रमुख अवसरहरू**

- **स्थानीय सरकारको अधिकार र प्रतिबद्धता**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विद्यालय शिक्षा क्षेत्र योजना (SESP) अनुरूप गाउँपालिकाले स्थानीय आवश्यकता र प्राथमिकताअनुसार शिक्षा योजना कार्यान्वयन गर्न सक्ने स्पष्ट अधिकार र नीतिगत आधार रहेको।
- **योजना र बजेटको एकीकरण**: स्थानीय शिक्षा योजनालाई गाउँपालिकाको आवधिक योजना, वार्षिक नीति, कार्यक्रम तथा बजेटसँग एकीकृत गरी आवश्यक वित्तीय स्रोत सुनिश्चित गर्ने पर्याप्त अवसर रहेको छ ।
- **बहुपक्षीय साझेदारी र स्रोत परिचालन**: संघीय तथा प्रदेश सरकार, विकास साझेदार, गैरसरकारी संस्था, निजी क्षेत्र तथा समुदायसँग सहकार्य गरी प्राविधिक, वित्तीय र व्यवस्थापकीय सहयोग परिचालन गर्न सकिने सम्भावना रहेको।
- **तथ्यमा आधारित अनुगमन तथा व्यवस्थापन**: IEMIS/EMIS लगायतका शैक्षिक सूचना प्रणालीको प्रयोगमार्फत योजना कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन, समीक्षा तथा तथ्यमा आधारित निर्णय प्रणालीलाई प्रभावकारी बनाउन सकिने अवसर रहेको।
- **सरोकारवालाको सक्रिय सहभागिता**: विद्यालय व्यवस्थापन समिति, अभिभावक–शिक्षक संघ, शिक्षक, विद्यार्थी तथा समुदायको सक्रिय सहभागितामार्फत स्थानीय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन, पारदर्शिता र दिगोपन सुनिश्चित गर्न सकिने अवसर रहेको।

### ६.२.२ उद्देश्यहरू

• शिक्षा क्षेत्र योजनाको प्रभावकारी, पारदर्शी तथा नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्नु।
• शिक्षा योजना कार्यान्वयनमा संस्थागत समन्वय, सहकार्य तथा उत्तरदायित्व प्रणाली सुदृढ गर्नु।
• शिक्षा क्षेत्रका कार्यक्रम तथा बजेटको प्रभावकारी व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्नु।
• विद्यालय तथा शिक्षा शाखाको व्यवस्थापकीय, प्राविधिक तथा संस्थागत क्षमता अभिवृद्धि गर्नु।
• शिक्षा योजना कार्यान्वयनमा समुदाय, अभिभावक तथा सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गर्नु।
• सूचना प्रविधिमा आधारित शैक्षिक प्रशासन तथा योजना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्नु।

### ६.२.३ रणनीति

• सखुवानन्कारकट्टी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि गर्दै योजना कार्यान्वयनका लागि आवश्यक विषयगत समिति तथा संयन्त्रहरू गठन र परिचालन गरिनेछ।
• संघीय तथा प्रदेश सरकारबाट प्राप्त सशर्त, समानीकरण तथा अन्य अनुदानका साथै स्थानीय स्रोतसमेत समावेश गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तर्जुमा, स्वीकृति तथा प्रभावकारी कार्यान्वयन गरिनेछ।
• शिक्षा कार्यक्रमहरूको नियमित अनुगमन, सहजीकरण तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितता गरिनेछ तथा आवश्यक नीति निर्देशन र समन्वय गरिनेछ।
• कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित गर्न आवश्यक कानुन, मापदण्ड, कार्यविधि तथा निर्देशिका निर्माण, अद्यावधिक तथा कार्यान्वयन गरिनेछ।
• वित्तीय व्यवस्थापन, सार्वजनिक खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा कार्यसम्पादनमा आधारित जिम्मेवारी प्रणालीसम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ।

• अभिभावक तथा सरोकारवालासँग नियमित अन्तरक्रिया, अभिभावक भेला, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणलाई प्रभावकारी बनाइनेछ।
• सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा, आयआर्जन तथा सीप विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरी आजीवन सिकाइ केन्द्रका रूपमा विकास गरिनेछ।

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

सखुवानन्कारकट्टी गाउँपालिकाले २०२५–२०३४ अवधिको १० वर्षे स्थानीय शिक्षा क्षेत्र योजना प्रभावकारी रूपमा कार्यान्वयन गरेपछि गाउँपालिकामा समतामूलक, समावेशी, गुणस्तरीय तथा जीवनोपयोगी शिक्षाको सुनिश्चितता हुने अपेक्षा गरिएको छ। साथै प्राप्त हुने प्रमुख उपलब्धि तथा परिमाणात्मक नतिजा देहाय बमोजिमको हुने छ।

• शिक्षा क्षेत्र योजनाको प्रभावकारी, पारदर्शी तथा नतिजामुखी कार्यान्वयन सुनिश्चित भएको हुनेछ।
• विद्यालय अनुगमन, मूल्याङ्कन तथा व्यवस्थापन प्रणाली सुदृढ भई शैक्षिक गुणस्तरमा सुधार आएको हुनेछ।
• वित्तीय व्यवस्थापन, सामाजिक परीक्षण तथा लेखापरीक्षण प्रणाली प्रभावकारी भई पारदर्शिता र जवाफदेहिता अभिवृद्धि भएको हुनेछ।
• अभिभावक, समुदाय तथा सरोकारवालाको सक्रिय सहभागिता वृद्धि भई विद्यालय व्यवस्थापनमा स्थानीय स्वामित्व सुदृढ भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा यस प्रकार छ :

| क्र.सं. | नतिजा तथा परिमाणात्मक लक्ष्य | आधार वर्ष (२०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा क्षेत्र योजनाअनुसार कार्यान्वयन भएका कार्यक्रम (%) | ६०% | ७०% | ८०% | ९०% | १००% |
| २ | सामाजिक परीक्षण तथा लेखापरीक्षण गर्ने विद्यालय (%) | ५०% | ६५% | ८०% | ९०% | १००% |
| ३ | SIP अद्यावधिक तथा कार्यान्वयन गर्ने विद्यालय (%) | ६०% | ७०% | ८०% | ९०% | १००% |
| ४ | नियमित अनुगमन तथा मूल्याङ्कनमा समेटिएका विद्यालय (%) | ७०% | ८०% | ९०% | ९५% | १००% |
| ५ | IEMIS नियमित अद्यावधिक गर्ने विद्यालय (%) | ८०% | ८५% | ९०% | ९५% | १००% |
| ६ | अभिभावक तथा सरोकारवालासँग नियमित बैठक सञ्चालन गर्ने विद्यालय (%) | ६०% | ७०% | ८०% | ९०% | १००% |

तालिका नं ३५ स्थानिय शिक्षा क्षेत्रको योजना कार्यावान्वयनबाट प्राप्त मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य

### ६.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ ।*

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य ५ बर्ष | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ वर्ष | २ वर्ष | ३ वर्ष | ४ वर्ष | ५ वर्ष | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका |
| २ | विद्यालय सधुार योजना निर्माण एवम् अद्यावधिक | पटक | २० | २० | २० | २० | २० | २० | बिद्यालय |
| ३ | अभिभावक तथा सरोकारवालासँग नियमित बैठक सञ्चालन गर्ने विद्यालय | संख्या | २ | ३ | ४ | | | | गाउँपालिका |
| ४ | क्षमता विकास तालिम प्राप्त शिक्षक तथा व्यवस्थापन समिति सदस्य (संख्या) | संख्या | ० | २५ | ५० | ७५ | १०० | २०० | गाउँपालिका |
| ५ | सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालन भएका साक्षरता तथा सीप विकास कार्यक्रम (संख्या) | संख्या | ० | १ | ० | ० | ० | ० | गाउँपालिका |
| ६ | सामाजिक परीक्षण तथा लेखापरीक्षण गर्ने विद्यालय | संख्या | ० | ४ | ८ | १५ | १७ | २० | बिद्यालय |

तालिका नं ३६ योजना कार्यान्वन गर्न प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता तथा दिगो विकास लक्ष्यहरू हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ। नेपालको संवैधानिक व्यवस्था अनुसार विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापनको मुख्य जिम्मेवारी स्थानीय तहमा रहेको भए तापनि शिक्षा साझा अधिकार सूचीभित्र पर्ने भएकाले यसको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय, निजी क्षेत्र तथा विकास साझेदारहरूको साझेदारी आवश्यक हुन्छ। शिक्षा क्षेत्रमा स्रोतको पहिचान, स्रोतको एकीकरण, उचित वितरण तथा प्रभावकारी उपयोग अत्यन्त महत्वपूर्ण पक्षहरू हुन्। विद्यालय शिक्षाका लागि आवश्यक वित्तीय स्रोत जुटाउने, प्राथमिकताका आधारमा बजेट विनियोजन गर्ने, विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने तथा उपलब्ध स्रोतको पारदर्शी र नतिजामुखी उपयोग गर्ने विषयमा विशेष ध्यान दिन आवश्यक हुन्छ।

नेपालमा राजनीतिक दलहरूले शिक्षा क्षेत्रमा कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत लगानी गर्ने प्रतिबद्धता व्यक्त गर्दै आए पनि व्यवहारमा शिक्षा क्षेत्रमा लगानी अपेक्षित रूपमा वृद्धि हुन सकेको छैन। संघीय सरकारले मुख्यतया शिक्षक तलब, दिवा खाजा तथा प्रति विद्यार्थी लागत (PCF) जस्ता सशर्त अनुदान मात्र उपलब्ध गराउने गरेको छ, जुन विद्यालय शिक्षाको समग्र आवश्यकता पूरा गर्न पर्याप्त देखिँदैन। प्रदेश सरकारको शिक्षा क्षेत्रमा अपेक्षित लगानी तथा सक्रियता पनि सीमित देखिन्छ। विद्यालय तहको शिक्षालाई मुख्यतः स्थानीय तहको जिम्मेवारीका रूपमा लिइँदा प्रदेश तहबाट हुने बजेट विनियोजन न्यून रहेको छ, जसले स्थानीय तहमा वित्तीय भार थप बढाएको अवस्था सिर्जना गरेको छ।

यस सन्दर्भमा सखुवानन्कारकट्टी गाउँपालिकाको शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापनसम्बन्धी वर्तमान अवस्थाको समीक्षा गरी विद्यमान चुनौतीहरूको पहिचान गरिएको छ। साथै, ती चुनौतीहरूको समाधान गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी, पारदर्शी तथा दिगो बनाउन आवश्यक उद्देश्य, रणनीति, स्रोतको आकलन, लगानीका प्राथमिक क्षेत्र तथा लागत अनुमानसमेत प्रस्तुत गरिएको छ।

## ७.१ वर्तमान अवस्था

सखुवानन्कारकट्टी गाउँपालिकामा विद्यालय शिक्षाको प्रभावकारी सञ्चालन तथा गुणस्तर सुधारका लागि संघ, प्रदेश, स्थानीय तह तथा विभिन्न सरोकारवाला निकायहरूबाट स्रोत परिचालन हुँदै आएको छ। तथापि उपलब्ध स्रोतको मात्रा, वितरण प्रणाली तथा उपयोग दक्षताका दृष्टिले अझै सुधार आवश्यक देखिन्छ। हाल संघीय सरकारबाट शिक्षक तलब, दिवा खाजा, छात्रवृत्ति तथा प्रति विद्यार्थी लागत (PCF) जस्ता शीर्षकमा सशर्त अनुदान उपलब्ध हुने गरेको छ। यी अनुदानहरूले विद्यालय सञ्चालनमा महत्वपूर्ण योगदान पुऱ्याए पनि विद्यालय शिक्षाको समग्र आवश्यकता पूरा गर्न पर्याप्त देखिँदैन।

प्रदेश सरकारबाट शिक्षा क्षेत्रमा पूर्वाधार विकास, शैक्षिक सुधार तथा सीमित कार्यक्रमगत अनुदान प्राप्त हुने गरेको छ। तर प्रदेश तहबाट शिक्षा क्षेत्रमा हुने प्रत्यक्ष लगानी अपेक्षाकृत न्यून रहेको कारण स्थानीय तहमा वित्तीय दायित्व बढ्दै गएको छ। स्थानीय तहबाट विद्यालय पूर्वाधार विकास, शिक्षक सहयोग, छात्रवृत्ति, प्रारम्भिक बालविकास, ICT विस्तार, शैक्षिक सामग्री व्यवस्थापन तथा क्षमता विकासका कार्यक्रमहरूमा लगानी हुँदै आएको छ। सीमित आन्तरिक स्रोतका बाबजुद पनि गाउँपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने अभ्यास गरेको छ।

गत पाँच वर्षमा गाउँपालिकाले शिक्षा क्षेत्रमा निरन्तर रूपमा बजेट विनियोजन गर्दै आएको छ। विद्यालय भवन निर्माण, कक्षाकोठा विस्तार, शौचालय निर्माण, खानेपानी सुविधा, शिक्षक तालिम, छात्रवृत्ति वितरण तथा शैक्षिक सामग्री व्यवस्थापनमा क्रमशः लगानी वृद्धि भएको देखिन्छ। यद्यपि, बढ्दो विद्यालय संख्या, विद्यार्थी चाप तथा गुणस्तरीय शिक्षाको आवश्यकतासँग तुलना गर्दा लगानी अझै

अपर्याप्त रहेको अवस्था छ। गाउँपालिकामा विभिन्न गैरसरकारी संस्था, विकास साझेदार तथा सामुदायिक संस्थाहरूबाट पनि शिक्षा क्षेत्रमा सहयोग तथा कार्यक्रम सञ्चालन हुँदै आएका छन्। यी कार्यक्रमहरू मुख्यतः बालविकास, बालिका शिक्षा, समावेशी शिक्षा, विद्यालय सुधार, पोषण तथा ICT सहयोग जस्ता क्षेत्रमा केन्द्रित रहेका छन्।
यस्ता सहयोगले शिक्षा क्षेत्रमा सकारात्मक प्रभाव पारे पनि कार्यक्रमहरूको निरन्तरता, समन्वय तथा दीगो व्यवस्थापन अझ सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**लगानी अभिवृद्धिका लागि गरिएका असल अभ्यासहरू**

गाउँपालिकाले शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्नका लागि केही सकारात्मक अभ्यासहरू अपनाउँदै आएको छ, जसमा—

- वार्षिक बजेट तथा कार्यक्रम तर्जुमामा शिक्षा क्षेत्रलाई प्राथमिकता दिने अभ्यास
- संघ, प्रदेश तथा विकास साझेदारसँग समन्वय गरी संयुक्त कार्यक्रम सञ्चालन
- विद्यालय स्तरमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइमार्फत खर्च पारदर्शिता सुनिश्चित गर्ने प्रयास
- आवश्यकतामा आधारित योजना (need-based planning) अनुसार बजेट विनियोजन गर्ने अभ्यास
- विद्यालय पूर्वाधार तथा ICT विकासलाई चरणबद्ध रूपमा विस्तार गर्ने नीति

प्रमुख चुनौतीहरू

- संघ, प्रदेश र स्थानीय तहबीच शिक्षा क्षेत्रको लगानी तथा स्रोत वितरणमा स्पष्ट समन्वय र सन्तुलन नहुनु।
- शिक्षा क्षेत्रमा आवश्यक दीर्घकालीन तथा स्थायी वित्तीय स्रोतको अभाव हुनु।
- संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानमा मात्र निर्भर रहनुपर्ने अवस्था हुनु।
- विद्यालय शिक्षाको समग्र आवश्यकता अनुसार प्रदेश सरकारको लगानी अपेक्षाकृत न्यून हुनु।
- स्थानीय तहको आन्तरिक स्रोत सीमित भएकाले शिक्षा क्षेत्रमा पर्याप्त लगानी विस्तार गर्न कठिनाइ हुनु।
- बजेट विनियोजन भए पनि समयमै तथा प्रभावकारी रूपमा खर्च गर्ने क्षमता सीमित हुनु।
- गैरसरकारी संस्था तथा विकास साझेदारसँगको समन्वय तथा कार्यक्रम एकीकरण पर्याप्त नहुनु ।
- लगानीको नतिजामूलक उपयोग तथा अनुगमन प्रणाली कमजोर हुनु।
- शिक्षा क्षेत्रमा लगानीको पारदर्शिता, जवाफदेहिता तथा प्रभावकारिता सुनिश्चित गर्न थप सुधार आवश्यक हुनु।
- विद्यालय पूर्वाधार, ICT, शिक्षक क्षमता विकास तथा गुणस्तरीय शिक्षाका लागि आवश्यक लगानी अपुग हुनु।

## ७.२ उद्देश्य

**योजनाको वित्तीय व्यवस्थापनका उद्देश्यहरू**

१. विद्यालय शिक्षा क्षेत्रमा पहिचान गरिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक तथा दिगो वित्तीय स्रोतको पहिचान, परिचालन तथा व्यवस्थापन गर्नु।
२. संघ, प्रदेश तथा स्थानीय तहबीच शिक्षा क्षेत्रमा लगानी, बजेट विनियोजन, वित्तीय हस्तान्तरण तथा जिम्मेवारीलाई स्पष्ट, समन्वित र प्रभावकारी बनाउनु।
३. विद्यालय शिक्षाका विभिन्न उपक्षेत्रमा आवश्यक वित्तीय स्रोतको यथार्थ प्रक्षेपण गरी प्राथमिकताका आधारमा लगानी सुनिश्चित गर्नु।
४. सूचना तथा सञ्चार प्रविधि, प्राविधिक तथा व्यावसायिक शिक्षा, समावेशी शिक्षा तथा गुणस्तर सुधारका कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यक्रमगत बजेट निर्धारण गर्नु।

५. विपन्न, सीमान्तकृत, अपाङ्गता भएका तथा सुविधाविहीन बालबालिकाको शिक्षामा पहुँच, सहभागिता तथा सिकाइ सुनिश्चित गर्न लक्षित लगानी अभिवृद्धि गर्नु।

६. गैरसरकारी क्षेत्र, समुदाय, अभिभावक तथा विकास साझेदारको योगदान र साझेदारीलाई प्रोत्साहन गर्दै शिक्षा क्षेत्रमा थप स्रोत परिचालन गर्नु।

७. वित्तीय व्यवस्थापन, खर्च प्रणाली, लेखा व्यवस्थापन, प्रतिवेदन तथा अनुगमन प्रक्रियालाई पारदर्शी, जवाफदेही तथा नतिजामुखी बनाउनु।

८. शिक्षा क्षेत्रमा विनियोजित स्रोतको प्रभावकारी उपयोग, नियमित अनुगमन, सामाजिक परीक्षण तथा वित्तीय सुशासन सुनिश्चित गर्नु।

## ७.३ रणनितिहरु

उल्लेखित उद्देश्यहरु पुरा गर्न देहाय बमोजिमको रणनीतिहरु उपनाइने छ ।

१ स्थानीय सरकारले आफ्नै स्रोतबाट शिक्षा क्षेत्रमा क्रमिक रूपमा लगानी वृद्धि गर्ने ।

२. विद्यालय शिक्षामा पहुँच, सहभागिता, समता तथा गुणस्तर सुनिश्चित गर्न लगानीको प्रभावकारिता अभिवृद्धि गर्ने।

३. वार्षिक रूपमा  कुल बजेटको उपयुक्त प्रतिशत शिक्षा क्षेत्रका कार्यक्रम तथा पूर्वाधार विकासका लागि विनियोजन गर्ने।

४. विद्यालय पूर्वाधार, सूचना तथा सञ्चार प्रविधि, शिक्षक क्षमता विकास, समावेशी शिक्षा तथा शैक्षिक गुणस्तर सुधारलाई प्राथमिकतामा राखी बजेट व्यवस्थापन गर्ने।

५. शिक्षा क्षेत्रमा निजी क्षेत्र, गैरसरकारी संस्था, विकास साझेदार तथा समुदायको लगानीलाई उचित नियमनसहित प्रोत्साहन तथा प्रवर्द्धन गर्ने।

६. मापदण्डका आधारमा खर्च, अनुगमन, लेखापरीक्षण तथा प्रतिवेदन प्रणाली अवलम्बन गरी वित्तीय सुशासन कायम गर्ने।

७. वित्तीय व्यवस्थापन क्षमता अभिवृद्धि गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्वलाई सुदृढ बनाउने।

८. संघ, प्रदेश, स्थानीय तह, समुदाय तथा विकास साझेदारबीच लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने।

९. विपन्न, सीमान्तकृत, अपाङ्गता भएका तथा सुविधाविहीन बालबालिकाको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न लक्षित लगानी वृद्धि गर्ने।

## ७.४ प्रमुख उपलब्धि तथा नतिजाहरु

योजना कार्यन्वयनबाट प्राप्त हुने मुख्य उपलब्धिहरु देहाय बमोजिमको हुने छ ।

१. शैक्षिक पहुँच, समता, गुणस्तर तथा क्षमता विकासका लागि आवश्यक वित्तीय स्रोत तथा साधनको व्यवस्थापन सुदृढ भएको हुनेछ।

२. शिक्षा क्षेत्रमा संघ, प्रदेश, स्थानीय तह, समुदाय तथा गैरसरकारी क्षेत्रबीच लागत साझेदारी तथा स्रोत परिचालन प्रणाली प्रभावकारी भएको हुनेछ।

३. विद्यालय पूर्वाधार, सूचना तथा सञ्चार प्रविधि, समावेशी शिक्षा तथा शिक्षक क्षमता विकासमा लगानी वृद्धि भई शिक्षाको गुणस्तरमा सुधार आएको हुनेछ।

४. वित्तीय व्यवस्थापन, लेखा प्रणाली, सामाजिक परीक्षण, पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व प्रणाली सुदृढ भएको हुनेछ।

## ७. ५ प्रमुख क्रियाकलाप र लक्ष्य

सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट ( रु हजारमा)

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र बिषय | आर्थिक बर्ष रु हजारमा | | | | | ५ बर्षको जम्मा रु हजारमा | १० बर्षको जम्मा रु हजारमा |
|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (२०८२/८३) | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | ३०० | ३५० | ३८० | ४२० | ४७० | १९२० | ३८४० |
| २ | आधारभूत शिक्षा | ४०० | ४२० | ४५० | ५०० | ७५० | २५२० | ५०४० |
| ३ | माध्यमिक शिक्षा | ६५०० | ७००० | ७५०० | ७८०० | ८००० | २९००० | ५८००० |
| ४ | प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम | ५०० | ७०० | ९०० | ११०० | १३०० | ४५०० | ९००० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाई | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्यांकन | २५२० | २६०० | २६४० | २७०० | २७५० | १३२१० | २६४२० |
| ७ | विद्यालय पोषण तथा स्वस्थ्य कार्यक्रम | ११००० | १३००० | १५००० | १७००० | १९००० | ७५००० | १५०००० |
| १० | विद्यालय सुरक्षा, विपत् न्युनिकरण तथा उत्थानशीलता | १०० | २०० | ३०० | ४०० | ५०० | १५०० | ३००० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ३२०० | ४००० | ४००० | ४००० | ४००० | १९२० | ३८४० |
| १२ | विद्यालयमा सुचना तथा सञ्चार प्रविधि | २०० | ३०० | ३०० | ३०० | ३०० | १४०० | २८०० |

तालिका नं ३७  सङ्घीय सरकारबाटव प्राप्त हुने अनुमानित बजेट

मधेश प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट ( रु हजारमा)

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र बिषय | आर्थिक बर्ष रु हजारमा | | | | | ५ बर्षको जम्मा रु हजारमा | १० बर्षको जम्मा रु हजारमा |
|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (८३/२०८२) | २०८३८४/ | २०८४८५/ | २०८५८६/ | २०८६८७/ | | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | १०० | १५० | १८० | २२० | २७० | ९२० | १८४० |
| २ | आधारभूत शिक्षा | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६४० |
| ३ | माध्यमिक शिक्षा | ६५० | ७०० | ७५० | ७८० | ८०० | २९०० | ५८०० |
| ४ | प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम | ५०० | ७०० | ९०० | ११०० | १३०० | ४५०० | ९००० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाई | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |
| ६ | विद्यालय भौतिक पूर्वाधार विकास | ३२०० | ४००० | ४००० | ४००० | ४००० | १९२० | ३८४० |
| ७ | वालविकास केन्द्र व्यवस्थापन सुधार | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |
| ८ | स्वयम शिक्षक व्यवस्थापनका लागि | ६५० | ७०० | ७५० | ७८० | ८०० | २९०० | ५८०० |
| ९ | शैक्षिक सामाग्री वितरण | १०० | १५० | १८० | २२० | २७० | ९२० | १८४० |

तालिका नं ३८ मधेश प्रदेश सरकारबाटव प्राप्त हुने अनुमानित बजेट

गाउँपालिकाबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट ( रु हजारमा)

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र बिषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा रु हजारमा | १० बर्षको जम्मा रु हजारमा |
|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (८३/२०८२) | २०८३८४/ | २०८४८५/ | २०८५८६/ | २०८६८७/ | | |
| १ | प्रारम्भिक वालविकास र शिक्षा | २०० | २५० | २८० | ३२० | ३७० | १४२० | १८४० |
| २ | आधारभूत शिक्षा | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६४० |
| ३ | माध्यमिक शिक्षा | ६५० | ७०० | ७५० | ७८० | ८०० | २९०० | ५८०० |
| ४ | प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६४० |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाई | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |
| ६ | विद्यालय भौतिक पूर्वाधार विकास | ३२० | ४०० | ४०० | ४०० | ४०० | १९२० | ३८४० |
| ७ | विद्यालयमा सुचना तथा सञ्चार प्रविधि | २०० | ३०० | ३०० | ३०० | ३०० | १४०० | २८०० |
| ८ | उच्च शिक्षा | २०० | ३०० | ३०० | ३०० | ३०० | १४०० | २८०० |
| ९ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ५०० | ७०० | ८०० | ८०० | ९०० | ३७०० | ७४०० |
| १० | नयाँवालविकास केन्द्र स्थापना | २०० | २०० | २०० | २०० | २०० | १००० | २००० |
| ११ | सहयोगि कार्यकर्ता क्षमता विकास | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६४० |
| १३ | स्थानिय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५००० |
| १४ | विद्यालयमा सुचना तथा सञ्चार प्रविधि | २०० | ३०० | ३०० | ३०० | ३०० | १४०० | २८०० |
| १५ | छात्रवृत्ति कार्यक्रम दलित), विपन्न, अपाङ्गता, छात्रा आदि( | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |
| १६ | विज्ञान तथा कम्प्युटर प्रयोगशाला व्यवस्थापन | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |
| १७ | खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६४० |
| १८ | विद्यालय अनुगमन तथा शैक्षिक सुधार कार्यक्रम | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५००० |
| १९ | IEMIS अद्यावधिक तथा डिजिटल प्रशासन | २०० | ३०० | ३०० | ३०० | ३०० | १४०० | २८०० |
| २० | विद्यालय सरसफाइ, खानेपानी तथा शौचालय व्यवस्थापन | २५० | ३०० | २५० | २५० | २५० | १३०० | २६०० |

तालिका नं ३९ स्थानिय सरकारबाटव प्राप्त हुने अनुमानित बजेट

संघसंस्थाबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट ( रु हजारमा)

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र बिषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा रु हजारमा | १० बर्षको जम्मा रु हजारमा |
|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष (८३/२०८२) | २०८३८४/ | २०८४८५/ | २०८५८६/ | २०८६८७/ | | |
| १ | शिक्षक तालिम तथा क्षमता विकास | २०० | २५० | २८० | ३२० | ३७० | १४२० | १८४० |
| २ | स्वास्थ्य, सरसफाइ तथा पोषण कार्यक्रम | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६४० |
| ३ | सामुदायिक सिकाइ तथा सचेतना कार्यक्रम | ६५० | ७०० | ७५० | ७८० | ८०० | २९०० | ५८०० |
| ४ | विपद् व्यवस्थापन तथा आपतकालीन शैक्षिक सहयोग | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६४० |
| ५ | किशोरी शिक्षा कार्यक्रम | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६०० |
| ६ | विद्यालय भवन मर्मत तथा पूर्वाधार सहयोग | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६०० |
| ७ | बालमैत्री तथा सुरक्षित विद्यालय कार्यक्रम | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६०० |
| ८ | Remedial support कक्षा सचालन वा समुदायमा आधारित थप टुउसन कक्षा | २०० | २२० | २५० | ३०० | ३५० | १३२० | २६०० |

तालिका नं ४० विभिन्न संघसंस्थाबाट प्राप्त हुने अनुमानित बजेट

## ७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनका लागि विषयगत बजेट तर्जुमा प्रक्रिया सहभागितामूलक, आवश्यकतामा आधारित तथा नतिजामुखी ढङ्गबाट सञ्चालन गरिनेछ। बजेट तर्जुमा गर्दा गाउँपालिकाको आवधिक योजना, शिक्षा क्षेत्रका प्राथमिकता, संघ तथा प्रदेश सरकारबाट प्राप्त नीति तथा कार्यक्रम, स्थानीय आवश्यकता तथा उपलब्ध स्रोत साधनलाई आधार मानिनेछ । शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालय, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, सरोकारवाला तथा विषयगत समितिहरूसँग समन्वय गरी आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव सङ्कलन गर्नेछ। प्राप्त प्रस्तावहरूको आवश्यकता, प्राथमिकता, सम्भाव्यता तथा उपलब्ध स्रोतका आधारमा विश्लेषण गरी विषयगत बजेट तर्जुमा गरिनेछ ।

यस योजनामा उल्लेखित परिच्छेद ३, ४, ५ र ६ अन्तर्गतका प्रमुख क्रियाकलाप तथा लक्ष्यलाई आधार मानी वार्षिक रूपमा आवश्यक बजेट अनुमान तथा एकाइ लागत निर्धारण गरिनेछ। प्रत्येक कार्यक्रम तथा क्रियाकलापको प्रकृति, लक्षित लाभग्राही, कार्यक्षेत्र तथा कार्यान्वयन अवधिका आधारमा एकाइ लागत निर्धारण गरी सोही अनुसार वार्षिक बजेट तर्जुमा गरिनेछ । निर्धारित एकाइ लागतलाई वार्षिक लक्ष्यसँग गुणन गरी कार्यक्रमगत तथा क्रियाकलापगत बजेट तयार गरिनेछ। यसरी तयार गरिएको बजेटको समग्र विश्लेषण गरी सम्बन्धित उपक्षेत्रका लागि आवश्यक कुल बजेट अनुमान गरिनेछ। विद्यालय पूर्वाधार, शिक्षक व्यवस्थापन, सूचना तथा सञ्चार प्रविधि, समावेशी शिक्षा, क्षमता विकास, अनुगमन तथा व्यवस्थापनलगायतका उपक्षेत्र अनुसार कार्यक्रम तथा बजेटको सारांश तालिकागत रूपमा प्रस्तुत गरिनेछ ।

योजना कार्यान्वयनका लागि वर्षगत बजेट अनुमान

| आवधिक वर्षगत रूपमा बजेट अनुमान | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| उपक्षेत्र / विषय | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ | आ.व. २०८६/८७ | पाँच वर्षको जम्मा | १० वर्षको अनुमानित जम्मा |
| प्रारम्भिक बालविकास तथा शिक्षा | २५ लाख | ३० लाख | ३५ लाख | ४० लाख | ४५ लाख | १ करोड ७५ लाख | ४ करोड |
| आधारभूत शिक्षा | १ करोड ५० लाख | १ करोड ६० लाख | १ करोड ७५ लाख | १ करोड ९० लाख | २ करोड | ८ करोड ७५ लाख | १८ करोड |
| माध्यमिक शिक्षा | ८० लाख | ९० लाख | १ करोड | १ करोड १० लाख | १ करोड २० लाख | ५ करोड | १० करोड ५० लाख |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | २० लाख | २५ लाख | ३० लाख | ३५ लाख | ४० लाख | १ करोड ५० लाख | ३ करोड ५० लाख |
| अनौपचारिक तथा निरन्तर शिक्षा | १० लाख | १२ लाख | १५ लाख | १८ लाख | २० लाख | ७५ लाख | १ करोड ७५ लाख |
| सूचना तथा सञ्चार प्रविधि शिक्षा | २५ लाख | ३० लाख | ३५ लाख | ४० लाख | ५० लाख | १ करोड ८० लाख | ४ करोड |
| शिक्षा व्यवस्थापन तथा क्षमता विकास | ३० लाख | ३५ लाख | ४० लाख | ४५ लाख | ५० लाख | २ करोड | ४ करोड ५० लाख |
| विद्यालय पोषण तथा स्वस्थ्य कार्यक्रम | ८० लाख | ९० लाख | १ करोड | १ करोड १० लाख | १ करोड २० लाख | ५ करोड | १० करोड ५० लाख |
| विद्यालय सुरक्षा, विपत् न्युनिकरण तथा उत्थानशीलता | २० लाख | २५ लाख | ३० लाख | ३५ लाख | ४० लाख | १ करोड ५० लाख | ३ करोड ५० लाख |
| विद्यालय भौतिक पूर्वाधार विकास | १० लाख | १२ लाख | १५ लाख | १८ लाख | २० लाख | ७५ लाख | १ करोड ७५ लाख |
| विद्यालयमा सुचना तथा सञ्चार प्रविधि | २५ लाख | ३० लाख | ३५ लाख | ४० लाख | ५० लाख | १ करोड ८० लाख | ४ करोड |
| जम्मा | ४ करोड ८५ लाख | ५ करोड ३९ लाख | ४ करोड ३० लाख | ६ करोड १० लाख | ७ करोड ५५ लाख | २१ करोड ५५ लाख | ४५ करोड २५ लाख |

तालिका नं ४१ योजना कार्यान्वयन गर्न बार्षिक लागत अनुमानित बजेट

*तालिका नं 1*

## ७.७ योजना कार्यान्वयनका लागि विषयगत रणनीति, कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

सखुवानन्कारकट्टी गाउँपालिकाको शिक्षा क्षेत्र योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न विषयगत रणनीति, वार्षिक कार्यान्वयन योजना तथा कार्यक्रमहरू तयार गरी चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ। योजना कार्यान्वयनका क्रममा प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, सूचना तथा सञ्चार प्रविधि, समावेशी शिक्षा, शिक्षक क्षमता विकास, सुशासन तथा व्यवस्थापन लगायतका विषयगत उपक्षेत्रहरूलाई प्राथमिकतामा राखी रणनीति निर्माण गरिनेछ। योजना कार्यान्वयनका लागि शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालय, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, शिक्षा समिति तथा अन्य सरोकारवालाहरूसँग समन्वय गरी वार्षिक कार्यान्वयन योजना तयार गर्नेछ। उक्त कार्ययोजनामा कार्यक्रम, क्रियाकलाप, लक्ष्य, समयसीमा, जिम्मेवार निकाय, आवश्यक बजेट तथा अपेक्षित उपलब्धिहरू स्पष्ट रूपमा उल्लेख गरिनेछ।

सखुवानन्कारकट्टी गाउँपालिकाको शिक्षा क्षेत्र योजना कार्यान्वयन गर्दा वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमहरूलाई संघ, प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमसँग समन्वय गरी उपलब्ध स्रोत सुनिश्चितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गरी कार्यान्वयन गरिनेछ। कार्यक्रम कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न नियमित अनुगमन, प्रगति समीक्षा, सामाजिक परीक्षण, वित्तीय लेखापरीक्षण तथा नतिजामुखी मूल्याङ्कन प्रणाली सञ्चालन गरिनेछ। साथै, कार्यान्वयनका क्रममा देखिएका समस्या, चुनौती तथा सिकाइका आधारमा योजना तथा रणनीतिलाई आवश्यकता अनुसार परिमार्जन तथा अद्यावधिक गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

**विषयगत रणनीति कार्यान्वयन योजना तथा अनुमानित बजेट**

| क्र.सं. | विषयगत क्षेत्र | प्रमुख रणनीति / क्रियाकलाप | जिम्मेवार निकाय | अनुमानित वार्षिक बजेट | स्रोत |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | ECD कक्षा व्यवस्थापन, सामग्री तथा शिक्षक क्षमता विकास | शिक्षा शाखा / विद्यालय | रु. २५ लाख | संघ, स्थानीय तह |
| २ | आधारभूत शिक्षा | विद्यालय सुधार, शिक्षक व्यवस्थापन, सिकाइ उपलब्धि सुधार | शिक्षा शाखा / विद्यालय | रु. १ करोड ५० लाख | संघ, प्रदेश, स्थानीय |
| ३ | माध्यमिक शिक्षा | विज्ञान, ICT तथा गुणस्तर सुधार कार्यक्रम | गाउँपालिका / विद्यालय | रु. १ करोड | संघ, स्थानीय तह |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | सीपमूलक तालिम तथा प्राविधिक शिक्षा विस्तार | गाउँपालिका / साझेदार संस्था | रु. ३० लाख | स्थानीय, NGO |
| ५ | सूचना तथा सञ्चार प्रविधि | कम्प्युटर, इन्टरनेट, डिजिटल सिकाइ सामग्री व्यवस्थापन | शिक्षा शाखा | रु. ४० लाख | संघ, स्थानीय तह |
| ६ | शिक्षक क्षमता विकास | तालिम, कोचिङ, पृष्ठपोषण तथा पेशागत विकास | शिक्षा शाखा | रु. २५ लाख | स्थानीय, प्रदेश |
| ७ | समावेशी शिक्षा | छात्रवृत्ति, अपाङ्गमैत्री तथा बालमैत्री कार्यक्रम | गाउँपालिका / विद्यालय | रु. २० लाख | संघ, स्थानीय |
| ८ | विद्यालय पूर्वाधार | भवन, शौचालय, खानेपानी तथा फर्निचर व्यवस्थापन | गाउँपालिका | रु. १ करोड २० लाख | संघ, प्रदेश, स्थानीय |
| ९ | सुशासन तथा व्यवस्थापन | अनुगमन, सामाजिक परीक्षण, IEMIS अद्यावधिक | शिक्षा शाखा | रु. १५ लाख | स्थानीय तह |
| १० | सामुदायिक सिकाइ केन्द्र | साक्षरता, सीप विकास तथा निरन्तर शिक्षा कार्यक्रम | गाउँपालिका / समुदाय | रु. १० लाख | स्थानीय, साझेदारी |
| **जम्मा** | | | | **रु. ५ करोड ३५ लाख** | |

तालिका नं ४२ योजना कार्यान्वयन गर्न क्षेत्रगत बार्षिक लागत अनुमानित बजेट

# परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

सखुवानन्कारकट्टी गाउँपालिकामा शैक्षिक कार्यक्रमका लागि स्रोत साधनको विनियोजन तथा वितरण उपलब्ध स्रोत, वार्षिक बजेट तथा कार्यक्रम प्राथमिकताका आधारमा गरिँदै आएको छ। संघ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त अनुदान, आन्तरिक स्रोत तथा साझेदार संस्थाबाट प्राप्त सहयोगलाई समन्वय गरी विद्यालय पूर्वाधार, शिक्षक व्यवस्थापन, छात्रवृत्ति, सूचना तथा सञ्चार प्रविधि, क्षमता विकास तथा शैक्षिक गुणस्तर सुधारका क्षेत्रमा बजेट विनियोजन गरिने व्यवस्था रहेको छ। तथापि स्रोत वितरण अझै पूर्ण रूपमा सन्तुलित, आवश्यकता–आधारित र नतिजामुखी हुन सकेको अवस्था छैन।

कार्यक्रम कार्यान्वयन प्रक्रियामा नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गरिएको छ। शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवालाहरूबाट कार्यक्रमको कार्यान्वयन अवस्था, प्रगति तथा प्रभावकारिताको नियमित समीक्षा गरिन्छ। कार्यक्रम कार्यान्वयनका क्रममा देखिने समस्या, ढिलाइ, स्रोत उपयोगको अवस्था तथा लक्ष्य प्राप्तिको स्तर विश्लेषण गरी आवश्यक सुधारात्मक कदम चाल्ने अभ्यास रहेको छ। विद्यालय शिक्षा क्षेत्रका कार्यक्रमहरूको प्रगति मूल्याङ्कन गर्दा सान्दर्भिकता, उपयुक्तता, दक्षता तथा प्रभावकारितालाई आधार मानिने गरिएको छ। अनुगमन कार्य कार्यक्रम सञ्चालनको क्रममा निरन्तर रूपमा गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सम्पन्न भएपछि परिणाम तथा प्रभावका आधारमा गरिन्छ। यसले शिक्षा क्षेत्रमा गरिएको लगानीलाई पारदर्शी, जवाफदेही तथा नतिजामुखी बनाउन सहयोग पुर्‍याएको छ।

विद्यालय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन र मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहनेछ। अनुगमन भन्नाले शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन, वितरण, लगानीको प्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरू कार्यतालिका अनुसार सञ्चालन भए–नभएको अवस्था तथा लक्षित प्रतिफल प्राप्तिको अवस्थाबारे नियमित वा आवधिक रूपमा गरिने निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण र जाँचबुझ गर्ने कार्य हो। यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाबारे स्पष्ट जानकारी प्रदान गर्दछ।

सखुवानन्कारकट्टी गाउँपालिकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग समन्वय गर्दै शिक्षा योजनाको अनुगमन तथा मूल्याङ्कन गर्दा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्था, दिगो विकास लक्ष्य (SDG) सम्बन्धी प्रगति तथा विद्यालय शिक्षा क्षेत्र योजनाका प्रमुख कार्यसम्पादन सूचकहरूको उपलब्धिलाई आधार बनाउने व्यवस्था गरेको छ। मूल्याङ्कन प्रतिफल र प्रभावमा केन्द्रित प्रक्रिया हो। शैक्षिक कार्यक्रमहरूको औचित्यता, सान्दर्भिकता, उपयुक्तता, दक्षता तथा प्रभावकारिताको आधारमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी प्राप्त उपलब्धिको मूल्य निर्धारण गर्ने कार्यलाई मूल्याङ्कन भनिन्छ। अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा निरन्तर रूपमा गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनको क्रममा तथा कार्यक्रम सम्पन्न भएपछि समेत गरिन्छ ।

## ८.१ वर्तमान अवस्था

सखुवानन्कारकट्टी गाउँपालिकामा शिक्षा क्षेत्रको अनुगमन तथा मूल्याङ्कन कार्य शिक्षा, युवा तथा खेलकुद शाखामार्फत सञ्चालन हुँदै आएको छ। विद्यालय शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न अनुगमन संयन्त्रको व्यवस्था गरिएको छ, जसअन्तर्गत शाखा प्रमुख, प्राविधिक कर्मचारी तथा आवश्यकतानुसार विषयगत विज्ञहरूको सहभागितामा विद्यालय अनुगमन तथा निरीक्षण गरिने अभ्यास रहेको छ। एकीकृत प्रतिवेदन प्रणाली विकास गर्ने प्रयास गरिएको भए तापनि सबै विद्यालय तथा कार्यक्रमलाई पूर्ण रूपमा डिजिटल तथा एकीकृत प्रणालीमा आबद्ध गर्न अझै सुधार आवश्यक छ। विद्यालय तथ्याङ्क तथा कार्यक्रम प्रगति विवरण IEMIS प्रणालीमार्फत अद्यावधिक गर्ने अभ्यास भए पनि नियमितता र गुणस्तरमा एकरूपता देखिँदैन।

सहभागितामूलक तथा सामूहिक अनुगमन प्रणालीका रूपमा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा स्थानीय सरोकारवालाको सहभागिता रहने व्यवस्था गरिएको छ। तथापि, सबै विद्यालयमा यो प्रणाली समान रूपमा प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन। अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको प्रयोग विस्तार हुँदै गएको छ, विशेष गरी IEMIS तथा अन्य डिजिटल माध्यम प्रयोग भए पनि प्रविधिको पूर्ण उपयोग, डेटा विश्लेषण र नतिजामुखी प्रयोग अझ प्रभावकारी बनाउन आवश्यक छ। नतिजामा आधारित

अनुगमन प्रणालीको अभ्यास सुरु भए तापनि अझै प्रक्रिया–केन्द्रित अनुगमन बढी देखिन्छ। विद्यालय अनुगमन तथा निरीक्षणका क्रममा भौतिक अवस्था, शिक्षक उपस्थिति तथा प्रशासनिक पक्षमा बढी ध्यान दिइने गरिएको छ।

शिक्षक सुपरिवेक्षण तथा पेशागत सहयोगका लागि शिक्षा शाखाबाट कोचिङ, कक्षा अवलोकन तथा पृष्ठपोषण दिने अभ्यास रहेको छ, तर यसको नियमितता र प्रणालीगत सुधार आवश्यक देखिन्छ। विद्यार्थी उपलब्धि परीक्षण तथा मूल्याङ्कन विद्यालय तहमा गरिँदै आएको भए पनि एकरूप मानक परीक्षण प्रणालीको कमी छ, जसले सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषणमा चुनौती सिर्जना गरेको छ।

**अनुगमन तथा मूल्याङ्कन सम्बन्धी चुनौतीहरू**

• तीनै तहका सरकारबीच अनुगमन र मूल्याङ्कनमा पर्याप्त सहकार्य तथा समन्वय नहुनुका कारण एकीकृत प्रतिवेदन प्रणाली विकास हुन नसक्नु।
• स्थानीय स्तरमा शैक्षिक अनुगमन तथा मूल्याङ्कनका मापदण्ड, मापनयोग्य सूचक तथा उपकरण विकास गर्न आवश्यक दक्ष जनशक्ति तथा अनुगमनकर्ताको अभाव हुनु।
• अनुगमन कार्यलाई योजनाबद्ध, नियमित र एकरूप बनाउन पर्याप्त साधन स्रोत तथा संस्थागत प्रबन्ध नहुनु।
• अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको प्रभावकारी उपयोग गर्ने प्रणाली विकास नहुनु र प्रतिवेदन व्यवस्थापन कमजोर हुनु।
• शासकीय संरचना परिवर्तनसँगै विद्यालय निरीक्षण तथा सुपरिवेक्षण कार्य पर्याप्त रूपमा संस्थागत र निरन्तर नहुनु।
• अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउन आवश्यक प्रणालीगत सुधार नहुनु।

## ८.२ उद्देश्य

अनुगमन तथा मूल्याङ्कनमा देखिएका चुनौतीहरूलाई न्यून गरी प्रभावकारी बनाउन सखुवानन्कारकट्टी गाउँपालिकाले निम्न उद्देश्यहरू लिएको छः

१. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।
२. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।
३. प्रभावकारी, व्यवस्थित तथा एकीकृत अनुगमन प्रणालीको विकास गर्नु।
४. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

## ८.३ रणनीतिहरू

उपर्युक्त उद्देश्यहरू हासिल गर्न सखुवानन्कारकट्टी गाउँपालिकाले निम्न रणनीतिहरू अपनाउनेछः

१. कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) लाई प्रभावकारी रूपमा सञ्चालनमा ल्याइनेछ।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत रूपमा अवलम्बन गरी नियमित अभ्यासमा ल्याइनेछ।
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित, मानकीकृत र नियमित बनाइनेछ।
४. कक्षाकोठा स्तरीय सिकाइ अनुगमन, कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गरिनेछ।
५. विद्यालय तथा शिक्षक सुपरिवेक्षणका लागि पेशागत सहयोग प्रणाली स्थापना तथा सुदृढीकरण गर्ने।
६. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजनाहरूको नियमित, मध्यावधि तथा अन्तिम मूल्याङ्कन प्रणाली संस्थागत गर्ने।
७. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ बमोजिम कार्यान्वयनको अवस्था नियमित रूपमा अनुगमन गरी स्थानीय तहमा प्रतिवेदन पेस गर्ने व्यवस्था गर्ने ।

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास भएको हुने।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन भएको हुने।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरू समाधान भई अपेक्षित उपलब्धि हासिल भएको हुने।

**नतिजा**

योजनाको कार्यान्वयनका प्राप्त हुने नतिजाहरु देहाय बमोजिमको हुने छ ।

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ।

२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापना भई योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

## ८.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउने देहाय बमोजिमका क्रियाकलाप र परिमाणात्मक लक्ष्यहरु देहायको तालिकामा उल्लेख गरिएको छ।

| क्रस. . | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ( वर्ष ५) | | | | | भौतिक लक्ष्य वर्ष १०) ( | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार गर्ने | पटक | | १ | | | | १ | गाउँपालिका |
| २ | अनुगमन तथा मुल्यांकन संयन्त्रको निर्माण | पटक | १ | | | | | | गाउँपालिका |
| ३ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू अध्यावधिक गर्ने | पटक | | १ | १ | १ | १ | १३ | गाउँपालिका |
| ४ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | ३ | ४ | ५ | ५ | ५ | ५० | गाउँपालिका,प्रदेश र संघ विद्यालयमा |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | २ | २ | २ | २ | २ | २० | विद्यालय |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | ० | ३ | ३ | ३ | ३ | २४ | गाउँपालिका |
| ७ | विद्यालयको लेखा परीक्षण तथा सामाजिक लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका र विद्यालय |

तालिका नं ४३ योजना कार्यान्वयन गर्न अनुगमन तथा मूल्यांकन गर्न प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

# अनुसूची १ : योजनाको लेखाजोखा तथा सुझाव पत्र

श्री गाउँपालिका अध्यक्षज्यू
सखुवानन्कारकट्टी गाउँपालिका

विषयः विद्यालय शिक्षा क्षेत्र योजना सम्बन्धी नागरिक समाज तथा शिक्षाविद्हरूका टिप्पणी एवं सुझाव पेश गरिएको सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा "Civil Society Empowerment for Accountable Education" परियोजना अन्तर्गत शिक्षामा जवाफदेहिता प्रवर्द्धनका लागि स्थापित नागरिक समाज संगठनहरूको सञ्जाल "मधेश सिकाइ समूह–१" तथा शिक्षाविद्हरूको तर्फबाट संयुक्त रूपमा तयार गरिएको सखुवानन्कारकट्टी गाउँपालिकाको "विद्यालय शिक्षा क्षेत्र योजना" सम्बन्धी टिप्पणी तथा सुझावहरू यसै साथ पेश गरिएको व्यहोरा विनम्रतापूर्वक अनुरोध गर्दछौं।

उक्त सुझावहरू तयार गर्ने क्रममा दुई दिने कार्यशाला सञ्चालन गरिएको थियो। कार्यशालामा "स्थानीय तहको शिक्षा योजना विश्लेषण रूपरेखा" तथा "शिक्षा क्षेत्र योजना" का प्रमुख सूचकहरूको गहन अध्ययन, छलफल तथा विश्लेषण गरिएको थियो। सो प्रक्रियामा नागरिक समाज संगठन, शिक्षाविद्, सामाजिक अभियन्ता तथा शिक्षा सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो।

हामी सबैको साझा प्रयासबाट तयार गरिएको यस विश्लेषण तथा सुझावहरूले गाउँपालिकाको हालको विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan–SESP) लाई अझ प्रभावकारी, समावेशी, उत्तरदायी तथा बालमैत्री बनाउँदै आवश्यक परिमार्जन तथा अद्यावधिक गर्न सहयोग पुग्ने विश्वास लिएका छौं। विशेषगरी समावेशी शिक्षा, गुणस्तरीय सिकाइ, प्रविधिमैत्री शिक्षण, अपाङ्गता तथा सीमान्तकृत समुदायमैत्री शैक्षिक वातावरण, शिक्षक व्यवस्थापन, विद्यालय पूर्वाधार, संकटकालीन शिक्षा तथा संस्थागत सुदृढीकरणका विषयहरूलाई प्राथमिकताका साथ समेटिएको छ।

नेपालको संविधान २०७२ ले सुनिश्चित गरेको शिक्षासम्बन्धी मौलिक हकको व्यवहारिक कार्यान्वयनका लागि स्थानीय सरकारको भूमिका अत्यन्त महत्वपूर्ण रहेको सन्दर्भमा प्रस्तुत सुझावहरूलाई शिक्षा नीति, योजना तथा कार्यक्रम निर्माण प्रक्रियामा समावेश गरिने अपेक्षा राखेका छौं। बालबालिकाको समग्र विकास, गुणस्तरीय शिक्षा तथा समतामूलक पहुँच सुनिश्चित गर्न गाउँपालिकासँग सहकार्य गर्दै अगाडि बढ्न "मधेश सिकाइ समूह–१" सदैव प्रतिबद्ध रहेको व्यहोरा समेत अवगत गराउन चाहन्छौं।

सहकार्य तथा समन्वयका लागि हार्दिक धन्यवाद।

## अनुसुची २ स्थानिय शिक्षा क्षेत्र योजना लेखाजोखा विवरण

| क्र.सं. | लेखाजोखाका पक्ष | विश्लेषण |
|---|---|---|
| १ | **नेतृत्व तथा सहभागिता** (Leadership and Participation) | विद्यालय शिक्षा क्षेत्र योजना निर्माण प्रक्रियामा गाउँपालिकाको नेतृत्व सक्रिय रहेको देखिन्छ। योजना निर्माणमा शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, नागरिक समाज, शिक्षाविद् तथा अन्य सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता रहेको थियो। योजना निर्माण प्रक्रिया छलफल, कार्यशाला तथा परामर्शमा आधारित भएकाले प्रक्रिया सहभागीमूलक तथा पारदर्शी रहेको देखिन्छ। |
| २ | **पर्याप्तता र सान्दर्भिकता** (Adequacy and Relevance) | योजनामा समावेश गरिएका रणनीति, कार्यक्रम तथा क्रियाकलापहरूले स्थानीय शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीहरूलाई सम्बोधन गर्ने प्रयास गरेका छन्। विद्यालय बाहिर रहेका बालबालिका, समावेशी शिक्षा, ICT, शिक्षक व्यवस्थापन, विद्यालय पूर्वाधार तथा सिकाइ उपलब्धि सुधारका कार्यक्रमहरू स्थानीय आवश्यकता र सन्दर्भसँग मेल खाने प्रकृतिका छन्। |
| ३ | **समता, दक्षता तथा गुणस्तर** (Equity, Efficiency and Quality) | योजनाले समतामूलक पहुँच, समावेशी शिक्षा तथा गुणस्तरीय सिकाइलाई प्राथमिकता दिएको छ। दलित, महिला, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको पहुँच सुनिश्चित गर्ने नीति तथा कार्यक्रम समावेश गरिएको छ। शिक्षक क्षमता विकास, ICT प्रयोग तथा बालमैत्री सिकाइ वातावरणमार्फत सिकाइ उपलब्धि सुधार गर्ने लक्ष्य राखिएको छ। |

| | | |
|---|---|---|
| ४ | **अन्तरसम्बन्ध र तादात्म्य** (Coherence) | शिक्षा योजना कृषि, स्वास्थ्य, पूर्वाधार विकास तथा सामाजिक विकाससँग अन्तरसम्बन्धित देखिन्छ। विद्यालय स्वास्थ्य, पोषण, हरित विद्यालय, विपद् व्यवस्थापन तथा सीपमूलक शिक्षाजस्ता कार्यक्रमहरूले बहुक्षेत्रीय समन्वयलाई प्राथमिकता दिएका छन्। योजना राष्ट्रिय शिक्षा नीति, SESP तथा दिगो विकास लक्ष्य (SDGs) सँग तादात्म्यता राख्दछ। |
| ५ | **सम्भाव्यता तथा कार्यान्वयनयोग्यता** | योजनामा प्रस्ताव गरिएका कार्यक्रमहरू व्यवहारिक तथा चरणबद्ध रूपमा कार्यान्वयन गर्न सकिने प्रकृतिका छन्। स्थानीय आवश्यकता, जनसंख्या, जातीय तथा भाषिक विविधतालाई ध्यानमा राखेर योजना तयार गरिएको छ। तथापि प्रविधि, वित्तीय स्रोत तथा दक्ष जनशक्तिको अभाव केही चुनौतीका रूपमा देखिन्छ। |
| ६ | **स्रोतको प्रबन्ध** | योजनामा विभिन्न कार्यक्रम तथा क्रियाकलाप सञ्चालनका लागि संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका, विकास साझेदार तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी गर्ने व्यवस्था गरिएको छ। बजेट तथा कार्यक्रमबीच तालमेल गर्ने प्रयास गरिएको भए पनि दीर्घकालीन स्रोत व्यवस्थापनलाई अझ सुदृढ गर्न आवश्यक देखिन्छ। |
| ७ | **संस्थागत क्षमता** | शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति (SMC), PTA तथा शिक्षकहरूको क्षमता विकासका कार्यक्रम समावेश गरिएको छ। ICT तालिम, नेतृत्व विकास, GEDSI तथा शैक्षिक व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमहरूले संस्थागत सुदृढीकरणमा सहयोग पुऱ्याउने देखिन्छ। |
| ८ | **कार्यान्वयनमा तत्परता** | योजना कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना, बजेट तथा कार्यक्रम तयार गर्ने व्यवस्था गरिएको छ। स्थानीय तह, विद्यालय तथा समुदायबीच सहकार्य र अपनत्व कायम गर्ने प्रयास गरिएको छ। योजना कार्यान्वयनका लागि जिम्मेवार निकायहरूको भूमिका स्पष्ट गरिएको देखिन्छ। |
| ९ | **तथ्याङ्क विश्लेषण र प्रक्षेपण** | योजनामा शैक्षिक सूचक, विद्यार्थी संख्या, विद्यालय संख्या, शिक्षक–विद्यार्थी अनुपात, विद्यालय बाहिर रहेका बालबालिकाको अवस्था लगायतका तथ्याङ्क प्रयोग गरिएको छ। तथ्यमा आधारित योजना निर्माण गर्ने प्रयास गरिएको भए पनि तथ्याङ्क अद्यावधिक तथा विश्लेषण प्रणालीलाई अझ प्रभावकारी बनाउन आवश्यक देखिन्छ। |
| १० | **अनुगमन तथा प्रतिवेदन** | योजनामा अनुगमन तथा मूल्याङ्कन संयन्त्र, जिम्मेवारी तथा प्रतिवेदन प्रणालीको व्यवस्था गरिएको छ। नियमित अनुगमन, सामाजिक परीक्षण तथा प्रगति प्रतिवेदन प्रणालीलाई समावेश गरिएको छ। तथापि अनुगमन सूचक तथा नतिजामूलक मूल्याङ्कन प्रणालीलाई अझ व्यवस्थित गर्न आवश्यक देखिन्छ। |

## अनुसूची ३:
### स्थानीय शिक्षा योजनाको ढांचा

### हाम्रो भनाई

**योजनाको साराँश**

१. विषय प्रवेश

२. शिक्षा योजना निर्माणको आवश्यक्ता र औचित्य

३. स्थानिय तहमा शिक्षा योजना निर्माणको औचित्य

४. शिक्षा योजना निर्माणको आधार

५. शिक्षा योजना निर्माण प्रकृया

६. योजनाको लेखाजोखा

७. योजनाको दस्तावेजको स्वरुप

**परिच्छेद १ : परिचय**

१.१ वर्तमान अवस्था

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

१.३ शिक्षा क्षेत्रका चुनौतीको क्धइत् विश्लेषण

१.४ अवसरहरु

**परिच्छे २ : दूरदृष्टी, उद्धेश्य, रणनिति तथा लक्ष्य निर्धारण**

२.१ स्थानिय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधारहरु

२.२ दूरदृष्टि

२.३ लक्ष्य

२.४ उद्धेश्य

२.५ रणनिति

२.६ कार्यनिति

२.७ उपेक्षित उपलब्धी

२.८ मुख्य कार्य सम्पादन सुचक र लक्ष्य निर्धारण

**परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र**

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.२ आधारभुत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाई

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याँकन

४.२ शिक्षक व्यवस्थापन र विकास

४.३ शिक्षामा समता र समावेशीकरण

४.४ विद्यालय पोषण तथा स्वस्थ्य कार्यक्रम

४.५ विद्यालय सुरक्षा, विपत् न्युनिकरण तथा उत्थानशीलता

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.७ विद्यालयमा सुचना तथा सञ्चार प्रविधि

**परिच्छेद ५ अन्य उपक्षेत्र**

**५-१** उच्च शिक्षा

**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन**

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

६.२ स्थानिय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

**परिच्छेद ७ लगानी र श्रोत व्यवस्थापन**

**परिच्छेद ८ : अनुगमण तथा व्यवस्थापन**

# अनुसूची ४

शिक्षा क्षेत्रका सबल पक्ष, कमजोरी, अबसर, चुनौती (SWOT) विश्लेषण

| शिक्षा क्षेत्रका सबल पक्षहरु | शिक्षा क्षेत्रका सुधार गर्ने पक्षहरु |
|---|---|
| लक्ष्मीपुर पतारी गाउँपालिकाको शिक्षा क्षेत्रका सबल पक्षहरु यस प्रकार रहेका छन् :<br>१. यस नगरपालिकामा सबै वडाहरुमा बिधालय रहेकाछन।<br>२. शिक्षकहरुको सहभागिता र सक्रियता राम्रो छ।<br>३. प्राय सबै बिधालय मा बलविकास केन्द्र रहेको छ।<br>४. प्राबिधिक धारका बिधालयहरु सन्चालनमा रहेकाछन ।<br>५. दक्ष शिक्षकहरुको उपलब्धता तथा स्थनीयद्वारा शिक्षक क्षेमता बिकासका लागि विभिन्न तालिम संचालन।<br>६. दिवा खाजा जसलेगर्दा बालबालिकाहरुकोस स्वास्थ्य तथा बिध्यलायामा उपस्थिति बृधि।<br>७. शैक्षिक कयालेंदर निर्माण तथा सोहि अनुशर शैक्षिक क्रियाकलाप संचालन।<br>८. धेरैजसो बाल विकास केन्द्रहरुमा शैक्षिक सामग्रीहरुको उपलब्धता रहेकोछ।<br>९. गोलबजार नगरपालिकाको कुल साक्षरता दर ६७.५ प्रतिशत रहेको छ। | १. बिधालयमा बालबालिकाको निरन्तरता र टिकाउको लागि बिधालय ब्यबस्थापनलाई सक्रिय बनाउन र स्थानीय तहबाट निरन्तर अनुगनमा जोड ।<br>२. बिधालयमा खाजा ब्यबस्थापन भएपनि त्यसको गुणस्तर र स्थानीय परिबेस अनुसार बनाउन र अनुगणमा गर्नु पर्ने ।<br>३. स्थानीय तहको साक्षरता दरमा बृधि गर्न यस पालिका ले ध्यान केन्द्रित गर्नु पर्ने ।<br>४. प्रारम्भिक कक्षाको सिकाई उपलब्धिलाई बढाउन पहल गर्नु पर्ने।<br>५. स्थानीय तहले सिक्षा क्षेत्रको बजेट बढाउन जोड दिनु पर्ने।<br>६. बहुभाषिक कक्षामा संचालमा जोड दिनुपर्ने।<br>७. स्थानीय पत्यक्रम ल्पुरना रुपमा संचालनमा ल्याउनु पर्ने ।<br>८. अभिभाबकहरुको बिद्यालय क्रियाकलापमा सहभागिता मा जोड ।<br>९. अपन्गमैत्री तथा लैगिक मैत्यी भैतिक पूर्वाधारमा जोड।<br>१०.बालमैत्री तथा भयरहित वाताबरण र गुणस्तरीय सिकाई तथा अतिरिक्त क्रियाकलापमा जोड।<br>११. प्रकोप तथा जोखिम को समयमा सिकाई निरन्तरतामा जोड। |
| **शिक्षा क्षेत्रका अबसरहरु** | **शिक्षाक्षेत्रको प्रमुख चुनौतिहरु** |
| १. संबैधानिक प्राबधान अनुसार यस नगरपालिकाले शिक्षाको विकास गर्न तत्पर रहेको।<br>२. पालिकाले शिक्षा सम्बन्धि नितिगत ब्यबस्था गर्न प्रयासरत रहेको ।<br>३. यस पालिकाले शिक्षा सम्बन्धि बजेट बिनियोजन गर्न शुरुवात गरेको।<br>४. यो नगरपालि भित्र शिक्षा क्षेत्रको विकास गर्न सहज रहेको।<br>५. भौगोलिक रुपमा सुगमताका साथै प्रत्येक वडामा बिद्यालय संचालन रहेको ।<br>६. यस पालिकामा उच्च शिक्षा संचालनमा रहेको।<br>७. यस नगरपालिकामा शिक्षा क्षेत्रमा बिभिन्न संघ सस्थाहरु कार्यरत रहेको। | गोलबजार नगरपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन् -<br>१. प्रारम्भिक बालविकास केन्द्रकक्षाको समायोजन तथा पुनर्वितरण गरी / मापदण्ड अनुसार सञ्चालननहुनु।<br>२. नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण नभएको।<br>३. बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माणमा सुधारको आवश्यक छ।<br>४. इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा भए पनि समुचित प्रयोग नहुनु।<br>५. भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण आबश्यक रहनु।<br>६. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।<br>७. व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु पर्ने।<br>८. व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु पर्ने। |

| | |
|---|---|
| | ९. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।<br>१०.शिक्षकको व्यवस्थापन, विषयगत शिक्षकको प्रयाप्ता साथै दरवन्दी मिलान गरेर शिक्षक र प्रधनाध्यापकको व्यवस्थापन गर्नु पर्ने ।<br>११.बिद्यालय ब्यबस्थापन तथा शिक्षक अभिभावक संघ गठनमा बाह्यहस्तक्षेप हुनु ।<br>१२ सामुदायिक बिद्यालय प्रति अभिभावकहरुको सक्रियता न्यून हुनु.।<br>१३. प्रतिबिधार्थी खाजाको दर न्यून हुनु र दिवाखाजा कम्तिमा आधारभूत तह सम्म ब्यबस्थापन गर्नुपर्ने । |

## अनुसूची ५

शिक्षासँग सम्बन्धित ऐन, नियम, निर्देशिका लगायतका नीतिगत दस्तावेजहरूको सूची

१. शिक्षा ऐन, २०२८ (संशोधनसहित)
२. शिक्षा नियमावली, २०५९ (संशोधनसहित)
३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५
४. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७
५. सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८
६. अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका, २०७५
७. पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
८. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी निर्देशिका, २०६९
९. नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७४
१०. बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा सञ्चालनसम्बन्धी मापदण्ड, २०८०
११. विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०८०
१२. विशेष कारणको अवस्थामा रहेका शिक्षकहरूको व्यवस्थापनसम्बन्धी निर्देशिका, २०८०
१३. शिक्षक पेशागत विकास प्रारूप, २०८०
१४. शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८०
१५. विद्यालय सुपरिवेक्षण तथा पेशागत सहायता निर्देशिका, २०८०
१६. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०
१७. विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८
१८. अनलाइन शिक्षक तालिम कार्यविधि, २०७७
१९. बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५
२०. स्यानीटरी प्याडसम्बन्धी कार्यविधि, २०७६
२१. गुनासो सुनुवाइ कार्यविधि, २०७४ (संशोधनसहित)
२२. किशोरकिशोरी मैत्री सूचना कक्ष सञ्चालन नमुना कार्यविधि, २०७७
२३. विद्यालयमा सञ्चार सञ्जालीकरण कार्यविधि, २०७७
२४. कार्यक्रम कार्यान्वयन पुस्तिका (शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रत्येक वर्ष विकास हुने)
२५. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४
२६. गुनासो सुनुवाइ कार्यविधि, २०७४ (संशोधनसहित)
२७. किशोरकिशोरी मैत्री सूचना कक्ष सञ्चालन नमुना कार्यविधि, २०७७
२८. विद्यालयमा सञ्चार सञ्जालीकरण कार्यविधि, २०७७
२९. कार्यक्रम कार्यान्वयन पुस्तिका (केन्द्र, प्रदेश, जिल्ला तथा स्थानीय तहका लागि वार्षिक रूपमा विकास गरिने)
३०. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४
३१. स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९
३२. विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन निर्देशिका, २०६९ (संशोधनसहित)
३३. व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३
३४. शिक्षक दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७४
३५. परम्परागत शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८

नीति, रणनीति र पुस्तिका

१. दिगो विकास लक्ष्य, २०३० तथा राष्ट्रिय कार्यढाँचा
२. राष्ट्रिय शिक्षा नीति, २०७६
३. शिक्षाको सोचपत्र, २०७९
४. विद्यालय शिक्षा क्षेत्र योजना, २०२२–२०३२
५. बृहत् विद्यालय सुरक्षा सञ्चार रणनीति, २०७५
६. विद्यालय शिक्षाको एकीकृत समता रणनीति, २०१४
७. बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति, २०८०
८. बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७
९. प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (संशोधनसहित)
१०. विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०८०
११. सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६
१२. विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका, २०८०
१३. अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०८०

केही अन्तरसम्बन्धित विषयक्षेत्रसँग सम्बन्धित मुख्य नीतिगत व्यवस्थाहरू

दफा ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलतासँग सम्बन्धित नीतिगत व्यवस्था

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ अनुसार प्रदेश तथा स्थानीय तहमा विपद् उत्थानशीलता सम्बन्धी संयन्त्रको व्यवस्था गरिएको छ।
- विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजीकरण समिति तथा स्थानीय तहमा विद्यालय पूर्वाधार विकास समिति गठन गर्ने व्यवस्था रहेको छ।
- भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७ ले बालबालिकालाई शारीरिक तथा मानसिक सजाय, उत्पीडन तथा यौन दुर्व्यवहारबाट मुक्त सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्ने व्यवस्था गरेको छ।
- विद्यालय शान्तिक्षेत्र राष्ट्रिय कार्यढाँचा तथा कार्यान्वयन निर्देशिका, २०६८ अनुसार विद्यालयलाई हिंसा, राजनीतिक प्रभाव, विभेद तथा दुर्व्यवहारमुक्त क्षेत्रका रूपमा विकास गर्ने व्यवस्था गरिएको छ।
- बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ ले समावेशीकरण, लैङ्गिक समानता, स्वास्थ्य, सुरक्षा तथा संरक्षणलाई विद्यालय व्यवस्थापनको आधार मानेको छ।
- विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति, २०७१ ले समतामूलक तथा समावेशी शिक्षामा जोड दिएको छ।
- बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज, २०१८ ले विद्यालय विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताका न्यूनतम मापदण्ड निर्धारण गरेको छ।
- बृहत् विद्यालय सुरक्षा गुरुयोजना, २०१७ तथा बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०१८ ले विद्यालय सुरक्षाका न्यूनतम उपाय, विपद्पछिको शिक्षाको निरन्तरता तथा जोखिम न्यूनीकरणसम्बन्धी व्यवस्था गरेको छ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह गठन तथा सञ्चालन निर्देशिका, २०८० ले आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि समन्वय तथा सहकार्यको व्यवस्था गरेको छ।
- दिगो विकास लक्ष्य, २०३०, राष्ट्रिय शिक्षा नीति, २०७६ तथा विद्यालय शिक्षा क्षेत्र योजना, २०२२–२०३२ ले सुरक्षित विद्यालय, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशील शिक्षामा विशेष जोड दिएका छन्।

दफा ४.६ विद्यालय भौतिक पूर्वाधार विकाससँग सम्बन्धित नीतिगत व्यवस्था

- सुरक्षित भवन, पर्याप्त कक्षाकोठा, खेलमैदान, शौचालय, खानेपानी, पुस्तकालय तथा प्रयोगशाला विद्यालयका आधारभूत भौतिक संरचनाका रूपमा निर्धारण गरिएको छ।
- शिक्षा नियमावली, २०५९ अनुसार प्रारम्भिक बालविकास तथा आधारभूत तहमा प्रति विद्यार्थी ०.७५ वर्गमिटर र माध्यमिक तहमा प्रति विद्यार्थी १ वर्गमिटर क्षेत्रफलको मापदण्ड तोकिएको छ।
- राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालय भवन, पुस्तकालय, प्रयोगशाला, खानेपानी, सरसफाइ तथा सुरक्षित पूर्वाधार निर्माणमा जोड दिएको छ।
- विद्यालयका सम्पूर्ण भौतिक संरचनालाई विपद् जोखिममुक्त, सुरक्षित, बालमैत्री तथा हरित विद्यालयका रूपमा विकास गर्ने नीति अवलम्बन गरिएको छ।

दफा ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित नीतिगत व्यवस्था

- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट शिक्षण सिकाइ प्रभावकारी, सान्दर्भिक तथा विद्यार्थी–मैत्री बनाउने नीति अवलम्बन गरिएको छ।
- शिक्षामा डिजिटल पहुँच विस्तार गरी डिजिटल विभाजन कम गर्ने तथा शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधि गुरुयोजना, २०१३–२०१७ ले पूर्वाधार विकास, मानव स्रोत विकास, डिजिटल सामग्री निर्माण तथा शैक्षिक व्यवस्थापन सुधारलाई प्राथमिकता दिएको छ।
- राष्ट्रिय शिक्षा नीति, २०७६ तथा विज्ञान तथा प्रविधिसम्बन्धी नीतिले विद्यालयमा ICT पूर्वाधार, इन्टरनेट पहुँच तथा डिजिटल शिक्षण सामग्री विकासमा जोड दिएको छ।
- विद्यालय क्षेत्र विकास कार्यक्रम तथा शिक्षा क्षेत्र योजनामार्फत IEMIS, डिजिटल सामग्री, ICT ल्याब, Learning Portal तथा एकीकृत लेखा प्रणाली विकास गर्ने व्यवस्था गरिएको छ।
- COVID-19 महामारीपश्चात् अनलाइन तथा भर्चुअल शिक्षण सिकाइ प्रणालीको आवश्यकता अझ बढेको सन्दर्भमा सबै विद्यालयमा ICT पहुँच विस्तार, शिक्षक क्षमता विकास तथा डिजिटल सामग्री उत्पादनमा प्राथमिकता दिइएको छ।

## अनुसूची ६ शैक्षिक गुणस्तर सुधार घोषणापत्र

शैक्षिक गुणस्तर सुधार घोषणापत्र - २०७६ मा उल्लेख भएका १०८ बुँदाहरु

"हामी सबैको एउटै ध्यान गुणस्तर शिक्षा असल ज्ञान,"

शैक्षिक गुणस्तर सुधार घोषणापत्र - २०७६
सखुवानन्कारकट्टी गाउँपालिका
सखुवानन्कारकट्टी, सिरहा

मिति २०७६ साल भाद्र महिनाको २३ गते देखि २८ गते सम्म शैक्षिक गुणस्तर सम्बन्धमा सरोकारवालहरु सँगको अन्तरक्रिया कार्यक्रमका सहभागीहरुबाट आएका सुझावहरुको आधारमा देहायका विभिन्न सरोकारवालाहरुको प्रतिवद्धता सहित जारी गरीएको शैक्षिक गुणस्तर सुधार घोषणा पत्र २०७६।

**गाउँपालिकाको भूमिका तथा जिम्मेवारी**

१. नीति निर्माण गर्ने।
२. स्रोत साधनको व्यवस्थापन गर्ने।
३. अनुगमन, मूल्याङ्गन, निर्देशन, नियन्त्रण गर्ने।
४. पुरस्कार तथा दण्डको कार्यान्वियन गर्ने।
५. अपूग जनशक्तिको व्यवस्थापन गर्ने।
६. आवश्यक्ता अनुसार ई,.डी.सि. घुम्ती विद्यालय, स्कुल भ्यान तथा सामुदायिक आवासीय विद्यालयको संचालन गरी विद्यालय संख्या तथा शिक्षक दरबन्दी थप घट गर्ने।
७. प्रधानाध्यापक सँग कार्य सम्पादन सम्झोता गर्न सूचक तयार गरी लागू गर्ने गराउने।
८. शैक्षिक क्यालेण्डर निर्माण गरी लागू गर्ने।
९. सरोकारवालाहरुसँग अर्धबार्षिक रुपमा समीक्षा गर्ने।
१०. विपन्न तथा जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्ति व्यवस्थापन गर्ने।
११. गाउँपालिका क्षेत्र भित्रका सबै विद्यालयहरुमा थप विषयको पठनपाठनको लागि विद्यालयको- आन्तरिक श्रोतबाट शिक्षक राख्को लागि विद्यालयले लिन सक्ने शुल्कको निर्धारण गरीदिने।
१२. इ-लर्निङ्कको वेयवस्थापन गर्न आवश्यक पूर्वाधार तयारीको लागि समन्वय र सहयोग गर्ने।
१३. ई-लाईब्रेरी तथा इ-लर्निङ्क कक्षा संञ्चालनको लागि १ जना सूचना प्रविधि (IT) घुम्ती शिक्षकको व्यवस्था गर्ने।
१४. विद्यालयको शिक्षण सिकाई तथा व्यवस्थापन सूचना प्रविधि मेत्री बनाउन आवश्यक सहयोग गर्ने।
१५. आवस्यक्ताको आधारमा शिक्षक कर्मचारीहरुको आवश्यक व्यवस्था गर्ने।
१६. सगरमाथा टिन्स कल्ब तथा बाल कल्वहरुलाई प्रभावकारी बनाउने।
१७. प्रधानाध्यापक लाई प्रोत्साहन भक्ता सहित कार्यसम्पादन सम्झौता गरी बिषेश जिम्मेवार तथा जवाफदेही बनाउने।
१८. प्रत्येक वडामा अभिभावक सँग शैक्षिक गुणस्तर सम्बन्धमा अन्तरक्रिया गर्ने।
१९. स्थानीय पाठ्यकम तर्जुमा गरी लागू गर्ने।
२०. आवस्यक्ता अनुसार शैक्षिक परामर्श समिति गठन गर्ने।
२१. अतिरिक्त समय काम गर्ने शिक्षक कर्मचारीहरुको लागि सट्टा बिदा वापत साझेदारीमा (उत्कृष्ट) शैक्षिक अवलोकन भ्रमणको व्यवस्था मिलाउने।
२२. विद्यालयको भौतिक व्यवस्थापनमा आवश्यक सहयोग गर्ने।
२३. शैक्षिक जनशक्ति व्यवस्थापनमा क्षमता विकास तालिम, गोष्ठी संचालन गर्ने।
२४. फरक क्षमताका बालबालिका र विद्यार्थीको आवश्यक व्यवस्थापन गर्ने।
२५. संस्थागत विद्यालयको उचित व्यवस्थापन गर्ने।

२६. विद्यालयको जोनिङ्ग र नक्शाङ्कन स्वतन्त्र र वस्तुगत आधारमा गर्ने।

२७. विद्यालयमा अन्तरगत स्वयमसेवक परिचालनको नीति बनाउने। (गाउँ शिक्षा सेवा अभियान)

२८. गाउँपालिका स्तरीय एक सामुदायिक पुस्तकालय स्थापना गर्ने।

२९. बालमैत्री पूर्वाधार फर्निचर), कक्षाकोठा, शौचालय, खेलमैदान, कम्पाउण्ड निर्माण गर्ने गराउने।

३०. प्रत्येक तहका बिद्यालयहरुको बार्षिक नतिजा विश्लेषण कम्तिमा एक पटक रार्ने गराउने।

३१. संघ, प्रदेश, स्थानीय सरकार र अन्य सरोकारवालासँग आवश्यक समन्वय गर्ने।

३२. कानुनले निर्दिष्ट गरेका आवश्यक अन्य काम गर्ने।

**राजनितिक दलको भूमिका तथा जिम्मेवारी**

१. विद्यालय शान्ति क्षेत्र कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने।

२. शैक्षिक गुणस्तर सुधारमा जिम्मेवारपूर्ण भूमिका निर्वाह गर्ने।

३. नीति निर्माण तथा कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने।

४. शिक्षाको पहुँच भन्दा बाहिर रहेका बाल बालिकाहरुलाई विद्यालय जाने वतावरण तयार गर्ने।

५. अन्य आवश्यक सहयोग गर्ने।

**शिक्षाप्रेमी, समाजसेवी र संघ संस्थाहरुको भूमिका तथा जिम्मेवारी**

१. सामाजिक भावना विकासको लागि चेतनामूलक तालिम गोष्ठी आदि कार्यक्रमको संचालन गर्ने।

२. आर्थिक, भौतिक, सामाजिक सहयोग गर्ने।

३. नीति निर्माण र कार्यान्वयनमा सहयोग गर्ने।

४. बौद्धिक क्षमता तथा अनुभवलाई समेटी सम्बन्धित सरोकारवाला क्षेत्रमा पृष्पोषण दिने।

५. शिक्षा क्षेत्रमा देखा पर्ने विकृती विसंगतिहरुलाई पहिचान गरी सरोकारवाला समक्ष सूसुचित गर्ने।

६. शिक्षाको पहुँच भन्दा बाहिर रहेका बाल बालिकाहरुलाई विद्यालय जाने वतावरण तयार गर्ने।

७. अन्य आवश्यक सहयोग गर्ने।

**विद्यालय व्यवस्थापन समिति भूमिका तथा जिम्मेवारी**

१. विद्यालयको अभिभावकत्व ग्रहण गर्ने।

२. विद्यालयको नियमित अनुगमन गर्ने।

३. नियमित मासिक बैठक गर्ने।

४. शैक्षिक गुणस्तर सम्बन्धमा त्रैमाषिक अन्तर्रक्रिया तथा समीक्षा गर्ने।

५. स्रोतसाधनको व्यवस्थापनमा आवश्यक पहल गर्ने।

६. प्र.अ., शिक्षक , विद्यार्थी र अभिभावकको अन्तरसम्बन्ध स्थापनाको लागि सहयोग गर्ने।

७. सरकार, जनप्रतिनिधि तथा अन्य सरोकारवाला कार्यालय संघ संस्था सँग समन्वय गर्ने।

८. जनशक्ति व्यवस्थापन गर्ने।

९. गुणस्तरीय शैक्षिक वातावरण निर्माणको लागि प्रमुख भूमिका निर्वाह गर्ने।

१०. शैक्षिक योजना तर्जुमामा सहयोग गर्ने।

११. समस्या पहिचान गरी समाधानको पहल गर्ने।

१२. अक्षयकोषको स्थापनाको पहल गरने।

१३. शैक्षिक गुणस्तरका लागि सहयोग जुटाउन आवश्यक पहल गर्ने।

१४. ऐन तथा नियमावली (कानुन) मा तोकिएको कार्य गर्ने गराउने।

**शिक्षक महासंघको भूमिका तथा जिम्मेवारी**

१. नीति निर्माण तथा कार्यान्वयनमा सहमोग गर्ने।

२. गुणस्तरीय शिक्षाको लागि उदाहरणीय / अनुकरणीय योगदान गर्ने।

३. सबै सरोकारवालाहरुबीच सेतुको काम गर्ने।
४. शिक्षक, कर्मचारी तथा शैक्षिक समस्या समाधानका लागि सहयोग गर्ने।
५. अन्य आवश्यक सहयोग गर्ने।

**प्रधानाध्यापकको भूमिका तथा जिम्मेवारी**

१. कुशल नेतृत्व तथा व्यवस्थापकको भूमिका निर्वाह गर्ने।
२. विद्यालयको शैक्षणिक योजना निर्माण तथा कार्यान्वयन गर्ने गराउने।
३. आर्थिक योजना तर्जुमा, अनुशासन, पारदर्शीता कायम गर्ने गराउने।
४. विद्यालयको भौतिक सम्पतिको अभिलेखीकरण गरी संरक्षण गर्ने गराउने।
५. कार्यसम्पादन सम्झौता अनुरुपका शैक्षिक गुणस्तर सम्बन्धी कार्य गर्ने गराउने।
६. शिक्षक, कर्मचारी र विद्याथीमा अनुशासन कायम गराउने तथा समन्वय गर्ने गराउने।
७. विभिन्न सरोकारवालाहरु सँग समन्वय गर्ने।
८. सम्बन्धित पदले गर्ने भनि विभिन्न ऐन कानुनमा उल्लेखित कार्य गर्ने गराउने।
९. निक्षक तथा कर्मचारीहरुलाई पुरस्कार र दण्डको लागि मूल्याङ्घन गरी सिफारिस गर्ने।
१०. विद्यालय हाता र कक्षा कोठामा अनावश्यक मोवाईल प्रयोगमा नियन्त्रण गर्ने गराउने।
११. शुक्रवार अतिरिक्त क्रियाकलाप गरने अथवा पूर्ण कक्षा संचालन गर्ने।
१२. मासिक रुपमा अनिवार्य स्टाफ बैठक बस्ने।
१३. सबै विद्यार्थीलाई उपस्थिति, प्रगति विवरण, शुल्क र कार्य बिबरण पुस्तिकाको व्यवस्था गर्ने।
१४. सबै आ,.वि. मा.वि मा कराते , तेक्वान डो, उशु, लगायतका खेलहरु समावेश गर्ने।
१५. शिक्षक, कर्मचारीहरुको कार्य विवरण (TOR) तयार गरी लागु गर्ने।
१६. सहायक प्र.अ. तथा लेवल ईन्चार्जको ब्यवस्थापन गरी जिम्मेवारी प्रदान गर्ने।
१७. ऐन तथा नियमावली (कानुन) मा तोकिएको कार्य गर्ने गराउने।
१८. अन्य आवश्यक कार्य गर्ने।

**शिक्षकको भूमिका तथा जिम्मेवारी**

१. पाठयोजना अनुसार विद्यार्थी केन्द्रित शिक्षण गर्ने।
२. समयको पूर्ण पालना गर्ने।
३. समयानुकूल प्रविधिको प्रयोग तथा शैक्षिक सामाग्री को प्रयोग गरी शिक्षण गर्ने।
४. पेशाप्रति सम्मान हने गरी बफादार भई कार्य गर्ने।
५. प्र.अ., आफ्नो विषय र जिम्मेवारी प्रति उत्तरदायी हुने।
६. बहुप्रतिभा सहितको सृजनात्मकतालाई अधिकतम् प्रयोग गर्ने।
७. आदर्श शिक्षकको भूमिका निर्वाह गर्ने।
८. विद्यार्थी र अभिभावक बिचको सेतुको काम गर्ने।
९. अनुशासन कारयम गर्ने आवश्यक भूमिका न्विाह गर्ने।
१०. ऐन तथा नियमावली तथा कानुनमा तोकिएको कार्य गर्ने गराउने।
११. अन्य आवश्यक कार्य गर्ने।

**विद्यार्थीको भूमिका तथा जिम्मेवारी**

१. विद्यालयमा नियमित, समयमा र समयसम्म अनिवार्य उपस्थित हुने।
२. प्रत्येक कक्षामा बसी कक्षाकार्य, परियोजनाकार्य र गृहकार्य अनिवार्य गर्ने।

३. पोशाक र परिचय पत्र अनिवार्य लगाउने।
४. अनुशासन र आचारसंहिता पालना गर्ने।
५. अतिरिक्त क्रियाकलापमा अनिवार्य सहभागी जनाउने।
६. बाल कल्ब गठन गरी बालक देखि बालक सम्भको (Child to child) र बाल अधिकारका कार्यक्रम संचालन गर्ने।

**अभिभावकको भूमिका तथा जिम्मेवारी**

१. बालवालिकाहरुलाई नियमित, समयमा र समयसम्म विद्यालय पठाउने गर्ने।
२. आावश्यक शैक्षिक सामाग्रीको प्रवन्ध गर्ने।
३. दिवा खाजाको व्यवस्था गर्ने।
४. घरमा पढ्ने वातावरणको सृजना गर्ने।
५. समय समयमा बिद्यालयामा गई शैक्षिक अवस्थाको प्र.अ. तथा विद्यालय शिक्षक सग अन्तरकृया गर्ने।
६. अभिभावक बैठक, भेला र गोष्ठीमा अनिवार्य सहभागीता जनाउने।
७. बालवालिकालाई लागू पदार्थ, कूलत र दुर्व्यसनको निगरानी गर्ने।
८. वालवालिकालाई मोवाईलको सहि सदुपयोग गर्न सचेत गराउने।
९. विद्यालयको शैक्षिक भौतिक वातावरण निर्माणमा सहयोग पुर्याउने।

शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीको विवरण

| क्र.सं. | पद | नाम, थर | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|
| १ | शिक्षा संयोजक/ स्रोत व्यक्ती | श्री भोगेन्द्र यादव | ९८५२८३३९५७ | yadabhogendra86@gmail.com |
| २ | सहायक क.अपरेटर | श्री जगरनाथ प्रसाद पासमान | ९८६१६९३९५६ | edusakhuwa@gmail.com |

## अनुसूची ८ सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुको विवरण

सामुदायिक

| क्र.स | विद्यलाय कोड | विद्यालयको नाम | संचालित कक्षा | प्र.अ.को नाम | सम्पर्क नं. | विद्यलाय माबाईल |
|---|---|---|---|---|---|---|
| १. | १६०४६०००१ | आधारभूत विद्यालय इटहर्वा ७ | १-५ | कृष्णबन्धु यादव | ९८०५९३३३२६ | ९८०५९८००९० |
| २. | १६०४६०००२ | मा.वि. महेशवारी ५ | १-१० | जिवछ प्रसाद यादव | ९८४२८९०६९२ | ९८०५९८००८० |
| ३. | १६०४६०००५ | राम आधारभूत विद्यालय महेशवारी ४ इटहर्वा | १-५ | शत्रुघन प्रसाद यादव | ९८०४२०२४८५ | ९८०५९८०३७५ |
| ४. | १६०६९०००१ | आधारभूत विद्यालय महदेवा पोर्ताहा ४ | १-५ | विष्णु देव यादव | ९८१६७९१०९८ | ९८०५९८०३२८ |
| ५. | १६०६९०००३ | मा. वि. महदेवा पोर्ताहा - १ | १-१० | घुरन यादव | ९८२४७२४३६१ | ९८०५९८००६३ |
| ६. | १६०६९०००५ | शहिद प्रमोद स्मृती आ. वि. मिर्जापुर दिनाजपुर - ३ | १-५ | पुन्देश्वर यादव | ९८०७७५४०६२ | ९८०५९८०३३४ |
| ७. | १६०६९०००६ | आधारभूत विद्यालय महदेवा पोर्ताहा २ | १-५ | रामचलितर यादव | ९८१४७४६७९० | ९८०५९८०२८८ |
| ८. | १६०६९००११ | कृष्ण आधारभूत विद्यालय परिहारपुर ५ | १-३ | राम दयाल यादव | ९८१९९३१२२१ | ९८०५९८०२८३ |
| ९. | १६०६९००१२ | राधाकृष्ण आधारभूत विद्यालय महदेवा पोर्ताहा ६ | १-४ | युगल कुमार यादव | ९८०४७१६६०१ | ९८०५९८०२१६ |
| १०. | १६०७७०००१ | ज.वि.मा. मौवाही ५ | १-१२ | पवन कुमार यादव | ९८१९७७१९६८ | ९८०५९८००५२ |
| ११. | १६०७७०००२ | आधारभूत विद्यालय लतियाही १ | १-३ | श्रवण कुमार यादव | ९८४०९८८८५३ | ९८०५९८०१३८ |
| १२. | १६०७७०००५ | गोरैया आधारभूत विद्यालय भौर ८, मौवाही | १-५ | सत्यदेव यादव | ९८१४८४८९६० | ९८०५९८०१२२ |
| १३. | १६०९२०००१ | आधारभूत विद्यालय सखुवानन्कारकट्टी ८ | १-६ | हरीभक्त यादव | ९८१४७२५९०२ | ९८०५९८०३८३ |
| १४. | १६०९२०००२ | राआधारभूत. विद्यालय सखुवानन्कारकट्टी ४ | १-५ | गौरी नारयाण यादव | ९८६२९२००६७ | ९८०५९८०३७२ |
| १५. | १६०९२०००३ | राआधारभूत. विद्यालय खैरवोना १ | १-५ | चन्देश्वर प्रसाद यादव | ९८६२८००२०८ | ९८०५९८०३४८ |
| १६. | १६०९२०००५ | राम आधारभूत विद्यालय खैरवोना २ | १-४ | कविता कुमारी साह | ९८०४७७३५८१ | ९८०५९८०३६४ |
| १७. | १६१०२०००१ | म.वि.मा.ज. सोठिआइन १ | १-१२ | श्रीप्रसाद यादव | ९८०७७४१४६७ | ९८०५९८००६२ |
| १८. | १६१०२०००२ | आधारभूत विद्यालय सोठिआइन ५ पटना | १-५ | घुरन यादव | ९८०६४१६७१९ | ९८०५९८०१७७ |
| १९. | १६१०२०००३ | आधारभूत विद्यालय बेतहाजगतपुर ९ | १-५ | उपेन्द्र प्रसाद यादव | ९८०४७३५८७ | ९८०५९८०२०७ |
| २०. | १६१०२०००५ | कुशमा आधारभूत विद्यालय सोठिआइन ३ | १-५ | चन्द्रमोहन यादव | ९८१९९७६८४५ | ९८०५९८०१७८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | १६०४६००११ | वि.एम. इङ्गलिश बोर्डिङ्ग स्कुल-५ | १-५ | सुर्य नारायण यादव | ९८०४७८१२५८ | ९८०४७८१२५८ |
| २२ | १६०६९०००४ | नारायण इङ्गलिश बोर्डिङ्ग स्कुल- | १-५ | शकंर प्रसाद यादव | ९८४२८२७००१ | ९८१४७७७८४६ |
| २३ | १६१०२००११ | जेम्स पब्लिक इङ्गलिश बोर्डिङ्ग स्कुल- | ECD | रमेश यादव | ९८१४७६८६४७ | ९८१४७६८६६७ |
| | | | | | | |

**महत्वपूर्ण लिंकहरु**

| | |
|---|---|
| शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | http://www.moe.gov.np |
| शिक्षा तथा मानव श्रोत विकास केन्द्र | https://www.doe.gov.np |
| पाठ्यक्रम विकास केन्द्र | https://www.moecdc.gov.np |
| विद्यालय शिक्षक किताबखाना | http://www.stro.gov.np/ne |
| परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर | http://www.neb.gov.np |
| शिक्षा विकास तथा समन्वय इकाइ, | http://www.deosiraha@.gov.np |
| सखुवानन्कारकट्टी गाउँपालिका | https://www.hatuwagadhimun.gov.np |
| सखुवानन्कारकट्टी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा इमेल edusakhuwa@gmail.com | |
| सखुवानन्कारकट्टीगाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा फेसवुक https://www.facebook.com/profile.php?id=100050287070408 / edusakhuwa@gmail.com | |

## सन्दर्भ सामग्रीहरु


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह (कक्षा १-३ ) पाठ्यक्रम, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौँ
- शिक्षा सम्बन्धी ऐन नियम तथा  राष्ट्रिय शिक्षा नीति (२०७६), कानून किताव खाना काठमाडौँ
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून किताव खाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क